# गुराँस गाउँपालिकाको
# बालबालिका सम्बन्धी नीतिगत व्यवस्था
# तथा कानूनहरूको संगालो २०७७



**गुराँस गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# गुराँस गाउँपालिकाको
# बालबालिका सम्बन्धी नीतिगत व्यवस्था तथा
# कानूनहरूको संगालो २०७७

**गुराँस गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# विषय-सूची


**गुराँस गाउँपालिकाको बालसंरक्षण नीति, २०७४**

१. पृष्ठभूमि ........ १
२. बालसंरक्षण नीतिको लक्ष्य ........ २
३. बालसंरक्षण नीतिका क्षेत्रहरू ........ ३
४. बालबालिकासँग काम गर्नका लागि मूल्य, मान्यता तथा सिद्धान्तहरू ........ ३
५. गाउँ बालसंरक्षण समितिका पदाधिकारीहरूले बालबालिकाको सम्पर्कमा आउँदा ध्यान दिनुपर्ने कुराहरू ........ ३
६. गुराँस गाउँपालिकाको बालसंरक्षण सम्बन्धी आचार संहिता ........ ४
७. गुराँस गाउँपालिका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू र सामाजिक कार्यकर्ताहरूले गर्न नहुने कुराहरू ........ ४
८. बालसंरक्षण नीतिको उल्लङ्घन गरेमा ........ ५
९. यौनजन्य वा अन्य दुर्व्यवहारका घटनाहरू बारे सुनुवाइ हुने प्रक्रिया ........ ६
१०. बालबालिकामाथि यौन दुर्व्यवहारको घटना भएमा गाउँपालिकाले गर्ने कारबाहीको प्रकृति ........ ६
११. गुराँस गाउँपालिकाभित्र बालयौन दुर्व्यवहार वा अन्य खाले दुर्व्यवहारको घटना घटेमा ........ ६
१२. गोपनीयता ........ ७

**गुराँस गाउँपालिकाको बालमैत्री स्थानीय शासन रणनीति, २०७७**

खण्ड १ : परिचय ........ ११
१. पृष्ठभूमि ........ ११
२. परिभाषा ........ ११
३. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको उद्देश्य ........ १२
४. बालमैत्री स्थानीय शासन रणनीतिको औचित्य ........ १३
५. शासकीय पद्धतिमा बालमैत्री स्थानीय शासनको योगदान ........ १३
खण्ड २ : बालअधिकार सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था ........ १३
६. बालअधिकार सम्बन्धमा भएका महत्त्वपूर्ण प्रयासहरू ........ १३
७. बालअधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका अन्य प्रयासहरू ........ १८
खण्ड ३ : बालमैत्री स्थानीय शासनको रणनीतिक व्यवस्था ........ १८
८. रणनीतिक सोच ........ १८
९. लक्ष्य ........ १८
१०. उद्देश्यहरू ........ १८
११. निर्देशक सिद्धान्त ........ १९
१२. बालमैत्री स्थानीय शासनका रणनीतिहरू ........ २०
१३. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण र खुड्किलाहरू ........ २२
खण्ड ४ : बालमैत्री स्थानीय शासनको विस्तार र स्रोत व्यवस्था ........ २३
१४. बालमैत्री स्थानीय शासन पद्धति विस्तार ........ २३
१५. वित्तीय स्रोत व्यवस्था ........ २४
१६. बालमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था ........ २४
खण्ड ५ : बालमैत्री स्थानीय शासन सञ्चालनका लागि स्थानीय तहमा संस्थागत व्यवस्था ........ २५
१७. स्थानीय बालअधिकार समिति ........ २५
१८. वडास्तरीय बालअधिकार समिति ........ २५
१९. समुदायस्तरीय बालअधिकार समिति ........ २६
खण्ड ६ : साझेदार संस्थाहरू र तिनको भूमिका ........ २६
२०. बालमैत्री स्थानीय शासनका साझेदारहरू ........ २६
खण्ड ७ : बालमैत्री स्थानीय शासनका अपेक्षित प्रतिफल तथा सूचकहरू ........ २९
२१. बालमैत्री स्थानीय शासनका प्रतिफलहरू ........ २९
खण्ड ८ : बालमैत्री स्थानीय शासन पद्धतिको छनोट, अवलम्बन र घोषणा ........ ३०
२२. बालमैत्री स्थानीय शासन पद्धतिको छनोट ........ ३०
२३. बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन ........ ३०
२४. बालमैत्री स्थानीय तह घोषणा ........ ३०
२५. पुरस्कार र सम्मानको व्यवस्था ........ ३१

२६. घोषणापछिको अनुगमन सम्बन्धी व्यवस्था ....... ३१
खण्ड ९ : विविध ....... ३१
२७. पूर्वानुमान ....... ३१
२८. जोखिम पक्ष ....... ३१
२९. संशोधन गर्न सकिने ....... ३१
३०. खारेजी र बचाउ ....... ३२
अनुसूची १ : बालमैत्री स्थानीय शासन रणनीतिक ढाँचा ....... ३२
अनुसूची २ : बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि वडा छनोटका आधारहरू ....... ३६
अनुसूची ३ : बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू ....... ३६
अनुसूची ४ : बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण ....... ३८

**गुराँस गाउँपालिकाको बालविवाह अन्त्यका लागि स्थानीय रणनीति, २०७७**

१. पृष्ठभूमि ....... ४५
२. कानूनी व्यवस्था ....... ४५
३. वर्तमान स्थिति ....... ४६
४. रणनीति तर्जुमा प्रक्रिया ....... ४६
५. रणनीतिको औचित्य ....... ४७
६. रणनीतिका सिद्धान्तहरू ....... ४७
७. परिकल्पना ....... ४८
८. ध्येय ....... ४८
९. लक्ष्य ....... ४८
१०. उद्देश्यहरू ....... ४८
११. रणनीतिक कार्यदिशा ....... ४८
क) बालिका र किशोरीको सशक्तीकरण ....... ४८
ख) बालिका र किशोरीहरूका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ....... ४९
ग) बालक, किशोर तथा पुरूषहरूको सहभागिता ....... ४९
घ) परिवार र समुदायको परिचालन गर्ने ....... ५०
ङ) सेवा प्रवाह ....... ५०
च) कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन ....... ५१
छ) थप रणनीति ....... ५१
१२. कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन ....... ५२
क) गाउँपालिका स्तरमा ....... ५३
ख) वडा स्तरमा ....... ५३
१३. गाउँपालिका तथा वडा स्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य अधिकार ५३
१४. समितिको बैठक ....... ५३
१५. गाउँपालिकास्तरीय सरोकारवालाहरूको भूमिका ....... ५४
अनुसूची १ : गुराँस गाउँपालिकाको बालविवाह अन्त्यका लागि स्थानीय रणनीतिक योजना ....... ५५

**गुराँस गाउँपालिकाको बालबालिका विरुद्ध हुने हिंसा अन्त्यका लागि बहुक्षेत्रीय रणनीतिक योजना, २०७७**

१. पृष्ठभूमि ....... ५९
२. हालको अवस्था : ....... ५९
३. विगतको प्रयास ....... ६०
४. बालबालिका सम्बन्धी विद्यमान राष्ट्रिय ऐन कानूनहरू ....... ६०
५. बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी रणनीतिको औचित्य ....... ६०
६. परिकल्पना ....... ६१
७. ध्येय ....... ६१
८. लक्ष्य ....... ६१
९. रणनीतिका सिद्धान्तहरू ....... ६१
१०. रणनीतिहरू ....... ६१
क) गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ....... ६१
ख) शिक्षा, तालिम, सूचना ....... ६१
ग) सशक्तीकरण ....... ६२
घ) सेवा प्रवाह ....... ६२

ङ) कानून र नीति : ... ६२

११. कार्यान्वयन समिति गठन ... ६३

क) स्थानीय बालअधिकार समिति ... ६३

ख) वडास्तरीय बालअधिकार समिति ... ६३

१२. गाउँपालिका तथा वडा स्तरको कार्यान्वयन तथा समन्वय ... ६४

१३. समितिको बैठक ... ६४

१४. गाउँपालिकास्तरीय सरोकारवालाहरूको भूमिका ... ६४

१५. अनुगमन तथा मूल्याङ्कन ... ६५

अनुसूची १ : बालबालिका विरूद्ध हुने हिंसा अन्त्यको लागि बहुक्षेत्रीय रणनीतिक योजना २०७७ ... ६६

**गुराँस गाउँपालिकाको बालबालिका सम्बन्धी कार्यविधि, २०७७**

परिच्छेद-१ : प्रारम्भिक ... ६९

१. सङ्क्षिप्त नाम र प्रारम्भ : ... ६९

२. परिभाषा : ... ६९

परिच्छेद-२ : स्थानीय बालअधिकार समिति सम्बन्धी व्यवस्था ... ६९

३. स्थानीय बालअधिकार समितिको गठन ... ६९

४. स्थानीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार ... ७०

५. वडा बालअधिकार समितिको गठन प्रक्रिया ... ७१

६. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार ... ७१

७. समुदायस्तरीय बालअधिकार समिति ... ७२

८. समुदायस्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार ... ७२

९. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने ... ७२

१०. पारासामाजिक कार्यकर्ता वा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था ... ७३

११. पारासामाजिक कार्यकर्ता बाल मनोसामाजिक कार्यकर्ताको काम, कर्तव्य र अधिकार ... ७३

१२. बैठक सम्बन्धी कार्यविधि ... ७४

१३. बालकल्याण अधिकारी ... ७४

१४. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ... ७४

१५. वार्षिक प्रतिवेदन प्रकाशित गर्न सक्ने ... ७५

परिच्छेद-३ : व्यवस्थापन समिति सम्बन्धी व्यवस्था ... ७५

१६. व्यवस्थापन समितिको गठन ... ७५

१७. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ... ७५

१८. बैठक सम्बन्धी कार्यविधि ... ७६

परिच्छेद-४ : बाल कल्याण गृह प्रमुख र प्रशासक सम्बन्धी व्यवस्था ... ७६

१९. बाल कल्याण गृह प्रमुख र प्रशासक ... ७६

२०. बाल कल्याण गृह प्रमुखको काम, कर्तव्य र अधिकार ... ७६

२१. प्रशासकको काम, कर्तव्य र अधिकार ... ७६

परिच्छेद ५ : बाल कल्याण सम्बन्धी व्यवस्था ... ७७

२२. शिक्षा, तालिम, सुविधा आदिको व्यवस्था ... ७७

२३. बालबालिकाले पालना गर्नु पर्ने कुराहरू ... ७७

२४. काममा प्राथमिकता दिनु पर्ने ... ७७

२५. बालबालिकाहरूको व्यक्तिगत विवरण राख्नु पर्ने ... ७८

२६. वार्षिक प्रतिवेदन पठाउनु पर्ने ... ७८

२७. बाल कल्याण सम्बन्धी व्यवस्था लागू हुने ... ७८

परिच्छेद ६ : विविध ... ७८

२८. श्रमिकका रूपमा काम गर्ने बालबालिकाको विवरण दिनु पर्ने ... ७८

२९. निरीक्षण गर्दा विचार गर्नु पर्ने कुराहरू ... ७८

३०. बालबालिकाको नाम राख्ने र जन्म दर्ता गर्ने ... ७८

३१. भेटघाटको सुविधा ... ७८

३२. कार्यालय र कर्मचारीको व्यवस्था ... ७९

३३. अनुसूचीमा हेरफेर वा थपघट गर्ने अधिकार ... ७९

अनुसूची १ : बालबालिकाको व्यक्तिगत विवरण ... ८०

अनुसूची २ : वार्षिक क्रियाकलापको प्रतिवेदन ... ८२

अनुसूची ३ : श्रमिकका रूपमा काममा लगाइएका बालबालिकाको विवरण........ ८३

**गुराँस गाउँपालिकाको बालसहभागिता सम्बन्धी कार्यविधि, २०७७**

परिच्छेद-१ : प्रारम्भिक........ ८७
१. सङ्क्षिप्त नाम र प्रारम्भ........ ८७
२. परिभाषा........ ८७
परिच्छेद-२ : कार्यविधिको उद्देश्य तथा आधारभूत पक्षहरू........ ८८
३. उद्देश्य........ ८८
४. कार्यक्षेत्र........ ८९
५. आधारभूत सिद्धान्त, मान्यता तथा बालसहभागिताका तत्त्वहरू........ ८९
६. बालसहभागिताका विशिष्टीकृत क्षेत्रहरू........ ९०
परिच्छेद ३ : नीतिगत व्यवस्था र लक्षित सेवा........ ९३
७. सूचना माग्ने तथा विचार अभिव्यक्तिको अधिकार........ ९३
८. बाल क्लब तथा सञ्जाल गठन र सहजीकरण........ ९३
९. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार........ ९४
परिच्छेद ४ : संस्थागत संरचना तथा तिनको क्षमता अभिवृद्धि........ ९४
१०. गाउँपालिकास्तरीय संस्थागत संरचना........ ९४
११. कार्य विधिको कार्यान्वयनका लागि निम्नानुसार क्षमता अभिवृद्धि........ ९५
१२. बालकोषको स्थापना........ ९५
परिच्छेद ५ : सरोकारवाला निकाय तथा संस्थाको भूमिका........ ९५
१३. गाउँपालिकाको निकाय, संस्था तथा अन्य सरोकारवालाको भूमिका........ ९५
परिच्छेद ६ : अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन........ ९७
१४. अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गरिने........ ९७
परिच्छेद ७ : विविध........ ९७
१५. यसै कार्यविधि बमोजिम हुने ........ ९७
१६. मापदण्ड बनाउने अधिकार ........ ९७
१७. अधिकार प्रत्यायोजन ........ ९७
१८. संशोधन ........ ९७
अनुसूची १ : बालसहभागिता........ ९८
अनुसूची २ : उमेर अनुरूप विभिन्न तहमा हुनसक्ने बाल सहभागिताका स्वरूपहरू........ १००
अनुसूची ३ : बालसहभागितासँग सम्बन्धित कानूनी प्रावधानहरू........ १०४

**गुराँस गाउँपालिकाको स्थानीय तहमा बालबालिका लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७४**

१. प्रस्तावना........ १११
२. दीर्घकालीन सोच :........ १११
३. उद्देश्य........ १११
४. अपेक्षित प्रतिफलहरू........ ११२
५. कार्यविधिको क्षेत्र........ ११२
६. बालबालिका लक्षित विकास कार्यक्रम........ ११२
७. थपघट वा हेरफेर गर्न सक्ने........ ११४
८. खारेजी र बचाउ........ ११४

**गुराँस गाउँपालिकाको बाल क्लब/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७४**

परिच्छेद १ : प्रारम्भिक........ ११७
१. सङ्क्षिप्त नाम र प्रारम्भ........ ११७
२. परिभाषा........ ११७
३. निर्देशिकाको उद्देश्य........ ११७
४. निर्देशिकाको कार्यान्वयन........ ११८
परिच्छेद २ : बाल समूहको गठन प्रक्रिया........ ११८
५. बाल समूहका किसिम........ ११८
६. बाल क्लब गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण........ ११९
७. नेतृत्व चयन........ १२०
८. सञ्जालहरूको गठन........ १२१
९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन........ १२१

१०. आबद्धता तथा सूचीकरण ........ १२२
परिच्छेद ३ : सहजकर्ता सम्बन्धी व्यवस्था ........ १२२
११. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू ........ १२२
१२. वयस्क सहजकर्ताको चयन ........ १२३
१३. वयस्क सहजकर्ताको भूमिका र सीमितता ........ १२३
परिच्छेद ४ : बाल समूहको बैठक तथा कार्यक्रम सम्बन्धी व्यवस्था ........ १२४
१४. नियमित बैठक तथा छलफलका विषयहरू ........ १२४
१५. कार्यक्रम योजना निर्माण ........ १२५
१६. बाल समूहले सञ्चालन गर्ने कार्यक्रमहरूको सीमितता ........ १२५
परिच्छेद ५ : बाल समूहको सदस्यता सम्बन्धी व्यवस्था ........ १२६
१७. सदस्यता वितरण र व्यवस्थापन ........ १२६
१८. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन ........ १२६
१९. सदस्यहरूबीचको विवादको समाधान ........ १२६
परिच्छेद ६ : बाल क्लब र सञ्जालको आर्थिक व्यवस्थापन ........ १२७
२०. आर्थिक व्यवस्थापन ........ १२७
परिच्छेद ७ : बाल क्लब र अन्य निकायहरूको सम्बन्ध र सहकार्य ........ १२८
२१. स्थानीय तह (वडा तथा गाउँपालिका) सागको सम्बन्ध र सहकार्य ........ १२८
२२. बालबालिका सम्बन्धी स्थानीय समितिहरू सागको सम्बन्ध र सहकार्य ........ १२८
२३. विद्यालय व्यवस्थापन समिति ........ १२९
२४. अन्य सङ्घ-संस्था तथा सेवा प्रदायक निकायहरू ........ १२९
२५. योजना तर्जुमामा बाल क्लब प्रतिनिधित्वको व्यवस्था ........ १२९
परिच्छेद ८ : बाल क्लब गाभिन सक्ने र विघटन सम्बन्धी व्यवस्था ........ १३०
२६. बाल समूहको सम्मिलन ........ १३०
२७. बाल समूहको विघटन ........ १३०
परिच्छेद ९ : विविध ........ १३०
२८. बाल समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण गर्ने ........ १३०
२९. बाल क्लब र सञ्जालभित्र सद्भाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्ने ........ १३१
३०. बाल समूहका गतिविधि बारे साझा सुनुवाइको व्यवस्था गर्ने ........ १३१
अनुसूची १ : बाल समूहको नियम ढाँचा ........ १३२
अनुसूची २ : बाल समूहका लागि आवश्यक आधारभूत सामग्रीहरू ........ १३३
अनुसूची ३ : बाल क्लब कार्ययोजना फारम ........ १३३
अनुसूची ४ : बाल क्लब कार्यप्रगति विवरण फारम ........ १३३
अनुसूची ५ : बाल क्लब बैठक माइन्युटको नमूना ........ १३४
अनुसूची ६ : बाल क्लबका पदाधिकारीहरूका लागि नमूना आचारसंहिता ........ १३४
अनुसूची ७ : बाल क्लब/समूह/मञ्च आबद्धता विवरण ........ १३५
**गुरासँ गाउँपालिकाको विशेष संरक्षणमा रहेका बालबालिकाहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७४**
१. सङ्क्षिप्त नाम र प्रारम्भ ........ १४१
२. परिभाषा ........ १४१
३. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका ........ १४१
४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक सङ्कलन र अद्यावधिक गर्नुपर्ने ........ १४२
५. जोखिममा रहेका बालबालिकालाई सहयोगका लागि सिफारिस ........ १४२
६. बालबालिकाको छनोट ........ १४२
७. सेवा र सहयोगसम्बन्धी व्यवस्था ........ १४३
८. वित्तीय संस्था र गाउँपालिका बीचको सम्झौता ........ १४४
९. बाबुआमा वा संरक्षकलाई जिम्मेवार बनाइने ........ १४४
१०. बालबालिकाको जिम्मेवारी र भूमिका ........ १४५
११. सहयोग रोक्का हुने ........ १४५
१२. बालबालिकाको सहमति वा विचार अभिव्यक्तिको सुनुवाई ........ १४६
१३. सम्झौता सम्बन्धी व्यवस्था ........ १४६
१४. शोधभर्ना सम्बन्धी व्यवस्था ........ १४६

१५. प्रचलित कानून अनुसार हुने ...... १४६
१६. अनुगमन तथा मूल्याङ्कन ...... १४६
१७. संशोधन सम्बन्धी व्यवस्था ...... १४६
अनुसूची १ : जोखिममा रहेका बालबालिकाको पहिचान तथा दर्ता फारम ...... १४७
अनुसूची २ : जोखिममा रहेका बालबालिकाको पहिचान तथा दर्ता फारम ...... १४८
अनुसूची ३ : बालश्रममा रहेका बालबालिकाका लागि थप भर्नु ...... १४९
अनुसूची ४ : सडक बालबालिकाका लागि थप भर्नु ...... १४९
अनुसूची ५ : स्थानीय बालअधिकार समिति र सम्बन्धित अभिभावकबीच हुने सम्झौता-पत्र ...... १५०
अनुसूची ६ : लाभग्राही परिचय पत्र ...... १५१

**गुराँस गाउँपालिकाको बालसंरक्षण कोष सञ्चालन निर्देशिका, २०७६**

१. सङ्क्षिप्त नाम र प्रारम्भ ...... १५५
२. परिभाषा ...... १५५
३. उद्देश्यहरू ...... १५५
४. अपेक्षित उपलब्धिहरू ...... १५६
५. विशेष जोखिममा रहेका बालबालिका ...... १५६
६. कोष आम्दानीका स्रोतहरू ...... १५६
७. अनुदान रकम ...... १५७
८. लाभार्थी बालबालिकाको छनोट तथा सिफारिस ...... १५७
९. छनोट प्रक्रिया ...... १५७
१०. स्थानीय बालअधिकार समिति ...... १५७
११. स्थानीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार ...... १५८
१२. सम्झौता सम्बन्धी व्यवस्था ...... १५८
१३. अनुदान प्रदान गर्ने प्रक्रिया ...... १५९
१४. अनुदान रोक्का हुने अवस्थाहरू ...... १५९
१५. अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था ...... १५९
१६. बालसंरक्षण कोषको सञ्चालन ...... १५९
१७. अभिलेखीकरणको व्यवस्था ...... १६०
१८. उजुरी तथा गुनासो सम्बन्धी व्यवस्था ...... १६०
१९. कार्यविधिमा संशोधन ...... १६०
अनुसूची १ : जोखिममा रहेका बालबालिकाको पहिचान तथा दर्ता फारम ...... १६१
अनुसूची २ : बालश्रममा रहेका बालबालिकाका लागि थप भर्नु ...... १६२
अनुसूची ३ : स्थानीय बालअधिकार समिति र सम्बन्धित अभिभावकबीच हुने सम्झौता पत्र ...... १६३
अनुसूची ४ : लाभग्राही परिचय पत्र ...... १६४
अनुसूची ५ : जोखिममा रहेका बालबालिका छनोट गर्ने आधारहरू ...... १६५

**गुराँस गाउँपालिकाको गुनासो सुनुवाइ कार्यविधि, २०७७**

१. सङ्क्षिप्त र नाम र प्रारम्भ ...... १६९
२. उद्देश्य ...... १६९
३. लक्ष्य ...... १७०
४. सिद्धान्त ...... १७०
५. लक्षित बालबालिका ...... १७०
६. गुनासो सुनुवाइ समितिको काम, कर्तव्य र अधिकार ...... १७०
७. बाल हेल्पलाइन अन्तर्गत सञ्चालन गरिने सेवाहरू ...... १७१
८. प्रतिवेदन पेस गर्नु पर्ने ...... १७२
९. गुनासो सुनुवाइ प्रयोग गर्ने अधिकार ...... १७२
१०. स्थानीय तहमा गुनासो सुनुवाइ समिति ...... १७२
११. वडा तहमा गुनासो सुनुवाइ समति ...... १७२
१२. गुनासो सुनुवाइ समितिको बैठक सम्बन्धी व्यवस्था ...... १७२
१३. गुनासो सुनुवाइ समितिको बैठक खर्च सम्बन्धी व्यवस्था ...... १७३
१४. गुनासो सुनुवाइ समितिको सचिवालय ...... १७३
१५. गुनासो सुनुवाइ सहकजकर्ताको व्यवस्था ...... १७३

१६. गुनासो सुनुवाइ सहजकर्ताको काम, कर्तव्य र अधिकार ........ १७३
१७. अनुसूचीमा हेरफेर वा थपघट गर्ने अधिकार ........ १७४
अनुसूची १ : बाल हेल्पलाइन १०९८ नेपाल ........ १७४
अनुसूची २ : बाल हेल्पलाइनको लोगो र छाप ........ १७७
अनुसूची ३ : बाल हेल्पलाइनको लेटर प्याड ........ १७८

**गुराँस गाउँपालिकाको विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि अभिभावकको सक्रिय बसाइ सम्बन्धी नीति, २०७६**

१. पृष्ठभूमि ........ १८१
२. उद्देश्य ........ १८१
३. प्रक्रिया ........ १८१
४. विद्यालयमा हुने सवालहरू ........ १८१
५. बसाइको प्रकार ........ १८२
६. अभिभावकलाई सामग्री ........ १८२

**गुराँस गाउँपालिकाको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७**

१. सङ्क्षिप्त नाम र प्रारम्भ ........ १८५
२. परिभाषा ........ १८५
३. विद्यार्थी पहिचान तथा वर्गीकरण ........ १८५
४. विद्यार्थी पहिचान तथा वर्गीकरण प्रक्रिया ........ १८६
५. कार्यक्रम सञ्चालन प्रक्रिया ........ १८६
६. समूहगत सिकाइ कार्यक्रम सम्बन्धी व्यवस्था ........ १८६
क) सबै किसिमको प्रविधिको पहुचभन्दा बाहिर रहेका विद्यार्थी समूहका लागि ........ १८७
ख) रेडियो र एफएम रेडियोको पहुँचमा रहेका विद्यार्थी समूहका लागि ........ १८७
ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूहका लागि ........ १८७
घ) कम्प्युटर र स्मार्ट फोन भएका तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूहका लागि ........ १८८
ङ) इन्टरनेट तथा सूचना-सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूहका विद्यार्थीका लागि ........ १८८
७. विद्यार्थीले आफ्नो रूचि र प्राथमिकता अनुसार अध्ययन गर्न पाउने ........ १८८
८. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाका लागि सिकाइ सहजीकरण ........ १८८
९. कार्यक्रम सञ्चालन गर्नका लागि सामग्रीको उपलब्धता ........ १८९
१०. टेलिभिजन प्रसारण तालिकाबारे जानकारी गराउने ........ १८९
११. विद्यालय तथा शिक्षकले सिकाइ सामग्री विकास गरी सञ्चालन गर्न सक्ने ........ १८९
१२. गुराँस गाउँपालिकाको भूमिका ........ १८९
१३. सञ्चार, प्रकाशन तथा प्रसारण क्षेत्रको भूमिका ........ १९०
१४. निजी क्षेत्रको भूमिका ........ १९०
१५. विद्यालयको भूमिका ........ १९०
१६. शिक्षकको भूमिका ........ १९१
१७. अभिभावकको भूमिका ........ १९१
१८. शिक्षा क्षेत्र समूह (गुराँस शिक्षा कलस्टर) को भूमिका ........ १९१
१९. शिक्षक महासङ्घको भूमिका ........ १९२
२०. सामाजिक सङ्घ-संस्थाहरूको भूमिका ........ १९२
२१. थपघट हुन सक्ने ........ १९२
२२. खारेजी तथा बचाउ ........ १९२
अनुसूची १ : समूहगत विद्यार्थी पहिचान तथा वर्गीकरण फारम ........ १९३

# बाल संरक्षण नीति, २०७४

प्रमाणीकरण भएको मिति : २०७४ फाल्गुण ९

## १. पृष्ठभूमि

नेपाल सरकारले निर्माण गरेका बालबालिका सम्बन्धी विभिन्न कानून, नीति, नियम, निर्देशिका अनुसार स्थानीय स्तरमा बालबालिकाहरूको संरक्षणका लागि गुराँस गाउँपालिकाले विभिन्न कार्यहरू गर्दै आइरहेको छ। यस पालिकाले आगामी दिनमा बालमैत्री गाउँपालिका घोषणाका लागि अभ्यास गरिरहेको हुँदा सोही अनुसार स्थानीय तहको संरचनामा बालबालिकाको सहभागिताका साथै बालमैत्री नीति निर्माण गर्ने क्रम जारी रहेको छ। विगतमा राम्रा अभ्यासहरू भए पनि यस पालिकामा बालबालिकाहरूको अझै पनि संरक्षणको अभाव रहेको महसुस गर्दै त्यस्ता बालबालिकाहरूको अधिकार संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न आवश्यक ठानिएकाले यो बालसंरक्षण नीति निर्माण गर्न लागिएको हो।

यस गाउँपालिकाले संस्थागत र नीतिगत रूपमा बालश्रम, बालविवाह, यौन दुर्व्यवहार, हिंसा लगायतका समस्याको रोकथाम र न्यूनीकरण गर्न नितान्त आवश्यक देखेको हुँदा यो बालसंरक्षण नीति तयार गरिएको हो। यस बालसंरक्षण नीतिले जनप्रतिनिधि, कर्मचारी, शिक्षक, सामाजिक कार्यकर्ता लगायत सम्पूर्ण सरोकारवालाहरूद्वारा बालबालिकाप्रति हुने सम्भावित दुर्व्यवहार तथा हिंसा न्यूनीकरणमा सहयोग गर्नेछ। यस्ता घटना घटेमा त्यसको प्रतिवेदन कहाँ र कसलाई गर्ने तथा त्यस्तो अवस्थामा बालबालिकाहरूलाई कसरी सहयोग गर्ने र के कारबाही गर्ने भन्ने सम्बन्धमा हामी सबै सरोकारवालाहरू सजग हुन आवश्यक देखिन्छ।

स्थानीय सरकारसँग आबद्ध कर्मचारी तथा पदाधिकारीका साथै सामाजिक क्षेत्रमा कार्यरत विकास साझेदार संस्थाभित्र पनि बालबालिकाप्रति दुर्व्यवहार हुन सक्छ। आफ्नो पद वा शक्तिको दुरूपयोग गरी बालबालिकाप्रति दुर्व्यवहार वा त्यस्ता घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्नता नहोला भन्न सकिँदैन। त्यसैले बालबालिकाउपर हुन सक्ने सम्भावित दुर्व्यवहारका घटनाप्रति सजग हुन र त्यस्ता हिंसा रोकथामका लागि बालसंरक्षणको प्रवर्द्धन गर्न पालिका तयार छ। अतः बालबालिकाको सुरक्षा र संरक्षणप्रतिको प्रतिबद्धतालाई सुनिश्चित गर्न बालदुर्व्यवहार र बालसंरक्षणबारे सचेतना बढाउनुका साथै बालदुर्व्यवहार सम्बन्धी कुनै पनि सवाल उठाउने काममा महत्त्वपूर्ण भूमिका निवार्ह गर्नेछ। बालमैत्री नीति पालना गर्नु हामी सबैको कर्तव्य हो। बालबालिकाहरूको संरक्षण गर्नका लागि बनाइएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति र सन्धिहरूमा गरिएका प्रतिबद्धता पूरा गर्न चालिने कदमहरूलाई यस बालसंरक्षण नीतिले सम्बोधन गर्नेछ।

### क) हामी के गर्छौं ?

बालबालिकाहरूलाई हिंसा, दुर्व्यवहार, शोषण, भेदभावबाट संरक्षण दिने हाम्रो प्रतिबद्धता निम्न अनुसारका उपायहरू अवलम्बन गरेर पूरा गर्नेछौं :

- गुराँस गाउँपालिकाभित्र काम गर्ने सरकारी तथा गैरसरकारी निकायका सबै कर्मचारी र पदाधिकारीहरू बालसंरक्षण सवाल (हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, छाउपडी, बालविवाह) बाट उत्पन्न हुने समस्या र बालबालिकामाथि हुन सक्ने खतराबारे सचेत छन् भन्ने कुरा सुनिश्चित गरिने छ।
- सचेतना अभिवृद्धि गराएर र सकारात्मक, असल व्यवहारका माध्यमबाट कर्मचारी तथा सम्बन्धित सबै जनाले बालबालिकाप्रतिको खतरामा कमी ल्याउने छन् भनेर सुनिश्चित गरिने छ।
- बालबालिकाको संरक्षणका सम्बन्धमा चालिने कदम र प्रक्रिया बारे पदाधिकारी तथा बालबालिकाहरूको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारी तथा अन्य सरोकारवालाहरू स्पष्ट रहने छन् भनी सुनिश्चित गरिने छ।
- बालबालिकाको संरक्षणसँग सम्बन्धित समस्यालाई गम्भीर रूपमा लिइने छ र समस्यामा परेका वा जोखिममा रहेका बालबालिकाहरूको संरक्षण सुनिश्चित गर्न सकारात्मक कदम चालिने छ।
- बाल दुर्व्यवहारका घटना बाहिर ल्याउने जो-कोही व्यक्ति, घटना वा समस्याबाट प्रभावित बालबालिका वा कर्मचारी पदाधिकारी तथा सामाजिक कार्यकर्तालाई सहयोग पुऱ्याइने छ।
- बाल दुर्व्यवहारका घटनाको अनुसन्धान प्रक्रियालाई सहयोग गर्न आवश्यक सहयोग गरिनेछ र यसरी बालबालिकाहरूका सवाल उठाउँदा बालबालिकाहरूको सर्वोत्तम हितको सिद्धान्तलाई मुख्य आधार मानिने छ।

- जोखिममा रहेका बालबालिकाहरूको संरक्षण गर्न र यस सवालमा वकालत गर्न अभिभावक, आफन्त, समुदायदेखि राष्ट्रिय स्तरसम्मका बालबालिकासँग काम गर्ने संस्था वा निकाय, विषय विशेषज्ञसँग समन्वय र सहकार्य गरेर काम गरिने छ ।
- कार्यक्षेत्रमा रहेका हरेक निकाय, संस्था, सङ्गठन, सञ्जाल र समुदायमा बालमैत्री व्यवहार वा क्रियाकलाप गर्न सहजीकरण गर्न प्रोत्साहन गरिने छ ।

### ख) हाम्रा प्रतिबद्धता पूरा भएको कसरी सुनिश्चित गर्ने त ?

- गुराँस गाउँपालिकाभित्र बालबालिकाहरू सम्बन्धी काम गर्ने सरकारी तथा गैरसकारी सङ्घ-संस्थाका कर्मचारी, गाउँ बालअधिकार संरक्षण तथा सम्वर्द्धन उपसमितिका विद्यालय तथा वडा समिति तथा गाउँपालिका स्तरका पदाधिकारीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षकहरू, बाल क्लबका पदाधिकारीहरू, सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिहरूलाई बालसंरक्षण नीतिबारे जानकारी दिइने छ ।
- गुराँस गाउँपालिकाका सबै पदाधिकारीहरू, गाउँ सभाका सदस्यहरू यस गाउँपालिकामा क्रियाशीलका सरकारी तथा गैरसरकारी निकायका प्रमुख, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूले बालसंरक्षण सम्बन्धी आचारसंहितामा हस्ताक्षर गर्नेछन् र सोको पालना गर्नेछन् ।
- गुराँस गाउँपालिकाका सबै पदाधिकारीहरू र वडाका सबै सदस्यहरू तथा अन्य पदाधिकारीहरूले बालसंरक्षण सम्बन्धी आचारसंहिता पालना गर्नेछन् र बालबालिकाहरूका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारीहरूले पालना गरे-नगरेको अनुगमन गर्नेछन् ।
- गाउँपालिकामा क्रियाशील राजनीतिक दलका प्रमुख, बालबालिकाहरूको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसकारी निकायमा काम गर्ने कर्मचारी र गाउँपालिकाका सबै पदाधिकारीहरूले बालसंरक्षण नीतिको एक-एक प्रति आफ्नो साथमा राख्ने छन् ।
- गाउँपालिकाका विभिन्न समितिहरू र विभागहरू निर्माण तथा गठन गर्दा सोमा रहने पदाधिकारी वा नियुक्त हुने कर्मचारीलाई छनोट तथा जिम्मेवारी बाँडफाँटको क्रममा बालसंरक्षण नीतिलाई प्रमुख आधार बनाइने छ ।
- कुनै पनि बालबालिकामाथि बालदुर्व्यवहार भएमा सोको सम्बन्धमा सूचना दिने प्रक्रियाबारे बालबालिकाहरूको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूका कर्मचारी तथा यस उपसमितिका वडा तथा गाउँपालिका स्तरका पदाधिकारीहरूलाई जानकारी हुनेछ ।
- बालदुर्व्यवहारको घटना सूचित भएपछि आवश्यक छानबिन गर्ने र सोको व्यवस्थापन गर्ने निश्चित संरचनाको स्थापना गरिने छ ।
- यी प्रतिबद्धता सुनिश्चित गर्नका लागि गुराँस गाउँपालिकाले बालसंरक्षणका सवालमा क्षमता वृद्धि गर्ने खालका तालिम, गोष्ठी र छलफल जस्ता कार्यक्रमहरूको आयोजना गर्ने, खोजी गर्ने र सहभागी गराउने जस्ता काम गर्नेछ ।
- यसै बालसंरक्षण नीतिका आधारमा गाउँपालिकामा रहेका समुदाय, विद्यालय, स्थानीय संस्थाहरू र बालबालिकासँग सम्बन्धित संस्थाहरूमा बालसंरक्षण नीति बनाउन सहजीकरण गरिने छ ।

## २. बालसंरक्षण नीतिको लक्ष्य :

- बालबालिकालाई पर्ने खतरा र बालदुर्व्यवहारजन्य समस्याका बारेमा सचेतना बढाउने ।
- बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण दिन र उनीहरूसँग अझ प्रभावकारी ढङ्गले काम गर्न मार्ग निर्देशन गर्ने ।
- हिंसा, दुर्व्यवहार शोषण भेदभावमा परेका बालबालिकाको पुर्नस्थापनामा सहयोग गर्ने ।

- बालसंरक्षणका सवालमा सबै पदाधिकारीहरू बालबालिकाका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारी र यस गाउँपालिकासँग सम्बन्धित सबै व्यक्तिहरूलाई सचेत र सजग बनाउने ।
- बालसंरक्षण नीति बनाउनका लागि अन्य संस्था वा निकायलाई सहजीकरण गर्ने र बालसंरक्षण नीतिको उल्लङ्घन हुन नदिनका लागि सहजीकरण गर्ने र उल्लङ्घन भएमा आवश्यक कारबाही गर्ने ।

### ३. बालसंरक्षण नीतिका क्षेत्रहरू

बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मुख्य दायित्व राज्यको भएको हुँदा र सोको प्रभावकारी कार्यान्वयन गर्ने स्थानीय सरकार गाउँपालिका र गाउँपालिकाको भएकाले स्थानीय सरकारका रूपमा यस दस्तावेजमा संलग्न भएको नीतिले गाउँपालिकाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सर्म्पकमा आउने बालक वा बालिका जो दुर्व्यवहारमा पर्ने खतरामा छन् वा दुर्व्यवहारमा परेका छन्, उनीहरूप्रति पूर्ण जिम्मेवार छ भनी व्याख्या गरेको छ ।

यस नीतिमा समावेश भएका निर्देशनहरू गुराँस गाउँपालिकाका सबै पदाधिकारीहरू, वडाका सबै पदाधिकारीहरू, कर्मचारीहरू, सामाजिक कार्यकर्ताहरू, स्वयंसेवक, सदस्य वा संस्था प्रतिनिधिहरूलाई लागू हुनेछ । आफ्नो कार्यक्षेत्र वा सर्म्पकभन्दा बाहिरका बालबालिकाहरूका संरक्षणको सवाल पनि यस नीतिमा समावेश गरिएको छ । यस नीतिले बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण दिनका लागि उचित व्यवहारको प्रदर्शन र आचारसंहिताको पालनाका सम्बन्धमा पनि निर्देशन दिएको छ । त्यसैले गुराँस गाउँपालिकाभित्र काम गर्ने जोसुकैलाई पनि यो नीति उपलब्ध गराई कार्यान्वयनमा ल्याए-नल्याएको अनुगमन गरिने छ । गुराँस गाउँपालिकामा रहेका बालबालिकाहरूको संरक्षणको अवस्था राम्रो भएको वा नभएको कुरा सुनिश्चित गर्नु पर्दछ ।

### ४. बालबालिकासँग काम गर्नका लागि मूल्य, मान्यता तथा सिद्धान्तहरू :

क) बालबालिकाको हितको संरक्षण गर्नका लागि काम गर्नु भनेको उनीहरूको अधिकारको प्रवर्द्धन गर्नु हो । गुराँस गाउँपालिकाले बालबालिकाका अधिकार संरक्षण गर्नका लागि निम्न दायित्वमा विश्वास गर्दछ :

- यस गाउँपालिकाका काम गर्ने सरकारी तथा गैरसकारी निकायका कर्मचारी तथा अन्य व्यक्तिहरूको पेसागत तथा नैतिक कर्तव्य हुन आउँछ, उनीहरूको बाँच्न पाउने, विकास हुन पाउने, सहभागी हुन पाउने र संरक्षित हुन पाउने अधिकारलाई ध्यान दिनुपर्ने,
- आफ्नै सांस्कृतिक, धार्मिक तथा जातीय परिप्रेक्ष्यमा बालबालिकाको मूल्याङ्कन, कदर तथा पहिचान गरिनुका साथै सम्भव भएसम्म परिवारमा नै उनीहरूको आवश्यकताको पहिचान गरी पूरा गरिनु पर्ने,
- बालबालिकाको कुरा सुन्नु तथा उनीहरूको दृष्टिकोणलाई ध्यानपूर्वक सोचिनुका साथै त्यसो गर्न अरूलाई प्रोत्साहित गरिनु एवम् बालबालिकासँग सरोकार राख्ने वा प्रत्यक्ष असर पार्ने निर्णयहरूमा सहभागी बनाइनु पर्ने ।

### ५. बालअधिकार कदर होस् भनेर गाउँ बालसंरक्षण समितिका पदाधिकारीहरूले बालबालिकासँग सम्पर्कमा आउँदा निम्न कुराहरू गर्नुपर्छ :

- बालबालिकालाई सम्मानपूर्वक व्यवहार गर्ने तथा उनीहरूलाई अधिकार प्राप्त व्यक्तिका रूपमा मान्यता दिने,
- उनीहरूलाई सकारात्मक दृष्टिले हेर्ने, तथा विशेष आवश्यकता भएका एवम् अधिकार प्राप्त तथा फरक रूपमा योगदान दिन सक्ने व्यक्तिका रूपमा मान्यता दिने,
- उनीहरूसँग आपसी विश्वास तथा सम्मानमा आधारित भएर सहयोग तथा सहभागिताको भावनाका साथ काम गर्ने,
- उनीहरूको दृष्टिकोणलाई मान्यता दिई गम्भीर रूपमा लिने,
- उनीहरूमा अन्तर्निहित क्षमता तथा योग्यताको अभिवृद्धि तथा उनीहरूको क्षमता विकास गर्ने काम गर्ने र
- उनीहरू बाँचेकै परिवेशमा उनीहरूलाई बुझ्ने भरमग्दुर कोसिस गर्ने ।

## ६) गुराँस गाउँपालिकाको बालसंरक्षण सम्बन्धी आचार संहिता

क) गुराँस गाउँपालिका पदाधिकारीहरू तथा बालबालिकाको सम्पर्कमा रहने कर्मचारी तथा अन्य व्यक्तिहरूले यो आचार संहिताको पालना र निम्न अनुसारका कामहरू अनिवार्य गर्नु पर्दछ :

- बालअधिकार भनेको के हो ?, बालबालिकाहरूका अधिकार र कर्तव्य के-के हुन्छ?, के-कस्तो कुरा वा व्यवहार राम्रो, के-कस्तो कुरा वा व्यवहार नराम्रो हुन्छ भन्ने बारेमा जानकारी दिनका लागि बालबालिकाहरूसँग बसेर छलफल गर्ने र उनीहरूलाई महसुस गर्न सहयोग गर्नु पर्दछ ।
- बालबालिकासँग सम्बन्धित काम गर्दा वा उनीहरूसँग काम गर्दा सम्बन्धित कुराहरू छर्लङ्ग वा प्रस्ट पारिदिनु पर्दछ ।
- बालबालिकाहरूसँग काम गर्दा कुनै पनि खतरा वा जोखिम कम हुने कार्यस्थलको छनोट गर्ने, कार्ययोजना बनाउने र व्यवस्थापन गर्ने काम गर्नु पर्दछ ।
- यदि कुनै योजना, कार्यक्रम वा क्रियाकलापले बालबालिकाहरूलाई जोखिममा पार्ने प्रबल सम्भावना छ भने त्यसलाई रोक्नु पर्दछ । त्यसका बारेमा बालबालिकाहरू र सम्बन्धित सरोकारवालाहरूलाई पूर्व जानकारी गराउनु पर्दछ ।
- यदि बालबालिकामाथि कुनै पनि प्रकारको समस्या आइपरेमा त्यसको समाधानका लागि उनीहरू के चाहन्छन ?, उनीहरू आफैँ के गर्न चाहन्छन् ? र अरूबाट के-कस्तो सहयोग चाहन्छन् भन्ने बारेमा ती बालबालिकाहरूसँगै बसेर छलफल गर्ने र त्यही अनुसारको सहयोग जुटाउन सहजीकरण गर्नु पर्दछ ।
- यौन दुर्व्यवहारबाट बच्न सकिने उपायहरू बालबालिकालाई सिकाउनु पर्दछ । यदि त्यस्ता घटनाहरू भइहालेमा रिर्पोटिङ गर्ने प्रक्रियाका बारेमा बालबालिका र तिनका अभिभावकलाई जानकारी दिनु पर्दछ ।
- बालबालिकाहरूले बाल दुर्व्यवहार सम्बन्धी कुनै पनि सवाल उठाई छलफल गर्न सकिने खुल्ला र सहज वातावरण तयार पार्नु पर्छ ।
- बालबालिकाहरूका पक्षमा निर्णय गर्दा, क्रियाकलाप गर्दा जहिले पनि बालसंरक्षण र बालबालिकाहरूको सर्वोत्तम हितलाई ख्याल गर्नु पर्दछ ।
- बालबालिकाहरूसँग सम्बन्धित सूचनाहरू गोप्य राख्नु पर्दछ र उनीहरूसँग छलफल गरेर, त्यसको फाइदा र बेफाइदा केलाएर मात्र आवश्यकता अनुसार आवश्यक व्यक्ति, निकाय वा संस्थाहरूलाई जानकारी दिनु पर्दछ ।
- बालबालिकाहरूसँग सम्बन्धित काम गर्दा योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, समीक्षा गर्ने र उपलब्धिको मापन गर्ने प्रक्रियामा बालबालिकाहरूलाई सहभागी गराउनु पर्दछ ।
- बालबालिकाहरूलाई सकारात्मक काम गर्नका लागि उत्प्रेरणा मिल्ने, हौसला मिल्ने र खुसी लाग्ने व्यवहार वा क्रियाकलाप गर्नु पर्दछ ।
- सबै बालबालिकाहरूलाई समान वा बराबर व्यवहार गर्नु पर्दछ ।
- यदि कसैले बालबालिकाहरूको संरक्षणमा बाधा पुऱ्याउने र उनीहरूलाई जोखिममा पार्ने काम गर्दै छ भने त्यस्ता क्रियाकलापहरूलाई निरूत्साहित गर्नु पर्दछ ।

## ७) गुराँस गाउँपालिका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू र सामाजिक कार्यकर्ताहरूले गर्न नहुने कुराहरू :

- बालबालिकालाई पिट्ने, कुट्ने, शारीरिक वा मानसिक यातना दिने वा अन्य दुर्व्यवहार हुने खालको व्यवहार गर्नु हुँदैन ।
- अरूबाट टाढा वा एक्लै राखेर कुनै पनि बालबालिकासँग चाहिनेभन्दा बढी समय बिताउनु हुँदैन ।

- बालबालिकासँग शारीरिक सम्बन्ध वा यौन सम्बन्ध राख्नु हुँदैन ।
- बालबालिकालाई अप्ठेरो लाग्ने, मानसिक वा शारीरिक पीडा दिने किसिमका कुनै पनि यौनजन्य वा अन्य दुर्व्यवहार गर्नु हुँदैन । यौन आशय बोकेका कुनै पनि भाषा प्रयोग गर्नु हुँदैन ।
- बालबालिकालाई यौन इच्छा जगाउने वा यौन क्रियाकलाप गर्न उत्प्रेरित गर्ने कुनै पनि व्यवहार गर्नु वा गर्न लगाउनु हुँदैन ।
- बालबालिकालाई अश्लील खालको फोटो, फिल्म, चित्र देखाउनु हुँदैन ।
- बालबालिकालाई हीनताबोध हुने, नियास्रो लाग्ने, लज्जित बनाउने, मनोभावनामा चोट पुग्ने कुनै पनि क्रियाकलाप, व्यवहार वा भाषा प्रयोग गर्नु हुँदैन ।
- विना संरक्षक बालबालिका (विशेषतः बालिका) लाई रात्रिवास बसाउनु हुँदैन ।
- बालबालिकालाई दुर्व्यसनतिर वा कुलततिर उत्प्रेरित गर्ने खालको क्रियाकलाप गर्नु वा गराउनु हुँदैन ।
- बालविवाहका भोज-भतेर वा कार्यक्रममा संलग्न हुनु हुँदैन ।
- बालबालिकालाई घरेलु श्रमिकका रूपमा राख्नु हुँदैन यदि राखिन्छ भने जोखिम हुने खालको काममा लगाउने, उनीहरूको क्षमताभन्दा बढी काम लगाउने, विद्यालय नपठाउने, स्वास्थ्य स्थितिमा ख्याल नगर्ने जस्ता काम गर्नु हुँदैन ।
- बालबालिकासँग सम्बन्धित सूचना वा जानकारी उनीहरूको इच्छा र हित विपरीत बाहिर ल्याउनु हुँदैन ।
- एक बालबालिकालाई अर्को बालबालिकासँग तुलना गरेर बोल्नु हुँदैन ।
- बालबालिकाहरूलाई अपमानित गर्ने किसिमका उपनामहरू दिएर बोलाउनु हुँदैन ।
- कुनै बालबालिकालाई विशेष स्नेह, माया देखाउने र कुनै बालबालिकालाई बेवास्ता गर्ने किसिमको व्यवहार वा भाषा प्रयोग गर्नु हुँदैन ।
- बालबालिकाहरूले आफूलाई वा अरू बालबालिकाहरूलाई भएको दुर्व्यवहारको घटना बताउन लागेको बेला हाँस्ने वा भन्न रोकिदिने काम गर्नु हुँदैन ।
- बालबालिकाहरूबाट हुन सक्ने गैरकानूनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्नु हुँदैन, बेवास्ता गर्नु हुँदैन र त्यसमा सहभागी हुनु हुँदैन ।
- बालबालिकाहरूको हित विपरीत हुने कुनै पनि निर्णय प्रक्रियामा सहभागी हुनु हुँदैन ।
- बालबालिकाहरूलाई जोखिममा पार्ने कुनै पनि क्रियाकलाप वा व्यवहार गर्नु हुँदैन ।

**८) बालबालिकामाथि गुराँस गाउँपालिकाका पदाधिकारी वा कर्मचारीहरू र सामाजिक कार्यकर्तामध्ये जो कसैले पनि बालसंरक्षण नीतिको उल्लङ्घन गरेमा** :

- यदि कुनै पदाधिकारी, कर्मचारी र सामाजिक कार्यकर्ताले बालबालिकालाई यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनै पनि स्रोतबाट जानकारी भएमा सम्बन्धित कर्मचारीबाट गुराँस गाउँपालिकाले स्पष्टीकरण लिनेछ र सचेत हुनका लागि लिखित पत्र दिनेछ । तर घटना प्रमाणित भएको खण्डमा उसलाई बहाल रहेको पदाधिकारी पदबाट निलम्बन गरिने छ र कानूनी कारबाहीका लागि गाउँपालिका स्वयंले प्रक्रिया अघि बढाउने छ ।
- यदि कुनै पदाधिकारीले बालबालिकाहरूलाई यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनै पनि स्रोतबाट जानकारी भएमा सम्बन्धित पदाधिकारीबाट गाउँपालिकाले स्पष्टीकरण लिनेछ ।

- घटनाको प्रकृति हेरेर सामान्य दुर्व्यवहार भएको खण्डमा सचेत हुनका लागि सुझाव दिइनेछ । तर यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहारको जटिल घटना भएको प्रमाणित भएको खण्डमा गाउँपालिकाको बैठक बोलाई उसलाई बहाल रहेको पदबाट निलम्बन गरिने छ, कानूनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाइने छ ।

**९) यौनजन्य वा अन्य दुर्व्यवहारका घटनाहरू बारे सुनुवाइ हुने प्रक्रिया :**

- यस गाउँपालिकाका पदाधिकारी, कर्मचारी, सामाजिक कार्यकताहरूले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा सम्बन्धित वडा अध्यक्षलाई जानकारी गराउनु पर्नेछ ।
- वडा अध्यक्षले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा गाउँपालिकाका उपाध्यक्षलाई लाई जानकारी गराउनु पर्नेछ ।
- गाउँपालिकाका पदाधिकारीले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा गाउँपालिकाका अध्यक्षलाई जानकारी गराउनु पर्नेछ ।
- गाउँपालिका अध्यक्षले बालयौन वा अन्य दुर्व्यवहार गरेको अवस्थामा गाउँपालिकाका जो-कसैलाई पनि जानकारी गराउनु पर्नेछ । त्यसपछिको गाउँपालिकाको निर्णायक बैठक बस्ने छ ।
- बालबालिकामाथि भएका यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारका घटनाका बारेमा बालबालिका स्वयंले वा तिनका सरोकारवालाले सम्बन्धित पदाधिकारी, वडा अध्यक्ष तथा गाउँपालिका उपाध्यक्षलाई सोझै भेटेर, फोन मार्फत, चिठी मार्फत वा इमेल मार्फत जुन सजिलो लाग्दछ, त्यही माध्यमबाट घटनाका बारेमा जानकारी गराउन सक्ने छ । (यी सूचना उपलब्ध गराउने सूचनाका स्रोतहरू गोप्य राखिने छन् ।)

**१०) पालिकाका पदाधिकारी, कर्मचारीहरू र सामाजिक कार्यकर्ताद्वारा बालबालिका माथि यौन दुर्व्यवहारको घटना भएमा र सो घटनाका बारेमा जानकारी हुन आएमा गाउँपालिकाले गर्ने कारबाहीको प्रकृति :**

- दोषी व्यक्ति वडा वा गाउँपालिकाको पदाधिकारी वा कर्मचारी र बालअधिकारका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायका कार्यकर्ताहरू भएमा दुर्व्यवहारको प्रकृति र गम्भीरता हेरेर दोषीलाई पदीय जिम्मेवारीबाट बर्खास्तसम्म गर्न सकिने छ ।
- दोषी व्यक्ति गाउँपालिकाको पदाधिकारी तथा वडाका सदस्यहरू भएमा गाउँपालिकाको बैठक बोलाएर निजलाई स्पष्टीकरण सोधिने छ र कानूनी कारबाहीका लागि गाउँपालिका स्वयंले प्रक्रिया अगाडि बढाउने छ ।
- माथि उल्लेख गरिएका दुवै प्रकृतिका व्यक्तिहरूलाई देशको प्रचलित कानून बमोजिम कारबाही अगाडि बढाइने छ ।
- गाउँपालिकामा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारीको हकमा सम्बन्धित व्यक्तिका बारेमा स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्मका सम्पर्कमा रहेका सबै सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरूलाई लिखित वा मौखिक जानकारी गराइने छ ।
- माथि उल्लेख गरिएका सबै प्रक्रिया पूरा गर्दा बालबालिकाहरूको गोपनीयताको अधिकार र पुनः दुर्व्यवहारको सम्भावनालाई ध्यान दिएर गरिने छ । अर्थात् कुनै पनि प्रक्रियालाई कार्यान्वयन गर्दा बालबालिकाहरूलाई अप्ठेरो हुने, असहज हुने र उनीहरूको मान हानि हुने गरी कुनै पनि क्रियाकलाप वा व्यवहार गरिने छैन र उनीहरूको इच्छा विपरीत कुनै पनि सूचना बाहिर प्रकाशन गर्ने, सञ्चारमा ल्याउने वा कुनै पनि स्रोतलाई जानकारी उपलब्ध गराउने काम गरिने छैन ।

**११) गुराँस गाउँपालिकाभित्र बालयौन दुर्व्यवहार वा अन्य खाले दुर्व्यवहारको घटना घटेमा**

दुर्व्यवहारबाट प्रभावित बालक अथवा बालिका आफैँले सूचना दिन चाहेमा अथवा बाल क्लब, बालसंरक्षण समिति, विद्यालय बालसंरक्षण समिति, गाउँ बालसंरक्षण समिति, युवा समूह वा सञ्जाल, अभिभावक वा समुदायका कुनै पनि व्यक्ति वा संरचनाले सूचना दिन चाहेमा :

- सोझै वडाको कार्यालय वा गाउँपालिकाको कार्यालयमा जानकारी दिन सक्ने छन् । यसका लागि उनीहरूले आफूहरूलाई सजिलो लाग्ने सञ्चारको माध्यम प्रयोग गर्न सक्ने छन् ।
- गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा अन्य सरकारी तथा गैरसरकारी निकायका कर्मचारी तथा पदाधिकारीले बालदुर्व्यवहारको घटनाबारे जानकारी पाएपछि तत्काल गाउँपालिका प्रमुखलाई जानकारी गराउने छन् ।
- गाउँपालिकाका न्यायिक समितिका संयोजक एवम् गाउँपालिका उपाध्यक्षले सामुदायिक संरचनाहरूसँगको सहयोगमा घटनाको छानबिन गरी आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाउने छन् ।
- समुदायको व्यक्ति बालदुर्व्यवहारमा संलग्न भएको अवस्थामा वडा तथा गाउँपालिकाले यस बालसंरक्षण नीतिको प्रयोग गरी उपयुक्त कारबाहीको प्रक्रिया अगाडि बढाउने छ ।
- घटना र उक्त घटनामा संलग्न व्यक्ति दोषी ठहर भइसकेपछि गाउँपालिकाले बालबालिकाहरूको उच्चतम हितलाई सर्वोपरि ठानी यस बाल संरक्षण नीति बमोजिम उपयुक्त कारबाही प्रक्रिया अगाडि बढाउने छ र प्रभावित बालबालिकाहरूको कानूनी तथा सामाजिक न्यायका लागि सहयोग गर्नेछ ।

## १२) गोपनीयता

यस नीति अर्न्तगत व्यवहार गरिने सम्पूर्ण कुराहरूमा गोपनीयताको कदर गरिनु आवश्यक छ । कुनै परिस्थितिमा गोपनीयता भएन भने बालबालिकाको जीवनमा नकारात्मक प्रभाव पर्न सक्छ, फेरि यस प्रक्रियामा सम्बद्ध वयस्कहरूका लागि त्यसको गम्भीर परिणाम निस्कन सक्छ ।

सम्भावित दुर्व्यवहारबारे सवाल उठाउँदा तथा समस्याहरू बारे काम गर्दा, गाउँपालिकाका सबै पदाधिकारीहरूले अन्य व्यक्तिहरूले सूचनाको रक्षा गर्ने कुरामा अत्याधिक सावधानी अपनाउनु पर्छ र त्यस्ता सूचना यस नीतिमा वर्णन गरिएको प्रतिवेदन प्रक्रियाद्वारा यसबारे जानकारी जसले पाउनु पर्ने हो त्यो व्यक्तिसम्म मात्र पुऱ्याउनु पर्छ । त्यस्तो सूचनालाई अनावश्यक रूपमा सार्वजनिक गर्नु हुँदैन ।



# बालमैत्री स्थानीय शासन रणनीति, २०७७

प्रमाणीकरण मिति : २०७७ कार्तिक २३ गते

# खण्ड १ परिचय

## १. पृष्ठभूमि

बालमैत्री स्थानीय शासन बालअधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । नेपालको संविधानमा भएको बालअधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC) १९८९, नेपालको चौधौं आवधिक योजना (२०७३/७४-२०७५/०७६) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरूले समेत बालअधिकारको समग्र पक्षलाई सम्बोधन गरेको छ । स्थानीय सरकारका रूपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायका रूपमा स्थापित भइसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तर्भूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ ।

विभिन्न साझेदार संस्थाहरूको समन्वय र सहयोगमा यस गाउँपालिकाले वडा नं ६ पिलाडीलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नुका साथै अन्य वडाहरूमा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका पक्षमा धेरै कामहरू भएका छन् । बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा आई केही नतिजासमेत हासिल भइसकेका छन् । विगतमा भएका यस्ता प्रयास र नतिजाहरूलाई निरन्तरता दिँदै यसको विकास र विस्तारका लागि थप प्रयास गर्नु पर्ने देखिन्छ ।

वि. सं. २०६८ को जनगणना अनुसार गुराँस गाउँपालिकाको जनसंख्या २२ हजार २३ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यसमा करिब ४८.२९ प्रतिशत १८ वर्षमुनिका बालबालिका रहेको पाइन्छ भने १४ वर्षमुनिका बालबालिकाको जनसङ्ख्या ४०.७१ प्रतिशत रहेको छ । नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा, शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा र बाल मृत्युदर (५ वर्षमुनि) प्रतिहजार जीवित जन्ममाको अवस्था विगत एक वर्षदेखि सामान्य रहेको देखिन्छ । तथ्याङ्कीय आधार तथा सेवाको सुनिश्चितताका लागि व्यक्तिगत घटना दर्ता खास गरी जन्म दर्तालाई अझ प्रभावकारी रूपमा अभियानका रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता देखिएको छ । विद्यालय जाने उमेरका बालबालिकामध्ये करिब ९६.६ प्रतिशत विद्यालय भर्ना हुने गरेका छन् (आर्थिक सर्वेक्षण, २०७४) । सबैका लागि शिक्षाको अवधारणा अनुसार बालबालिकाहरूलाई विद्यालय पठाउनु अपरिहार्य भइसकेको छ ।

विगतमा साविकका केही गाउँ विकास समितिहरूले नमूनाका रूपमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गरेका थिए । त्यस्ता कार्यक्रमहरूबीच एकरूपता ल्याउन, सामञ्जस्यता कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक ठानियो र स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्धान्तका आधारमा मूल प्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकासको थालनी गर्न-गराउनका लागि **बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति, २०६८** कार्यान्वयनमा ल्याइएको थियो । नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकका रूपमा व्याख्या गरेको छ । साथै राज्यको पुनर्संरचना हुँदा स्थानीय तह र प्रदेश सरकारको भूमिकासमेत थप भएको अवस्था र बालमैत्री स्थानीय शासन कार्यान्वयनको अनुभव समेतलाई आधार मानी यस गाउँपालिकाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ का आधारमा **गुराँस गाउँपालिकास्तरीय बालमैत्री स्थानीय शासन रणनीति, २०७७** कार्यान्वयनमा ल्याइएको छ ।

## २. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

१. **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनु पर्दछ ।

२. **"स्थानीय शासन"** भन्नाले स्वायत्त शासनको अवधारणा अनुरूप नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जनताको नजिकमा रहेका स्थानीय तहका प्रतिनिधिमार्फत् सञ्चालन गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ ।

३. **"बालमैत्री शासन"** भन्नाले गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बालअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न राज्यका तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई सम्झनु पर्दछ ।

४. **"बालमैत्री स्थानीय शासन"** भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ ।

५. **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्दछ ।

६. **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गुराँस गाउँपालिकालाई सम्झनु पर्छ ।

७. **"गैर सरकारी संस्था"** भन्नाले यस रणनीतिको प्रयोजनका लागि प्रचलित कानून बमोजिम बालबालिकाको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू सम्झनु पर्दछ ।

८. **"बालमैत्री स्थानीय तह"** भन्नाले अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भई स्थानीय तह आफैंले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम सूचकहरू सुनिश्चित गरी सम्बन्धित सभाबाट बालमैत्री स्थानीय तह भनी घोषणा गरिएको गाउँपालिकालाई सम्झनु पर्दछ ।

९. **"बालमैत्री वडा"** भन्नाले अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भई गुराँस गाउँपालिकाका वडा आफैंले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम सूचकहरू सुनिश्चित गरी सम्बन्धित गाउँसभाबाट बालमैत्री वडा भनी घोषणा गरिएको वडालाई सम्झनु पर्दछ ।

१०. **"बालमैत्री कार्यक्रम"** भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भई बालअधिकार प्रवर्द्धन गर्न सरकारी, गैर सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट र साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरू सम्झनु पर्दछ ।

११. **"विकास साझेदार"** भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरू र संयुक्त राष्ट्रसङ्घीय निकायहरूलाई सम्झनु पर्दछ ।

१२. **"बाल क्लब"** भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च लगायतका बालबालिकाका समूह तथा तिनका सञ्जालहरू समेत सम्झनु पर्दछ ।

१३. **"बालमैत्री स्थानीय शासन रणनीति"** भन्नाले गुराँस गाउँपालिकास्तरीय बालमैत्री स्थानीय शासन रणनीति, २०७७ सम्झनु पर्दछ ।

१४. **"स्थानीय बालअधिकार समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को (दफा ६०) मा तोकिए अनुसार बालबालिका सम्बन्धी कार्यविधि २०७७ का आधारमा बालअधिकारको संरक्षण र संवर्द्धनका साथै बालमैत्री स्थानीय शासनका गतिविधि सञ्चालन गर्न गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

१५. **"वडास्तरीय बालअधिकार समिति"** भन्नाले बालबालिका सम्बन्धी कार्यविधि २०७७ को परिच्छेद २ को दफा ५ मा तोकिए अनुसार बालबालिका सम्बन्धी कार्यविधि २०७७ का आधारमा बालअधिकारको संरक्षण र संवर्द्धनका साथै बालमैत्री स्थानीय शासनका गतिविधि सञ्चालन गर्न गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

## ३. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको उद्देश्य

बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम सञ्चालनको रणनीति,

कार्यनीति, समन्वय, उपलब्धि र अन्तिम नतिजा प्राप्तिमा एकरूपता ल्याउन सहयोग पुऱ्याउनु यस रणनीतिको उद्देश्य रहेको छ ।

## ४. बालमैत्री स्थानीय शासन रणनीतिको औचित्य

शासकीय प्रणाली र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन हुन आवश्यक ठानी यस गाउँपालिकाका केही वडाहरूले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका थिए । यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै हालको परिवर्तित सन्दर्भ र नेपालको संविधानको प्रावधान अनुरूप गाउँपालिकाका सबै वडाहरूमा सञ्चालन हुने यस्ता कार्यक्रमहरूबीच एकरूपता ल्याउन र सामन्जस्यता कायम गरी बालबालिकाको समुचित विकास गर्न अत्यावश्यक छ । यसै सन्दर्भमा स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूल प्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको अवधारणाको संस्थागत विकास गर्न-गराउनका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ का आधारमा यस रणनीतिको औचित्य देहायबमोजिम रहेको छ :

१. सबै स्थानीय तहमा एकरूपता कायम हुने गरी बालमैत्री स्थानीय शासन पद्धति सुदृढ गर्नु गराउनु,
२. बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्रबीच समन्वय र साझेदारीको विकास गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि साझेदारहरूबीच आर्थिक तथा प्राविधिक सहयोग एवं सहकार्यको वातावरण सिर्जना गर्नु गराउनु,
३. बालमैत्री स्थानीय शासनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका नीति र कार्यक्रमबीच सामन्जस्यता कायम गर्नु गराउनु,
४. बालमैत्री स्थानीय शासनका लागि संस्थागत क्षमता र मानव संशाधन विकास गर्न सहयोग पुऱ्याउनु,
५. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०४८, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ र बालबालिका सम्बन्धी प्रचलित ऐन कानूनका प्रावधानहरूलाई कार्यान्वयन गरी बालबालिकालाई समय सापेक्ष सेवा प्रदान गरी अवसर सिर्जना र सोको न्यायोचित वितरण गर्नु,
६. सङ्घीय पद्धतिमा बालमैत्री स्थानीय सुशासन हासिल गर्नमा टेवा पुऱ्याउनु ।

## ५. शासकीय पद्धतिमा बालमैत्री स्थानीय शासनको योगदान

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले स्थानीय तहलाई देहायका विषयमा सहयोग पुऱ्याउँछ :

१. स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहबाट स्थानीय तहमा बालबालिकाको क्षेत्रमा सञ्चालन हुने बालबालिका सम्बन्धी योजना तथा कार्यक्रमलाई नतिजामुखी एवं प्रभावकारी बनाउने ।
२. बालबालिकाको परिपक्वता र क्षमताका आधारमा स्थानीय शासन पद्धतिमा बालसहभागिता अभिवृद्धि गर्ने ।
३. स्थानीय तह र सेवा प्रवाह सम्बन्धी संस्थाहरूलाई जवाफदेही र उत्तरदायी बनाउने ।
४. बालअधिकारप्रति वयस्कहरूको सकारात्मक सोचको विकास र सहमतिको वातावरण सिर्जना गर्ने ।
५. स्थानीय तह र तिनका शाखा, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार र स्थानीय समुदायको साधन र स्रोत बालबालिकाको क्षेत्रमा प्रवाहित गर्ने ।
६. बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण र विभेदको अन्त्य गर्ने ।

# खण्ड २ः बालअधिकार सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

## ६. बालअधिकार सम्बन्धमा भएका महत्त्वपूर्ण प्रयासहरू

### क) नेपालको संविधान

नेपालको संविधानमा बालबालिका सम्बन्धी देहायका अधिकारहरू प्रत्याभूत गरिएका छन् :

(१) **समानताको हक (धारा २२) :** सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । तर बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने छ ।

(२) **बालबालिकाको हक (धारा ३९) :** यस धारामा बालबालिकाको हक सम्बन्धमा देहायका अधिकारहरू प्रत्याभूत गरिएका छन् :

(क) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(ख) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(ग) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(घ) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(ङ) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(च) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(छ) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(ज) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(झ) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(ञ) बुँदा (घ), (ङ), (च) र (छ) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) **सामाजिक सुरक्षाको हक (धारा ४३ ) :** बालबालिकालाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न आवश्यक कार्य गर्न-गराउन स्थानीय तहलाई जिम्मेवार बनाउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरिएको छ । यस ऐनले बालअधिकार प्रवर्द्धन गर्न कानूनी व्यवस्था गरेको छ । ऐनको दफा (११) (ज) ले प्रारम्भिक बालशिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई दिइएको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्यसमेत स्थानीय तहले गर्नेछ। यस्तै ऐनको दफा (११) (झ) ले आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन, स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण, सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन जस्ता कार्यहरू गाउँपालिकाले गर्नेछ ।

ऐनको दफा (१२) (२) (१) (ग) ले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाका वडाहरूलाई दिइएको छ। यस्ता कार्यहरूमा बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन, बाल क्लब तथा बालसञ्जालको

सञ्चालन र व्यवस्थापन, वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकालाई बिसिजी, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर्विद्यालय तथा बाल क्लबमार्फत् खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण, व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम जस्ता कार्यहरू पर्दछन् । यस्तै महिला विरूद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने-गराउने, सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने-गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त सरसफाइ, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने-गराउने जिम्मेवारी सम्बन्धित वडाको हुनेछ ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर्सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था यस ऐनले गरेको छ। यसै आधारमा बालबालिकाका लागि आवधिक र वार्षिक लगानी योजना तर्जुमा गर्नु पर्नेछ। गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा अन्य निकाय, व्यक्ति समूहका अलावा बालबालिकाको अधिकतम सहभागिता हुनु पर्नेछ। यी सबै कार्यहरू बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धित रहेका छन् ।

### ग) बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको छ। नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा स्थापित गरिसकेपछि मौलिक हकको कार्यान्वयन तथा नेपालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा दर्साएको प्रतिबद्धतालाई कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन, २०४८ मा समयसापेक्ष सुधार गरी बालबालिका सम्बन्धी ऐन, २०७५ जारी गरिएको हो । यस ऐनमा संयुक्त राष्ट्र सङ्घको बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को मूलभूत सिद्धान्त र विषयगत चार आयामहरू (बचावट, संरक्षण, विकास र सहभागिता) समेटिएका छन् । राष्ट्रियता र पहिचानको अधिकार, दफा ५ भेदभाव विरूद्धको अधिकार, दफा ६ बाबु-आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, दफा ७ मा संरक्षणको अधिकार, दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार, दफा ११ मा गोपनीयताको अधिकार, दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, दफा १३ मा पोषण तथा स्वास्थ्यको अधिकार, दफा १४ मा खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार र दफा १५ मा शिक्षाको अधिकारका प्रावधानहरू समावेश गरिएका छन् ।

ऐनको परिच्छेद ३ मा बालबालिकाप्रतिको दायित्व अन्तर्गत दफा १६ मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, दफा १७ मा परिवार वा संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व र दफा १९ मा सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरू समावेश गरिएका छन् (विस्तृत अनुसूची १ मा दिइएको छ) । परिच्छेद ४ मा बालन्याय अन्तर्गतका विभिन्न प्रावधानहरू राखिएका छन् । परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना अन्तर्गत दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह, दफा ४९ मा वैकल्पिक हेरचाहको व्यवस्था, दफा ५० मा बालबालिकाको संरक्षण, दफा ५१ मा संरक्षकको नियुक्त गर्ने वा तोक्ने, दफा ५२ मा बालगृहको स्थापना तथा सञ्चालन लगायत दफा ५७ मा बाल संरक्षण सम्बन्धी मापदण्डका विषयहरू समावेश भएका छन् । यसैगरी परिच्छेद ६ मा बालअधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था अन्तर्गत दफा ५९ मा राष्ट्रिय बालअधिकार परिषद, दफा ६० मा प्रदेश र स्थानीय तहको बालअधिकार समिति, दफा ६१ मा बाल कल्याण अधिकारी, दफा ६२ मा समाजसेवी तथा बाल मनोविज्ञ लगायत दफा ६३ मा बालकोषका प्रावधानहरू रहेका छन् । ऐनको परिच्छेद ७ मा बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन सम्बन्धी प्रावधानहरू उल्लेख

गरिएका छन् । यसका अतिरिक्त परिच्छेद ८ मा बालबालिका विरूद्धको कसुर, परिच्छेद ९ मा सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारी सम्बन्धी विषयहरू रहेका छन् । साथै, परिच्छेद १० मा विविध अन्तर्गत दफा ७७ मा बालबालिकाको कर्तव्य अन्तर्गत बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख भएको छ (बालबालिका सम्बन्धी ऐन, २०७५) । २०७५ आश्विन २ गते प्रमाणीकरण गरिएका केही कानूनमा बालबालिकासँग सम्बन्धित व्यवस्थाहरू अनुसूची १ मा दिइएको छ ।

### घ) नेपालको मुलुकी (संहिता) र अपराध (संहिता) ऐन २०७४

मुलुकको सामान्य कानूनका रूपमा मुलुकी संहिताहरू लागू भएका छन् । मुलुकी (संहिता) ऐन २०७४ र मुलुकी अपराध (संहिता) ऐन २०७४ मा बालबालिकालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने थुप्रै कानूनी व्यवस्थाहरू रहेका छन् ।

मुलुकी अपराध (संहिता) ऐन २०७४ को परिच्छेद ३ ले संरक्षण विरूद्धको कसुरको व्यवस्था गरेको छ । यस ऐनको दफा १८९ मा उल्लेखित अवस्थामा गर्भवती महिलाको मन्जुरीमा बाहेक कसैले गर्भवती महिलालाई करकाप गरी धम्की दिएर, फकाएर वा प्रलोभनमा पारेर वा गर्भपतन हुन सक्छ भन्ने जानी-जानी कुनै काम गर्दा गर्भपतन भएमा ५ वर्षसम्म कैद र ५० हजारसम्म जरिवाना हुने व्यवस्था गरेको छ । यसले बालबालिकाको जन्मन पाउने अधिकारलाई आंशिक रूपमा सुरक्षित गरेको देखिन्छ । त्यसै गरी मुलुकी देवानी (संहिता) ऐन २०७४ को दफा २०६ ले अंशबण्डा गर्दाको बखत कुनै महिला गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानेर निजको भाग छुट्टाएर मात्र अंशबण्डा गर्नुपर्ने व्यवस्था गरेको छ । यस व्यवस्थाले शिशुलाई जन्मनासाथ सम्पत्तिको अधिकार प्रदान गरेर उसलाई जीवन धान्न सहयोग पुऱ्याउन खोजेको देखिन्छ । मुलुकी देवानी संहिताले प्रत्येक व्यक्ति जन्मनासाथ व्यक्तिका रूपमा मान्यता पाउने (दफा ३०) र नामको अधिकार हुने (दफा ३१) व्यवस्था गरेको छ । ऐनको दफा १०५ देखि दफा ११० सम्ममा पितृत्वको निर्धारण कसरी हुनेछ भन्ने उल्लेख छ भने प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार निजको आमाबाबुले राखेको नाम पाउने (दफा ११) र दम्पतीबाट जन्मिएका छोराछोरीको जन्मदर्ता गराउनु पर्ने (दफा ११३) तथा प्रत्येक नाबालकलाई आमाबाबुले संयुक्त रूपमा हेरचाह र सम्भार गर्नु पर्ने र आमाबाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालन-पोषण, स्वास्थ्योपचार, शिक्षादीक्षा, खेलकुद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था मिलाउनु पर्ने (दफा ११४) व्यवस्था पनि मुलुकी देवानी संहिताले गरेको छ । त्यसै गरी ऐनमा ज्याला मजदुरी, बालसंरक्षण, यौनशोषण विरूद्धको व्यवस्था, बालविवाहमा रोकका साथै कसुर र उन्मुक्ति लगायतका व्यवस्था रहेका छन् ।

मुलुकी देवानी र फौजदारी संहितामा भएका बालबालिका सम्बन्धी व्यवस्थाहरू संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धताहरू पूरा गर्नका लागि ल्याइएका छन् । बालबालिकाको हितका लागि कानूनी व्यवस्थाहरू उनीहरूको अभिभावकको सहयोग र सहभागिताविना प्रभावकारी हुन सक्दैनन् । बालबालिकालाई सुखी, सुरक्षित र सम्पन्न बनाउनका लागि उनीहरूका अभिभावक सुखी, सम्पन्न, जिम्मेवारीपूर्ण र सहभागी बन्नै पर्छ । राज्यले कानून बनाइरहने तर अभिभावकहरू कानून पालना गर्न योग्य र तयार नहुने हो भने बालबालिका सम्बन्धी कानूनहरू कागजमा मात्र सीमित रहने छन् । बालबालिकाहरूले राज्यप्रदत्त अधिकारहरू उपयोग गर्न पाएनन् र सकेनन् भने समृद्ध नेपालको कुरा सपनामा मात्र सीमित रहने छ ।

### ङ) बालश्रम (निषेध र नियमित) ऐन, २०५६

कसैले पनि बालकलाई ललाइफकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरूद्ध श्रमिकका रूपमा काममा लगाउनु हुँदैन भन्ने बेहोरा बालश्रम (निषेध र नियमित) ऐन, २०५६ को दफा ४ मा उल्लेख भएको छ । यसैगरी बालबालिकालाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन भन्ने बेहोरा दफा ९

(२) मा रहेको छ । ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकका रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिका आधारमा कुनै भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नु पर्ने प्रावधान राखेको छ ।

### च) बालअधिकार सम्बन्धी महासन्धि (CRC)

बालअधिकार महासन्धि १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बालअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैरविभेदीकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र विचारको सम्मान (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता जस्ता चारवटा क्षेत्रमा केन्द्रित हुँदै बालअधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ ।

### छ) चौधौं योजना (२०७३/७४-२०७५/७६)

चौधौं योजना (२०७३/७४-२०७५/७६) को परिच्छेद-४, क्षेत्रगत विकास नीतिहरूको ४.४.६ मा बालबालिका तथा किशोरकिशोरी खण्डको रणनीति प्रकरणमा (१) बालबालिकालाई गर्भावस्थादेखि नै आवश्यक स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने, (२) बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने, (३) बालबालिका र किशोरकिशोरीका विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने, (४) सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने तथा (५) सडक बालबालिकाको उद्धार, संरक्षण, नियन्त्रण गर्ने एंव परिच्छेद-७ को ७.२.१ सङ्घीयता तथा स्थानीय स्वायत्त शासन खण्डमा बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको प्रवर्द्धन लागि बालमैत्री स्थानीय शासनलाई मुलुकभर विस्तार गर्ने रणनीति लिइएको छ ।

### ज) दिगो विकास लक्ष्यहरू

दिगो विकास लक्ष्यमा १७ वटा लक्ष्यहरू, १६९ वटा गन्तव्यहरू र २३९ वटा सूचकहरू छन् । यस्ता लक्ष्यहरू बालअधिकार र बाल विकासको क्षेत्रमा परिलक्षित छन् । दिगो विकासका कूल १७ वटा लक्ष्यमध्ये देहायबमोजिमका १० वटा लक्ष्यहरू बालबालिका र महिलासँग सम्बन्धित छन् । यी लक्ष्यहरू पूरा गर्ने कार्यमा संलग्न रहने निकाय, सङ्घ-संस्था, व्यक्ति र समूहलाई समेत उपयुक्त वातावरण सिर्जना गर्न बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति सहयोगी हुनेछ ।

**लक्ष्य १ :** सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

**लक्ष्य २ :** भोकमरीको अन्त्य गर्ने ।

**लक्ष्य ३ :** स्वस्थ जीवन सुनिश्चित गर्ने र सबैको कल्याण प्रवर्द्धन गर्ने ।

**लक्ष्य ४ :** सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।

**लक्ष्य ५ :** लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरूको सशक्तीकरण गर्ने ।

**लक्ष्य ६ :** सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने ।

**लक्ष्य ९ :** बलियो पूर्वाधार निर्माण गर्ने र दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने ।

**लक्ष्य ११ :** नगरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित र दिगो बनाउने ।

**लक्ष्य १६ :** समावेशी समाजको प्रवर्द्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने ।

**लक्ष्य १७ :** कार्यान्वयन प्रक्रिया मजबुत बनाउने र साझेदारीलाई पुनर्जीवन दिने ।

## ७. बालअधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका अन्य प्रयासहरू

बालअधिकारका क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा लामो समयदेखि विविध प्रयासहरू हुँदै आएका छन् । त्यसमध्ये नेपालले अवलम्बन गरेका केही प्रमुख प्रयासहरू देहायबमोजिम रहेका छन् :

१. महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW), १९७९ लाई नेपालले अनुमोदन गरेको ।

२. सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरूद्ध बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० मा नेपालको सहमति रहेको ।

३. दक्षिण एसियामा बाल कल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि २००२ मा नेपाल पक्ष बनेको ।

४. वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने-बेच्ने काम रोकथाम गर्ने र सो विरूद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि २००२ नेपालले अनुमोदन गरेको ।

५. बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तर्जुमा गरिएको ।

६. अन्तर्देशीय धर्मपुत्र-धर्मपुत्री सम्बन्धी हेग महासन्धिमा हस्ताक्षर गरेको ।

७. शिक्षा, स्वास्थ्य, श्रम तथा यातायात, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय जस्ता विषयगत मन्त्रालयले बालबालिकाका सवालहरूलाई क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएको ।

८. केन्द्रीय बाल कल्याण समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र दातृ निकायसँगको समन्वयमा साविकका केही स्थानीय निकायमा बालमैत्री स्थानीय शासन र बालमैत्री गाउँ विकास समिति कार्यक्रम नमूनाका रूपमा सञ्चालन गर्दै आएको ।

उपर्युक्त बमोजिम अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको तथा कानूनी एवं नीतिगत व्यवस्था गरिएको भए तापनि लक्षित वर्गमा वास्तविक सेवा प्रवाह अपेक्षाकृत कम हुन गएको छ । आ-आफ्नो तरिका र निकायमा छुट्टाछुट्टै तवरबाट छरिएर कार्यक्रमहरू सञ्चालन हुँदा कार्यक्रमको लक्ष्य प्राप्तिमा कठिनाइ भएको वास्तविकतालाई मनन गर्दै स्थानीय तहहरूद्वारा एकीकृत र समन्वित रूपमा कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनेतर्फ विशेष ध्यान दिन जरुरी भएको छ ।

# खण्ड ३ : बालमैत्री स्थानीय शासनको रणनीतिक व्यवस्था

## ८. रणनीतिक सोच

मुलुकका सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समावेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउन सहयोग पुऱ्याउनु नै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोच हुनेछ ।

## ९. लक्ष्य

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बालअधिकार प्राप्त भई बालबालिकाका लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार भई सेवाको सुनिश्चितता भएको हुनेछ ।

## १०. उद्देश्यहरू

स्थानीय स्तरका सबै क्षेत्र र तहका निकायहरूको नीति, संरचना, प्रणाली र कार्य प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका माध्यमबाट उनीहरूका अधिकार सम्बन्धी सवालहरूलाई मूल प्रवाहीकरण गरी बालमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्दै देहायका नतिजाहरू प्राप्त गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हुनेछ :

१. बालबालिकाहरू सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन ।

२. बालबालिकाहरूको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन ।

३. बालबालिकाहरूको विकास सम्बन्धी हकको प्रवर्द्धन ।

४. बालबालिकाका लागि आधारभूत सेवा प्रवाह र योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाइ ।

## ११. निर्देशक सिद्धान्त

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहायका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिने छन् :

### (११.१) गैरविभेदीकरण

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समूह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यीमध्ये कुनै कुराका आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

### (११.२) बालबालिकाको सर्वोत्तम हित

शासन सञ्चालनका हरेक प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिने छ । सार्वजनिक तथा निजी सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिने छ ।

### (११.३) बालबालिकाको सर्वाङ्गीण विकास

बाल बचाउ र विकासको सन्दर्भमा जिउने (बाँच्न पाउने) अधिकार र उनीहरूको सर्वाङ्गीण विकासको उच्चतम अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनै पनि बालबालिका जन्मेपछि निजको नाम (नामकरण) र जन्म दर्ताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरूद्धको अधिकार, हेरचाह र पालन-पोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिने छ ।

### (११.४) बालबालिकाको विचारको सम्मान र सहभागिता

बालबालिकासँग सम्बन्धित सवालहरूमा स्थानीय तहको योजना चक्रका हरेक चरण र स्थानीय स्तरमा हुने संरचनाहरूमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिने छ ।

### (११.५) सन्निकटताको सिद्धान्त

बालबालिकाको हितका लागि प्रवाह हुने वस्तु तथा सेवामा स्थानीय तह, स्थानीय स्तरका विषयगत निकाय/शाखा तथा गैरसरकारी सङ्घ-संस्थाहरू, नागरिक समाज, सामुदायिक संस्था जस्ता बालबालिकाको नजिकमा रहेर सन्निकटताको सिद्धान्तमा आधारित भई सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

### (११.६) समावेशीकरणको सिद्धान्त

समावेशीकरणको सिद्धान्त अनुसार प्रत्येक तह, लिङ्ग, वर्ग, क्षेत्र र क्षमताका बालबालिकालाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षमा समान रूपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ । स्थानीय शासन र विकास सम्बन्धी गतिविधिका हरेक पक्षमा समावेशीकरणको अवधारणालाई अङ्गीकार गरिने छ ।

### (११.७) समुदायमा आधारित विकासको सिद्धान्त

यस रणनीतिको कार्यान्वयन समुदायमा आधारित विकासको सिद्धान्त अनुसार हुनेछ । समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा यसको सञ्चालन हुने र यस रणनीतिमा आधारित भई स्थानीय स्तरमा आवश्यक कार्यविधि तथा कार्यान्वयन व्यवस्था स्थानीय तह आफैंले मिलाउन सक्ने छन् ।

## १२. बालमैत्री स्थानीय शासनका रणनीतिहरू

बालमैत्री स्थानीय शासनको उद्देश्य प्राप्तिका लागि देहायबमोजिमका रणनीतिहरू अवलम्बन गरिने छन् : यस सम्बन्धी विस्तृत व्याख्या अनुसूची १ मा दिइएको छ ।

### (१२.१) मूल प्रवाहीकरण

१. बालअधिकारको विषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।

२. बालमैत्री तरिकाले योजना तथा कार्यक्रम सञ्चालन भए-नभएको, अपेक्षित उपलब्धि हासिल भए-नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गर्ने ।

### (१२.२) नीतिगत वकालत पैरवी र सचेतना

१. स्थानीय तहका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।

२. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कन गर्ने-गराउने ।

३. विद्यमान कानूनलाई बालमैत्री हुने गरी संशोधन गर्न सघाउ पुऱ्याउने ।

४. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि लगानीको वातावरण तयार गर्ने ।

५. स्थानीय तहमा बालमैत्री शासनको अवधारणालाई रूपान्तरण गर्न पहल गर्ने ।

६. यस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि, सम्झौता, कानून एवं नीतिगत प्रावधानहरू सम्प्रेषण गर्ने ।

### (१२.३) संस्थागत विकास

१. बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँपालिकाका वडाहरूलाई प्रमुख रूपमा उत्तरदायी संस्थाका रूपमा विकास गर्ने र जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने ।

२. स्थानीय तह र समुदाय स्तरमा बालमैत्री स्थानीय शासनका लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । वडा बालअधिकार समिति, स्थानीय बालअधिकार समिति र बालमैत्री स्थानीय शासन समुदाय, वडा, गाउँपालिकामा रहेका समितिहरूको संस्थागत क्षमता विकास गर्ने ।

३. बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय एकाइहरूमा बालमैत्री साङ्गठनिक व्यवस्था मिलाउने ।

४. बाल क्लबको सूचीकृत गर्ने, सञ्जाल निर्माण गर्ने र साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरूलाई प्रकाशमा ल्याउने ।

५. स्थानीय स्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, जिल्ला/गाउँपालिका/वडास्तरीय बाल सञ्जाल, खानेपानी, सामुदायिक वन, सामुदायिक संस्था जस्ता समूहहरू र गैरसरकारी संस्था लगायतका साझेदार निकायहरूका बीचमा सामन्जस्य कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरू प्राप्तिका लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।

६. समुदायमा आधारित बाल संरक्षण प्रणाली एंव संस्थाहरूलाई यस प्रक्रियामा आबद्ध गर्ने ।

७. बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने ।

### (१२.४) क्षमता विकास

१. विभिन्न तहका साझेदार र सहयोगीहरूबीच कार्यगत सञ्जाल निर्माण गर्ने ।

२. बालमैत्री योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

३. कुनै खास कठिन सूचक भएमा सोको प्राप्तिका लागि बालबालिका पहिलो कार्यक्रम (Child First Programme) सञ्चालन गर्ने ।

४. अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरू सञ्चालन गर्ने र तालिम, अवलोकन र अनुभव आदान-प्रदानका माध्यमबाट मानवीय क्षमताको विकास गर्ने ।

५. सञ्चार रणनीति तयार गरी अवधारणा, नीति तथा कार्यक्रमहरूको सम्प्रेषणका लागि रेडियो, एफएम, टिभी, पत्रपत्रिका, अनलाइन, सामाजिक सञ्जाल जस्ता सञ्चार माध्यमहरूको उपयोग गर्ने ।

६. स्थानीय तहमा विज्ञ, स्रोत व्यक्ति एवं प्रशिक्षकहरूको सूची (Roster) तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने र प्रशिक्षण सामग्री तयार गर्ने ।

७. स्थानीय तहमा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गर्ने र वेबसाइटहरूमा बालमैत्री उपयोगी सामग्री राखी व्यापक प्रचार-प्रसार गराउने ।

८. स्थानीय तह स्तरमा बालमैत्री स्थानीय शासन सिकाइ स्रोत केन्द्र स्थापना गरी यस्ता केन्द्रको संस्थागत विकास गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने ।

### (१२.५) सहकार्य र साझेदारी प्रवर्द्धन

१. बालअधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।

२. विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने ।

### (१२.६) सामुदायिक परिचालन

१. स्थानीय स्तरमा बालअधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।

२. बालअधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम सञ्चालनका लागि समुदाय स्तरका समूह तथा सङ्गठनलाई परिचालन गर्ने ।

३. समुदाय स्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

### (१२.७) सामाजिक जवाफदेहिता र पारदर्शिता

१. बालअधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा सङ्घ-संस्थाबाट सञ्चालित कार्यक्रम तथा तत्सम्बन्धी स्रोत-साधन परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।

२. बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।

### (१२.८) सामाजिक समावेशीकरण

१. स्थानीय सीमान्तकृत समुदाय, गरिब र विशेष गरी बालिकाहरूका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

२. स्थानीय तहका वार्षिक तथा आवधिक योजनामा अनिवार्य रूपले बालबालिका सम्बन्धी योजना तथा नीतिलाई समावेश गर्ने ।

### (१२.९) सूचना, शिक्षा र सञ्चारका माध्यमबाट व्यवहार परिवर्तन

१. बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार-प्रसार गर्ने ।

२. स्थानीय स्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराउने ।

### (१२.१०) अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक जवाहदेहिता

१. बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम सूचकका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।

२. स्थानीय तहहरूबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्वयम् जिम्मेवार हुने संयन्त्रको विकास गरी सहभागितामूलक अनुगमन गर्ने ।

३. बालबालिकाका लागि लगानी योजना बनाई सञ्चालन गर्न अभिप्रेरित गर्ने ।

४. बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन तथा विनियोजित रकमको खर्च गरे-नगरेको लेखाजोखा गर्ने संयन्त्र निर्माण गर्ने ।

५. बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने ।

६. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बनाई कार्यान्वयन गरी सार्वजनिक जवाहदेहिता पूरा गर्ने ।

७. सङ्घ, प्रदेश तथा जिल्लाबाट स्थानीय तहमा हुने कुनै पनि मूल्याङ्कनमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू समावेश गरी मूल्याङ्कन गर्ने ।

८. अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बाल क्लब, सामुदायिक संस्था, वडा, गाउँपालिका, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई पुरस्कृत गर्ने ।

९. बालबालिका र बालबालिकाका लागि सेवा प्रवाह गर्ने संस्थाहरूको सहभागितामा सहभागितामूलक लेखाजोखा तथा विश्लेषण विधि अवलम्बन गरी यसलाई स्थानीय योजनासँग आबद्ध गर्न स्थानीय तहलाई अभिप्रेरित गर्ने ।

## (१३.) बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण र खुड्किलाहरू

बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण र तहगत खुड्किलाहरू देहायबमोजिम हुनेछन् :

### (१३.१) प्रारम्भिक चरण :

१. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधिका सूचकमा आधारित भई गाउँपालिकामा बालबालिकाको अवस्था सम्बन्धी सङ्क्षिप्त विश्लेषण ।

२. बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी अभिमुखीकरण ।

३. सरोकारवालाहरूबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लिखित प्रतिबद्धता ।

४. बालमैत्री कानून/नीति/रणनीति/कार्यविधि/निर्देशिका र आचार संहिता तर्जुमा ।

### (१३.२) तयारी चरण :

१. गाउँपालिकामा बालमैत्री स्थानीय शासन शाखा/एकाइको संस्थागत प्रबन्ध (बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने) ।

२. गाउँ कार्यपालिका/वडा कार्यालय र विषयगत शाखामा बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्तिको चयन र जिम्मेवारी ।

३. निश्चित सूचक/मापदण्डका आधारमा वडा छनोट र बालमैत्री स्थानीय शासन अवलम्बन/लागू गर्ने गाउँपालिकाको निर्णय ।

४. बाल क्लब, बाल क्लब सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन ।

५. बालकोष सञ्चालन कार्यविधि तयारी, बालकोष स्थापना र सञ्चालन ।

६. बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) तयारी र प्रकाशन ।

### (१३.३) योजना तर्जुमाको चरण :

१. बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण र न्यूनतम सूचक निर्धारण ।

२. आफ्नो बजेटको अधिकतम प्रतिशत (१० प्रतिशतमा नघट्ने गरी) रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिबद्धतासहित गाउँ सभाको निर्णय ।

३. वडा/स्थानीय तहमा बालबालिकाका लागि आवधिक/वार्षिक लगानी योजना तर्जुमा ।

४. स्थानीय तहको आवधिक/दीर्घकालीन र वार्षिक योजना तर्जुमा ।

**(१३.४) नीति तथा योजना कार्यान्वयनको चरण :**

१. साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य ।

२. बाल क्लब, बाल क्लब सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्था लगायतका सरोकारवाला र साझेदारहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण/तालिम/ अध्ययन अवलोकन र क्षमता विकास ।

३. बजेट विनियोजन र वडा/स्थानीय तहको बालबालिकाको आवधिक/वार्षिक लगानी योजना कार्यान्वयन ।

४. स्थानीय तहको आवधिक/दीर्घकालीन र वार्षिक योजना कार्यान्वयन ।

५. बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्ति ।

**(१३.५) अनुगमन, मूल्याङ्कनको चरण :**

१. वडा कार्यालय/गाउँपालिकाबाट संयुक्त अनुगमन, समीक्षा, मूल्याङ्कन ।

२. स्थानीय तहको सम्बन्धित विषयगत शाखाबाट न्यूनतम सूचक पूरा भएको प्रमाणीकरण ।

३. बालबालिकाको स्थितिपत्र तयारी, प्रकाशन र सार्वजनिकीकरण ।

४. बालमैत्री घोषणाका लागि तोकिएको निकायबाट अनुगमन र प्रतिवेदन तयारी ।

**(१३.६) बालमैत्री वडा/गाउँपालिका घोषणाको चरण :**

१. बालमैत्री वडा घोषणा पश्चात्को रणनीतिक योजना तर्जुमा ।

२. बालमैत्री वडा घोषणाका लागि तोकिएको निकायबाट लिखित सहमति प्राप्ति ।

३. बालमैत्री वडा घोषणा गर्ने वडा समिति र गाउँ सभाको निर्णय ।

४. बालमैत्री वडा घोषणा र यसको निरन्तरता ।

**(१३.७) बालमैत्री वडा घोषणाको निरन्तरताको चरण :**

१. बालमैत्री वडा घोषणा पश्चात्को रणनीतिक योजना कार्यान्वयन ।

२. बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रिया र सूचक अनुसार नतिजा प्राप्तिको सुनिश्चितता ।

## खण्ड ४ : बालमैत्री स्थानीय शासनको विस्तार र स्रोत व्यवस्था

## १४. बालमैत्री स्थानीय शासन पद्धति विस्तार

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बालअधिकार प्राप्त भई बालबालिकाका लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ तर्जुमा गरिएको यस रणनीतिमा समावेश गरिएका न्यूनतम सूचकहरू प्राप्तिमा यस पद्धति विस्तारको महत्त्वपूर्ण भूमिका रहने छ । यसैले यस पद्धतिको विकास र विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

हालसम्म भई आएका प्रयासहरू, स्थानीय तह तथा सम्बन्धित साझेदार निकायहरूको चासो र सहयोगी भूमिकालाई आधार मानी देहायको तालिकामा उल्लेख भए बमोजिमको स्थानीय तहहरूमा यस पद्धतिको विस्तार गर्ने नीति अवलम्बन गरिने छ । यस कार्यमा केन्द्र, प्रदेश र गाउँपालिका स्तरसम्मका सबै साझेदार संस्थाहरूको उल्लेखनीय भूमिका रहने छ । गाउँ छनोट बालमैत्री स्थानीय शासन प्रदेश समितिले निर्धारण गरे बमोजिम र वडा छनोट **अनुसूची २** लाई आधार मानी सम्बन्धित गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## १५. वित्तीय स्रोत व्यवस्था

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूको उल्लेख्य भूमिका रहने छ । नेपाल सरकारले स्थानीय तहमा जाने सशर्त अनुदान/लक्षित कार्यक्रममार्फत थप अनुदान उपलब्ध गराउने रकमबाट यस क्षेत्रमा खर्च जुटाउन सहयोग पुग्नेछ । प्रदेश सरकारले स्थानीय तहलाई सशर्त अनुदान/लक्षित कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराउने छ । विकास साझेदारहरूले यस रणनीतिको कार्यान्वयनका लागि सामूहिक वा छुट्टा-छुट्टै रूपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य सहयोगका रूपमा समझदारी पत्रमा उल्लेख भए बमोजिम थप वित्तीय सहयोग उपलब्ध गराउने छन् । नेपाल राष्ट्रिय कार्यक्रम कार्ययोजनामा उल्लेख भए बमोजिम सन् २०२२ सम्म र त्यसपछि पनि निर्धारित कार्यक्रमलाई सघाउ पुग्ने गरी सेभ द चिल्ड्रेन लगायतका विकास साझेदार संस्थाहरूबाट सहयोग प्राप्त गर्न ध्यान दिइने छ । स्थानीय तहले बालबालिकाका लागि आवधिक तथा वार्षिक लगानी योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनका लागि आफ्नो कूल पूँजीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन गर्नेछन् । गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूले यो रणनीतिको कार्यान्वयनका लागि बनेको आवधिक तथा वार्षिक योजनासँग सह-सम्बन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम सञ्चालनमा सहयोग उपलब्ध गराउने छन् । विकास साझेदार, गैर सरकारी संस्था वा अन्य साझेदार संस्थाहरूले यस रणनीति बमोजिम कार्य गर्ने गरी बालमैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रिया, तह र सूचकहरू पूरा गर्ने कार्यमा सहयोग पुग्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

यसका साथै सर्म्पक सङ्घीय तथा प्रदेश मन्त्रालयले स्थानीय तहको अनुगमन मूल्याङ्कन लगायतका सूचकहरूमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू थप गर्नेछन् र यस सम्बन्धी सूचकहरूको मूल्याङ्कनका आधारमा स्थानीय तहलाई वार्षिक एकमुस्ट विशेष अनुदान/थप आर्थिक अनुदान दिन र विकास साझेदारहरूबाट थप स्रोत जुटाउन प्राथमिकता दिनेछन् ।

## १६. बालमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह स्थानीय तहबीच समन्वय गरी स्थानीय विकास प्रक्रियामा सहजीकरणको कार्य स्थानीय तहको सर्म्पक सङ्घीय मन्त्रालयले गर्नेछ । आफ्नो प्रदेशभित्रका स्थानीय तहका लागि प्रदेश सरकारले यस्तो कार्य गर्नेछ । केन्द्र स्तरबाट बालमैत्री स्थानीय शासनका लागि नीतिगत व्यवस्था मिलाउने, बालअधिकारको संस्थागत विकासका लागि अन्य निकायहरूलाई मूल प्रवाहीकरण गर्ने, राष्ट्रिय आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्री सम्बन्धी नमूना सूचकहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अभिप्रेरित गर्ने, बाल विकास र संरक्षणका लागि सशर्त अनुदान उपलब्ध गराउने, सङ्घीय विषयगत मन्त्रालयहरूलाई बालमैत्री नीति तथा रणनीति तर्जुमा गर्न समन्वय र सहकार्य गर्नेजस्ता कार्य गर्न सङ्घीय सर्म्पक मन्त्रालयले संस्थागत व्यवस्था मिलाउने छ ।

राष्ट्रिय योजना आयोग, शिक्षा, स्वास्थ्य, श्रम, गृह, अर्थ, पूर्वाधार विकास लगायतका सङ्घीय मन्त्रालय र मातहतका निकायहरू, राष्ट्रिय बालअधिकार परिषद र प्रादेशिक बाल अधिकार समिति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र निजी क्षेत्रले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।

बालमैत्री स्थानीय शासनको विकास प्रक्रियामा सहजीकरण गरी स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछ । प्रदेश स्तरबाट बालमैत्री स्थानीय शासनका लागि नीतिगत व्यवस्था मिलाउने, बालअधिकारको संस्थागत विकासका लागि अन्य निकायहरूलाई मूल प्रवाहीकरण गर्ने, आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्री सम्बन्धी थप सूचकहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अभिप्रेरित गर्ने, बाल विकास र संरक्षणका लागि सशर्त अनुदान उपलब्ध गराउने, प्रदेश सरकारका विषयगत मन्त्रालयहरूलाई बालमैत्री नीति तथा रणनीति तर्जुमा गर्न समन्वय र सहकार्य गर्ने जस्ता कार्य गर्न प्रदेश सर्म्पक मन्त्रालयले संस्थागत व्यवस्था मिलाउने छ ।

बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमलाई संस्थागत रूपमा व्यवस्थित गरी समन्वयात्मक ढङ्गबाट कार्यान्वयन गर्न केन्द्रस्तरमा "बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति" प्रदेशस्तरमा "बालमैत्री स्थानीय शासन प्रदेश समिति" तथा नगर र गाउँपालिका स्तरमा "बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति" एंव वडा स्तरमा "बालमैत्री स्थानीय शासन वडा समिति" गठन गरिने छ। साथै समुदाय स्तरमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न समुदायस्तरीय समिति गठन र सञ्चालन गर्नका लागि प्रोत्साहन गरिने छ।

## खण्ड ५: बालमैत्री स्थानीय शासन सञ्चालनका लागि स्थानीय तहमा संस्थागत व्यवस्था

### १७. स्थानीय बालअधिकार समिति

गाउँपालिका स्तरमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि बालबालिका सम्बन्धी कार्यविधि २०७७ का परिच्छेद २ को दफा ३ मा व्यवस्था भए बमोजिम देहायबमोजिमको पालिकास्तरीय बालअधिकार समिति रहने छ :

१. उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिकाको सदस्य - संयोजक
२. गाउँपालिकाको महिला सदस्य १ जना - सदस्य
३. गाउँपालिकाले मनोनयन गरेको शाखा प्रमुखमध्येबाट १/१ जना (स्वास्थ्य, शिक्षा, महिला, खानेपानी तथा सरसफाइ) -सदस्य
४. गैसस महासङ्घ पालिकास्तरीय शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी सङ्घ-संस्थामध्येबाट महासङ्घले मनोनयन गरेको प्रतिनिधि) १ जना -सदस्य
५. स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरूमध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य
६. गाउँपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
७. गाउँपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तीमा १ जना बालिका समेत) -सदस्य
८. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये गाउँपालिकाले तोकेको महिला प्रतिनिधि (१ जना) - सदस्य
९. गाउँपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय/चौकीमध्ये १ का महिला तथा बालबालिका सेल हेर्ने प्रतिनिधि १ जना - सदस्य
१०. प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका - सदस्य -सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

### १८. वडास्तरीय बालअधिकार समिति

वडा स्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहायबमोजिमको वडास्तरीय बालअधिकार समिति रहने छ :

१. सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक
२. सम्बन्धित वडाका स्वास्थ्य संस्थाका प्रतिनिधि - सदस्य
३. आधारभूत तहमा कार्यरत शिक्षिका एक जना - सदस्य
४. गाउँ बाल सञ्जाल/समूहको प्रतिनिधि बालक वा बालिकामध्ये १ जना - सदस्य
५. स्थानीय बुद्धिजीवी, समाजसेवी वा नागरिक समाजको प्रतिनिधि एक जना - सदस्य

६. वडामा रहेका सहकारी/समूहमध्ये एक जना - सदस्य
७. वडामा कार्यरत सामाजिक सङ्घ/संस्थाको प्रतिनिधि एक जना - सदस्य
८. महिला स्वास्थ्य स्वयंसेविकाहरूका तर्फबाट २ जना प्रतिनिधि - सदस्य
९. निर्वाचित वडा सदस्यमध्येबाट १ जना - सदस्य
१०. दलित वा महिला सञ्जालको तर्फबाट प्रतिनिधि १ जना - सदस्य
११. वडा भित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट १ जना - सदस्य
१२. वडा सचिव वा सामाजिक परिचालक - सदस्य सचिव

बालबालिकासँग सम्बन्धित विषयमा निर्णय गर्नुपर्ने अवस्थामा विद्यालय प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजीवि र समाजसेवीलाई समेत वडास्तरीय बालअधिकार समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

## १९. समुदायस्तरीय बालअधिकार समिति

बालमैत्री स्थानीय शासनलाई समुदाय स्तरमा सञ्चालन गर्नका लागि देहायबमोजिमको समुदायस्तरीय बालअधिकार समिति गठन गर्न सकिने छ :

१. सामुदायिक संस्था वा समूहका अध्यक्षहरूमध्ये वडा समितिले तोकेको प्रतिनिधि -अध्यक्ष
२. स्थानीय विद्यालयका प्रधानाध्यापकहरूमध्ये सामुदायिक संस्था वा समूहले छनोट गरेको १ जना प्रतिनिधि -सदस्य
३. समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था वा समूहले छनोट गरेका १ जना बालिकासहित २ जना बाल प्रतिनिधि -सदस्य
४. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि, (१ जना) -सदस्य
५. सामुदायिक संस्था वा समूहका सचिव वा व्यवस्थापकहरूमध्येबाट उनीहरूले छानेको प्रतिनिधि (१ जना) -सदस्य
६. वडा समितिले तोकेको व्यक्ति - सदस्य -सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

उपरोक्त समितिहरूले आ-आफ्नो क्षेत्रका सम्बन्धित सङ्घ, प्रदेश एवं स्थानीय तहहरू, गैसस एवं निजी क्षेत्रका सङ्घ-संस्थासँग समन्वय गरी बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास र विस्तार गर्न सघाउ पुऱ्याउनु पर्दछ ।

# खण्ड ६: साझेदार संस्थाहरू र तिनको भूमिका

## २०. बालमैत्री स्थानीय शासनका साझेदारहरू

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्ने प्रक्रियामा देहायका स्थानीय स्तरका साझेदार संस्थाहरू रहने छन् :

### (क) गाउँपालिका

१. केन्द्र र प्रदेश तथा अन्य सरोकार निकायबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरू आ-आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने ।
२. आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने ।
३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि सम्पर्क व्यक्ति तोक्ने ।

४. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि स्थानीय स्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

५. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बजेट विनियोजन गर्ने ।

६. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने ।

७. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

८. बालमैत्री स्थानीय शासन सम्बन्धी सञ्चालित कार्यक्रमहरू समन्वयात्मक र एकीकृत ढङ्गबाट सञ्चालन गर्ने-गराउने ।

९. बाल क्लब/समूह तथा सञ्जालहरूको विकासमा सहयोग पुऱ्याउने ।

१०. बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने ।

११. आ-आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

१२. गर्भवती महिला एवं बालबालिकाको स्वास्थ्य सम्बन्धी सेवालाई बालमैत्री गराउने ।

१३. बालबालिकाको आधारभूत स्वास्थ्य प्रवर्द्धनका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने ।

१४. बालबालिकाको शैक्षिक विकासका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूलाई बालमैत्री बनाउने ।

१५. विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलब्ध गराउने योजना कार्यान्वयन गर्ने ।

१६. बालबालिकाको शारीरिक विकासका लागि भौतिक साधनको व्यवस्था गर्ने ।

१७. बाल क्लब/समूह तथा सञ्जालहरूलाई सूचीकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने ।

१८. वडालाई बालमैत्री घोषणा गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

### ख) स्थानीय बालअधिकार समिति

१. बालमैत्री स्थानीय शासन सम्बन्धी गाउँस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न गाउँपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने

२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न गाउँपालिका स्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने

३. बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी सङ्घ-संस्था तथा तहबीच आवश्यक समन्वय गर्ने-गराउने र,

४. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने-गराउने ।

### (ग) गाउँ कार्यपालिकाका शाखा, इकाई

१. महिला तथा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरूमा बाल सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने ।

२. बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुने गरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्न क्रियाशील रहने ।

३. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने ।

४. सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने ।

५. आ-आफ्नो विषयमा सञ्चालन हुने नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरूमा बाल सहभागिता सुनिश्चित गर्ने ।

६. आ-आफ्नो विषयमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुने गरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने र स्वीकृतिका लागि गाउँ/नगरपालिकामा पेस गर्ने ।

७. बालमैत्री स्थानीय शासनका सम्बन्धित सूचकहरूको अवस्था विश्लेषण, अनुगमन र प्रमाणिकरण गर्ने ।

**(घ) बाल क्लब/सञ्जाल, महिला सञ्जाल तथा गैर सरकारी संस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आफ्ना सदस्यहरूलाई परिचालन गर्ने ।

२. बालबालिका सम्बन्धी कार्य गर्दा स्थानीय तहसँग समन्वय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने-गराउने र,

३. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

**(ङ) वडा समिति**

१. गाउँपालिकाबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरू आफ्नो कार्य क्षेत्रमा लागू गर्ने ।

२. आफ्नो वडामा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना तर्जुमा र बजेट विनियोजन गर्ने गरी गाउँपालिकामा पेस गर्ने ।

३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आफ्नो वडामा सम्पर्क व्यक्ति तोक्ने ।

४. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि वडा स्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

५. बालमैत्री स्थानीय शासन सम्बन्धी सञ्चालित कार्यक्रमहरू समन्वयात्मक र एकीकृत ढङ्गबाट सञ्चालन गर्ने-गराउने ।

६. वडामा सञ्चालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

७. बाल क्लब/समूह तथा सञ्जालहरूको विकासमा सहयोग पुऱ्याउने ।

८. बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने ।

९. आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

१०. बाल क्लब/समूह तथा सञ्जालहरूलाई आफ्नो वडामा सूचीकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने ।

११. आफ्नो वडालाई बालमैत्री वडा बनाउने ।

**(च) वडास्तरीय बालअधिकार समिति**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी वडा स्तरको नीति तथा योजना तयार गर्न र यस पद्धतिको प्रवर्द्धन गर्न वडा समितिलाई नीतिगत पृष्ठपोषण गर्ने ।

२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न वडास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने ।

३. बालमैत्री स्थानीय शासन सम्बन्धी आवधिक, वार्षिक लगानी योजना तर्जुमा र बजेट विनियोजन गर्न वडा समितिसँग समन्वय गर्ने ।

४. बालबालिकाको क्षेत्रमा वडा स्तरमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी सङ्घ-संस्था तथा तहबीच आवश्यक समन्वय गर्ने-गराउने र,

५. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने-गराउने ।

**(छ) समुदायस्तरीय बालअधिकार समिति सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गैसस तथा अन्य सङ्घ-संस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने ।

२. बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदाय स्तरसम्म पुऱ्याउन प्रवर्द्धनात्मक कार्यहरू गर्ने ।

३. बाल समूहहरूको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

४. कार्यक्रमको स्व-अनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने ।
५. स्थानीय स्तरमा उपलब्ध साधन स्रोत बालबालिकाका क्षेत्रमा परिचालन गर्ने ।
६. सरोकारवालासँग सम्पर्क एवं समन्वय गर्ने र साझेदारी निर्माण गर्ने ।
७. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
८. आ-आफ्नो क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने ।
९. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

## खण्ड ७: बालमैत्री स्थानीय शासनका अपेक्षित प्रतिफल तथा सूचकहरू

### २१. बालमैत्री स्थानीय शासनका प्रतिफलहरू

यस रणनीति बमोजिम बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा देहायबमोजिमका उपलब्धिहरू प्राप्त हुनेछन् :

**(१) बालबालिकाका लागि स्थानीय विकास योजना**

बालबालिकाका लागि स्थानीय विकास योजनामा स्थानीय तहहरूले बालअधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सवाल र आवश्यकतालाई सम्बोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरू समावेश भएको विकास योजना दस्ताबेज तयार गर्ने छन् । यस योजनाले निश्चित अवधिमा निश्चित उपलब्धि हासिल गर्न लगानीको आधारसमेत तयार गर्नेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो योजनालाई स्थानीय तहको आवधिक एवं दीर्घकालीन योजनासँग आबद्ध गरिने छ ।

**(२) बालबालिकाका लागि लगानी योजना**

माथि उल्लिखित वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय तहले बालबालिकाका लागि लगानी योजना तर्जुमा गर्ने छन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै क्रियाकलापलाई स्रोतगत रूपमा उल्लेख गरिने छ । यसो गर्दा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण तथा सशर्त अनुदान, बाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र अन्य स्रोतबाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रूपमा विनियोजन गरिने छ ।

**(३) बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरू तर्जुमा एवं परिमार्जन**

बालमैत्री स्थानीय शासन प्रवर्द्धन र बालबालिकाको समग्र विकासका लागि नीति-नियम तर्जुमा र विद्यमान ऐन-नियममा आवश्यकता अनुसार परिमार्जन गर्ने रणनीति लिइने छ । यसका अतिरिक्त स्थानीय तहहरूले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिधिभित्र रही आवश्यक नीति, नियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गर्न सक्नेछन् ।

**(४) बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन**

बालबालिका सम्बन्धी स्थितिपत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय तहहरूद्वारा विगतका वर्षहरूमा भए गरेका कार्यहरूको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बालअधिकारको कार्यान्वयनको अवस्था, बालबालिका सम्बन्धी नीति, कानून, योजना र कार्यसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको चित्रण गरी प्रकाशन गरिने छ । यस सम्बन्धी विस्तृत विवरण कार्यान्वयन कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

**(५) बालबालिकाको सहभागिता**

स्थानीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा, बालबालिकाको क्षेत्रमा बजेट विनियोजन र त्यसको अनुगमन, मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिने छ । त्यसका साथै बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने संरचना तथा प्रक्रियाहरूमा पनि बालबालिकाको संस्थागत ढङ्गबाटै सहभागिता सुनिश्चित गरिने छ ।

### (७) उपलब्धि मापनका न्यूनतम सूचकहरू

बालमैत्री स्थानीय शासनका आधारभूत सूचक ३९ र विस्तारित सूचक १२ गरी जम्मा ५१ वटा सूचकहरू रहेका छन्। यस पद्धति अवलम्बन गर्ने स्थानीय तहहरूले यिनै सूचकहरूलाई आफ्नो योजना तथा कार्यक्रममा समावेश गरी सञ्चालन गरेको हुनु पर्नेछ (सूचकहरूको विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ)। यस रणनीतिको मूल मर्ममा असर नपर्ने गरी सम्बन्धित स्थानीय तहहरूले उपलब्ध अवसर र क्षमताका आधारमा यसमा उल्लेख गरिएका सूचकहरूको स्थानीयकरण गरी लागू गर्न सक्ने छन्। सूचकहरूको स्थानीयकरण गर्दा स्थानीय तहको आवधिक योजना, राष्ट्रिय आवधिक योजना, प्रदेश आवधिक योजना, दिगो विकास लक्ष्य र सामाजिक समावेशीकरणका अभियानहरूलाई समेत आधार मान्नु पर्नेछ। यस सम्बन्धी कार्य र नतिजा प्राप्तिको समन्वय र अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। स्थानीय तहले यस सम्बन्धी समीक्षालाई छुट्टै क्षेत्रका रूपमा लिई नियमित समीक्षामा समाहित गर्नु पर्नेछ।

## खण्ड ८ : बालमैत्री स्थानीय शासन पद्धतिको छनोट, अवलम्बन र घोषणा

### २२. बालमैत्री स्थानीय शासन पद्धतिको छनोट

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि गाउँपालिका आफैंले जिल्ला समन्वय समिति तथा प्रदेश सरकारको सहजीकरण तथा समन्वयमा बालमैत्री कार्यक्रम सञ्चालन गर्ने छन्। वडाको छनोट सम्बन्धित गाउँपालिकाले गर्नेछ। समग्र समन्वयकारी भूमिका भने प्रदेश सरकारमा रहने छ। तर कुनै प्रदेश सरकार यस कार्यलाई प्राथमिकतामा नराखेमा इच्छुक गाउँपालिकाले सम्बन्धित प्रदेश सरकारलाई यस्तो कार्यको जानकारी दिई आफैं कार्यक्रम सञ्चालन गर्न बाधा परेको मानिने छैन।

### २३. बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

यस पद्धतिको अवलम्बन गर्ने स्थानीय तहहरूले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै देहायबमोजिमका कार्यहरू गरेको हुनु पर्नेछ। यस्तो कार्य गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय शासन अवलम्बनकर्ता (CFLG Adopter) मानिने छ :

१. साझेदार संस्थाहरूलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिबद्धता व्यक्त,
२. बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा,
३. आफ्नो पूँजीगत बजेटबाट बालमैत्री स्थानीय शासनका सूचकसहितको आवधिक र वार्षिक योजनाले परिलक्षित गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी प्रक्रिया र सूचक प्राप्तिको सुनिश्चित गर्ने गरी आवश्यक रकम विनियोजनसहितको लगानी योजना तर्जुमा,
४. बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरूको निर्धारण र स्थानीयकरण,
५. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (शाखा/एकाइ बनाउने वा सम्पर्क बिन्दु तोक्ने) र,
६. सम्बन्धित सभाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय।

### २४. बालमैत्री स्थानीय तह घोषणा

गाउँसभाले वडालाई बालमैत्री स्थानीय वडा भनी घोषणा (CFLG Declaration) गर्न सक्ने छन्। यस्तो घोषणा गर्नुपूर्व सम्बन्धित वडाले यसै रणनीतिको अनुसूची ३ मा आधारित भई निर्धारण गरेको सूचकमध्ये न्यूनतम ८० प्रतिशत सूचक हासिल गरेको हुनु पर्नेछ। यस्तो सूचक निर्धारण गर्दा स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बालविवाह, बाल शोषण तथा एचआइभी एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनेछ। यसका अलावा स्थानीय अवस्थामा आधारित भई बालविवाह, छाउपडी प्रथा जस्ता सामाजिक विकृतिहरूको अन्त्य गर्ने कार्यक्रमसमेत समावेश गरेको हुनेछ। वडा घोषणाका लागि निर्धारित सूचक प्राप्त भए-नभएको सम्बन्धमा गाउँपालिका र जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ। यसरी अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको प्रमाणित भएमा त्यस्ता वडालाई बालमैत्री वडा घोषणा गर्न सकिने छ। यसरी बालमैत्री स्थानीय शासन वडा घोषणा गर्ने वडालाई गाउँपालिकाले पुरस्कृत गर्न सक्ने छ।

## २५. पुरस्कार र सम्मानको व्यवस्था

बालमैत्री स्थानीय तह घोषणा भएका गाउँपालिका र तिनका वडाहरूलाई देहायबमोजिमको सम्मान र पुरस्कार प्रदान गर्न सकिने छ :

### (१) सम्बन्धित गाउँपालिकाबाट

१. बालमैत्री घोषणा भएको वडालाई गाउँपालिकाका अध्यक्ष/प्रमुखबाट हस्ताक्षर गरिएको कदर-पत्र र नगद रु. ३,००,०००/- तीन लाख,

२. बालमैत्री भौतिक पूर्वाधार निर्माण र बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न सभाबाट थप योजना/कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने-गराउने ।

**स्पष्टीकरण :** कदर र प्रोत्साहन स्वरूप प्राप्त हुने यस्तो योजना/कार्यक्रम बालमैत्री घोषणा भएपछिका ३ वर्षसम्म निरन्तर प्रदान गरिने छ । घोषणाको ३ वर्षपछि पुनः अनुगमन गरी उपयुक्त देखिएमा निरन्तरता दिन सकिने छ ।

## २६. घोषणापछिको अनुगमन सम्बन्धी व्यवस्था

घोषणाको निरन्तरता र सेवाको सुनिश्चितताका लागि यसै प्रक्रिया अनुसार सम्बन्धित वडालाई गाउँपालिका र जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ। यस्तो अनुगमनबाट देखिएका सबल तथा कमजोर पक्षहरूलाई ध्यानमा राखी आवश्यक कार्य गर्नु सम्बन्धित गाउँपालिका र वडाको कर्तव्य हुनेछ । यदि एक पटक बालमैत्री घोषणा भएका वडाले प्राप्त उपलब्धि र नतिजालाई निरन्तरता दिन असमर्थ भएमा गाउँसभाले विगतमा भएको घोषणामा पुनर्विचार गर्नु पर्नेछ। घोषणापछिको अनुगमन र प्रतिवेदन कार्यान्वयन सम्बन्धमा प्रदेशका मन्त्रालयले आवश्यक समन्वय, सहजीकरण र मार्गनिर्देश गर्न सक्नेछ ।

## खण्ड ९: विविध

## २७. पूर्वानुमान

यो रणनीति तर्जुमा गर्दा देहायबमोजिमको पूर्वानुमान गरिएको छ :

१. सङ्घ, प्रदेश तथा स्थानीय तहहरू बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पर्याप्त साधन र स्रोत व्यवस्थापन गर्न सक्षम हुनेछन्,

२. विकास साझेदारहरूले यस क्षेत्रलाई उच्च प्राथमिकता दिनेछन्,

३. सङ्घ तथा प्रदेश तहका विषयगत मन्त्रालय तथा मातहतका निकायको उच्चतम सहयोग र समन्वय रहने छ र,

४. देशको विद्यमान सङ्घीय स्वरूपमा स्थानीय तहहरू स्थानीय सरकारका रूपमा रूपान्तरित भई यस पद्धतिको अवलम्बन गरेका हुने छन् ।

## २८. जोखिम पक्ष

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको सफल कार्यान्वयनका लागि देहायबमोजिमका विषयलाई जोखिम पक्षका रूपमा लिइएको छ :

१. स्थानीय तहको प्रतिबद्धता र दृढ निश्चितता,

२. अन्तर संस्थागत समन्वय र एकीकृत सहयोग र,

३. स्थानीय राजनीतिक र प्रशासनिक प्रतिबद्धता, स्थायित्व र निरन्तरता ।

## २९. संशोधन गर्न सकिने

यस रणनीतिको कार्यान्वयनमा कुनै व्यवधान आइपरेमा सङ्घीय सम्पर्क मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ । तर यस्तो संशोधनको जानकारी नेपाल सरकार, मन्त्रिपरिषद्, प्रदेश र सम्बन्धित विषयगत मन्त्रालयहरूलाई दिनु पर्नेछ ।

## ३०. खारेजी र बचाउ

बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी यसअघि भएका कार्यहरू यसै रणनीति अनुसार भएको मानिनेछ ।

## अनुसूची १

## बालमैत्री स्थानीय शासन रणनीतिक ढाँचा

(दफा १२ सँग सम्बन्धित)

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| मूल प्रवाहीकरण | • बालअधिकारको विषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।<br>• बालमैत्री तरिकाले योजना तथा कार्यक्रम सञ्चालन भए-नभएको, अपेक्षित उपलब्धि हासिल भए-नभएको सम्बन्धमा परीक्षण गर्ने । | • स्थानीय तह र बालबालिकासँग सम्बन्धित सङ्घीय मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह |
| नीतिगत वकालत, पैरवी र सचेतना | • नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने-गराउने ।<br>• विद्यमान कानूनलाई बालमैत्री अनुकूल हुने गरी संशोधन गर्न सघाउ पुऱ्याउने ।<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि केन्द्रीय, प्रादेशिक तथा स्थानीय स्तरबाट लगानीको वातावरण तयार गर्ने ।<br>• क्षेत्रीय एवं राष्ट्रिय विकास मञ्चहरूमा बालमैत्री शासनको अवधारणालाई उठाउने ।<br>• यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि, सम्झौता एवं प्रादेशिक र स्थानीय स्तरमा भएका नीतिगत प्रावधानहरूको कार्यान्वयनमा जोड दिने । | • स्थानीय तह र बालबालिकासँग सम्बन्धित सङ्घीय मन्त्रालय<br>• स्वास्थ्य एवं अन्य सङ्घीय विषयगत मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• राष्ट्रिय बालअधिकार परिषद र प्रादेशिक बाल अधिकार समिति<br>• बालमैत्री स्थानीय शासन राष्ट्रिय/प्रादेशिक समिति<br>• स्थानीय तह<br>• सेभ द चिल्ड्रेन लगायतका विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था |
| संस्थागत विकास | • बालमैत्री स्थानीय शासन पद्धतिको विकासमा गाउँपालिका तथा वडा समितिलाई प्रमुख रूपमा उत्तरदायी संस्थाका रूपमा विकास गर्ने र जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी र अनुगमनकर्ताको भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने । | • राष्ट्रिय /प्रदेश योजना आयोग<br>• स्थानीय तह र बालबालिकासँग सम्बन्धित सङ्घीय मन्त्रालय<br>• स्वास्थ्य एंव अन्य सङ्घीय विषयगत मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
| --- | --- | --- |
| संस्थागत विकास | • गाउँपालिका, वडा र समुदाय स्तरमा बालमैत्री स्थानीय शासनका लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । गाउँपालिका र वडा बाल संरक्षण समिति र बालमैत्री स्थानीय शासन गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने ।<br>• बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय एकाइहरूमा साङ्गठनिक व्यवस्था मिलाउने ।<br>• बालबालिकाका संस्थाहरू सूचीकृत गर्ने, सञ्जाल निर्माण गर्नका साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी मामला उजागर गर्ने ।<br>• स्थानीय स्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल सञ्जाल, खानेपानी, सामुदायिक वन, सामुदायिक संस्था जस्ता समूहहरू, गैरसरकारी संस्था जिल्ला सञ्जाल जस्ता निकायहरूका बीचमा सामन्जस्य कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरू प्राप्तिका लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।<br>• स्थानीय स्तरमा रहेका अधिकारमुखी, सामाजिक अभियानमुखी, सामुदायिक समिति, तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूलाई यस प्रक्रियामा आबद्ध गर्ने ।<br>• बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने । | • स्थानीय तह<br>• राष्ट्रिय बालअधिकार परिषद र प्रादेशिक बाल अधिकार समिति<br>• सेभ द चिल्ड्रेन लगायत विकास साझेदारहरू<br>• युनिसेफ लगायत संयुक्त राष्ट्रसङ्घीय निकायहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• सामुदायिक संस्था |
| क्षमता विकास | • विभिन्न तहका साझेदार र सहयोगीहरूबीच कार्यगत सञ्जाल निर्माण गर्ने र आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।<br>• अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरू सञ्चालन गर्ने र नमूनाका रूपमा बालबालिकाका लागि मात्र कार्यक्रम सञ्चालन गर्ने<br>• प्रचार-प्रसारको रणनीति तयार गरी छापा तथा विद्युतीय सञ्चार माध्यमद्वारा प्रचार-प्रसार गर्ने र वेबसाइटमा उपयोगी सामग्री राख्ने । | • राष्ट्रिय/प्रदेश योजना आयोग<br>• स्थानीय तह र बालबालिकासँग सम्बन्धित सङ्घीय मन्त्रालय<br>• स्वास्थ्य एवं अन्य सङ्घीय विषयगत मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
| --- | --- | --- |
| क्षमता विकास | • स्रोत व्यक्ति एवं प्रशिक्षकहरूको सूची तयारी, परिचालन, सूचना र स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण गर्ने । | • राष्ट्रिय बालअधिकार परिषद र प्रादेशिक बाल अधिकार समिति<br>• बालबालिकाका क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्था<br>• सामुदायिक संस्था<br>• सेभ द चिल्ड्रेन लगायत विकास साझेदाहरू |
| सहकार्य र साझेदारी प्रवर्द्धन | • बालअधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।<br>• विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने । | • स्थानीय तहसँग सम्बन्धित सङ्घीय मन्त्रालय<br>• स्थानीय तहसँग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह<br>• विकासका साझेदार |
| सामुदायिक परिचालन | • स्थानीय स्तरमा बालअधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।<br>• बालअधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम सञ्चालनका लागि समुदाय स्तरका समूह तथा सङ्गठनलाई परिचालन गर्ने ।<br>• समुदाय स्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने । | • स्थानीय तह र तिनका विषयगत शाखा<br>• विकास साझेदार<br>• बाल क्लब<br>• बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• समुदायमा आधारित सङ्घ-संस्थाहरू |
| सामाजिक जवाफदेहिता र पारदर्शिता | • बालअधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा सङ्घ-संस्थाबाट सञ्चालित कार्यक्रम तथा तत्सम्बन्धी साधन स्रोत परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।<br>• बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने । | • स्थानीय तह<br>• विकास साझेदार<br>• बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| सामाजिक समावेशीकरण | • स्थानीय सीमान्तकृत समुदाय, गरिब, पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने । | • स्थानीय तहको बालबालिकासँग सम्बन्धित सङ्घीय मन्त्रालय<br>• स्थानीय तहको बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह<br>• सेभ द चिल्ड्रेन लगायत अन्य विकास साझेदार |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| सूचना, शिक्षा र सञ्चारका माध्यमबाट व्यवहार परिवर्तन | • बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार-प्रसार गर्ने ।<br>• स्थानीय स्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराउने । | • सङ्घीय तथा प्रदेश शिक्षा मन्त्रालय<br>• स्थानीय तह र विषगत शाखा( शिक्षा)<br>• सेभ द चिल्ड्रेन लगायत अन्य विकास साझेदार |
| अनुगमन तथा | • बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम सूचक | • राष्ट्रिय /प्रादेशिक योजना आयोग |
| मूल्याङ्कन | • सरोकारवालाहरूलाई जानकारी गराउने र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।<br>• विद्यमान केन्द्रिय तथा प्रादेशिक नीति तथा कानूनी व्यवस्था अनुरूप स्थानीय तहहरूबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन भए-नभएको अनुगमन गर्ने ।<br>• बालबालिकाका लागि स्थानीय विकास योजना बनाई सञ्चालन गरे-नगरेका अनुगमन गर्ने ।<br>• बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे-नगरेका अनुगमन गर्ने ।<br>• बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे-नगरेका अनुगमन गर्ने ।<br>• बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बने-नबनेको अनुगमन गर्ने ।<br>• अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाउँको वडा, गाउँपालिका, विकास साझेदार र अन्य सहयोगी तह र व्यक्ति विशेषलाई समेत पुरस्कृत गर्ने । | • स्थानीय तह र बालबालिकासँग सम्बन्धित शाखा<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था<br>• स्वतन्त्र पेसागत समूह<br>• बाल समूह सञ्जाल |

## अनुसूची २

## बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि वडा छनोटका आधारहरू

(दफा १४ सँग सम्बन्धित)

१. राजनीतिक इच्छा शक्ति र प्रतिबद्धता जनाएको,

२. गाउँपालिका र वडा, सङ्घसंस्था, नागरिक समाजको चाहना, प्रतिबद्धता साथै कार्यान्वयनमा सक्रिय सहभागिता रहेको,

३. बालअधिकारको संरक्षण र संवर्द्धनका लागि बाल क्लबका साथै तिनको सञ्जाल क्रियाशील भएको,

४. बालअधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमबाट पूँजीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिबद्धता जनाएको

५. गरिबी सूचकाङ्क र विपन्न नक्साङ्कनमा पछि परेको वडा तथा भौगौलिक रूपमा विकट भएको,

६. दलित, आदिवासी जनजाति, मधेसी तथा विपन्न वर्गका जनताको बाहुल्य भएको र,

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन गर्न आवश्यक मानवीय संशाधनको उपलब्धता रहेको।

## अनुसूची ३

## बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू

(दफा २७ सँग सम्बन्धित)

### आधारभूत सूचक

| क्र.सं. | सूचक |
|---|---|
| क | बाल बचाउ |
| १ | गर्भवती महिलाहरूले कम्तीमा प्रसूतिपूर्व चार पटक र प्रसूतिपश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछ। |
| २ | गर्भवती महिलाले टिटानस विरूद्धको २ वटा खोप लगाएका हुनेछन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरूले आइरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन्। |
| ४ | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएका हुनेछन्। |
| ६ | ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ। |
| ७ | एक वर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण खोप प्राप्त गरेका हुनेछन्। |
| ८ | एचआइभी सङ्क्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन्। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन्। |
| १० | कम तौल, पुड्को र ख्याउटेपन हुने ५ वर्षमुनिका बालबालिकाहरूको सङ्ख्यामा कमी आएको हुनेछ। |
| ११ | अति कडा कुपोषण र मध्यम कुपोषण भएका बालबालिकाको सङ्ख्यामा कमी आएको हुनेछ। |
| १२ | सबै घरधुरीमा खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ। |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनुअघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ। |
| ख | बाल संरक्षण |
| १ | ५ वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। |

| | |
|---|---|
| ३ | बालविवाह नियन्त्रण भएको हुनेछ । |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थानमा बालबालिका विरूद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा उल्लेख्य कमी आएको हुनेछ । |
| ५ | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । |
| ६ | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथामा कमी आएको हुनेछ । |
| ७ | स्थानीय तह/समुदायले १४ वर्षमुनिका बेसहारा बालबालिका (भएमा) को संरक्षण गरेका हुनेछन् । |
| ग | बाल विकास |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् । |
| २ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नु पर्ने) |
| ३ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरेका हुनेछन् । |
| ४ | प्रत्येक विद्यालयमा पानीको सुविधासहित छात्र-छात्राका लागि अलग-अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ६ | सरसफाइयुक्त विद्यालय कायम गर्न सबै विद्यालयले कुहिने र नकुहिने फोहोर अलग-अलग विर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् । |
| घ | बाल सहभागिता |
| १ | गाउँपालिका तथा वडा तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । |
| २ | ५ कक्षाभन्दा माथि अध्ययन-अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व रहने छ । |
| ३ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/सञ्जालको प्रतिनिधित्व रहने छ । |
| ४ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । |
| ५ | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । |
| ६ | वडा र स्थानीय तहले उत्कृष्ट कार्य गर्ने बाल क्लब/सञ्जाललाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गरेका हुनेछन् । |
| ङ | संस्थागत विकास |
| १ | गाउँपालिका तथा वडा तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भई क्रियाशील रहेका हुनेछन् । |
| २ | स्थानीय तहहरूले आफ्ना लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । |
| ३ | गाउँपालिका र प्रत्येक वडामा कम्तीमा एक बाल उद्यानसहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) का आधारमा स्थानीय तहको विकास योजना निर्माण र बालबालिकाका लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । |
| ५ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । |
| ६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ । |
| ७ | गाउँ कार्यपालिका/वडा कार्यालय र प्रत्येक स्वास्थ्य संस्थामा एक बालमैत्री कक्ष रहेको हुनेछ । |

## अनुसूची ४

## बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण

| क्र.सं. | सूचक | मापनयोग्य तथा स्थानीयकरण गरिएका सूचकहरू |
|---|---|---|
| क | बाल बचाउ | |
| १ | गर्भवती महिलाहरूले कम्तीमा प्रसूतिपूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछ । | गर्भवती भएको ४, ६, ८, र ९ महिनामा गरी जम्मा ४ पटक गर्भ जाँच गराउने महिलाको प्रतिशत |
| | | सुत्केरी भएपछि बच्चा जन्मेको २४ घण्टा, ३ दिन, र ७ दिनमा स्वास्थ्य जाँच गराइएका नवजात बच्चाको प्रतिशत |
| २ | गर्भवती महिलाले टिटानस विरूद्धको २ वटा खोप लगाउँका हुनेछन् । | स्वास्थ्य जाँच गरी ६ महिनामा टिटानस विरूद्धको खोप लगाउँका गर्भवती महिलाको प्रतिशत |
| | | स्वास्थ्य जाँच गरी ८ महिनामा टिटानस विरूद्धको खोप लगाउँका गर्भवती महिलाको प्रतिशत |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरूले आइरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । | गर्भवती भएको ४ महिना (१८० चक्की) देखि सुत्केरी भएको ४५ दिन (४५ चक्की) सम्म नियमित आइरन चक्की खाएका महिलाको प्रतिशत |
| | | नियमित आइरन चक्की नखाने गर्भवती तथा सुत्केरी महिलाको प्रतिशत |
| ४ | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । | सुत्केरी भएकामध्ये स्वास्थ्य संस्थामा गई दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने महिलाको प्रतिशत |
| | | सुत्केरी भएकामध्ये घरमै दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने महिलाको प्रतिशत |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | शिशु जन्मेदेखि ६ महिनाको हुँदासम्म आमाको दुध मात्र खाएका बालबालिकाको प्रतिशत |
| | | शिशु जन्मेदेखि ६ महिनाको हुँदासम्म आमाको दुधका साथै अन्य खाद्य पदार्थ समेत खाएका बालबालिकाको प्रतिशत |
| ६ | छ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | १ देखि ५ वर्षसम्मका बालबालिकाहरूले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन् । |
| ७ | एक वर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण खोप प्राप्त गरेका हुनेछन् । | डिपिटी खोप पाउने बालबालिकाको प्रतिशत |
| | | बिसिजी खोप पाउने बालबालिकाको प्रतिशत |
| | | हेपटाइटिस बी पाउने बालबालिकाको प्रतिशत |
| | | हिब बी ३ मात्रा पाउने बालबालिकाको प्रतिशत |
| ८ | एचआइभी सङ्क्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । | एचआइभी सङ्क्रमित आमाबाट जन्मिएका बालबालिकाको सङ्ख्या |
| | | एचआइभी सङ्क्रमित आमाबाट जन्मिएका बालबालिकामध्ये ARV Prophylaxis पाएका बालबालिकाको सङ्ख्या |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | जम्मा घरपरिवार सङ्ख्या |
| | | आयोडिनयुक्त नुन प्रयोग गर्ने घरपरिवारको प्रतिशत |
| १० | कम तौल, पुड्को र ख्याउटेपन हुने ५ वर्षमुनिका बालबालिकाहरूको सङ्ख्यामा कमी आएको हुनेछ । | ५ वर्षमुनिका जम्मा बालबालिकाको सङ्ख्या |
| | | कम तौल, पुड्को र ख्याउटेपन भएका ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या |

| | | |
|---|---|---|
| ११ | अति कडा कुपोषण र मध्यम कुपोषण भएका बालबालिकाको सङ्ख्यामा कमी आएको हुनेछ । | १८ वर्षमुनिका जम्मा बालबालिकाको सङ्ख्या |
| | | अति कडा कुपोषण र मध्यम कपोषण भएका बालबालिका सङ्ख्या |
| १२ | सबै घरधुरीमा खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | जम्मा घरधुरी सङ्ख्या |
| | | पिउनयोग्य खानेपानीको धारा भएका घरधुरी सङ्ख्या |
| | | सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी |
| | | घरमा धारा नभएका तर पिउनयोग्य पानी लिन जान र आउन गरी १५ मिनेटभन्दा बढी समय नलाग्ने घरधुरी |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनुअघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | पक्की चर्पी भएका घरधुरी सङ्ख्या |
| | | कच्ची चर्पी भएका घरधुरी सङ्ख्या |
| | | चर्पीमा साबुन पानी राखेको घरधुरी सङ्ख्या |
| | | खाना खानुअघि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुने घरधुरी |
| **ख** | **बाल संरक्षण** | |
| १ | ५ वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | ५ वर्षमुनिका जम्मा बालबालिकाको सङ्ख्या |
| | | ५ वर्षमुनि जन्म दर्ता गराएका बालबालिकाको सङ्ख्या |
| | | जम्मा जन्म दर्ता प्रतिशत |
| २ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । | १८ वर्षमुनिका जम्मा बालबालिकाको सङ्ख्या |
| | | जोखिमपूर्ण काममा संलग्न बालकको सङ्ख्या |
| | | जोखिमपूर्ण काममा संलग्न बालिकाको सङ्ख्या |
| | | जोखिमपूर्ण काममा संलग्न जम्मा बालबालिका |
| ३ | बालविवाह नियन्त्रण भएको हुनेछ । | २० वर्षमुनिका जम्मा बालबालिकाको सङ्ख्या |
| | | २० वर्षभन्दा कम उमेरमा विवाह गरेका बालकको सङ्ख्या |
| | | २० वर्षभन्दा कम उमेरमा विवाह हुने बालिकाको सङ्ख्या |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थानमा बालबालिका विरूद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा उल्लेख्य कमी आएको हुनेछ । | बाल संरक्षण कार्ययोजना तयारी |
| | | बाल संरक्षण कार्ययोजना कार्यान्वयन |
| | | बालमैत्री आचार संहिता तयार गरी अवलम्बन गर्ने |
| ५ | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । | समुदायमा आधारित बालसंरक्षण नीति तयार गरी कार्यान्वयन गरेको |
| | | स्थानीय तथा वडा बालअधिकार समिति गठन भई सक्रिय रहेको |
| | | सक्रिय बालसञ्जाल सङ्ख्या |
| ६ | बालविवाह, छाउपडी प्रथामा कमी आएको हुनेछ । | जम्मा घरधुरी सङ्ख्या |
| | | छाउपडी प्रथा रहेका घरधुरी सङ्ख्या |
| | | कम्तीमा २ आर्थिक वर्षभित्र बालविवाह गर्नेको सङ्ख्या |
| ७ | स्थानीय तह/समुदायले १४ वर्षमुनिका बेसहारा बालबालिका (भएमा) को संरक्षण गरेका हुनेछन् । | १४ वर्षमुनिका बेसहारा बालबालिकाको सङ्ख्या |
| | | बेसाहरा बालबालिकालाई सहयोग गरिएको सङ्ख्या |

| | | |
|---|---|---|
| **ग** | **बाल विकास** | |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् । | प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या |
| | | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या |
| २ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नु पर्ने) | प्रारम्भिक बालबिकास केन्द्रको सङ्ख्या |
| | | प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका ३ देखि ४ वर्षका बालक सङ्ख्या |
| | | प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका ३ देखि ४ वर्षका बालिका सङ्ख्या |
| | | प्रारम्भिक बालबिकास केन्द्रमा अध्ययन गर्ने ३ देखि ४ वर्षका बालबालिकाको प्रतिशत |
| ३ | ५ देखि १४ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरेका हुनेछन् । | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या |
| | | आधारभूत शिक्षा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या |
| ४ | प्रत्येक विद्यालयमा पानीको सुविधासहित छात्र-छात्राका लागि अलग-अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । | जम्मा विद्यालयको सङ्ख्या (प्रावि देखि उच्च मावि सम्म) |
| | | कम्तीमा ४० जना विद्यार्थी बराबर एकका दरले छात्र शौचालय (सबुन पानी सहितको) भएका विद्यालय सङ्ख्या |
| | | कम्तीमा ४० जना विद्यार्थी बराबर एकका दरले छात्रा शौचालय (साबुन पानी सहितको) भएका विद्यालय सङ्ख्या |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | अतिरिक्त क्रियाकलापका लागि वार्षिक क्यालेन्डर बनाएको विद्यालय (प्रावि देखि उमावि सम्म) सङ्ख्या |
| | | महिनाको १ देखि २ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने विद्यालयको सङ्ख्या |
| | | महिनाको ३ देखि ४ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने विद्यालयको सङ्ख्या |
| ६ | सरसफाइयुक्त विद्यालय कायम गर्न सबै विद्यालयले कुहिने र नकुहिने फोहोर अलग-अलग विर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् । | जम्मा विद्यालय सङ्ख्या |
| | | फोहर अलग-अलग विसर्जन गर्ने व्यवस्था भएका विद्यालय |
| **घ** | **बाल सहभागिता** | |
| १ | गाउँपालिका तथा वडामा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | जम्मा बालसञ्जालको सङ्ख्या |
| | | वार्षिक ३ वटा बैठक र ३ वटा कार्यक्रम सञ्चालन गर्ने बालसञ्जालको सङ्ख्या |
| २ | ५ कक्षाभन्दा माथि अध्ययन-अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व रहने छ । | जम्मा विद्यालय व्यवस्थापन समिति |
| | | विद्यालय व्यवस्थापन समितिमा सहभागी बालबालिकाको सङ्ख्या |
| ३ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/सञ्जालको प्रतिनिधित्व रहने छ । | जम्मा स्वास्थ्य व्यवस्थापन समितिहरू |
| | | स्वास्थ्य व्यवस्थापन समितिमा सहभागी बालबालिकाको सङ्ख्या |

| | | |
|---|---|---|
| ४ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | बालबालिका सम्बन्धी सरोकारका संरचना समितिहरूमा बालबालिकाको संस्थागत सहभागिताका लागि निर्णय |
| ५ | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | बालभेलाबाट माग भई आएका योजनाहरूको सङ्ख्या |
| | | बाल भेलाबाट आएका योजनाहरूमध्ये वडाले सिफारिस गरेका योजनाहरू |
| | | वडाबाट सिफारिस गरी आएका योजनाहरूमध्ये गाउँसभाबाट स्वीकृत योजनाहरू |
| ६ | वडा र स्थानीय तहले उत्कृष्ट कार्य गर्ने बाल क्लब/सञ्जाललाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गरेका हुनेछन् । | जम्मा बाल क्लबको सङ्ख्या |
| | | वार्षिक रूपमा सम्मान गरेका बाल क्लबको सङ्ख्या |
| **ङ** | **संस्थागत विकास** | |
| १ | वडा तथा गाउँपालिकामा बालमैत्री स्थानीय शासन समितिहरू गठन भई क्रियाशील रहेका हुनेछन् । | बालमैत्री स्थानीय शासन समिति गठनको सङ्ख्या |
| २ | स्थानीय तहहरूले आफ्ना लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | बालमैत्री आचार संहिता र नीति नियमको सङ्ख्या |
| ३ | गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा एक बाल उद्यानसहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | बालमैत्री सिकाइ स्रोत केन्द्र |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) का आधारमा स्थानीय तहको विकास योजना निर्माण र बालबालिकाका लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । | बालबालिकाको वस्तुगत विवरण लगानी योजना |
| ५ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | बालबालिकाको स्थितिपत्र प्रकाशन |
| ६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ । | प्रहरी चौकीमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाई |
| ७ | गाउँकार्यपालिका/वडा कार्यालय र प्रत्येक स्वास्थ्य संस्थामा एक बालमैत्री कक्ष रहेको हुनेछ । | स्थानीय तहमा बालमैत्री कक्षको व्यवस्था |



# बालविवाह अन्त्यका लागि स्थानीय रणनीति, २०७७

प्रमाणीकरण मिति : २०७७ कार्तिक २३

## १. पृष्ठभूमि

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनु पर्दछ । यसका लागि प्रायः सबै मुलुकहरूले विवाहका लागि न्यूनतम उमेर तोकेका हुन्छन् । नेपालको मुलुकी ऐन २०२० मा विवाहका लागि कानूनी उमेर २० वर्ष तोकिएको छ । नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलो पटक बालअधिकार हननको विषयका रूपमा उल्लेख गरी दण्डनीय अपराधका रूपमा स्वीकार गरेको छ ।

बालविवाह उच्च रहेका मुलुकहरूमध्ये नेपाल अग्रपङ्क्तिमा रहेको छ । दक्षिण एसियामा नेपाल बङ्गलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ । बालकको तुलनामा सङ्ख्यात्मक रूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरूषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् ।

बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । विशेषगरी बालिका र महिलाको सर्न्दभमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लङ्घन गर्नु उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृंखला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बालविवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिलाहरू थप प्रताडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्त्व बन्न पुग्दछ ।

गुराँस गाउँपालिकामा बालविवाह गर्ने प्रचलन परिवर्तन हुँदै आएको छ। सामाजिक परम्परा र रीतिरिवाज अनुसार किशोरावस्थामै विवाह गर्ने चलन थियो । तर अहिले अभिभावकहरूले किशोरावस्था प्रवेश गर्दै गरेका बालबालिकाका लागि पारिवारिक सम्बन्ध जोड्नुको साटो उच्च शिक्षा अध्ययन गरी केही गरून् भन्ने नै छ । तर त्यस्ता किशोर-किशोरीहरूले आफैं विवाह गर्ने गरेका छन् । दैलेख जिल्लामा राष्ट्रिय जनगणना २०६८ का अनुसार जिल्लाभर रहेको ६८ प्रतिशत बालविवाह अहिले घटिरहेको छ। वडा बालअधिकार समितिको तथ्याङ्क अनुसार २०७५ मा ५२ प्रतिशत रहेको बालविवाह २०७६ मा २९ प्रतिशतमा झरेको देखिन्छ ।

## २. कानूनी व्यवस्था

विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकका रूपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs)(२०१६- २०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बालविवाह तथा जबर्जस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सबलीकरण : चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव र यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्र संघको ६८ औं साधारण सभाबाट बालविवाह तथा जबर्जस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बालविवाह विरूद्धका कार्यक्रमहरू विश्वव्यापी रूपमा उच्च प्राथमिकतामा परेका छन् ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९; महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि, १९७९; नागरिक तथा राजनीतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६; यातना विरूद्धको महासन्धि, १९८४; जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ घोषणा र

सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बालअधिकारलाई प्रवर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधीन आलेखहरूमार्फत नागरिकहरूको आधारभूत अधिकारहरू विषेशतः बालअधिकार संरक्षणमा प्रतिबद्धता जाहेर गरेको छ ।

सन् २०१३ मा बालविवाह, कम उमेरमा हुने विवाह तथा जबर्जस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको सङ्कल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बालविवाह विरूद्ध प्रतिबद्धता जाहेर गरेको थियो । त्यसैगरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बालविवाह, कम उमेरमा गरिने विवाह र जबर्जस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरूद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०३० सम्ममा नेपालबाट बालविवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

बालविवाह विरूद्धको प्रयास सार्कसँग आबद्ध रहेको "बालबालिकाउपर हुने हिंसा विरूद्धको दक्षिण एसियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरूमा "बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५-२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बालविवाह विरूद्धमा आफ्ना प्रयासहरू केन्द्रित गरेको छ । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एसियाबाट बालविवाह अन्त्य गर्नका लागि काठमाडौं आह्वान" Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।

## ३. वर्तमान स्थिति

कानूनी बन्देज तथा विभिन्न सचेतनामूलक कार्यक्रमका कारण जिल्लामा बालविवाह, प्रचलन क्रमशः कम भएको आमसञ्चारका माध्यमबाट सुन्न पाइन्छ । तर जिल्लाको सबै क्षेत्र वा समुदायमा उमेर नपुगी विवाह गरिदिने चलन रहेको छ । कतिपय अवस्थामा बालबालिकाका घटना उजागर हुँदैनन् । तर पनि संघ-संस्था र सञ्चार माध्यमले यस्ता घटनाहरूलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् । यस गुराँस गाउँपालिकामा बालविवाह हुने गरेको यथार्थता रहिरहेको छ ।

यस पालिकामा मागी विवाह वा जबर्जस्ती गरिने विवाह विगत ३-४ वर्षदेखि नै न्यूनीकरण हुँदै आएको छ । यस्तो रूपमा गरिने विवाह अहिले विरैले हुने गर्दछन् र कहाँ हुन्छ भन्ने पनि जानकारीमा आउँदैन् । बालविवाह सम्बन्धी भएका कानूनी सचेतना र सामाजिक परिचालनका अभ्यासले गर्दा मागी विवाह वा जबर्जस्ती हुने विवाहमा कमी आएको हो । तर किशोर-किशोरीले देखासिकी र यौन उत्सुकताका कारण विवाह गर्ने प्रचलन बढ्दो छ । त्यस्ता विवाह औपचारिक रूपमा सामाजिक संस्कार अनुरूप हुने गरेका छैनन् । जति विवाह हुन्छन् लुकिछिपी हुने र अन्त्यमा गर्भाधारण भइसकेपछि सार्वजनिक हुने गरेको अवस्था देखिन्छ । कतिपय हुन लागेका विवाह स्थानीय तहको प्रयासमा रोकिएका पनि छन् । कानूनी कारबाहीको डरले तत्काल अलग-अलग बस्ने सम्झौतामा सम्बन्ध विच्छेद भए पनि केही समयपछि सँगै बस्ने गरेका उदाहरणहरू प्रशस्त भेटाउन सकिन्छ । यसले गर्दा उमेर नपुगी हुने विवाहमा कमी आउनुको साटो सामाजिक तथा कानूनी रूपमा औपचारिक मान्यता दिनुअगावै सँगै बस्ने प्रचलन रहेको छ ।

## ४. रणनीति तर्जुमा प्रक्रिया

नेपाल सरकारको बालविवाह अन्त्यका लागि निर्माण गरेको राष्ट्रिय रणनीति अनुसार यस गाउँपालिकाले बालविवाह न्यूनीकरण गर्नका लागि विभिन्न सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरूको सहभागितामा विभिन्न सुझावहरू लिई यो रणनीति तयार गरेको छ । स्थानीय तहमा भएका विभिन्न खोज तथा अनुसन्धानका आधारमा यो रणनीति तर्जुमा गरिएको छ । रणनीति तयार गर्दा वडा बालअधिकार समितिले बालविवाह न्यूनीकरणका लागि विगतमा गरेका अभ्यास र समुदायका विभिन्न तहका सामाजसेवी, स्थानीय बुद्धिजीवी, राजनीतिज्ञसहित जनप्रतिनिधिको सुझावलाई मध्यनजर गर्दै तयार पारिएको छ ।

- २० वर्षभन्दा कम उमेरमा हुने विवाहबाट हुन सक्ने हानि र समस्याका बारेमा परिवार एवं बालबालिकाहरू अनविज्ञ भएको ।
- परिवारमा छोरीलाई थप बोझका रूपमा लिने पितृसत्तात्मक सोच रहेको ।
- किशोर-किशोरीले विवाहलाई योजनाभन्दा घटनाका रूपमा स्वीकार गरेको ।
- किशोर-किशोरी अवस्थामा शिक्षामा गुणस्तर कम हुँदै जाने र विद्यालय निरन्तरताको कमी हुने गरेको ।
- अभिभावकबाट मागी बालविवाह रोकिएता पनि भागी विवाहमा अभिभावकले नै स्वीकार गर्ने प्रवृत्तिले बालविवाहलाई प्रश्रय मिलेको ।
- किशोर-किशोरीले सञ्चार सामग्री र सामाजिक सञ्जालको दुरुपयोग गरेको हुँदा बालविवाह गर्न प्रेरित भएको ।
- बालविवाह गर्ने/गराउनेलाई कानूनले दण्डको व्यवस्था गरेता पनि दण्ड दिने प्रक्रियामा बालविवाहको मुद्दा नपुगेको ।

## ५. रणनीतिको औचित्य :

- नेपालले बालविवाहलाई दण्डनीय अपराध मानेता पनि यो प्रचलनलाई अझै पूर्ण रूपमा हटाउन सकेको छैन । नेपालको संविधानले महिला तथा बालबालिका सम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । यसका साथै संविधानतः बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाइने र महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितासमेत गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्नु पर्ने भएको छ ।
- नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रूपमा गरेका प्रतिबद्धता पूरा गर्नका लागि पनि बालविवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।
- बालविवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा सरकारका सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालबालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरूबीचको सहकार्य र समन्वयबाट एकीकृत रूपमा प्रयास केन्द्रित गर्नु पर्ने गाउँपालिकामा प्रतिबद्धताको आवश्यकता छ ।
- बालविवाहको अन्त्य गर्ने र बाल विवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोर-किशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई उनीहरूको सर्वाङ्गीण विकासका साथै गाउँपालिकाको विकासमा समान सहभागितालाई सुनिश्चित गर्नु पर्ने आवश्यकता रहेको छ ।
- गाउँपालिकाले बालमैत्री गाउँपालिका बनाउने र बालविवाहलाई न्यूनीकरण गर्ने भन्ने गुराँस गाउँ कार्यपालिकाबाट नीतिगत निर्णय गरेकाले यसलाई मूर्त रूप दिन आवश्यक रहेको छ ।

## ६. रणनीतिका सिद्धान्तहरू

- बालबालिकाको सर्वोत्तम हित : बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।
- बाल बचाउ र विकास : प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनु पर्दछ ।
- बालसंरक्षण : बालविवाह, बेचबिखन तथा ओसारपसार, बाँधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनु पर्दछ ।

- अर्थपूर्ण सहभागिता : बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वता अनुरूप उनीहरूको कुरा सुन्ने र आफ्नो विचार अभिव्यक्त गर्ने अवसर दिनु पर्छ। बालबालिका र खासगरी बालिकाहरूको सशक्तीकरणले विवाह लगायत सबै निर्णय प्रक्रियामा सहभागिता वृद्धि भई उनीहरूको महत्त्व बढाउन योगदान पुग्छ ।
- राज्यको दायित्व : नेपालको संविधान, दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बालअधिकार उल्लङ्घनको कारकतत्त्वका रूपमा रहेको बालविवाहको रोकथाम तथा न्यायमा पुहँचका लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ ।

७. परिकल्पना : बालमैत्री एवं लैंगिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने ।

८. ध्येय : बालविवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ।

९. लक्ष्य : सन् २०२२ सम्ममा गुराँस गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका घोषणा गर्ने ।

## १०. उद्देश्यहरू

- बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकता अनुसार बालविवाह न्यूनीकरणका लागि स्थानीय नीति तथा कार्यनीतिहरू निर्माण गरी लागू गर्ने ।
- आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बालविवाह विरूद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- बालविवाह विरूद्धमा बालक, किशोर तथा पुरूषहरूको सहभागिता सुनिश्चत गर्ने ।
- बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनीतिक तथा सामुदायिक अगुवा, संघ-संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।
- बालबालिका विशेषतः बालविवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगका लागि सामना गर्नुपर्ने कठिनाइ तथा चुनौतीहरू सम्बोधन गरी समतामूलक पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- गाउँपालिका तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।.

## ११. रणनीतिक कार्यदिशा

### क) बालिका र किशोरीको सशक्तीकरण :

- अतिरिक्त क्रियाकलाप, बाल क्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरू बारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्व-निर्णय गर्ने क्षमता र सिपको विकास गर्ने ।
- दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बाल क्लब तथा सञ्चार माध्यममार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकार बारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने ।
- विद्यालयबाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सिर्जना गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने ।

- गाउँपालिकामा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिकाहरू विशेष गरी विद्यालयबाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह विरूद्ध सामूहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूहमा आबद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने ।

**ख) बालिका र किशोरीहरूका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने**

- विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।
- विद्यालयबाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई विभिन्न सुविधाहरू (माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।
- विद्यालय, बाल क्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।
- भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेसा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।
- विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।
- विद्यालयमा शिक्षिकाहरूको सङ्ख्या बढाउने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरूद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने ।
- छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।
- बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।
- विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताका लागि आवश्यकता अनुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।
- विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत् यौनिकता शिक्षा (Comprehensive Sexuality Education) र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने ।
- विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
- बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना तथा सेवाबारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।
- विद्यालयमा गुनासो पेटिकाको व्यवस्था गरी बालबालिकाहरूका गुनासाहरूको सुनुवाइ गर्ने प्रणालीको विकास गर्ने ।

**ग) बालक, किशोर तथा पुरूषहरूको सहभागिता :**

- बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा सचेतना अभिवृद्धि गरी बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरूष तथा बालकको सहभागिता सुनिश्चित गर्ने ।

- सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागितामार्फत बालविवाह विरूद्धमा विद्यमान कानूनी पक्ष र बालविवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूका बारेमा जनमत सिर्जना गर्ने ।
- बालबालिकालाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयका आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।
- बालविवाह गर्ने-गराउने, प्रोत्साहन गर्ने, बालविवाहमा सहभागी हुने, छाउपडी प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यका रूपमा निरूत्साहन गर्ने गरी सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।
- बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरूद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरूहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- बालविवाहबाट सिर्जित लैंगिक हिंसा र दाइजो प्रथाको विरूद्धमा पुरूष तथा बालकहरूमा कानूनी सचेतना अभिवृद्धि गर्ने ।

**घ) परिवार र समुदायको परिचालन गर्ने :**

- समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरूद्धको अभियान सञ्चालन गर्ने ।
- सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञान-सिपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।
- सामाजिक सञ्जालहरूमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरूद्धमा परिचालन गर्ने ।
- छोरा र छोरीबीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरूत्साहन गरी बालविवाह विरूद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको विषयका रूपमा स्वीकार गरी बालविवाह मुक्त वडा तथा स्थानीय तह" को अभियान सञ्चालन गर्ने ।
- गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तीकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रर्वद्धन र क्षमतामा अभिवृद्धि गर्ने ।
- बालविवाह नगर्ने-नगराउने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।
- बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सञ्जालमार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

**ङ) सेवा प्रवाह :**

- बालविवाहको जोखिममा रहेका विशेष गरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने ।
- किशोर-किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआइभी लगायत विभिन्न रोग रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।
- बालविवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकामाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।

- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने ।
- पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्न बालिकालाई जीवनोपयोगी सिप, आय आर्जन सम्बन्धी ज्ञान-सिप र निःशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।
- बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रूपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, वडा/पालिकाको कार्यालय, बाल क्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय स्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरूमा बालविवाह विरूद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- स्थानीय निकायमा बालविवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।
- पञ्जीकरणको महत्त्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघ-संस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
- विवाह भइसकेका बालिका, बालविधवाका आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागू गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू सङ्कलन गरी सफल अभ्यासहरूको प्रवर्द्धन तथा विस्तार गर्ने ।
- वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनका लागि पारिवारिक तथा सामाजिक वातावरणको सिर्जना गर्ने र आवश्यकता अनुसार कानूनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तीकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

**च) कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन :**

- विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको सुझावहरूका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- बालिका र महिलाको सशक्तीकरणका लागि महिला विरूद्धका स्थानीय स्तरमा नीति तथा कार्यविधि तयार गर्ने ।
- गाउँपालिकामा गठित न्यायिक समितिका पदाधिकारीहरूलाई बालविवाह विरूद्धका न्यायिक कारबाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।
- विवाहको कानूनी उमेर, सोको उल्लङ्घन गरेमा हुने सजाय तथा बालविवाह विरूद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार-प्रसार गर्ने ।
- कानूनी उपचार लिन चाहने बालबालिकाहरूले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाइहरू पहिचान गरी सो निर्मूल गर्न आवश्यक पहल गर्ने ।
- बालविवाह भएको अवस्थामा विवाह बदर गर्न चाहनेहरूका लागि आवश्यक कानूनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्तिको सुनिश्चितता गर्ने ।

**छ) थप रणनीति**

- बालविवाह गरेमा वडा/गाउँपालिकाबाट दिने सेवा, सुविधा, सिफारिसमा रोक लगाइने छ ।
- बालविवाह गरेमा विद्यालयबाट दिने शैक्षिक छात्रवृत्ति बन्द गरिने छ ।

- बालविवाह रोकेको हकमा केटाको व्रतबन्ध गर्ने चलनलाई रोक लगाइने छ । जसले गर्दा व्रतबन्ध गर्ने नाममा बालविवाहलाई धार्मिक मान्यता दिने नक्कली कार्य पनि रोकिने छन् ।
- बालविवाह अन्त्यको अभियानमा सहयोग गर्ने बाहेक बालविवाह गरी रोकेका केटा-केटीलाई स्थानीय तहबाट दिने सेवा-सुविधाबाट बञ्चित गरिने छ ।
- नेपाल लगायत अन्य देशको सेवा/प्रहरी हुन अविवाहितको सिफारिस चाहिने भएकाले सबै घरपरिवारलाई यस सम्बन्धमा सूचना दिने ।
- विद्यालय छोडेका १८ वर्षभन्दा माथिका किशोर-किशोरीहरूका लागि स्व-रोजगार र सिप विकास कार्यक्रम दिने ।
- शिक्षित युवाहरूलाई सरकारी जागिरमा प्रोत्साहित गर्न बौद्धिक युवा क्लब (लोकसेवा तयारी कक्षा) सञ्चालन गर्ने ।
- छोराछोरीले बालविवाह गरेमा निजका अभिभावकलाई राजनीति, वि.व्य.स. र अन्य सामाजिक समितिमा अयोग्य मानिने छ ।
- २० वर्षभित्रको किशोर-किशोरी गर्भवती भएमा बालविवाहको दायरामा राखी सेवा-सुविधाबाट बञ्चित गरिने छ ।
- आमा समूहको बैठकमा बालविवाह विरूद्धको अभियानमा सक्रियता वृद्धि गर्न अन्तर्क्रिया र रणनीतिका सम्बन्धमा समीक्षा गरिने छ ।
- "बालविवाह म गर्दिन" भनेर बालबालिकाको व्यक्तिगत तथा सामूहिक प्रतिबद्धता लिने कार्यमा स्थानीय बाल क्लबहरूको परिचालन गरिने छ ।
- हरेक बालबालिकालाई जीवनको लक्ष्य निर्धारण गरी गुणस्तरीय शिक्षाका लागि प्रोत्साहन गरिने छ ।
- बालविवाहमा सहभागी नहुने नीतिलाई कडाइका साथ लागू गरिने छ ।
- प्रत्येक परिवारलाई पारिवारिक शिक्षा दिइने छ ।
- २० वर्ष नपुग्दै विवाह गरी सम्बन्ध बिग्रनेहरूको हकमा सरोकार संस्था तथा व्यक्ति जवाफदेही हुने छैन ।
- विशेषतः सेना/प्रहरीमा जागिर खानका लागि अविवाहितको सिफारिस आवश्यक पर्ने भएको हुँदा स्थलगत अध्ययन गरेर मात्र दिने र कुनै पनि पक्षले दिनुपर्छ भनी दबाव दिन पाइने छैन ।
- बालविवाह अन्त्य सम्बन्धी रणनीति प्रत्येक परिवारलाई घरमा गई पढी-बाची सुनाएर हस्ताक्षरसहितको प्रतिबद्धता गरिने छ ।

## १२. कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन

बालविवाहको अन्त्य गर्ने यस रणनीतिलाई कार्यान्वयन गर्न यस गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ र रणनीति कार्यान्वयनका लागि गाउँपालिका स्तरमा कार्ययोजना तयार गरिने छ । रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी, स्थानीय स्तरका विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसँगको समन्वय एवं अनुगमन तथा मूल्याङ्कनका लागि देहायअनुसारको गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति रहने छ ।

### क) गाउँपालिका स्तरमा

| | | |
|---|---|---|
| १. | गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| २. | प्रतिनिधि, शिक्षा क्षेत्र हेर्ने | सदस्य |
| ३. | प्रतिनिधि, इलाका स्वास्थ्य चौकी | सदस्य |
| ४. | प्रतिनिधि, इलाका प्रहरी कार्यालय | सदस्य |
| ५. | अध्यक्ष, गाउँपालिका स्तरीय बालसञ्जाल | सदस्य |
| ६. | बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी निकायका २ जना प्रतिनिधि | सदस्य |
| ७. | प्रतिनिधि, गाउँपालिकास्तरीय वडा बालअधिकार समिति | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

### ख) वडा स्तरमा

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष | संयोजक |
| २. | शिक्षक प्रतिनिधि | सदस्य |
| ३. | स्वास्थ्य स्वयंसेविका | सदस्य |
| ४. | प्रतिनिधि महिला सदस्य (वडा) | सदस्य |
| ५. | बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी निकायका १ जना प्रतिनिधि | सदस्य |
| ६. | प्रतिनिधि, वडास्तरीय बालअधिकार समिति | सदस्य |
| ७. | वडा बालसञ्जालका प्रतिनिधि २ जना | सदस्य |
| ८. | वडा सचिव | सदस्य-सचिव |

## १३. गाउँपालिका तथा वडा स्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिको काम कर्तव्य अधिकार

क) रणनीति तथा कार्ययोजनामा रहेका बाल विवाह विरूद्धका कार्यक्रमहरूलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी सम्बन्धित निकायमा पेस गर्न पहल गर्ने ।

ख) बालविवाह विरूद्धका कार्यक्रमलाई सञ्चालन गरी यस विरूद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने ।

ग) बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको नियमित तथा आवश्यकता अनुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषणसहित सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्ने ।

## १४. समितिको बैठक

१. कम्तीमा २ महिनामा एक पटक बस्ने छ ।

२. समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रूपमा बोलाउन सकिने छ ।

## १५. गाउँपालिकास्तरीय सरोकारवालाहरूको भूमिका

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | • स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकता अनुसार बालविवाह र स-सानो उमेरमा हुने गर्भधारणलाई निरूत्साहन गर्ने कार्यक्रमहरू समावेश गर्ने ।<br>• बालविवाहका विरूद्धको विषय किशोर-किशोरीमैत्री स्वास्थ सेवा कार्यक्रमसँग एकीकृत गर्ने । |
| २ | शिक्षा शाखा तथा विद्यालयहरू | • बालविवाह विरूद्ध र बालविवाहले पुऱ्याउने हानि विषयका कार्यक्रमहरू विद्यालय एवं यसको जोखिममा रहेका समुदायसम्म पुऱ्याउने ।<br>• बालविवाहको जोखिममा परेका बालबालिका, विद्यालयबाहिरका बालबालिका वा पहिले नै बालविवाह भई विभिन्न जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्ने । |
| ३ | प्रहरी कार्यालय | • बालविवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानूनको कार्यान्वयन गर्न र दाइजो लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न अर्न्तगतका निकायलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।<br>• विद्यमान नीति र कानून अनुसार बालविवाह गर्ने-गराउने व्यक्तिहरूलाई कानून बमोजिमको कारबाही गर्ने-गराउने व्यवस्था सुनिश्चित गर्ने । |
| ४ | गाउँपालिका तथा वडा कार्यालयहरू | • बालविवाह विरूद्धका कार्यक्रमलाई स्थानीय बालमैत्री शासन कार्यक्रममा एकीकरण गरी बालविवाह विरूद्धको अभियानलाई स्थानीय बालमैत्री शासनको अभिन्न अङ्गका रूपमा विकास गर्ने ।<br>• स्थानीय विकास प्रक्रियामा किशोर-किशोरीको सार्थक सहभागिता बढाउने ।<br>• पञ्जीकरण कार्यलाई प्रभावकारी बनाउने । |
| ५ | स्थानीय रेडियो एफ एम, पत्रपत्रिका | • बालविवाहबाट बालिबालिकाको जीवनमा हुने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानून उल्लङ्घन गर्दा हुने सजायका विषयका साथै बालविवाहलाई नैतिक मूल्य र मान्यता विरूद्धका रूपमा आम नागरिकमा सचेतना गर्न आम सञ्चारका माध्यमको परिचालन गर्ने । |
| ६ | नागरिक समाज | • बालविवाहका विरूद्धमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।<br>• बालविवाहको जोखिम रहेका क्षेत्रमा यस विरूद्धका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• बालविवाहको अन्त्य गर्ने कार्यमा सरकार, विकासका साझेदार संस्थाहरू र निजी क्षेत्रसँग सहकार्य गर्ने । |
| ७ | स्थानीय गैरसरकारी संस्थाहरू | • बालविवाहका विरूद्धमा सामाजिक जागरण ल्याउनका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• समुदाय तथा बस्ती स्तरमा बालविवाह बढी भएका क्षेत्रको अवस्था पहिचान गरी टोल स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । |
| ८ | निजी क्षेत्र | • यातायात व्यवसायी, उद्योग वाणिज्य संघ जस्ता निजी व्यवसायी संघ-संस्थाले बालविवाह भएको वा हुने सम्भावना देखेमा नजिकको प्रहरी चौकी वा सम्बन्धित परिवारलाई खबर गर्ने ।<br>• सार्वजनिक यातायातमा यात्रा गर्ने किशोर-किशोरीको जोडी भए उमेरको अनुमान गरी वा शङ्कास्पद देखिएमा नजिकको प्रहरी चौकीमा खबर गर्ने ।<br>• शङ्कास्पद बालबालिकाको उमेर सोधेर मात्रै यात्रा गर्न अनुमति दिने ।<br>• बालविवाह गरी जोखिममा रहेका बालिकाहरूको राहत तथा पुनः स्थापनाका लागि सहयोग गर्ने । |

## अनुसूची १

| बालविवाह अन्त्यका लागि स्थानीय रणनीतिक योजना<br>२०७६-२०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मुख्य क्रियाकलाप | स्थान | लक्ष्य | समय (वर्ष) | | | प्रति एकाइ बजेट | स्थानीय तह | साझेदार संस्था | ३ वर्षका लागि अनुमानित लागत |
| | | | | १ | २ | ३ | | | | |
| १ | किशोर-किशोरी शिक्षा | सबै माध्यमिक विद्यालय | १४ | १ | १ | १ | ८००० | ३३६००० | | ३३६,००० |
| २ | रोजाइ, आवाज र प्रतिबद्धता कार्यक्रम सञ्चालन | सबै वडामा | ४ | १ | १ | १ | १२०००० | | १,४४०,००० | १,४४०,००० |
| ३ | बालविवाहका कारण विद्यालय जान नसकेका बालिकाहरूका लागि सहयोग | सबै वडामा | ४० | २० | १० | १० | ६००० | २४०००० | | २४०,००० |
| ४ | बालविवाह न्यूनीकरणका लागि प्रहरीसँग अन्तर्क्रिया | सबै वडाहरूमा | ३ | १ | १ | १ | १०००० | ९०००० | | ९०,००० |
| ५ | बालविवाह न्यूनीकरणका लागि धामीझाँक्रीसँग अन्तर्क्रिया | सबै वडाहरूमा | ८ | १ | १ | १ | ५००० | १२०००० | | १२०,००० |
| ६ | मेरो पहिलो बच्चा सम्बन्धी कक्षा सञ्चालन | सबै वडामा | ८ | १ | १ | १ | २५००० | | ६००००० | ६००,००० |
| ७ | बालविवाह न्यूनीकरणका लागि वडा बालअधिकार समितिका पदाधिकारीहरूका लागि तालिम | सबै वडामा | ८ | १ | १ | १ | १५००० | ३६०००० | | ३६०,००० |
| ८ | बालविवाह न्यूनीकरणका लागि सन्देशमूलक प्रर्चा प्रकाशन | सबै वडामा | | | | | २०००० | २०००० | | २०,००० |
| | **जम्मा** | | ८ | १ | १ | १ | १५००० | ११६६००० | २,०४०,००० | ३,२०६,००० |

# बालबालिका विरुद्ध हुने हिंसा अन्त्यका लागि बहुक्षेत्रीय रणनीतिक योजना, २०७७

प्रमाणीकरण गरिएको मिति : २०७७ कार्तिक २३

## १. पृष्ठभूमि

बालबालिका १८ वर्ष नपुगुन्जेल उनीहरूको विशेष संरक्षण र सुरक्षा गर्ने जिम्मा अभिभावक र राज्यको जिम्मेवारी हो । गर्भावस्थादेखि नै बालकलाई संरक्षणको आवश्यकता पर्दछ । उनीहरूले आफ्ना हित-अहितका बारेमा सोच्न सक्दैनन् । वयस्कहरूले यसको गलत फाइदा उठाई बालबालिका विरूद्ध घर, परिवारदेखि समुदाय र सार्वजनिक स्थानहरूमा विभिन्न प्रकारका हिंसा गर्ने गर्दछन् । यसरी बालबालिकामाथि गरिने हिंसाले उनीहरूको दीर्घ जीवन र विकासमा असर गर्दछ । त्यसैले उनीहरूलाई असल अभिभावक तथा संरक्षकको आवश्यकता पर्दछ । बालबालिकालाई जन्मनुअघि र जन्मेपछि उचित स्याहार, पालन-पोषण, शिक्षादिक्षा तथा हक-अधिकारको संरक्षण गरी देशको योग्य नेतृत्व दिने नागरिक बनाउनु सम्बन्धित सबैको दायित्व हो । हामीले हरेक बालबालिकाको सवाललाई सम्बोधन हुने गरी आज नीति, योजना र कार्य गर्न सकेको खण्डमा मात्र हरेक परिवारमा असल सन्तान हुनेछन् र देशले असल नागरिक प्राप्त गर्न सक्नेछ ।

नेपालले सन् १९९० सेप्टेम्बर १४ मा संयुक्त राष्ट्रसङ्घको बालअधिकार सम्बन्धी महासन्धि १९८९ लाई अनुमोदन गरी बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताका क्षेत्रमा काम गर्ने प्रतिबद्धता जाहेर गरेको छ । साथै बालश्रम उन्मूलन सम्बन्धी आइएलओ महासन्धि १९९९ लगायतका सन्धिहरूसमेत नेपालले अनुमोदन गरिसकेको छ । बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण विरूद्धका कार्य निषेध गर्ने उद्देश्य अनुसार बनेका बालअधिकार महासन्धिको स्वेच्छिक प्रोटोकल २००० र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरूद्ध बनेको अर्को प्राटोकलसमेत अनुमोदन र देशको मूल कानूनमा बालबालिका सम्बन्धी राज्यले गरेको कानूनी हकको व्यवस्थाले बालबालिकाको समग्र हित र संरक्षणमा राज्यको अग्रसरता सकारात्मक रहेको मान्नु पर्दछ ।

नेपालको संविधान, २०७२ को धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकका रूपमा स्वीकार गर्दै उनीहरूका विभिन्न हकहरूको उल्लेख गरेको छ । वर्तमान नेपालको सङ्घीय संविधानले प्रदान गरेको अधिकारलाई प्रयोग गर्दै बालअधिकारलाई थप व्यवस्थित गर्न बालबालिका सम्बन्धी ऐन २०७५ जारी गरेको छ । बालबालिका सम्बन्धी ऐनमा बालबालिका विरूद्ध हुने कसुर र सजायका सम्बन्धमा गरिएको प्रस्ट कानूनी व्यवस्थाका साथै स्थानीय तहमा बालअधिकारको संयन्त्रलाई बलियो बनाउनका लागि बालअधिकार समितिको गठन र परिचालनको व्यवस्था निर्दिष्ट गरेको छ ।

बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकारलाई सुनिश्चित गर्न सर्वप्रथम बाबु-आमा नै सचेत एवं संवेदनशील हुन आवश्यक छ । बालअधिकारको सम्मान, पालना, सम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानूनहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरूलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले यस गुँरास गाउँपालिकामा बालबालिका विरूद्ध हुने हिंसा अन्त्यका लागि रणनीति २०७६ निर्माण गरिएको हो ।

## २. हालको अवस्था

नेपाल सरकारले बालबालिका सम्बन्धी थालिएका हरेक कार्यहरूले आशातीत उपलब्धि हासिल गर्न नसके पनि राज्यले बालबालिका सम्बन्धी विभिन्न कानूनको निर्माण गरी बालबालिकाको हक-हित सुरक्षित गरेको छ । साथै सङ्घीय, प्रादेशिक र स्थानीय तहसम्म बालबालिका सम्बन्धी काम गर्ने संयन्त्र निर्माण गर्नका लागि कानूनी व्यवस्था गरेको छ । बालबालिका सम्बन्धी ऐन २०७४ ले बालअधिकार प्रर्वद्धन तथा बाल संरक्षण गर्न स्थानीय सरकारलाई दायित्व सिर्जना गरेको छ ।

बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि, ऐन कानूनले प्राथमिकताका साथ उठाएता पनि गुणस्तरीय शिक्षाको अभावमा टिकाउ र बिकाउ अवस्था प्राप्त गर्न कठिन छ । बाल विकास केन्द्रले बालबालिकाको जीवनमा पार्ने सकारात्मक प्रभावलाई अभिभावकले महत्त्व दिएको पाइँदैन । घर परिवार र

विद्यालयमा बालबालिकालाई प्रयोग गरिने भाषा तथा व्यवहार सम्मानजनक छैन । परिवारमा बालमैत्री वातावरण नहुनु र विद्यालयमा बालमैत्री शिक्षण पद्धतिको कमीले बालबालिका माथि विभिन्न प्रकारका हिंसा भइरहेको देखिन्छ । पछाडी परेका वर्ग र समुदायका बालबालिकाको अवस्था झनै कहाली लाग्दो देखिन्छ ।

परिवार, विद्यालय तथा सार्वजनिक स्थानहरूमा बालबालिकासँग गर्ने व्यवहार सम्बन्धमा आचारसंहिता छैन । अभिभावक, शिक्षक तथा सरोकारवालाहरू बाल संरक्षणको सवालमा संवेदनशील भएको पाइँदैन । बालमैत्री संरचना, बालमैत्री सोच र व्यवहार नभएको हुँदा घर परिवारमा नै बालबालिकालाई जोखिमपूर्ण कामहरू गर्न लगाउने गरिन्छ । बालबालिकालाई धूमपान तथा मध्यपान लिन पसलमा पठाउने गर्नाले उनीहरू कम उमेरमै लागू पदार्थको जोखिममा पर्ने अवस्था छ । पारिवारिक बिखण्डन, गरिबी लगायत विविध कारणले अनाथ, असहाय, अपाङ्ग, सहाराविहीन एवं हिंसामा परेका र जोखिमको सम्भावना भएका बालबालिकाको सङ्ख्या धेरै रहेको छ ।

## ३. विगतको प्रयास

मुलुक सङ्घीय संरचनामा प्रवेश गरिसकेपछि स्थानीय सरकारको गठन र स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएको छ । नयाँ संरचनाको स्थानीय सरकारले वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गरिसकेको छ । विगतमा स्थानीय निकायहरूले बालबालिकाका लागि १५ प्रतिशत बजेट विनियोजन गर्ने प्रावधान रहेको थियो । तर वर्तमान अवस्थामा बालबालिकाका लागि केही बजेटको व्यवस्था गरिएको भएता पनि स्पष्ट नीतिको अभावमा प्रतिफल देखिने गरी खासै काम हुन सकेको छैन ।

विगतमा बाल संरक्षणको क्षेत्रमा गरिएका प्रयासहरूलाई संस्थागत गर्दै स्थानीय तहमा बाल संरक्षण संयन्त्रको स्थापना गर्न, बाल संरक्षण प्रणाली सुदृढीकरण गर्न, बाल संरक्षणका सवालहरू सम्बोधन गर्न, बालमैत्री वातावरण तयार गर्न, बालबालिकामा हुने जोखिमलाई न्यूनीकरण गरी सुरक्षित वातावरण तयार गर्न, बालबालिका क्षेत्रमा लगानीको योजना सुनिश्चित गर्नका लागि यस गाउँपालिकामा विभिन्न गैरसरकारी निकायहरूको समन्वय र साझेदारीमा योजना एवं कार्यक्रम सञ्चालन भइरहेका छन् ।

## ४. बालबालिका सम्बन्धी विद्यमान राष्ट्रिय ऐन कानूनहरू

नेपालको संविधान २०७२ ले बालबालिकाका लागि मौलिक हकको व्यवस्था गरेको छ । संविधानको धारा ३९ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, कुनै पनि बालबालिकालाई सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि दुर्व्यवहार (शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको), शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने, कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने कुरा स्पष्ट उल्लेख गरेको छ । साथै असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी संविधानमा स्पष्ट उल्लेख भएबमोजिम बालबालिकाको संरक्षण गर्नु हरेक व्यक्ति, परिवार, समाज र राज्यको जिम्मेवारी तथा दायित्व हुनेछ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ र बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति २०७२ ले समेत बालबालिकाको संरक्षणका लागि नीतिगत मार्गहरू प्रशस्त गरेको छ । सङ्घीय संरचनामा बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई जिम्मेवार बनाएको छ, जसका आधारमा स्थानीय सरकारले स्थानीय आवश्यकताका आधारमा बालअधिकारको सम्वर्द्धन तथा प्रवर्धनका लागि बालसंरक्षण नीति/रणनीति तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने स्पष्ट व्यवस्था छ ।

## ५. बालबालिका विरुद्ध हुने हिंसा सम्बन्धी रणनीतिको औचित्य

क) नेपालले प्रतिबद्धता गरेका अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनको लक्ष्य प्राप्त गर्न ।

ख) बाल संरक्षणका सवालहरू सम्बोधन गर्न ।

ग) बालबालिकाका लागि लगानी योजना निर्माण गर्न ।

घ) बालबालिकामा हुने हिंसा अन्त्य गर्ने ।

ङ) बालबालिकाको सर्वोत्तम हित कायम गर्ने ।

## ६. परिकल्पना

"हिंसामुक्त परिवार र समाज, गुराँस गाउँपालिकाको समृद्धिको आधार"

## ७. ध्येय

बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा दुर्व्यवहार, शोषण (श्रम, यौन), भेदभाव र बालविवाहको अन्त्य गरी बालमैत्री गाउँपालिका निर्माण गर्ने ।

## ८. लक्ष्य

सन् २०२४ सम्म गुराँस गाउँपालिकालाई हिंसामुक्त समतामूलक नमूना पालिका बनाउने ।

## ९. रणनीतिका सिद्धान्तहरू

❖ **बालबालिकाको सर्वोत्तम हित :** बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

❖ **बाल बचाउ र विकास :** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा उच्चतम स्तरको जीवनयापन गर्ने पाउने अधिकार हुनु पर्दछ ।

❖ **बाल संरक्षण :** बालविवाह, बेचबिखन तथा ओसारपसार, बाँधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षण हुनु पर्दछ ।

❖ **अर्थपूर्ण सहभागिता :** बालबालिकासँग सम्बन्धित सबै विषयमा उमेर र परिपक्वता अनुरूप उनीहरूको कुरा सुन्ने र आफ्नो विचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ ।

❖ **राज्यको दायित्व** : नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बालबालिका विरूद्ध हुने हिंसा लगायत बालविवाह अन्त्यका लागि स्थानीय तहदेखि राज्यका हरेक संयन्त्रले बालबालिकाको संरक्षणका लागि क्रियाशीलता बढाउनु पर्ने अवस्था रहेको छ ।

## १० रणनीतिहरू

### क) गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने

- विद्यालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालयको भौतिक पूर्वाधार सुधार गर्नुको साथै शिक्षक अभिभावकको सचेतना र व्यवहार परिवर्तन गराउने ।
- विद्यालयको नियमित उपस्थिति र विद्यालयबाहिर रहेका बालबालिकालाई प्रोत्साहनका कार्यक्रमसहित (छात्रवृत्ति, पारिवारिक आयआर्जन, परामर्श सेवा तथा अन्य सुविधा) विद्यालय शिक्षालाई महत्त्व दिने व्यवहारको विकास गर्ने ।
- ३ देखि ५ वर्षसम्मका बालबालिकाहरूका लागि बालविकास केन्द्र अनिवार्य सेवा दिन अभिभावकको सचेतना र क्षमता विकास गर्ने ।
- सङ्घ-प्रदेश-पालिका तहदेखि विद्यालय र बाल क्लबका गतिविधि लगायत अतिरिक्त क्रियाकलापमा बाल सहभागिता सुनिश्चितता गर्नुका साथै प्रतिभाको विकास गर्ने अवसर सुनिश्चित गर्ने ।

### ख) शिक्षा, तालिम, सूचना

- किशोर-किशोरीहरूलाई पेसा र उद्यमशीलतासँग सम्बधित सूचना दिने तथा सो सम्बन्धमा आवश्यक अभिमुखीकरण गर्ने ।

- विद्यालयमा बालिकामैत्री वातावरण सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।
- विद्यालयको व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- हिंसाको जोखिममा रहेका बालबालिकाहरूका लागि घर र विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।
- विद्यालयमा लैङ्गिक संवेदनशील शिक्षा, यौन शिक्षा, प्रजनन शिक्षा र जीवन उपयोगी शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा गुनासो पेटिकाको व्यवस्था गरी बालबालिकाहरूका गुनासोहरूको सुनुवाइ गर्ने प्रणालीको विकास गर्ने ।

**ग) सशक्तीकरण**

- विवाहको समय निर्धारण गर्ने, जीवन साथी छनोट गर्ने, यौन र विवाहका बारेमा परिवारमा अभिव्यक्ति राख्ने क्षमता र सिपको विकास गर्ने ।
- बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा (बालविवाह, यौन दुर्व्यवहार, बालश्रम, लैङ्गिक हिंसा, विभेद आदि) का विरूद्ध पैरवी गर्ने क्षमताको विकास गर्ने ।
- वडा, विद्यालय तथा पालिकामा बाल क्लब, युवा क्लबको विकास र सशक्तीकरण गरी आफ्नो अधिकारका लागि आवाज उठाउन सक्षम बनाउने ।
- विशेष गरी विद्यालयबाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने ।

**घ) सेवा प्रवाह**

- हिंसाको जोखिममा रहेका विशेष गरी सीमान्तकृत तथा विपन्न समुदायका बालबालिकाका लागि औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने ।
- किशोर-किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी, गर्भनिरोधक साधन, गर्भवती तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग र एचआइभी लगायत विभिन्न रोगको रोकथाम तथा उपचार सम्बन्धी सेवामा बालबालिका र अभिभावकको पहुँच सुनिश्चित गर्ने ।
- हिंसाको प्रकार र त्यसबाट उत्पन्न हुने जोखिम न्यूनीकरणका लागि शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी घटना व्यवस्थापन र सिफारिस प्रणालीको व्यवस्थापन गर्ने ।
- स्थानीय निकायमा बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी सूचना व्यवस्थापन र अध्यावधिक गर्न सूचना प्रणालीको स्थापन गर्ने ।
- सिप विकास गरी उद्यम तथा स्वरोजगार गर्न चाहने किशोर-किशोरीलाई सुलभ कर्जा प्रदान गर्नुको साथै आवश्यक तालिम प्रदान गर्ने ।
- निर्माण गरिएको नीति उलङ्घन गर्ने व्यक्ति तथा परिवारलाई पालिकाबाट दिने सेवा-सुविधाबाट वञ्चित गर्नुका साथै कानून बमोजिम दण्ड-जरिवाना गर्ने ।

**ङ) कानून र नीति**

- बालबालिका विरूद्ध हुने हिंसा अन्त्यको रणनीति कार्यान्वयनका लागि विद्यालय, समुदाय र वडा तहसम्म सूचना प्रवाह गर्ने र प्रत्येक परिवारको प्रतिबद्धता गराउने ।

- गाउँपालिकामा गठित न्यायिक समितिको क्रियाशीलता, संवेदनशीलता र क्षमता विकास गर्न बालविवाह विरूद्धका न्यायिक कारबाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।
- बालबालिका विरूद्ध हिंसा भएमा पीडक पक्षलाई कडा कानूनी कारबाही गर्ने र पीडित पक्षको पुनर्स्थापना सुनिश्चित गर्ने ।
- घर, परिवार, विद्यालय र सम्बन्धित निकायको सम्बन्धमा आचारसंहिता निर्माण गरी पूर्ण पालन गर्ने व्यवस्था मिलाउने ।

## ११. कार्यान्वयन समिति गठन

बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी रणनीति कार्यान्वयनका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गर्ने र अनुगमनको ढाँचा तयार गरी अनुगमन गर्ने । अनुगमनबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा नीति तथा कार्यक्रम परिमार्जन गर्दै कार्यान्वयन गर्ने ।

यो रणनीति कार्यान्वयनमा गुराँस गाउँपालिकाको नेतृत्वदायी भूमिका रहने छ । रणनीति कार्यान्वयनका लागि गाउँपालिका स्तरमा स्थानीय बालअधिकार समिति र सरोकार निकायहरूको भूमिकासहित कार्ययोजना तयार गरिने छ । रणनीति कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कनका लागि पालिका तथा वडास्तरीय बालअधिकार समितिले कार्य गर्नेछ ।

### क) स्थानीय बालअधिकार समिति

१. गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको गाउँकार्यपालिकाको सदस्य : संयोजक
२. गाउँपालिकामा शिक्षा शाखा हेर्ने अधिकृत स्तरको प्रतिनिधि : सदस्य
३. गाउँपालिकामा स्वास्थ्य शाखा हेर्ने अधिकृत स्तरको प्रतिनिधि : सदस्य
४. गाउँ बाल सञ्जाल/समूहको प्रतिनिधि बालक बालिका २ जना : सदस्य
५. गाउँपालिकास्तरीय नागरिक समाजको प्रतिनिधि : सदस्य
६. स्थानीय तहमा कार्यरत सञ्चारकर्मीको प्रतिनिधि : सदस्य
७. गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत सामाजिक सङ्घ/संस्थाको प्रतिनिधि : सदस्य
८. महिला स्वास्थ्य स्वयंसेविकाहरूका तर्फबाट १ जना प्रतिनिधि : सदस्य
९. गाउँपालिकाभित्रको आधारभूत विद्यालयका १ जना शिक्षक प्रतिनिधि : सदस्य
१०. गाउँपालिकास्तरमा महिला तथा सामाजिक शाखा हेर्ने प्रतिनिधि : सदस्य सचिव

### ख) वडास्तरीय बालअधिकार समिति

१. वडा अध्यक्ष : संयोजक
२. वडाभित्र रहेको स्वास्थ्य संस्थाका प्रतिनिधि : सदस्य
३. आधारभूत तहमा कार्यरत शिक्षिका १ जना : सदस्य
४. गाउँ बाल सञ्जाल/समूहको प्रतिनिधि बालक वा बालिकामध्ये १ जना : सदस्य
५. स्थानीय बुद्धिजीवी, समाजसेवी वा नागरिक समाजको प्रतिनिधि १ जना : सदस्य
६. वडामा रहेका सहकारी/समूहमध्ये १ जना : सदस्य
७. वडामा कार्यरत सामाजिक सङ्घ/संस्थाको प्रतिनिधि १ जना : सदस्य
८. महिला स्वास्थ्य स्वयंसेविकाहरूको तर्फबाट २ जना प्रतिनिधि : सदस्य
९. निर्वाचित वडा सदस्यमध्येबाट १ जना : सदस्य

१०. दलित वा महिला सञ्जालका तर्फबाट प्रतिनिधि १ जना : सदस्य

११. वडाभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट १ जना : सदस्य

१२. वडा सचिव वा सामाजिक परिचालक : सदस्य सचिव

बालबालिकासँग सम्बन्धित विशेष निर्णय गर्नुपर्ने अवस्थामा विद्यालय प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजीवी र समाजसेवीलाई समेत वडास्तरीय बालअधिकार समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

## १२. गाउँपालिका तथा वडा स्तरको कार्यान्वयन तथा समन्वय

क) गुराँस गाउँपालिकामा काम गर्ने निकायहरूले हिंसा न्यूनीकरणका लागि योगदान पुग्ने गरी प्राथमिकताका साथ वार्षिक कार्यक्रम तयार गरी सम्बन्धित निकायमा पेस गर्न पहल गर्ने ।

ख) बालबालिका विरूद्ध हुने हिंसा अन्त्यका लागि जोखिममा रहेका बालबालिकाहरूको सचेतना र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी सुरक्षित वातावरण तयार गर्ने ।

ग) गुराँस गाउँपालिकामा बालबालिकाको अधिकार सुनिश्चित गरी सक्षम र जिम्मेवार नागरिक तयार गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय एवं सहकार्य गर्ने ।

## १३. समितिको बैठक

- समितिको बैठक कम्तीमा २ महिनाको १ पटक बस्ने छ र आवश्यकता अनुसार जति बेला पनि बस्न सक्ने छ ।
- समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ, सो क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रूपमा बोलाउन सकिने छ ।

## १४. गाउँपालिकास्तरीय सरोकारवालाहरूको भूमिका

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| १ | स्वास्थ्य चौकी | • स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा हिंसा र सानो उमेरमा हुने गर्भधारणलाई निरूत्साहन गर्ने कार्यक्रमहरू समावेश गर्ने ।<br>• बालमैत्री, किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>• हिंसा तथा बालविवाहले जीवनमा पार्ने असर सम्बन्धमा परामर्श सेवा दिने । |
| २ | शिक्षा शाखा तथा विद्यालयहरू | • बालबालिका विरूद्ध हुने हिंसाको सम्बन्धमा चेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>• हिंसाको जोखिममा परेका बालबालिकाहरूको सुरक्षित वातावरण र गुणस्तरीय शिक्षाका लागि छात्रवृत्ति तथा अन्य तालिममा समावेश गराउने ।<br>• विद्यालयबाहिर रहेका, विद्यालय छोडेका र विद्यालयमा अनियमित हुने बालबालिका र जोखिममा परेका बालिकाहरूका लागि प्रोत्साहन हुने शैक्षिक कार्यक्रम सञ्चालन गर्ने । |
| ३ | प्रहरी चौकी तथा कार्यालय | • बालबालिकाको हक-अधिकार सुनिश्चित गर्न बनेका राष्ट्रिय ऐन-कानून तथा स्थानीय तहको नीति-रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>• बालबालिकाको सवाललाई प्राथमिकता दिने ।<br>• नीतिको प्रभावकारी कार्यान्वयनका लागि आफ्ना तहगत कर्मचारीलाई निर्देशन दिने । |

| | | |
|---|---|---|
| ५ | गाउँपालिका तथा वडा कार्यालयहरू | ● बाल संरक्षण तथा विकासलाई महत्त्वका साथ प्राथमिकता दिने ।<br>● घर, विद्यालय र वडालाई हिंसामुक्त स्थान बनाउन योजना तथा कार्यक्रमलाई केन्द्रित गर्दै जाने ।<br>● बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी कार्यक्रमलाई स्थानीय बालमैत्री शासनमा एकीकृत गर्ने ।<br>● स्थानीय तहको योजनाका चरणमा बाल सहभागिता सुनिश्चित गर्ने ।<br>● विकासका कार्यक्रममा किशोर-किशोरीले सहभागिता र योगदान गर्ने अवसर दिने ।<br>● गाउँपालिकामा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबीच समन्वय र एकद्वार प्रणाली लागू गर्ने । |
| ६ | सञ्चार माध्यम (स्थानीय रेडियो एफएम, पत्रपत्रिका) | ● बालिबालिकाको जीवनमा नकारात्मक असर पर्ने व्यवहार र अभ्यासको सम्बन्धमा आम नागरिकमा सचेतना जगाउने ।<br>● बालबालिका विरूद्ध हिंसा तथा घटनाका बारेमा सरोकार निकायलाई सूचना दिने ।<br>● सो सम्बन्धमा कानूनी शिक्षा प्रदान गर्ने ।<br>● कानून उल्लङ्घन गर्दा हुने सजायका बारेमा जानकारी दिने । |
| ७. | नागरिक समाज | ● सामाजिक जागरण ल्याउन पैरवी र सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>● बालबालिका विरूद्ध हुने हिंसाको अन्त्य गर्न सरकार, विकासका साझेदार संस्थाहरू र निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने ।<br>● सञ्चालित कार्यक्रमको निगरानी तथा अनुगमन गर्ने ।<br>● बालअधिकार संरक्षण र प्रवर्द्धनका कार्यक्रमको गुणात्मक उपलब्धि प्राप्त गर्न सामाजिक वातावरण तयार गर्न सहयोग गर्ने । |
| ८. | स्थानीय गैरसरकारी संस्थाहरू | ● वडा तथा पालिकाको नीति-रणनीति कार्यान्वयनका लागि सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने ।<br>● पितृसत्तात्मक सोच, अवधारणा र व्यवहार परिर्वतनका लागि ठोस कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>● वडा, पालिका र विकासका साझेदार संस्थाहरूको लक्ष्य/उद्देश्य एउटै बनाएर काम गर्ने ।<br>● सञ्चालित कार्यक्रमको लाभ-लागत विश्लेषण गरी बढी उपलब्धिमूलक बनाउन निर्देशन दिने । |

## १५. अनुगमन तथा मूल्याङ्कन

१. विद्यालय, समुदाय, वडा तथा पालिकाका तहमा बालअधिकार सुनिश्चितता एवं हिंसा अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन, समीक्षा र प्रतिवेदन गर्ने काम समन्वय समितिले गर्ने ।

२. सम्पन्न कार्यक्रमको समीक्षा र मूल्याङ्कन चौमासिक रूपमा गरिने छ र अनुगमन आवश्यकता अनुसार गरिने छ ।

३. अनुगमनबाट प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा कार्यक्रम थप गर्न र परिमार्जन गर्दै लगिने छ ।

४. बालबालिकाको पहिलो सरकार स्वयं बाबुआमा हुन् भन्ने कुरालाई व्यवहारतः कार्यान्वयन गर्न प्रत्येक परिवार तहमा अनुगमनको संयन्त्रले काम गर्नेछ ।

५. बालबालिकाको स्थिति र कार्यक्रमले ल्याएको मुख्य उपलब्धिलाई पालिकाको वार्षिक समीक्षामा प्रस्तुत गरिने छ ।

## अनुसूची १: बालबालिका विरुद्ध हुने हिंसा अन्त्यको लागि बहुक्षेत्रीय रणनीतिक योजना २०७७

| क्र.सं. | मुख्य क्रियाकलाप | स्थान | लक्ष्य | समय (वर्ष) | | | प्रति एकाई बजेट | स्थानीय तह | साझेदार संस्था | ३ वर्षका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | | | |
| १ | सकारात्मक अभिभावकत्व सम्बन्धी तालिम | सबै वडामा | ४० | २० | १० | १० | ८००० | | ३२०,००० | ३२०,००० |
| | सकारात्मक अनुशासन सम्बन्धी विद्यालयका शिक्षकहरूका लागि तालिम | सबै वडामा | ४० | २० | १० | १० | ८००० | | ३२०,००० | ३२०,००० |
| २ | विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रको स्थापना | सबै वडामा | ४५ | | | | ५००० | | २२५,००० | २२५,००० |
| ३ | पालिका स्तरमा गुनासो सुनुवाइ संयन्त्रको स्थापना | सबै वडामा | १ | | | | ५०००० | ५०००० | | ५०,००० |
| ४ | हिंसा न्यूनीकरणका लागि टोलफ्री नम्बरको स्थापना | | १ | | | | ५०००० | ५०००० | | ५०,००० |
| | टोलफ्री नम्बर व्यवस्थापनका लागि कर्मचारीको व्यवस्था | सबै वडामा | १ | १ | १ | १ | १००००० | ३००००० | | ३००,००० |
| ५ | घर परिवार र समुदायमा हिंसापीडित बालबालिकाको तथ्याङ्क सङ्कलन | सबै वडामा | ८ | | | | ५००० | ४०००० | | ४०,००० |
| ६ | हिंसापीडित बालबालिकाका लागि जीवीकोपार्जनका लागि तालिम | सबै वडामा | १ | १ | १ | १ | २५००० | ७५००० | | ७५,००० |
| | हिंसापीडित बालबालिकालाई जीवीकोपार्जन सहयोग | | २५ | | | | ३०००० | ७५०००० | | ७५०,००० |
| ७ | बालबालिका माथि हुने सबै प्रकारका हिंसा न्यूनीकरणका लागि प्रहरी तथा वडा बालअधिकार समितिका पदाधिकारीहरूका लागि क्षमता विकास तालिम | सबै वडामा | ३ | १ | १ | १ | ३०००० | ९०००० | | ९०,००० |
| ८ | वडा बालअधिकार समितिका पदाधिकारीहरूका लागि घटना व्यवस्थापन सम्बन्धी तालिम | सबै वडामा | ३ | १ | १ | १ | ३०००० | ९०००० | | ९०,००० |
| | **जम्मा** | | १६८ | ४४ | २४ | २४ | ३४१००० | १४४५००० | ८६५००० | २३१०००० |

# बालबालिका सम्बन्धी कार्यविधि, २०७७

प्रमाणीकरण गरिएको मिति : २०७७ कार्तिक २३

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उफा ३ र दफा ८५ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले देहायका नियमहरू बनाएको छ :

## परिच्छेद-१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरूको नाम “बालबालिका सम्बन्धी कार्यविधि, २०७७” रहेको छ। (२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) “व्यवस्थापन समिति” भन्नाले बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको सञ्चालनका निमित्त नियम १५ बमोजिम गठित व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) “प्रशासक” भन्नाले बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको प्रमुखका रूपमा काम गर्ने व्यक्ति सम्झनु पर्छ।

(घ) “स्थानीय बालअधिकार समिति” भन्नाले स्थानीय सरकारबाट गठित बाल कल्याण सम्बन्धी निकायले दिएको मार्गदर्शनका आधारमा बालबालिकाहरूको हक-हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी दीर्घकालीन राष्ट्रिय नीति र योजना तर्जुमा गरी स्थानीय सरकारसमक्ष पेस गर्ने र स्थानीय सरकार तथा स्थानीय सरकारकाबाट स्वीकृत नीति र योजना सम्बन्धित शाखा तथा निकायमार्फत कार्यान्वयन गर्ने-गराउने उद्देश्यले गठन गरिएको समिति सम्झनु पर्छ।

(च) “बालअधिकारकर्मी” भन्नाले बालबालिकाको हक-हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी दीर्घकालीन नीति र योजना तर्जुमा गर्न स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने उद्देश्यले स्थानीय बालअधिकार समितिले नियुक्ति गरेको व्यक्ति सम्झनु पर्नेछ।

## परिच्छेद-२ स्थानीय बालअधिकार समिति सम्बन्धी व्यवस्था

**३. स्थानीय बालअधिकार समितिको गठन** : पालिकाका स्तरमा स्थानीय बालअधिकार समिति देहाय अनुसार हुनेछ।

१. उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिकाको सदस्य -संयोजक

२. गाउँ कार्यपालिकाको महिला सदस्य १ जना - सदस्य

३. गाउँपालिकाले मनोनयन गरेको शाखा प्रमुखहरूमध्येबाट १/१ जना (स्वास्थ्य, शिक्षा, महिला, खानेपानी तथा सरसफाई) -सदस्य

४. गैसस महासङ्घ पालिकास्तरीय शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घ-संस्थामध्येबाट महासङ्घले मनोनयन गरेको प्रतिनिधि) १ जना -सदस्य

५. स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरूमध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य

६. गाउँपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

७. गाउँपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तीमा १ जना बालिकासमेत) -सदस्य

८. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये गाउँपालिकाले तोकेको महिला प्रतिनिधि (१ जना) - सदस्य

९. गाउँपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय/चौकीमध्ये महिला तथा बालबालिका सेल हेर्ने प्रतिनिधि १ जना- सदस्य

१०. बालकल्याण अधिकारी -सदस्य-सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

बालकल्याण अधिकारीको नियुक्ति नभएसम्मका लागि पालिकाको प्रमुख प्रशासकीय अधिकृतले सदस्य सचिवको भूमिका निर्वाह गर्नु पर्नेछ ।

**४. स्थानीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार** : स्थानीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. स्थानीय सरकारबाट गठित बाल कल्याण सम्बन्धी निकायले दिएको मार्गदर्शनका आधारमा बालबालिकाहरूको हक-हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी दीर्घकालीन राष्ट्रिय नीति र योजना तर्जुमा गरी स्थानीय सरकारसमक्ष पेस गर्ने र स्थानीय सरकार तथा स्थानीय सरकारबाट स्वीकृत नीति र योजना सम्बन्धित शाखा तथा निकायमार्फत कार्यान्वयन गर्ने-गराउने ।

२. स्वीकृत राष्ट्रिय तथा स्थानीय नीति र योजना अनुरूप वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने-गराउने ।

३. बाल हित सम्बन्धी योजना तथा कार्यक्रमका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

४. वडा बालअधिकार समितिलाई मार्गदर्शन गर्ने ।

५. गुराँस गाउँपालिकामा सञ्चालित बालबालिका लक्षित कार्यक्रम तथा बजेटको प्रगति समीक्षा एवं मूल्याङ्कन गर्ने ।

६. गाउँपालिकाभित्र सञ्चालित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय र सुस्त मनस्थिति केन्द्र तथा त्यस्तै अन्य गृह वा केन्द्रहरूको क्षमता र सुविधा आदिको तथ्याङ्क सङ्कलन गरी गराई अभिलेख राख्ने ।

७. पालिकामा भएका बाल कल्याण गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्र स्थापना गर्न कुनै व्यक्ति वा संस्थालाई प्रोत्साहन र सहयोग प्रदान गर्ने ।

८. गुराँस गाउँपालिकामा श्रमिकका रूपमा कार्यरत बालबालिका तथा अपांगता र सुस्त मनस्थिति भएका बालबालिकाहरूको छुट्टाछुट्टै तथ्याङ्क सङ्कलन गरी अभिलेख राख्न राख्ने ।

९. बाल मजदुर, बालविवाह तथा छाउपडी प्रथाको अन्त्य गर्न आवश्यक उपायहरू पहिल्याउने र ती उपायहरू अवलम्बन गर्नेतर्फ सम्बद्ध सरकारी एवं गैरसरकारी सङ्घ-संस्थाहरूलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

१०. प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थाहरूको सहभागिता जुटाई बालबालिकाहरूको संरक्षण तथा विकासका लागि बाल कल्याणकारी कार्य सञ्चालन गर्ने-गराउने र त्यस्तो कार्य सञ्चालन गर्न लगाउन स्थानीय सरकारको स्वीकृति लिई विदेशी सरकार एवं अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

११. नेपाल सरकारद्वारा अनुमोदित बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, बालबालिकाको हक-हित एवं अधिकार संरक्षणसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय एवं क्षेत्रीय महासन्धि वा घोषणापत्र तथा बालबालिकाको हक-हित सम्बन्धी प्रचलित कानूनका प्रावधानहरूको प्रचार-प्रसार गर्ने र त्यस्तो कार्यमा संलग्न सामाजिक कार्यकर्ता तथा सङ्घ-संस्थाहरूलाई सहयोग गर्ने ।

१२. बालबालिकाको हक-हितको संरक्षण तथा शारीरिक र मानसिक विकासका निमित्त आवश्यक देखिएका अन्य काम गर्ने ।

**५. वडा बालअधिकार समितिको गठन प्रक्रिया** : वडा बालअधिकार समितिको गठन प्रक्रिया देहाय अनुसार रहने छ :

| | | |
|---|---|---|
| १. | सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| २. | सम्बन्धित वडाका स्वास्थ्य संस्थाका प्रतिनिधि | सदस्य |
| ३. | आधारभूत तहमा कार्यरत शिक्षिका १ जना | सदस्य |
| ४. | गाउँ बाल सञ्जाल/समूहको प्रतिनिधि बालक वा बालिकामध्ये १ जना | सदस्य |
| ५. | स्थानीय बुद्धिजीवी, समाजसेवी वा नागरिक समाजको प्रतिनिधि १ जना | सदस्य |
| ६. | वडामा रहेका सहकारी/समूहमध्ये १ जना | सदस्य |
| ७. | वडामा कार्यरत सामाजिक सङ्घ/संस्थाको प्रतिनिधि १ जना | सदस्य |
| ८. | महिला स्वास्थ्य स्वयंसेविकाहरूका तर्फबाट २ जना प्रतिनिधि | सदस्य |
| ९. | निर्वाचित वडा सदस्यमध्येबाट १ जना | सदस्य |
| १०. | दलित वा महिला सञ्जालका तर्फबाट प्रतिनिधि १ जना | सदस्य |
| ११. | वडाभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट १ जना | सदस्य |
| १२. | वडा सचिव वा सामाजिक परिचालक | सदस्य सचिव |

बालबालिकासँग सम्बन्धित विशेष निर्णय गर्नु पर्ने अवस्थामा विद्यालय प्रधानध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजीवी र समाजसेवीलाई समेत वडास्तरीय बालअधिकार समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

## ६. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार

१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्नुका साथै अद्यावधिक गरी स्थानीय बालअधिकार समितिमा सम्प्रेषण गर्ने,

२. स्थानीय वस्तुस्थिति विश्लेषणलाई सहजीकरण गर्दै विपन्न समुदायका बालबालिकाहरूको आवश्यकता तथा प्राथमिकता पहिचान गरी सम्बोधनका लागि पहल गर्ने,

३. गाउँमा बालबालिकाको क्षेत्रमा कार्यरत सङ्घ/संस्था, बाल क्लब, आमा समूह, नागरिक समाज लगायतका निकायहरूको सूची तयार गर्ने,

४. बालबालिकाको क्षेत्रमा सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्न/गराउनका लागि स्थानीय तहमा कार्यरत साझेदार निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने,

५. स्थानीय आवश्यकता पहिचान गरी विकास साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने,

६. बालबालिकासँग सम्बन्धित कार्यक्रमको रेखदेख र निरीक्षण गर्ने,

७. बालअधिकारको संरक्षण र संवर्द्धनका लागि घर, परिवार र समुदायमा जनचेतना अभिवृद्धि गर्ने,

८. स्थानीय सङ्घ/संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्दै कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक परामर्श, सुझाव तथा सल्लाह दिने,

९. बालअधिकार हननका सम्बन्धमा आएका उजुरीलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने,

१०. आवश्यकता अनुसार बालबालिकाका निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने,

११. बाल संरक्षणका सवालमा वकालत गर्ने र स्थानीय बालअधिकार समितिलाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने,

१२. स्थानीय तहमा सम्पन्न बालअधिकार र बालसंरक्षण सम्बन्धी कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन पेस गर्ने,

वडा तथा पालिका स्तरमा बालअधिकार शासन तथा बालसंरक्षणको सुनिश्चितता गरी वडा तथा पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह लगायत बालविवाह अन्त्य, बालश्रममुक्त र हिंसारहित वडा तथा पालिका घोषणा गर्न सहयोग गर्नका लागि कार्यक्रम सञ्चालन गर्ने ।

## ७. समुदायस्तरीय बालअधिकार समिति

बालमैत्री स्थानीय शासनलाई समुदाय स्तरमा सञ्चालन गर्नका लागि देहायबमोजिमको समुदायस्तरीय बालअधिकार समिति गठन गर्न सकिने छ :

१. सामुदायिक संस्था वा समूहका अध्यक्षहरूमध्ये वडा समितिले तोकेको प्रतिनिधि -अध्यक्ष

२. स्थानीय विद्यालयका प्रधानाध्यापकहरूमध्ये सामुदायिक संस्था वा समूहले छनोट गरेको १ जना प्रतिनिधि -सदस्य

३. समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था वा समूहले छनोट गरेका १ जना बालिकासहित २ जना बाल प्रतिनिधि -सदस्य

४. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि, (१ जना) -सदस्य

५. सामुदायिक संस्था वा समूहका सचिव वा व्यवस्थापकहरूमध्येबाट उनीहरूले छानेको प्रतिनिधि (१ जना) -सदस्य

६. वडा समितिले तोकेको व्यक्ति - सदस्य -सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

उपरोक्त समितिहरूले आ-आफ्नो क्षेत्रका सम्बन्धित सङ्घ, प्रदेश एवं स्थानीय तहहरू, गैसस एवं निजी क्षेत्रका सङ्घ-संस्थासँग समन्वय गरी बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास र विस्तार गर्न सघाउ पुऱ्याउनु पर्दछ ।

## ८. समुदायस्तरीय बालअधिकार समितिको काम कर्तव्य र अधिकार

१. आफ्नो टोल तथा समुदायमा जोखिममा रहेका बालबालिकाहरूको पहिचान गर्ने ।

२. जोखिममा रहेका बालबालिकाहरूलाई राहत तथा पुनर्स्थापनाका लागि पहल गर्ने ।

३. समुदायमा बालविवाह न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. विद्यालयबाहिर रहेका बालबलिकाहरूलाई विद्यालय पठाउन पहल गर्ने ।

५. घर-परिवार र समुदायमा बालबलिकाप्रति हुने सबै प्रकारका हिंसा न्यूनीकरणका लागि पहल गर्ने ।

६. बालश्रमिक बेसाहारा बालबालिकालाई सहयोगका गर्ने ।

## ९. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने

(१) स्थानीय बालअधिकार समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारू रूपले गर्नका निमित्त सम्बन्धित विशेषज्ञ तथा सामाजिक कार्यकर्ताहरू समावेश गरी आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि स्थानीय बालअधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

## १०. पारासामाजिक कार्यकर्ता वा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था

१. वडा बालअधिकार समितिले आफ्नो वडामा जोखिममा रहेका बालबालिकाको नियमित हेरचाह, घरभेटघाट र राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले पारासामाजिक कार्यकर्ता वा मनोसामाजिक विमर्शकर्ताको नियुक्ति गर्न सक्ने छ ।

२. पारासामाजिक कार्यकर्ताको नियुक्ति प्रक्रिया स्थानीय तहको कर्मचारी प्रशासन नियमावली अनुसार नै गर्न सकिने छ ।

३. पारासामाजिक कार्यकर्ता वा मनोसामाजिक विमर्शकर्ताको योग्यता तपसिल अनुसार हुनेछ :

   १. कम्तीमा पनि प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको
   २. नेपाली नागरिक
   ३. कुनै पनि फौजदारी अभियोग नलागेको
   ४. बालबालिकासँग मैत्रीपूर्ण व्यवहार गर्न सक्ने
   ५. बालअधिकार, बालसंरक्षणका साथै मनोसामाजिक विमर्श सम्बन्धी तालिम प्राप्त
   ६. बालबालिकाको नजिक रहेर काम गर्नु पर्ने भएको हुँदा महिला अनिवार्य

४. पारासामाजिक कार्यकर्ता वा मनोसामाजिक विमर्शकर्ताको पारिश्रमिक, सेवा-सुविधा तथा बैठक भत्ता स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

## ११. पारासामाजिक कार्यकर्ता वा मनोसामाजिक कार्यकर्ताको काम, कर्तव्य र अधिकार :

पारासामाजिक कार्यकर्ता वा बाल मनोसामाजिक कार्यकर्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हनेुछ :

१. पारासामाजिक कार्यकर्ताले मासिक रूपमा समुदायमा जोखिममा रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूको अवस्थाको नियमित प्रतिवेदन वडा अधिकार समिति मार्फत् स्थानीय बालअधिकार समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

२. पारासामाजिक कार्यकर्ताले स्वयंसेवकका रूपमा काम गर्नुपर्ने हुँदा बालअधिकारका घटना दस्तावेजीकरण गर्नुपर्नेछ ।

३. पारासामाजिक कार्यकर्ताको विशिष्ट उद्देश्य दुर्व्यवहार, शोषण, भेदभाव, हिंसा, अपहेलना लगायतका समस्याहरूबाट पीडित जोखिममा रहेका बालबालिकाहरूको जोखिम न्यूनीकरण गर्नु रहेको छ ।

४. जोखिममा परेका बालबालिकाहरूको परिवारको घरदैलोमा गई सहायता उपलब्ध गराउनु पर्नेछ ।

५. पारासामाजिक कार्यकर्ताहरूले समुदायमा जोखिममा रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई सहयोग जुटाउन सामाजिक क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्ने र ती जोखिममा रहेका बालबालिको आवश्यकताका आधारमा सहयोगका लागि सिफारिस गर्ने र सहयोग पाइसकेकाहरूको नियमित घरभेटघाट गर्नु पर्नेछ ।

६. परिवारको प्रारम्भिक अवस्था पहिचान गर्न तथ्याङ्क सङ्कलन, मामिलाका अभिलेखहरू फाइलहरूको व्यवस्थापन गर्नु, र सिफारिस पश्चात् परिवारलाई उपलब्ध गराइएको सहायताबाट भएको परिवर्तनहरूको समेत अभिलेखीकरण गर्नु पर्नेछ ।

७. जोखिममा रहेका बालबालिकाहरूको पहिचान पश्चात् उनीहरूको घरपरिवारसँगको समन्वयमा स्याहार योजना निर्माण गरी नियमित घरभेटघाट गर्नु पर्नेछ, सोही स्याहार योजना बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ ।

८. पारासामाजिक कार्यकर्ताहरूले वडा बालअधिकार र स्थानीय बालअधिकार समितिको सम्पर्कमा रही काम गर्नु पर्नेछ । वडा बालअधिकार समितिबाट सिफारिस लिएर जोखिममा रहेका प्रत्येक परिवार तथा बालबालिकाहरूको स्याहार योजना, घर भ्रमण, लगायतका क्रियाकलापका लागि मासिक न्यूनतम कम्तीमा पनि ६ वटा घटनाको मामिला व्यवस्थापन र घटना समापन गर्नका लागि भूमिका निर्वाह गर्नु पर्नेछ ।

९. बालसंरक्षणका सवालहरू (बालविवाह, बालश्रम) र सरोकारहरू सम्बन्धी सचेतना अभिवृद्धि तथा सम्बोधन गर्नका लागि कार्य गर्नु पर्नेछ ।

## १२. बैठक सम्बन्धी कार्यविधि

१. स्थानीय बालअधिकार समितिको बैठक आवश्यकता अनुसार स्थानीय बालअधिकार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२. स्थानीय बालअधिकार समितिको कूल सदस्य सङ्ख्याको ५० प्रतिशत सदस्यहरू उपस्थित भएमा स्थानीय बालअधिकार समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

३. स्थानीय बालअधिकार समितिको बैठकको अध्यक्षता स्थानीय बालअधिकार समितिका संयोजक, वडा बालअधिकार समितिको बैठकको अध्यक्षता वडा बालअधिकार समितिका संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थिति सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४. स्थानीय बालअधिकार समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

५. स्थानीय बालअधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि स्थानीय बालअधिकार समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. बालकल्याण अधिकारी** : स्थानीय बालअधिकार समितिको प्रशासकीय प्रमुखका रूपमा काम गर्न एक जना बालकल्याण अधिकारी रहने छ ।

१. बालबालिकाको हक-हितको संरक्षण तथा बाल कल्याणकारी कार्यमा अनुभवप्राप्त व्यक्तिलाई स्थानीय सरकारले बालकल्याण अधिकारीका रूपमा नियुक्त वा तोक्न सक्ने छ ।

२. बालकल्याण अधिकारीको पदावधि ५ वर्षको हुनेछ र स्थानीय बालअधिकार समितिको सिफारिसमा गाउँसभाले निजको पदावधि बढीमा ३ वर्षका लागि थप गर्न सक्ने छ ।

३. बालकल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सचिव भई काम गर्नेछ ।

४. बालकल्याण अधिकारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्तहरू स्थानीय सरकारले तोकिदिए बमोजिम हुनेछ ।

**१४. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार** : बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. बालबालिकाको हक-हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी दीर्घकालीन नीति र योजना तर्जुमा गर्न स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने ।

२. स्थानीय सरकारबाट स्वीकृत नीति र योजना अनुरूप वार्षिक कार्यक्रम र बजेट तयार गरी स्थानीय बालअधिकार समितिको बैठकमा पेस गर्ने ।

३. स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने-गराउने ।

४. स्थानीय बालअधिकार समितिको वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने-गराउने र प्रगति विवरणहरू स्थानीय बालअधिकार समितिको बैठकमा पेस गर्ने ।

५. स्थानीय बालअधिकार समितिको कार्य सञ्चालनका निमित्त आवश्यक स्रोत खोजी गर्ने र प्राप्त स्रोतहरूको परिचालन गर्ने ।

६. स्थानीय बालअधिकार समितिको वित्तीय कारोवारको लेखा ठीकसँग राख्न लगाउने ।

७. स्थानीय बालअधिकार समितिबाट प्राप्त प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने-गराउने ।

**१५. वार्षिक प्रतिवेदन प्रकाशित गर्न सक्ने** : स्थानीय बालअधिकार समितिले स्थानीय सरकारसमक्ष पेस गरेको वार्षिक प्रतिवेदन स्थानीय सरकारको स्वीकृति लिई सार्वजनिक रूपमा प्रकाशित गर्न सक्नेछ ।

## परिच्छेद-३
## व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

### १६. व्यवस्थापन समितिको गठन

(क) स्थानीय तहले ऐन बमोजिम स्थापित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको सञ्चालन गर्नका निमित्त उपलब्ध भएसम्म स्थानीय सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरू, बाल मनोवैज्ञानिक र शिक्षकहरूमध्येबाट समेत सदस्य रहने गरी बढीमा ७ जना सदस्यहरू भएको एक व्यवस्थापन समिति गठन गर्नेछ ।

(ख) व्यवस्थापन समितिमा रहने अध्यक्ष, सदस्य तथा सचिवको नाम तथा निजहरूको पदावधि स्थानीय तहले उक्त समिति गठन गर्दाको अवस्थामा तोके बमोजिम हुनेछ ।

**१७. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. सम्बन्धित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको दीर्घकालीन नीति र योजना तर्जुमा गरी स्वीकृतिका निमित्त स्थानीय बालअधिकार समिति मार्फत् कार्यपालिकाको बैठकमा पठाउने ।

२. स्वीकृत नीति र योजना अनुरूप वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

३. वार्षिक कार्यक्रम सञ्चालन गर्नका निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको परिचालन गर्ने ।

४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा रहेका बालबालिकालाई प्रदान गरिने शिक्षा, तालिम र बस्ने, सुत्ने, खाने, लगाउने लगायतका अन्य सुविधा सम्बन्धमा उपयुक्त व्यवस्था गर्ने-गराउने ।

५. बालबालिकाको रूचि वा ज्ञानका आधारमा तिनीहरूलाई व्यावसायिक तालिम वा पठनपाठनमा संलग्न गराउने व्यवस्था गर्ने-गराउने ।

६. बालबालिकाको शारीरिक विकासका निमित्त खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक कार्यक्रम लगायत अन्य अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने-गराउने ।

७. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको कार्य प्रगतिको समीक्षा एव मूल्याङ्कन गर्ने-गराउने ।

८. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको सञ्चालन सम्बन्धमा, स्थानीय सरकार, स्थानीय बालअधिकार समिति, वडा बालअधिकार समिति वा बाल कल्याण अधिकारीले दिएका सुझाव तथा निर्देशनको पालना गर्ने-गराउने ।

**१८. बैठक सम्बन्धी कार्यविधि** : व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि व्यवस्थापन समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## बाल कल्याण गृह प्रमुख र प्रशासक सम्बन्धी व्यवस्था

### १९. बाल कल्याण गृह प्रमुख र प्रशासक

१. स्थानीय सरकारले बाल कल्याण गृहको प्रमुख भई काम गर्न कुनै व्यक्तिलाई बाल कल्याण गृह प्रमुख, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको प्रमुख भई काम गर्न कुनै व्यक्तिलाई प्रशासकको पदमा नियुक्त गर्न वा तोक्न सक्नेछ ।

उपनियम (१) बमोजिम नियुक्त वा तोकिएको बाल कल्याण गृह प्रमुख वा प्रशासकको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्तहरू स्थानीय सरकारको स्वीकृति लिई स्थानीय बालअधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

**२०. बाल कल्याण गृह प्रमुखको काम, कर्तव्य र अधिकार** : बालकल्याण गृह प्रमुखको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. बाल कल्याण गृहको दीर्घकालीन नीति र योजना तर्जुमा गर्न व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

२. आफूलाई प्रदान गरिएको नियमित शिक्षा तथा तालिम हासिल गर्ने ।

३. खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक कार्यक्रम एवं अन्य अतिरिक्त क्रियाकलापमा संलग्न हुने ।

४. बालबालिका तथा त्यहाँ कार्यरत सबै कर्मचारीहरूलाई आफ्नो पारिवारिक सदस्य सम्झने, सबैसँग मित्रभावको व्यवहार गर्ने र एक-अर्कालाई सहयोग गर्ने ।

५. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा हल्ला, हुल-हुज्जत आदि गर्ने वा अनुशासनहीन हुने कुनै किसिमको अवाञ्छित कार्य नगर्ने र त्यस्तो कार्य गर्न अरूलाई पनि दुरुत्साहित नगर्ने ।

६. आफूलाई दैनिक प्रदान गरिने दुध, चिया, खाजा, भोजन आदि बाहेक अन्य कुनै चीज बाहिरबाट ल्याई नखाने ।

७. धुमपान, लागू पदार्थ र मादक पदार्थको सेवन नगर्ने ।

८. बाल कल्याण गृह प्रमुख वा प्रशासकको अनुमति नलिई आफू रहेको ठाउँबाट बाहिर नजाने ।

९. सादा जीवन उच्च विचारको आदर्श पालन गर्ने र स्वावलम्बनका लागि बाल कल्याण गृह प्रमुख वा प्रशासकले दिएको आदेश तथा निर्देशन पालन गर्ने ।

**२१. प्रशासकको काम, कर्तव्य र अधिकार** : प्रशासकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको कार्य सञ्चालन गर्दा बाल कल्याण गृहको सञ्चालन सम्बन्धमा ऐनमा उल्लिखित बाल कल्याण गृह प्रमुखको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने ।

२. बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको दीर्घकालीन नीति र योजना तर्जुमा गर्न व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

३. स्वीकृत नीति र योजना अनुरूप बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको वार्षिक कार्यक्रम र बजेट तयार गरी व्यवस्थापन समितिको बैठकमा पेस गर्ने ।

४. व्यवस्थापन समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने-गराउने ।

५. बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको दैनिक कार्य सञ्चालन गर्ने-गराउने र त्यसको

सुपरिवेक्षण गर्ने ।

६. बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने-गराउने र प्रगति विवरणहरू व्यवस्थापन समितिको बैठकमा पेस गर्ने ।

७. बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्रको आर्थिक कारोबार गर्ने र सोको लेखा ठीक दुरुस्त राख्न लगाउने ।

८. व्यवस्थापन समितिबाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने-गराउने ।

## परिच्छेद ५

## बाल कल्याण सम्बन्धी व्यवस्था

### २२. शिक्षा, तालिम, सुविधा आदिको व्यवस्था

१. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालबालिकाहरूलाई नियमित शिक्षाको अतिरिक्त व्यावसायिक शिक्षा तथा सिपमूलक तालिमसमेत प्रदान गर्न सकिने छ ।

२. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालबालिकालाई तिनीहरूको शारीरिक अवस्था अनुकूल विभिन्न किसिमका खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम एवं अन्य अतिरिक्त क्रियाकलापमा समेत संलग्न गराउन सकिने छ ।

३. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालबालिकाहरूलाई नियमित स्वास्थ्य परीक्षण र आवश्यकता अनुसार औषधोपचारको सुविधा प्रदान गर्न सकिने छ ।

४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालबालिकाहरूलाई जिल्ला बाल कल्याण समितिको सिफारिसमा केन्द्रीय बाल कल्याण समितिले निर्धारण गरे बमोजिमका खाने, लाउने र बस्ने सुविधाहरू प्रदान गर्न सकिने छ ।

**२३. बालबालिकाले पालन गर्नु पर्ने कुराहरू** : बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालबालिकाहरूले देहायका कुराहरूको पालन गर्नु पर्नेछ :

१. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रलाई आफ्नो भविष्य निर्माण गर्ने थलोका रूपमा मान्नु पर्ने ।

२. आफूलाई प्रदान गरिएको नियमित शिक्षा तथा तालिम हासिल गर्ने ।

३. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम एवं अन्य अतिरिक्त क्रियाकलापमा संलग्न हुने ।

४. अन्य बालबालिका तथा त्यहाँ कार्यरत सबै कर्मचारीहरूलाई आफ्नो पारिवारिक सदस्य सम्झने, सबैसँग मित्रभावको व्यवहार गर्ने र एक-अर्कालाई सहयोग गर्ने ।

५. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा हल्ला, हुल-हुज्जत आदि गर्ने वा अनुशासनहीन हुने कुनै किसिमको अवाञ्छित कार्य नगर्ने र त्यस्तो कार्य गर्न अरूलाई पनि दुरुत्साहित नगर्ने ।

६. आफूलाई दैनिक प्रदान गरिने दुध, चिया, खाजा, भोजन आदि बाहेक अन्य कुनै चीज बाहिरबाट ल्याई नखाने ।

७. धुमपान, लागू पदार्थ र मादक पदार्थको सेवन नगर्ने ।

८. बाल कल्याण गृह प्रमुख वा प्रशासकको अनुमति नलिई आफू रहेको ठाउँबाट बाहिर नजाने ।

९. सादा जीवन उच्च विचारको आदर्श पालन गर्ने र स्वाबलम्बनका लागि बाल कल्याण गृह प्रमुख वा प्रशासकले दिएको आदेश तथा निर्देशन पालन गर्ने ।

**२४. काममा प्राथमिकता दिनु पर्ने** : स्थानीय सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेको सङ्गठित संस्थाहरूले

बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बसेका बालबालिकाहरूको शिक्षा, तालिम र शारीरिक स्थिति अनुकूलको काममा तिनीहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

**२५. बालबालिकाहरूको व्यक्तिगत विवरण राख्नु पर्ने** : बाल कल्याण गृह प्रमुखले बाल कल्याण गृहमा बस्ने र प्रशासकले बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा बस्ने बालबालिकाहरूको व्यक्तिगत विवरण अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्नेछ ।

**२६. वार्षिक प्रतिवेदन पठाउनु पर्ने** : बाल कल्याण गृह प्रमुखले बाल कल्याण गृहको र प्रशासकले बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको वर्षभरिको सम्पूर्ण क्रियाकलाप देखिने गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रत्येक वर्ष वैशाख मसान्तभित्र स्थानीय बालअधिकार समिति र बाल कल्याण अधिकारी समक्ष प्रतिवेदन पठाउनु पर्नेछ

**२७. बाल कल्याण सम्बन्धी व्यवस्था लागू हुने** : यस परिच्छेदमा उल्लिखित बाल कल्याण सम्बन्धी व्यवस्थाहरू कुनै व्यक्ति वा संस्थाद्वारा सञ्चालित बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको हकमा पनि लागू हुनेछ ।

## परिच्छेद ६
## विविध

**२८. श्रमिकका रूपमा काम गर्ने बालबालिकाको विवरण दिनु पर्ने** : श्रमिकका रूपमा काममा लगाउन हुने बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउने व्यक्ति वा संस्थाले त्यसको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी स्थानीय बालअधिकार समितिसमक्ष पठाउनु पर्नेछ । जिल्ला बाल कल्याण समितिले त्यसरी प्राप्त हुन आएको विवरणको एक प्रति सम्बन्धित श्रम कार्यालयमा पठाउनु पर्नेछ ।

**२९. निरीक्षण गर्दा विचार गर्नु पर्ने कुराहरू** : बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको निरीक्षण गर्ने व्यक्तिले देहायका कुराहरूको समेत जाँचबुझ गर्नु पर्नेछ :

१. बालबालिकाहरूलाई नियमित रूपले शिक्षा तथा तालिम प्रदान गरिएको छ/छैन ।

२. बालबालिकाहरूलाई यस नियमावली बमोजिमको सुविधा प्रदान गरिएको छ/छैन ।

३. बालबालिकाहरूलाई खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायत अन्य क्रियाकलापमा संलग्न गराइएको छ/छैन ।

४. बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय तथा सुस्त मनस्थिति केन्द्रमा कुनै अवाञ्छित वा अनुशासनहीन कार्य भए गरेको छ/छैन ।

५. व्यवस्थापन पक्ष तथा बालबालिकाहरूले ऐन, प्रचलित कानून वा यस नियमावली बमोजिम पालन गर्नु पर्ने कुराहरू पालन गरेको छ/छैन ।

६. निरीक्षण गर्ने व्यक्तिले निरीक्षण गर्दा आफूले देखेका कुराहरू, समस्या र त्यसको समाधानको कुनै सुझाव भएमा सो समेत उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी स्थानीय बालअधिकार समिति र सम्बन्धित व्यवस्थापन समितिमा पठाउनु पर्नेछ ।

**३०. बालबालिकाको नाम राख्ने र जन्म दर्ता गर्ने** : बालबालिका सम्बन्धी ऐन २०७५ का अनुसार बालबालिकाको नाम राखिदिने बाबु, आमा, परिवारका अन्य सदस्य वा कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम पञ्जिकाधिकारीको कार्यालयमा बालबालिकाको जन्म दर्ता गराउनु पर्नेछ ।

**३१. भेटघाटको सुविधा** : (१) बालबालिकालाई बाबु, आमासँग भेटघाट गर्न दिने पटक वा साथ बस्न दिने अवधिको सम्बन्धमा बाबु र आमाका बीच मतैक्य हुन नसकेमा वा बाबु वा आमासँग भेटघाट गर्न वा बस्न दिँदा बालबालिकाको हितको प्रतिकूल हुने भई त्यस्तो भेटघाट वा साथ बस्नबाट रोक लगाउन चाहने बाबु वा आमाले त्यसको कारण खोली

बाल अदालत वा सो अदालत गठन नभएसम्म सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ।

उपनियम (१) बमोजिम कुनै निवेदन परेमा अदालतले सो सम्बन्धमा जाँचबुझ गरी बालबालिकालाई बाबु-आमासँग भेटघाट गर्न दिनुपर्ने पटक वा साथ बस्न दिनुपर्ने अवधि तोकिदिन वा बाबु वा आमासँग भेटघाट गर्न वा साथ बस्न दिन नपर्ने वा त्यसको विकल्प स्वरूप अन्य कुनै मनासिब आदेश दिन सक्नेछ। उपनियम (१) बमोजिम अदालतबाट भएको आदेश सम्बन्धित बाबु वा आमाले अनिवार्य रूपले पालन गर्नु पर्नेछ।

**३२. कार्यालय र कर्मचारीको व्यवस्था** :

(१) स्थानीय बालअधिकार समिति, वडा बालअधिकार समितिको कार्यालय र कर्मचारीको व्यवस्था स्थानीय सरकारले गर्नेछ।

(२) उपनियम (१) बमोजिमका कर्मचारीहरूको पारिश्रमिक, सेवाको सर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय सरकारको स्वीकृति लिई स्थानीय बालअधिकार समितिले तोकिदिए बमोजिम हुनेछ।

**३३. अनुसूचीमा हेरफेर वा थपघट गर्ने अधिकार** : स्थानीय सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

## अनुसूची १

### (नियम २४ सँग सम्बन्धित)

### बालबालिकाको व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| क | **बालबालिकाको विवरण** | |
| | बालबालिकाको पूरा नाम : | जन्म मिति : |
| | बालबालिकाको जन्मेको ठाउँ : | जिल्ला : |
| | गाउँपालिका : : | वडा नं : टोल: |
| | अस्पतालमा जन्मेको भए : | |
| | क) अस्पतालको नाम : | |
| | ख) ठेगाना : | |
| | बालक/बालिकाको स्थायी ठेगाना : | जिल्ला |
| | गाउँपालिका : | वडा न : टोल : |
| | धर्म | |
| | बालक/बालिकाको स्वास्थ्य सम्बन्धी स्थिति : | |
| | वजन : | उचाइ : |
| | डाक्टरको साधारण स्वास्थ्य रिपोर्ट : | |
| | बालक/बालिकाको शैक्षिक स्थिति : | कुनै विद्यालयमा पढेको भए |
| | विद्यालयको नाम, ठेगाना : | |
| | कक्षा : | |
| ख | **बालक/बालिकाको बाबु सम्बन्धी विवरण** | |
| | बालक/बालिकाको बाबुको पूरा नाम थर : | |
| | उमेर : | शारीरिक अवस्था : |
| | ठेगाना : | जिल्ला : |
| | गाउँपालिका : | वडा नं : टोल : |
| | बालक/बालिकाका बाबु जीवित छन् वा छैनन् | |
| | बालक/बालिकाका बाबुको व्यवसाय | |
| | बालक/बालिकाको बाबु जीवित नरहेकामा : | |
| | मृत्यु भएको साल : | स्थान : |
| | कारण : | |
| | बालक/बालिकालाई मृतक बाबुले छोडी गएको चल-अचल सम्पत्तिको विवरण | |
| | चल सम्पत्ति : | |
| | अचल सम्पत्ति : | |
| ग | **बालक/बालिकाको आमा सम्बन्धी विवरण :** | |
| | बालक/बालिकाको आमाको पूरा नाम : | |
| | उमेर : शारीरिक अवस्था : | |
| | ठेगाना : | जिल्ला : |
| | गाउँपालिका : | वडा नं : टोल : |
| | बालक/बालिकाको आमा जीवित छन्/छैनन् | |
| | बालक/बालिकाको आमाको व्यवसाय : | |
| | बालक/बालिकाको आमा जीवित नरहेकामा : | |

| | | |
|---|---|---|
| | मृत्यु भएको साल : | |
| | स्थान : | कारण : |
| | बालक/बालिकालाई मृतक आमाले छोडी गएको चल-अचल सम्पत्तिको विवरण | |
| | चल सम्पत्ति : | |
| | अचल सम्पत्ति : | |

| घ. | दाजु-भाइ, दिदी-बहिनी आदि नातेदार सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नाम थर | उमेर | नाता | व्यवसाय | ठेगाना |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

| ङ. | **बालक/बालिकालाई भर्ना गर्न ल्याउने वा सङ्घ-संस्थाको विवरण** | |
|---|---|---|
| | पूरा नाम : | व्यक्ति भए उमेर : |
| | जिल्ला : | गाउँपालिका : |
| | वडा नं : टोल : | |
| | व्यवसायको विवरण : | |
| | व्यवसायीको ठेगाना : | |
| | भर्ना गर्न ल्याउने व्यक्तिको बालक/बालिकासँग सम्बन्ध : | |
| | बालक/बालिका आफैं भर्ना हुन आएको भए सोको विवरण : | |
| **माथि उल्लेखि कुनै बेहोरा झुट्टा ठहरिए बालक/बालिकालाई फिर्ता लैजाने छु भनी सही गर्ने व्यक्ति वा संस्थाको** | | |
| | पूरा नाम : | |
| | हस्ताक्षर : | **(औंठाको छाप वा सङ्घ-संस्थाको छाप)** |
| च. | **बालक/बालिकालाई भर्ना गर्न सिफारिस गर्ने व्यक्ति वा संस्थाको विवरण** | |
| | भर्ना गर्न ल्याउने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | |
| | कुनै निकायले सिफारिस गरेको भए | |
| | स्थानीय प्रशासन | |
| | स्थानीय प्रहरी | |
| | सङ्घ-संस्था | |
| | निवेदन दिएकोमा निवेदनको मिति र निवेदन दिने व्यक्ति | |
| | अन्य कागतपत्र केही भए : | |
| छ. | **बालक/बालिकालाई भर्ना गरेको मिति :** | |
| ज. | **बालक/बालिकालाई भर्ना गर्ने कर्मचारीको** | हस्ताक्षर : |
| | पूरा नाम : | पद |
| | श्रेणी : | |
| झ. | **बालक/बालिकालाई धर्मपुत्र/धर्मपुत्री गरी लैजाने व्यक्तिको** | |
| | पूरा नाम : | ठेगाना : |
| | नागरिकताको प्रमाण पत्र वा पासपोर्ट नम्बर : | |
| | व्यवसाय : | हस्ताक्षर : |

| | | |
|---|---|---|
| ञ | **धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी विवरण** | |
| | **भर्ना गर्न ल्याइएका बालक/बालिकालाई कसैले कानून बमोजिम धर्मपुत्र/धर्मपुत्री बनाउन खोजेमा मेरो स्वीकृति छ/छैन ।** | |
| | **धर्मपुत्र/धर्मपुत्री सम्बन्धमा कुनै किसिमको कानूनी विसङ्गति भएमा स्वयं जिम्मेवार रहन राजीखुसी मन्जुर गर्दछु ।** | |
| | हस्ताक्षर : | पूरा नाम : |
| | औंठाको छाप : | दायाँ : बायाँ |
| | ठेगाना : जिल्ला : | गाउँपालिका : |
| | वडा नं : | टोल : |
| ट | **बालक/बालिकाले बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा सुस्त मनस्थिति केन्द्र छोडेर गएको :** | |
| | मिति : | कारण : |
| | छोडेर जाँदा निजको उमेर : | |
| | छोडेर कहाँ जाने वा कुन व्यवसाय लिने हो सोको विवरण : | |
| | हस्ताक्षर : | नाम : |
| | | बालकल्याण गृह प्रमुख/प्रशासक |

## अनुसूची २
### (नियम २५ सँग सम्बन्धित)
### वार्षिक क्रियाकलापको प्रतिवेदन

| | |
|---|---|
| १. | **विगत वर्षमा गरेको क्रियाकलाप गतिविधि र कार्यक्रम सम्बन्धी विवरण** |
| | क) शैक्षिक गतिविधि ख) तालिम |
| | ग) खेलकुद घ) सांस्कृतिक कार्यक्रम |
| | ङ) अन्य गतिविधि र कार्यक्रम |
| २. | **बालबालिकाको सङ्ख्यात्मक विवरण** |
| | क) ५ वर्षसम्मका बालबालिकाको सङ्ख्या ख) १० वर्षसम्मका बालबालिकाको सङ्ख्या |
| | ग) १० वर्षभन्दा माथिका बालबालिकाको सङ्ख्या घ) जम्मा बालबालिकाको सङ्ख्या : |
| ३. | **विगत वर्षमा भर्ना भएका बालबालिकाको सङ्ख्यात्मक विवरण** |
| | क) ५ वर्षसम्मका बालबालिकाको सङ्ख्या ख) १० वर्षसम्मका बालबालिकाको सङ्ख्या |
| | ग) १० वर्षभन्दा माथिका बालबालिकाको सङ्ख्या घ) जम्मा बालबालिकाको सङ्ख्या : |
| ४. | **शैक्षिक विवरण** |
| | क) कक्षा ५ सम्म अध्ययन गर्ने बालबालिकाको सङ्ख्या ख) कक्षा १० सम्म बालबालिकाको सङ्ख्या |
| | ग) कक्षा १० भन्दा माथिका बालबालिकाको सङ्ख्या |

**५ . विगत वर्षमा छोडेर गएका बालबालिकाको विवरण :**

| क.सं. | नाम | भर्ना गरिएको मिति | व्यवसाय | काममा लगाउने व्यक्ति वा संस्थाको नाम र ठेगाना | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**६. वार्षिक बजेट सम्बन्धी विवरण**

**७. समस्या र सुझावहरू**

हस्ताक्षर :

नाम :

बाल कल्याण गृह प्रमुख प्रशासक

द्रष्टव्य : खण्ड २,३ र ४ बमोजिम बालबालिकाहरूको सङ्ख्या खुलाउँदा लिङ्ग छुट्टिने गरी उल्लेख गर्नु पर्नेछ ।

## अनुसूची ३

**(नियम २७ सँग सम्बन्धित)**

## श्रमिकका रूपमा काममा लगाइएका बालबालिकाको विवरण

१. बालक/बालिकालाई काममा लगाउने व्यक्ति वा संस्थाको विवरण

२. ठेगाना :

३. काममा लगाइएको वा लगाउने भएको मिति :

४. कामको किसिम वा विवरण :

५. दैनिक काम गर्नु पर्ने समय :

६. हप्ताभर काम गर्नु पर्ने समय (हप्ताभर काम गर्नु पर्ने घण्टामा उल्लेख) :

७. हप्तामा पाउने विदाको बार :

८. पारिश्रमिक अङ्क :

९. अन्य सुविधाहरू :

१०. बालक/बालिकाको फोटो :

११. बालक/बालिकाको नाम :

१२. ठेगाना :

१३. उमेर :

१४. योग्यता :

१५. बाबु, आमा वा संरक्षकको नाम :

१६. ठेगाना :

विवरण दिने व्यक्तिको :

हस्ताक्षर :

नाम :

मिति :

संस्थाको छाप :

# बालसहभागिता सम्बन्धी कार्यविधि, २०७७

प्रमाणीकरण मिति : २०७७ कार्तिक २३

## प्रस्तावना

नेपालको संविधानको धारा ३९ (३) मा बाल सहभागितालाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (ञ) (५) मा "बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने" भन्ने व्यवस्था छ। बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को बुँदा ८.३८ देखि ८.४५ सम्म बाल सहभागिता सम्बन्धी प्रावधानहरू रहेका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार र दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार र दफा १४ मा खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक सहभागिताको अधिकारको व्यवस्था गरिएको छ। बालमैत्री स्थानीय शासनका सूचकहरूमा स्थानीय तहको योजना निर्माण प्रक्रियामा बालसहभागिता, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समितिमा बालसहभागिता, बाल क्लब तथा सञ्जालमा बालसहभागिता लगायतका सूचकहरूको व्यवस्था गरिएको छ। पन्ध्रौं योजनाको बालबालिका तथा किशोर-किशोरी शीर्षकको रणनीति तथा कार्यनीतिमा विभिन्न बुँदामा बालबबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने उल्लेख गरिएको छ। दिगो विकासका लक्ष्य नं. १६.७ मा सबै तहमा जवाफदेही, समावेशी, सहभागितात्मक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने प्रतिबद्धता रहेको छ। नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १२ मा स्वतन्त्र विचारको अधिकार, धारा १३ मा अभिव्यक्तिको अधिकार, धारा १४ मा स्वतन्त्र आस्थाको अधिकार, धारा १५ मा सङ्गठनको अधिकार र धारा १७ मा सूचनाको हकको व्यवस्था गरिएको छ।

कर्णाली प्रदेशका स्थानीय तहहरूमा बालसहभागिताको अभ्यास गरिएको भएता पनि बालकको तुलनामा बालिकाहरू र विभिन्न पृष्ठभूमिका बालबालिकाहरूको सहभागिता कमी रहेको छ। यस प्रदेशमा बालसंरक्षणसँग सम्बन्धित विभिन्न सवालहरूको सम्बोधन हुन नसक्दा बालसहभागितामा समेत प्रभाव परिरहेको अवस्था छ। बालबालिकालाई उनीहरूसँग सरोकार राख्ने विकास र शासनका सबै गतिविधिको निर्णय र कार्यान्वयन प्रक्रियाको सबै चरणमा समान हैसियतमा स्वेच्छापूर्वक सहभागी हुने अधिकार रहन्छ। बालबालिकाको सर्वोत्तम हित कायम गर्न उनीहरूको विचार र भावनाको कदर गर्दै आफ्ना बारेमा गरिने क्रियाकलाप तथा योजनामा अर्थपूर्ण सहभागिता र पैरवीका लागि उनीहरूको सङ्गठित हुन पाउने समेतको अधिकारको सुनिश्चित गर्नु वाञ्छनीय भएकाले नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गर्दै गुराँस गाउँपालिका, दैलेखले **"गुँरास गाउँपालिकाको बालसहभागिता सम्बन्धी कार्यविधि, २०७७"** जारी गरेको छ।

## परिच्छेद-१ : प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम **"गुँरास गाउँपालिकाको बालसहभागिता सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि गुँरास गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले गुँरास गाउँपालिकाको बालसहभागिता सम्बन्धी कार्यविधि, २०७७ सम्झनु पर्छ।

(ख) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ (ञ))।

(ग) "महासन्धि" भन्नाले संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ङ) "स्थानीय तह वा सरकार" भन्नाले गुँरास गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(छ) “संरक्षक” भन्नाले बालबालिकाको हकहितको संरक्षण गर्न प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ज) “बाल क्लब” भन्नाले वडा तथा गाउँपालिकामा सूचीकृत भएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाको संस्थालाई जनाउने छ ।

(झ) “बाल सञ्जाल” भन्नाले बाल क्लबहरूको सञ्जाललाई जनाउने छ ।

(ञ) “बालमैत्री स्थानीय शासन समिति” भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्दछ ।

(ट) “विशिष्टीकृत बाल समूह” भन्नाले विश्वव्यापी प्रचलनमा रहेका विधि तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहमा आबद्ध बाल-समूहलाई जनाउने छ; जस्तै- जुनियर रेडक्रस, रोट्रयाक्ट, लियो, रेयुकाई, स्काउट आदि ।

(ठ) “अर्थपूर्ण बाल सहभागिता” भन्नाले बालबालिकासँग सम्बन्धित विषयहरूमा बालबालिकाहरूको सम्मानजनक उपस्थिति, उनीहरूका सवालहरूको निर्णय प्रक्रियामा वयस्कहरूसँगै समान सहभागिता, आफूसँग सम्बन्धित विषयहरूमा स्वतन्त्र रूपमा विचार अभिव्यक्तिको अधिकार, बालसहभागिताको प्रक्रिया र नतिजामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिइएको प्रक्रियालाई सम्झनु पर्दछ ।

(ड) “बालमैत्री” भन्नाले बालबालिकाहरूको सर्वोत्तम हितलाई ख्याल गरिएको, निर्णय प्रक्रिया, संरचना र सवालमा संवेदनशीलता भएको, उमेर र परिपक्वतासमेतका आधारमा सबै पृष्ठभूमिका बालबालिकाहरूको समान पहुँच र योजना चक्रमा बालसहभागितासमेतलाई सम्झनु पर्दछ ।

(ढ) “लैङ्गिक मैत्री” भन्नाले महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक नागरिकहरूको समान पहुँच तथा निर्णय प्रक्रिया र सवालमा लैङ्गिक संवेदनशीलता भएको, सबै लिङ्गका नागरिकहरूको योजना चक्रमा समतामूलक सहभागितालाई सम्झनु पर्दछ ।

(ण) “अपाङ्गतामैत्री” भन्नाले सबै प्रकारका अपाङ्गता भएका नागरिकहरूको समान पहुँच, निर्णय प्रक्रिया, सवालहरू, सोच, वातावरण र भौतिक संरचनामा संवेदनशीलता भएको र योजना चक्रमा सबै प्रकारका अपाङ्गता भएका नागरिकहरूको समतामूलक सहभागितालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२ : कार्यविधिको उद्देश्य तथा आधारभूत पक्षहरू

### ३. उद्देश्य

यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

(क) नेपालको संविधान, नीति तथा प्रचलित कानून एवं नेपाल सरकारले प्रतिबद्धता जनाएका बालसहभागिताको अधिकारको सुनिश्चितता स्थानीय तहमा कार्यान्वयन गर्ने-गराउने,

(ख) बढ्दो उमेर, परिपक्वता तथा सक्षमताका आधारमा घरपरिवार, समुदाय, स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकाको सहभागिता प्रवर्द्धन गर्न नीतिगत एवं संस्थागत आधार तय गर्ने,

(ग) स्थानीय तह अन्तर्गतका सम्बद्ध निकाय, संस्था तथा प्रक्रियामा बालसहभागितासँग सम्बन्धित क्रियाकलाप एवं अभ्यासलाई सुदृढ गर्ने,

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानि, जोखिम, विभेद, हानिकारक अभ्यास र बेवास्तालाई बालसहभागितामार्फत अन्त्य गर्ने,

(ङ) स्थानीय तहमा बालबालिकाहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने ।

## ४. कार्यक्षेत्र

यस कार्यविधिले गाउँपालिकाको अख्तियारी अन्तर्गत रहने गरी बालबालिकाको सहभागिता प्रवर्द्धन गर्ने-गराउनेछ। घरपरिवार, विद्यालय, समुदाय, समुदाय स्तरमा बनेका संयन्त्र र समितिहरू, स्थानीय तह तथा गैरसरकारी संस्था समेतका निर्णय प्रक्रिया, विधि, स्वामित्व, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अध्ययन, अनुसन्धान र परामर्श लगायतका प्रक्रियागत गतिविधिहरू समेतलाई समेट्ने छ ।

## ५. आधारभूत सिद्धान्त, मान्यता तथा बालसहभागिताका तत्त्वहरू

(१) यस कार्यविधिको कार्यान्वयन गर्दा देहायका सिद्धान्तहरूलाई सम्मान गरिने छ :

**(क) भेदभाव रहित :** यस कार्यविधिको कार्यान्वयन गर्दा कोही पनि बालबालिकालाई लिङ्ग, भाषा, धर्म, उमेर, जातजाति, सम्पत्ति, जन्म, शिक्षा, पहुँच, उत्पत्ति, सामर्थ्य, शारीरिक तथा मानसिक अवस्था, पारिवारिक हैसियत, आर्थिक तथा सामाजिक स्थिति, भौगोलिक अवस्था लगायतका कुनै पनि आधारमा कुनै पनि प्रकारको भेदभाव गरिने छैन ।

**(ख) सर्वोत्तम हित :** बालबालिकालाई सहभागिता गराउँदा उनीहरूको उमेर, परिपक्वता तथा विकासको स्तर अनुरूप सबै लिङ्गका बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गरिने छ। बालसहभागितासँग सम्बन्धित र क्रियाशील सबै घरपरिवार, विद्यालय, समुदाय, समुदाय स्तरमा बनेका अन्य संयन्त्र र समितिहरू, स्थानीय तह तथा गैरसरकारी संस्था लगायत अनौपचारिक संयन्त्रसमेतलाई बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई सदैव सम्मान गर्न अभिप्रेरित गरिने छ ।

**(ग) दीर्घ जीवन र विकास :** बालसहभागिताका लागि लक्षित क्रियाकलाप गर्दा, गराउँदा बालबालिकाको समग्र जीवन (दीर्घ जीवन) र विकासमा योगदान पुऱ्याउने गरी गरिने छ ।

**(घ) विचार अभिव्यक्तिको अवसर र त्यसको सम्मान :** बालबालिकाको आफ्नो जीवनसँग सम्बन्धित कुनै पनि विषयमा छलफल तथा निर्णय, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका प्रक्रियामा बालबालिकालाई आफ्नो विचार (व्यक्तिगत वा सामूहिक रूपमा) अभिव्यक्तिको अवसर दिइने छ । बालबालिकाले व्यक्त गरेको त्यस्तो विचारलाई उनीहरूको बढ्दो उमेर, परिपक्वता र सक्षमतालाई ध्यानमा राख्दै प्रत्येक चरण र निर्णय प्रक्रियामा उचित सम्मान गरिने छ । साथै बालबालिकाले व्यक्त गरेका विचारहरूमा विषयगत आधारमा गोपनीयता कायम राख्नु पर्ने सवालमा विशेष ध्यान दिइने छ ।

(२) बाल सहभागितालाई प्रवर्द्धन गर्दा देहायका मान्यताहरूलाई सम्मान गरिने छ :

(क) बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने विषयसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी हुने अधिकार हुन्छ ।

(ख) 'सहभागिता' बालबालिकाको सम्मानको आधार र सशक्तीकरणको एक व्यवहारिक उपाय हो ।

(ग) बालअधिकारको सन्दर्भमा 'सहभागिता' लाई बालबालिकाले आफ्ना अधिकार उपयोग गर्ने एक सशक्त माध्यमका रूपमा प्रयोगमा लिइने छ ।

(घ) अर्थपूर्ण सहभागिताका लागि बालबालिकाको सशक्तीकरण गरिनु जरूरी रहेको र सहभागिताको अवसरले उनीहरूलाई थप सशक्त बनाउँछ भन्ने तथ्यलाई आत्मसात गरिने छ ।

(३) बालसहभागिताको सुनिश्चितताका लागि संविधान र विद्यमान कानूनहरूको भावना र संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धिले व्याख्या गरेका देहायका आधारभूत तत्त्वहरूको परिपालना गरिने छ :

**(क) पारदर्शिता र सुसूचित :** आफ्नो विचार स्वतन्त्र रूपमा अभिव्यक्त गर्न र आफ्नो विचारलाई महत्त्व दिइनु पर्ने अधिकार बारे बालबालिकाले बुझ्न सक्ने गरी तथा उमेर-उपयुक्त किसिमबाट सूचना तथा जानकारी दिइने छ ।

(ख) **स्वयंसेवी :** कुनै पनि बालबालिकालाई निजको इच्छा विरुद्ध विचार व्यक्त गर्न दबाव दिइने छै न । बालसहभागिताका सन्दर्भमा कुनै पनि समयमा सहभागी हुनबाट आफूलाई अलग हुन सक्ने बारे उनीहरूलाई सूचित गरिने छ ।

(ग) **सम्मान पूर्ण :** बालबालिकाको विचारलाई सम्मानका साथ उनीहरूलाई आफैं आफ्ना विचार व्यक्त गर्न र क्रियाकलापहरू सञ्चालन गर्ने अवसरहरू दिइने छ । बालबालिकासँग काम गर्ने वयस्कहरू उनीहरूका कुरा बुझ्न सक्ने, उनीहरूलाई सम्मान गर्ने र बालसहभागिताका लागि राम्रो उदाहरणहरू सिर्जना गर्न सक्ने भएको कुरा सुनिश्चित गरिने छ ।

(घ) **सान्दर्भिकता :** बालसहभागिताका विषयहरू बालबालिकाको जीवनको वास्तविकतासँग सम्बन्धित भएको सुनिश्चित गरिने छ । त्यसरी पहिचान गरिएका विषयहरू सान्दर्भिक र महत्वपूर्ण भएको कुरा सुनिश्चित गर्न बालबालिकालाई सक्षम बनाउन उपयुक्त स्थान, वातावरण, प्रक्रिया र सहजीकरण अवलम्बन गरिने छ । विचार अभिव्यक्तिको अवसर उनीहरूको ज्ञान, सिप र क्षमता बढाउन सहयोग पुऱ्याउने प्रक्रियाबाट सञ्चालन गरिने छ ।

(ङ) **बालमैत्री :** बालबालिकाको क्षमता अनुरूप हुने गरी सहभागिताको वातावरण र कार्यविधिहरूको छनोट तथा पहिचान गरिने छ । बालबालिकालाई सहभागी हुनका लागि पर्याप्त समय एवं तयारी गरी बालबालिकाले प्रोत्साहनपूर्ण वातावरणमा आफ्ना विचार अभिव्यक्त गर्ने वातावरण बनाइने छ ।

(च) **समावेशी :** विद्यमान भेदभावको स्वरूपहरूलाई अस्वीकृत गर्ने तथा सीमान्तकृत र विशेष पृष्ठभूमिका बालबालिका सबैका लागि समान अवसरहरू उपलब्ध गराई समावेशी बनाइने छ । बालबालिकासँग काम गर्दा निजको व्यक्तिगत क्षमता, सामाजिक, सांस्कृतिक रूपमा संवेदनशील भई कार्य गरिने छ ।

(छ) **क्षमता विकासमा सहयोग गर्ने :** प्रभावकारी रूपमा बालसहभागिता प्रवर्द्धन गर्न सहजीकरणका लागि वयस्क एवं बालबालिकाको क्षमता विकास गरिने छ ।

(ज) **सुरक्षित र जोखिमबारे संवेदनशीलता :** बालबालिकामाथि हुन सक्ने हानि वा सहभागिताका कारण आउन सक्ने नकारात्मक परिणाम लगायतको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सबै उपायहरू अपनाइने छ । बालबालिकालाई जोखिमबाट सुरक्षित हुनु पर्ने आफ्नो अधिकार बारे सचेत हुन र आवश्यक परेमा सहयोगका लागि कहाँ जाने भन्ने बारे स्पष्ट जानकारी दिइने छ ।

(झ) **जवाफदेही :** बालबालिकाको सहभागितामा सम्पन्न गरिएका कार्यको अनुगमन र मूल्याङ्कन गर्न सहजीकरण गर्ने निकाय वा संस्थालाई जवाफदेही बनाइने छ । बालसहभागिताका प्रक्रिया र परिणाम बारे नियमित लेखाजोखा गरिनुको साथै तिनको अभिलेखीकरण गरिने छ ।

## ६. बालसहभागिताका विशिष्टीकृत क्षेत्रहरू

बालसहभागिता कार्यान्वयन गर्दा बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने विषय तथा क्षेत्रहरूमा बालबालिकाको अनिवार्य रूपमा अर्थपूर्ण सहभागिता गराइने छ । यसका लागि निम्न प्राथमिकताका विशिष्टीकृत क्षेत्रहरूमा बालसहभागितालाई प्रवर्द्धन गरिने छ ।

(१) घरपरिवारमा बालसहभागिताको प्रवर्द्धनका लागि निम्न कार्य गरिने छ :

(क) घरपरिवार तहका सरसल्लाह र निर्णयहरूमा परिवारका बालबालिकाकाको सहभागिताका लागि गाउँपालिकाले सचेतना र प्रवर्द्धन गर्ने छ ।

(२) विद्यालयमा बालसहभागिताको प्रवर्द्धनका लागि निम्न कार्य गरिने छ :

(क) विद्यालयका योजना तथा निर्णय प्रक्रियामा संस्थागत बालसहभागिता गराइने छ ।

(ख) सबै विद्यालय (सामुदायिक र संस्थागत) मा विना भेदभाव सहभागिता रहने गरी बाल क्लबहरू गठन गरिने छन् ।

(ग) विद्यालय व्यवस्थापन समितिमा लैङ्गिक पहिचानका आधारमा बालसहभागिता सुनिश्चित गर्दै एक बालिका र एक बालकको सहभागितासहित कम्तीमा दुई जनाको सहभागिता रहने छ ।

(३) समुदायमा बालसहभागिताको प्रवर्द्धनका लागि निम्न कार्य गरिने छ :

(क) समुदाय तहमा बन्ने समिति, समूह, औपचारिक तथा अनौपचारिक संस्थाहरू र अभ्यासहरूमा बालसहभागिता सुनिश्चित गरिने छ ।

(ख) समुदायमा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरूमा बालसहभागिता सुनिश्चित गरिने छ ।

(ग) आवश्यकता अनुसार समुदाय तहको बाल क्लबहरूको सम्बन्धित समुदायको सामाजिक, सांस्कृतिक, भौगोलिक लगायतका पृष्ठभूमिका आधारमा बालबालिकाको विशेष प्राथमिकताका साथ सहभागिता गराउनु पर्नेछ ।

(४) बाल क्लब तथा सञ्जालमार्फत बालसहभागिताको प्रवर्द्धनका लागि निम्न कार्य गरिने छ :

(क) वडा कार्यालयले आफ्नो भूगोलभित्रका सबै विद्यालय (सामुदायिक र संस्थागत) हरूमा र आवश्यकता अनुसार समुदायमा समेत कुनै पनि बालबालिका नछुट्ने गरी बाल क्लबहरू गठन गर्नेछन् ।

(ख) बाल-समूहहरूबीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक-आपसबाट सिकाइका अवसरहरू सिर्जना गर्न बाल क्लब सञ्जालहरू गठन गर्न सकिने छ । यस्ता बाल क्लब सञ्जालहरू सम्बन्धित वडा तहमा रहेका सबै बाल क्लबहरूलाई समेटी सबै वडाहरूमा गठन हुनेछ ।

(ग) सबै वडाहरूका बाल क्लब सञ्जालहरूलाई समेटेर गाउँपालिका तहमा एक बाल क्लब सञ्जाल हुनेछ । बाल क्लब तथा सञ्जालहरूले आफूहरू मध्येबाट नेतृत्व छनोट गरी कार्यसमिति गठन गर्नेछन् ।

(घ) यसरी नेतृत्व छनोट गर्दा कम्तीमा पचास प्रतिशत बालिकाहरूको नेतृत्व सुनिश्चित गरिने छ । बाल क्लब तथा सञ्जालको नेतृत्वमा समुदायमा सामाजिक, सांस्कृतिक र अन्य विभिन्न कारणहरूले पछाडि पारिएका समुदायका बालबालिका, फरक लैङ्गिक पहिचान भएका बालबालिका तथा अपाङ्गता भएका बालबालिका समेतको नेतृत्वदायी सहभागितालाई अनिवार्य रूपमा स्विकारिने छ ।

(ङ) एक विद्यालयमा एक बाल क्लब रहने छ । सबै बालबालिकालाई समेट्नका लागि बाल क्लबभित्र विभिन्न उपसमूहहरू बनाएर बाल क्लबका विभिन्न प्रक्रियाहरूमा सहभागिता गराइने छ । यस्ता उपसमूहहरू गठन गर्दा तीन वटा उमेर समूह (क. ५ देखि ११ वर्ष उमेरसम्मका ख. १२ देखि १५ वर्ष उमेरसम्मका ग. १६ देखि १८ वर्ष उमेरसम्मका) का आधारमा गठन गर्न सकिने छ ।

(च) गाउँपालिकाले आवश्यकता अनुसार बाल क्लब तथा सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी विस्तृत कार्यविधि तयार गरी बाल क्लब तथा सञ्जालहरूलाई व्यवस्थित गर्न पनि सक्नेछ ।

(५) गाउँपालिका तथा वडा मार्फत् बालसहभागिताको प्रवर्द्धनका लागि निम्न कार्य गरिनेछ :

(क) गाउँपालिकाको शासन, विकास निर्माणका चरण (योजना, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन), सूचना सम्प्रेषण, सार्वजनिक जवाफदेहिताका प्रक्रियाहरू र कार्यक्रमहरूमा बाल क्लब तथा बाल-सञ्जालमार्फत संस्थागत अर्थपूर्ण बालसहभागिता सुनिश्चित गरिने छ ।

(ख) गाउँपालिकाका सबै योजना निर्माण प्रक्रियामा संस्थागत बालसहभागिता सुनिश्चित गरिने छ ।

(ग) नियमित बालभेलामार्फत बालबालिकाका आवाज र सवालहरूको संस्थागत सुनुवाइको व्यवस्था गरिने छ ।

(घ) बालबालिकाका सवालहरूको सम्बोधन र बालसहभागितासँग सम्बन्धित कार्यका लागि आवश्यक नीतिगत र स्रोतको व्यवस्था गाउँपालिकामार्फत आफैं वा समन्वयमा कार्य गरिने छ ।

(ङ) गाउँपालिका र वडा तहमा बन्ने बालअधिकारसँग सम्बन्धित समिति/संरचनाहरू तथा अन्य औपचारिक र अनौपचारिक समितिहरूमा बालबालिका समेतको संस्थागत सहभागिता सुनिश्चित गरिने छ।

(च) गाउँ कार्यपालिकामा एक बाल-सल्लाहकार समूह रहने छ। यस्तो सल्लाहकार समूह गाउँ कार्यपालिकालाई गाउँस्तरीय बाल क्लब सञ्जालले एक वर्षका लागि सिफारिस गर्नेछ। बाल-सल्लाहकार समूहमा बालबालिकाको सिफारिस गर्दा गाउँपालिका स्तरीय बाल क्लब सञ्जालले समावेशिताका आधारमा सिफारिस गर्नेछ। यस्तो सल्लाहकार समूहमा ५ जना रहने छन् जसमा कम्तीमा २ जना बालिका रहने छन्। बाल-सल्लाहकार समूहले गाउँ कार्यपालिकालाई आवश्यकता अनुसार बैठक गरी बालबालिकासँग सम्बन्धित सवालहरू, गाउँपालिकाका नीति, नियम, कानून, योजना, बजेट लगायतका सवालहरूमा प्राविधिक तथा विषयगत सुझाव सल्लाह उपलब्ध गराउने छ। यस्ता प्राविधिक तथा विषयगत सुझावहरू बाल-सल्लाहकार समूहले बाल क्लब तथा सञ्जालहरूको सामूहिक छलफलबाट तय गर्नेछन्।

६. **बाल सहभागिता कार्यान्वयन :** बाल सहभागिता कार्यान्वयन गर्दा देहायका चरणहरूलाई मान्यता दिइनेछ :

(१) तयारीको चरणमा निम्न प्रक्रियालाई अवलम्बन गरिने छ :

(क) बालबालिकालाई सहभागिताका लागि तयार गर्दा सहभागितासँग सम्बन्धित सम्पूर्ण पूर्व जानकारी (के, कहाँ, किन, कहिले, कसरी) गराइने छ।

(ख) आफैं वा प्रतिनिधिमार्फत् विचार अभिव्यक्त गर्ने विकल्प र सम्भावित परिणामको आँकलन गर्न र बालबालिकालाई पनि उनीहरूको उमेर अनुकूल हुने गरी जानकारी गराइने छ।

(२) बालसहभागिताको चरणमा निम्न प्रक्रियालाई अवलम्बन गरिने छ :

(क) बालबालिकालाई कुनै कार्यक्रममा सहभागी गराउनु पर्ने अवस्थामा सम्बन्धित बालबालिका वा बाल क्लबलाई कम्तीमा ५ दिनअघि सूचना लिखित रूपमा उपलब्ध गराइने छ।

(ख) सहभागिता जनाउने बालबालिकाले सम्बन्धित बाल क्लब वा सञ्जालमा कार्यक्रम वा बैठकमा सहभागी हुनुपूर्व आफ्नो बाल क्लब वा सञ्जालमा छलफल गरी आधिकारिक धारणा र बाल क्लब वा सञ्जालको पत्रसहित सहभागी हुनेछन्। कार्यक्रम वा बैठक पश्चात् पुनः आफ्नो बाल क्लब वा सञ्जालमा गई सिकाइ तथा उपलब्धि आदान-प्रदान गर्ने छन्।

(ग) सूचना उपलब्ध गराउँदा सम्बन्धित बालबालिकाका अभिभावक र विद्यालयको समेत पूर्व-स्वीकृति लिइने छ।

(घ) कार्यक्रममा सहभागी हुने बालबालिकाका लागि विद्यमान ऐनमा उल्लेख भए अनुसार संरक्षकको व्यवस्था गरिने छ।

(ङ) बालसहभागिताका क्रममा हुन सक्ने कुनै पनि हिंसा, दुर्व्यवहार, हानि, जोखिम, विभेद, हानिकारक अभ्यास र बेवास्ताको रोकथामका लागि पूर्व तयारी गरिने छ।

(च) बालसहभागिताको प्रक्रियामा बालबालिकाका गोपनीयता राख्नु पर्ने विषयमा गोपनीयता कायम गरिने छ।

(छ) बालसहभागिताको सबै प्रक्रियामा बालबालिकाको आफ्नो विचार र भावनालाई मान्यता दिइने छ।

(ज) बाल सहभागितासँग सम्बन्धित कार्यहरूमा सहभागी छनोट क्रममा बालिका, फरक लैङ्गिक पहिचान भएका बालबालिका, अपाङ्गता भएका बालबालिका, दलित परिवारका, जोखिममा रहेका बालबालिका, विद्यालयबाहिर रहेका बालबालिका लगायतलाई प्राथमिकता दिइने छ।

(झ) बालबालिका सहभागी हुने कार्यक्रम स्थल तथा कार्यक्रम सञ्चालन प्रक्रिया बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गता मैत्री हुनु पर्नेछ।

(३) बालसहभागिताको प्रभाव र परिणाम बारे जानकारीको चरणमा निम्न प्रक्रियालाई अवलम्बन गरिने छ :

(क) बालबालिकाले व्यक्त गरेको विचार र उनीहरू संलग्न भएको प्रक्रियाबाट के-कस्तो प्रभाव पऱ्यो वा के परिणाम आयो भन्ने बारे जानकारी दिइने छ।

(ख) बालबालिका सहभागी भएका कार्यक्रमको उपलब्धि, निष्कर्ष तथा उनीहरूले व्यक्त गरेका विचारहरूको अभिलेखीकरण गर्दा सो कार्यक्रम वा प्रक्रियाको अन्त्यमा त्यसबाट आएका उपलब्धि, निष्कर्ष तथा सुझावहरूलाई पुनः उनीहरूकै सहभागितामा बालबालिका मार्फत् नै प्रमाणीकरण गरिने छ ।

(४) उजुरी तथा उपचार सम्बन्धी जानकारीका लागि निम्न प्रक्रिया अवलम्बन गरिने छ :

(क) बाल सहभागिताका क्रममा बालअधिकारको उल्लङ्घन भए वा गरिएमा त्यसबारे उजुरी गर्ने र उपचार सम्बन्धी नीतिगत व्यवस्था बारे सबै बालबालिकालाई जानकारी दिइने छ ।

(ख) उजुरी तथा उपचारको प्रक्रियामा बालन्यायको सिद्धान्तलाई ध्यान दिइने छ ।

## परिच्छेद ३ : नीतिगत व्यवस्था र लक्षित सेवा

### ७. सूचना माग्ने तथा विचार अभिव्यक्तिको अधिकार

(१) प्रचलित कानून बमोजिम बालबालिकाले आफ्नो तथा बालबालिकासँग सम्बन्धित सार्वजनिक हितको सूचना-जानकारी माग गरेमा उनीहरूको उमेर, परिपक्वता तथा बौद्धिक अवस्था समेतको ख्याल गरी सरल भाषामा सूचना जानकारी उपलब्ध गराउनु सबै सरकारी, सार्वजनिक वा निजीसंस्था वा निकायको कर्तव्य हुनेछ ।

(२) बालबालिकाको उमेर, परिपक्वता तथा बौद्धिक अवस्था अनुरूप हुने गरी गाउँपालिका अन्तर्गतका निकायको योजना निर्माणमा उनीहरूको सहभागितासहित विचार अभिव्यक्त गर्ने अवसर उपलब्ध गराइने छ ।

(३) उपदफा (२) बमोजिम बालबालिकाले अभिव्यक्त गरेको विचारको उचित सुनुवाइ गरिने छ ।

**८. बाल क्लब तथा सञ्जाल गठन र सहजीकरण** : गाउँपालिका तथा वडामा बाल क्लब तथा सञ्जाल गठन र सहजीकरणका लागि निम्न प्रक्रियाहरू अवलम्बन गरिनेछ :

(क) वडा कार्यालयले आफ्नो वडामा बाल क्लब तथा सञ्जाल गठनका लागि समन्वय र सहजीकरण गर्नेछ ।

(ख) सामाजिक सङ्घ-संस्थाले बाल क्लब तथा सञ्जाल गठन वा सहजीकरण गर्नु पर्दा पनि सम्बन्धित वडा कार्यालयको समन्वयमा हुनेछ ।

(ग) बाल क्लब तथा सञ्जालको सम्पूर्ण विवरण वडा कार्यालय तथा गाउँपालिकाको महिला बालबालिका शाखा वा तोकिएको शाखामा अभिलेखीकरण गरिने छ । बाल क्लब तथा बाल-सञ्जालको सूचीकरण तथा नवीकरणको काम गर्ने जिम्मेवारी वडा कार्यालयको हुनेछ । बाल क्लब तथा सञ्जाल सूचीकरण तथा नवीकरण पश्चात् सम्बन्धित बाल क्लब तथा बाल-सञ्जाललाई प्रमाणपत्र दिइने छ ।

(घ) बाल क्लब तथा सञ्जालको सूचीकरण र अभिलेखीकरणको फोकल व्यक्तिका रूपमा बालकल्याण अधिकारी रहने छन् ।

(ङ) बाल क्लब सूचीकरण भएपश्चात् बाल क्लबको वार्षिक साधारणसभा सम्पन्न भएको मितिले ३ महिनाभित्र प्रत्येक वर्ष नवीकरण हुनेछ । बाल क्लब तथा सञ्जालहरूको वार्षिक साधारण सभा प्रत्येक वर्षको बैशाख मसान्तभित्र गरिने छ ।

(च) बाल क्लब सूचीकरण तथा नवीकरण प्रक्रिया निःशुल्क हुनेछ ।

(छ) बाल क्लब तथा सञ्जाल गठनका लागि कम्तीमा १५ दिन अगाडि सबै बालबालिकालाई सम्बन्धित वडा कार्यालयमार्फत जानकारी गराउनु पर्नेछ ।

(ज) बाल क्लबको सङ्ख्या वडाभित्र रहेका विद्यालय र टोल-बस्ती अनुसार कम-बढी हुन सक्ने छ तर विद्यालयभित्र वा बाहिर रहेका सबै बालबालिका बाल क्लबमा सहभागी गराउनु पर्नेछ ।

(झ) बाल क्लबका सबै सदस्यहरूको बैठक वर्षमा कम्तीमा ४ पटक बस्ने छ ।

(ञ) वडाभित्र रहेका सबै बाल क्लबहरूको प्रतिनिधिहरू (कम्तीमा एक बालक र एक बालिका) को उपस्थितिमा वडा स्तरीय बाल क्लब सञ्जाल र वडा स्तरीय सबै बाल क्लब सञ्जालका प्रतिनिधिहरू (कम्तीमा एक बालक र एक बालिका) को उपस्थितिमा गाउँपालिकास्तरीय बाल क्लब सञ्जाल गठन गरिने छ ।

(ट) बाल क्लब तथा सञ्जालको कार्य समितिमा ९ देखि २१ सदस्य रहन सक्ने छन्। कार्य समिति अन्तर्गत विभिन्न उपसमितिहरू गठन गर्न सकिने छ र त्यस्ता उपसमितिहरूमा ३ देखि १५ जनासम्म सदस्यहरू रहने छन्।

(ठ) बाल क्लब तथा सञ्जालको कार्य समितिमा बहुपदीय नेतृत्व रहने छ जसमा अध्यक्ष १, उपाध्यक्ष २ (बालक १ र बालिका १), सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र बाँकी सदस्यहरू रहने छन्। सदस्यहरूलाई विषयगत समितिहरूको संयोजकको जिम्मेवारी दिइने छ।

(ड) बाल क्लब तथा सञ्जालको कार्य समितिमा आउनका लागि ९ वर्षदेखि १८ वर्षसम्मका बालबालिका हुनु पर्नेछ तर बाल क्लबको साधारण सदस्यमा भने ६ वर्षमाथि र १८ वर्षसम्मका बालबालिका रहने छन्।

(ढ) बाल क्लब तथा सञ्जालको कार्य समितिको कार्यकाल एक वर्षको हुनेछ।

(ण) बाल क्लब तथा सञ्जालको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तीमा एक पटक बस्नेछ।

(त) बाल क्लब तथा सञ्जालको कार्यालय र नियमित बैठकका लागि गाउँपालिका, वडा कार्यालय वा विद्यालयले स्थान उपलब्ध गराउने छन्।

(थ) वडा कार्यालयले वडा समितिबाट एक जना निर्वाचित जनप्रतिनिधिलाई बाल क्लबको गठन र सहजीकरणका लागि फोकल व्यक्ति तोक्नेछ। विद्यालय स्तरीय बाल क्लबको सहजीकरणका लागि थप एक जना फोकल शिक्षकसमेत विद्यालय व्यवस्थापन समितिले तोक्ने छ।

(द) बाल क्लब तथा बाल-सञ्जाल सूचीकरण गर्दा बालक वा बालिकाको सङ्ख्या, कार्य समितिका पदाधिकारी र सदस्यको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपिसहित आवश्यक विवरणहरू सम्बन्धित वडामा निवेदन दिनु पर्नेछ। सम्बन्धित वडा कार्यालयले वडामा आफ्ना वडाभित्र रहेका बाल क्लब तथा सञ्जालहरूको सूचीकरण गरी सोको विवरण गाउँपालिकाको तोकिएको शाखा तथा फोकल व्यक्तिलाई समेत अभिलेखीकरणका लागि उपलब्ध गराउनु पर्नेछ।

(ध) बाल क्लबहरू बाहेक विद्यालय तथा समुदायमा विशिष्टीकृत बाल-समूहहरू; जस्तै- जुनियर रेडक्रस, रोट्राक्ट, लियो, रेयुकाई, स्काउट आदि पनि रहने छन्।

(न) बाल क्लबले नियमित बैठक छलफल, सिकाइ आदान-प्रदान, बाल विकाससँग सम्बन्धित क्रियाकलाप जस्तै- खेलकुद, भित्तेपत्रिका प्रकाशन, कला, सांस्कृतिक कार्यक्रम, सामुदायिक स्वयंसेवासँग सम्बन्धित क्रियाकलाप, अतिरिक्त क्रियाकलाप आदि, बालसंरक्षणको प्रवर्द्धन, परम्परागत हानिकारक अभ्यासहरूको अन्त्यका लागि सचेतना, बालअधिकारको प्रचार-प्रसार, बालअधिकारको अवस्थाको अनुगमन, बालबालिकाको सर्वाङ्गीण विकाससँग सम्बन्धित सवालहरूमा आवश्यक सिफारिस, स्थानीय तहको योजनानिर्माण प्रक्रिया, बालभेलामा सहभागिता लगायतका क्रियाकलापहरू गर्ने छन्।

## ९. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार

(१) गाउँपालिकामा रहेका सबै विद्यालयले बालबालिकालाई उमेर र रूचि अनुसार खेल खेल्न, खेलकुदमा सहभागी हुन र मनोरञ्जनको अधिकार उपभोग गर्न प्रोत्साहन गर्नु पर्नेछ।

(२) गाउँपालिका निकाय तथा सङ्घ-संस्थाले बालबालिकाको हित प्रतिकूल नहुने गरी सांस्कृतिक क्रियाकलापमा सहभागी हुने उनीहरूको अधिकार प्रवर्द्धन गर्न प्रोत्साहन गर्नु पर्नेछ।

# परिच्छेद ४ : संस्थागत संरचना तथा तिनको क्षमता अभिवृद्धि

## १०. गाउँपालिकास्तरीय संस्थागत संरचना निम्नानुसार हुनेछ :

(१) ऐनको दफा ६० बमोजिम गाउँपालिका तहको बालअधिकार समितिले नै यस कार्यविधिको कार्यान्वयनका लागि मूल समितिका रूपमा कार्य गर्ने-गराउने छ।

(२) ऐनको दफा ६१ बमोजिम गाउँपालिकामा रहने बालकल्याण अधिकारीले यस कार्यविधिको कार्यान्वयनका लागि केन्द्रबिन्दु कर्मचारीका रूपमा कार्य गर्नेछ ।

(३) गाउँपालिकाका उपप्रमुखले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा रहने एक समितिले कार्यविधिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(४) बालमैत्री स्थानीयशासन समितिले यो कार्यविधिको कार्यान्वयनका लागि प्रवर्द्धनात्मक र समन्वयात्मक कार्यमा सहजीकरण गर्नेछ ।

**११. कार्य विधिको कार्यान्वयनका लागि निम्नानुसार क्षमता अभिवृद्धि गरिने छ :**

(१) बालबालिकाको सहभागिता प्रवर्द्धन गर्नका लागि गाउँपालिकामा आवश्यक दक्ष जनशक्ति विकास गरिने छ । जनशक्तिको विकासका लागि विभिन्न तहका सरकार र निकाय, गैरसरकारी संस्था, दातृ निकाय, बाल क्लब वा संस्था, निजी क्षेत्र आदिसँग समन्वय, सहकार्य र सहयोग लिन सक्ने छ ।

(२) यस कार्यविधिको कार्यान्वयनका लागि आवश्यक जनशक्ति विकास गर्ने-गराउने मूल दायित्व गाउँपालिका तहको बालअधिकार समितिको हुनेछ । समितिले आवश्यकता अनुसार जनशक्ति विकास सम्बन्धी कार्यका लागि विषयगत शाखाहरूलाई जिम्मेवारी दिन सक्ने छ ।

**१२. बालकोषको स्थापना गरी कार्यान्वयन गरिनेछ ।**

(१) बालबालिकाको सहभागितालाई संस्थागत रूपमा विकास गर्नका लागि सरोकारवाला निकाय तथा सङ्घ-संस्थाहरूलाई परिचालन गरी गाउँपालिकाले एक कोषको स्थापना गर्नेछ ।

(२) बालकोष परिचालनका लागि निर्देशिका बनाई लागू गर्न सकिने छ ।

## परिच्छेद ५ : सरोकारवाला निकाय तथा संस्थाको भूमिका

**१३. गाउँपालिकाको निकाय, संस्था तथा अन्य सरोकारवालाको भूमिका :**

यस कार्यविधिको कार्यान्वयनका लागि गाउँपालिकाको निकाय, संस्था तथा अन्य सरोकारवालाको भूमिका देहाय अनुसार हुनेछ :

| | |
|---|---|
| गाउँपालिका | • स्थानीय तहको विभिन्न समिति तथा प्रक्रियामा बालबालिकाका प्रतिनिधिहरूलाई आमन्त्रित गरी विचार अभिव्यक्तिको अवसर दिने,<br>• स्थानीय तहको योजना निर्माण प्रक्रियामा बाल क्लब वा त्यसभन्दा बाहिर रहेका खासगरी सीमान्तकृत वा सकारात्मक विभेदको आवश्यकता भएका बालबालिकाको सहभागिताको निम्ति विशेष पहल गर्ने,<br>• बालक्लब वा संस्था दर्ता गर्नका लागि आफ्नो स्थानीय तहमा कार्यविधि तर्जुमा गरी लागू गर्ने, |
| बालअधिकार समिति (अन्य समितिहरूसमेत), सञ्जाल | • बाल क्लब, सञ्जाल वा संस्थाका सदस्यहरूलाई बालअधिकार, बाल सहभागिताका प्रक्रिया तथा जीवन उपयोगी सिप लगायतका तालिम सञ्चालन गर्ने-गराउने, |
| विद्यालय | • प्रत्येक विद्यालयमा बालसहभागिता प्रवर्द्धन गर्न बालकेन्द्रित शिक्षण-सिकाइ विधिको अभ्यास गर्ने,<br>• विद्यालयमा बाल क्लब गठन गर्न सहजीकरण गर्ने,<br>• विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घमा सदस्यका रूपमा समावेशी प्रतिनिधित्वका आधारमा २ जना सहभागी गराउने, |

| | |
|---|---|
| | ● विद्यालयको भौतिक संरचना (कक्षाकोठा, चर्पी, खानेपानी, खेल मैदान) निर्माण गर्ने क्रममा विद्यार्थी (बाल क्लब) सँग परामर्श गर्ने र उपयुक्त सुझाव कार्यान्वयन गर्ने-गराउने,<br>● बाल क्लबका सदस्यहरूलाई बालअधिकार, बालसहभागिताका प्रक्रिया तथा जीवन उपयोगी सिप लगायतका तालिम सञ्चालन गर्ने-गराउने,<br>● विद्यालयमा बाल संरक्षण सम्बन्धी कुनै पनि घटनालाई सम्बोधन गर्न उजुरी-सुनुवाइ र त्यस सम्बन्धी कारबाही अघि बढाउन विद्यालयमा ऐनको दफा ५७ बमोजिम बाल संरक्षण मापदण्ड लागू गर्ने, |
| स्वास्थ्य संस्था | ● बालबालिकालाई लक्षित गरी स्वास्थ्य सचेतना तथा जानकारीमूलक क्रियाकलाप गर्ने-गराउने,<br>● बाल क्लबमा आबद्ध भएका तथा विद्यालयमा अध्ययनरत बालबालिकालाई परिचालन गरी समुदायका वयस्क तथा बालबालिकालाई स्वास्थ्य सचेतना अभिवृद्धिमा जोड दिने,<br>● बाल क्लबका सदस्यहरूलाई बालअधिकार, बाल सहभागिताका प्रक्रिया तथा जीवन उपयोगी सिप लगायतका तालिम सञ्चालन गर्ने-गराउने,<br>● स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा सदस्यका रूपमा समावेशी प्रतिनिधित्वका आधारमा २ जना सहभागी गराउने । |
| सङ्घ-संस्था (सामुदायिक संस्थासमेत) | ● बाल सहभागिताको अभ्यासको प्रवर्द्धन गर्न बाल क्लबको स्थापना, परिचालन, बालबालिकाको क्षमता विकासमा सहजीकरण गर्ने, स्रोत उपलब्ध गराउने,<br>● आफ्नो संस्थामा ऐनको दफा ५७ बमोजिम बालसंरक्षण मापदण्ड बनाउने, बाल सहभागिता सम्बन्धी नीति र योजना तर्जुमा बनाउने तथा तत् सम्बन्धमा बालबालिकासँग परामर्श गर्ने अभ्यास बढाउने,<br>● बाल सहभागिता सम्बन्धी क्रियाकलाप सञ्चालन तथा सहजीकरण गर्नको निम्ति आफ्नो संस्थागत क्षमता अभिवृद्धि गर्ने-गराउने,<br>● बाल क्लबका सदस्यहरूलाई बालअधिकार, बाल सहभागिताका प्रक्रिया तथा जीवन उपयोगी सिप लगायतका तालिम सञ्चालन गर्ने-गराउने,<br>● गैरसरकारी संस्थाको बालबालिका लक्षित कार्यक्रम तर्जुमा, कार्यान्वयन लगायत सम्पूर्ण कार्यक्रम चक्रमा बाल-सल्लाहकार समूहको व्यवस्था गरी बाल सहभागिताको अभ्यास गर्ने-गराउने, |
| बाबु-आमा वा अभिभावक | ● बालबालिकाको उमेरगत विशेषताबारे जानकारी लिने र उनीहरूसँग मित्रवत् तथा मैत्रीपूर्ण बोली बोल्ने तथा व्यवहार गर्ने,<br>● स्थानीय स्तरमा बालबालिकाको आवस्था, उनीहरूले भोगेका समस्या तथा बालबालिकालाई सघाउन वयस्कका रूपमा आफ्ना जिम्मेवारीबारे अन्य वयस्कहरूसँग छलफल गर्ने (जानकारी आदान-प्रदान गर्ने)<br>● बालबालिकाका सवाललाई जिम्मेवार निकाय समक्ष पुऱ्याउन सहजीकरणमा पहल गर्ने,<br>● घरपरिवारमा बालापन प्रवर्द्धनका लागि बाबु-आमा वा अभिभावकले विशेष ध्यान दिने । |
| बालबालिका, बाल क्लब र सञ्जाल | ● प्रचलित कानून अनुसार बाल क्लब र सञ्जालको स्थापना, दर्ता गर्ने,<br>● बाल क्लब र सञ्जाललाई समावेशी (विना भेदभाव) बनाउने र सदस्यता लिने-दिने प्रक्रियालाई सहज, सरल र सबैको पहुँचमा पुऱ्याउने,<br>● बाल क्लब र सञ्जालका सदस्यहरूलाई बालअधिकार, बालसहभागिताका प्रक्रिया तथा जीवन उपयोगी सिप लगायतका तालिम आयोजना गर्ने-गराउने,<br>● बालअधिकार उल्लङ्घन भएमा सामूहिक आवाज उठाउने तथा सम्बन्धित निकायमा सूचना तथा उजुरी दिने, |

| | |
|---|---|
| | ● स्थानीय स्तरमा बालसहभागिता प्रवर्द्धन गर्ने अभ्यास बढाउन योजना, कार्यक्रम बनाउन स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वय सहकार्य गर्ने,<br>● स्थानीय स्तरमा बालअधिकार र बालसहभागिता सम्बन्धी अनुगमन प्रक्रियामा सक्रिय रूपमा सहभागी हुने । |

## परिच्छेद ६ : अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

### १४. अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गरिने

(१) यस कार्यविधिको कार्यान्वयन तथा लक्ष्य प्राप्तिका लागि सरोकारवालाहरू तथा स्वयं लक्षित समूहहरूको प्रत्यक्ष संलग्नतामा प्रत्येक वर्ष सहभागितामूलक अनुगमन गरिने छ ।

(२) यस कार्यविधि कार्यान्वयनको पहिलो वर्षभित्र गाउँपालिका अन्तर्गतका सबै वडाहरूलाई समेटी बालसहभागिता सम्बन्धी एक आधार रेखा (बेसलाइन) तथ्याङ्क सङ्कलन गरिने छ । यसका लागि गाउँपालिकाका शाखाहरू, बालअधिकार तथा बालसहभागिताको क्षेत्रमा क्रियाशील संस्था, बाल क्लब, सञ्जाल र अन्य सरोकारवालाहरूसँग समन्वय गरिने छ ।

(३) उपनियम (२) बमोजिमको आधार रेखा तथ्याङ्कका आधारमा यस कार्यविधिमा समावेश भएका क्रियाकलापहरूलाई आवश्यकता अनुसार परिमार्जनसमेत गर्न सकिने छ ।

(४) यस कार्यविधिको कार्यान्वयनको तेस्रो वर्ष पूरा भएपछि बालमैत्री पद्धतिबाट मध्यावधि मूल्याङ्कन गरिने छ । सोका लागि स्थानीय तहका सरोकारवाला सरकारी निकाय तथा बालबालिका समेतको प्रत्यक्ष सहभागितामा एक मध्यावधि मूल्याङ्कन समिति गठन गरिने छ । समितिले मूल्याङ्कन गर्नका लागि सूचकहरू निर्धारण गरी स्थलगत अध्ययन, अवलोकन तथा आवश्यकता अनुसार मूल्याङ्कन कार्यशालाहरू समेत सञ्चालन गरी मध्यावधि मूल्याङ्कन गर्ने छ ।

(५) यस नियम अनुरूप गरिएको कुनै क्रियाकलाप तथा त्यसबाट प्राप्त भएको सूचना जानकारीलाई गाउँपालिकाको तोकिएको शाखाहरूले यस कार्यविधिमा समावेश गर्ने, गराउने छ ।

## परिच्छेद ७ : विविध

### १५. यसै कार्यविधि बमोजिम हुने

यस कार्यविधिमा लेखिए जति कुरामा यसै बमोजिम र अरूमा प्रचलित सङ्घीय, प्रादेशिक र स्थानीय नीति एवं कानून बमोजिम हुनेछ ।

### १६. मापदण्ड बनाउने अधिकार

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक मापदण्ड बनाउन सक्ने छ ।

### १७. अधिकार प्रत्यायोजन

गाउँपालिका, वडा समिति र बालअधिकार समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी समिति, शाखा, वा शाखाको कुनै कर्मचारी वा अन्य कुनै निकायलाई प्रत्यायोजन गर्न सक्ने छ ।

**१८. संशोधन** : गाउँ कार्यपालिकाले यस कार्यविधिको संशोधन गर्नेछ ।

## अनुसूची-१

## बालसहभागिता

'सहभागिता' व्यक्तिको सम्मानको आधार र सशक्तीकरणको एक व्यावहारिक उपाय हो । मानवअधिकारको बृहत् सन्दर्भमा 'सहभागिता'लाई **अधिकारका धारक**ले आफ्ना अधिकार उपयोग गर्ने एक सशक्त माध्यमका रूपमा लिइन्छ । त्यसो त सहभागिता आफैंमा मानवअधिकारको लक्ष्यसमेत हो । एकातिर अर्थपूर्ण सहभागिताका लागि वयस्क तथा बालबालिकाको सशक्तीकरण गरिनु जरूरी छ भने अर्कातर्फ सहभागिताको अवसरले उनीहरूलाई थप सशक्त बनाउँछ।[1]

बालसहभागिता भन्नाले बालबालिकालाई उनीहरूको विचारहरू व्यक्त गर्न वा आफूलाई असर गर्ने विषय बारे बोल्ने, निर्णय प्रक्रियामा संलग्न हुने र आफ्नो उमेर र परिपक्वता अनुरूप दैनिक गतिविधिमा सहभागी हुनुलाई जनाउँछ । सहभागिताले बालबालिकालाई आफ्ना चासोको विषय वा आफ्नो जीवन अथवा परिवारलाई असर गर्ने गतिविधिहरूमा सक्रिय हुन आह्वान गर्दछ। सहभागिताले बालविकास, बालसंरक्षण र बाल बचावट जस्ता अधिकारहरू समेतको परिपूर्तिमा सकारात्मक प्रभाव पार्न सक्दछ ।

बालविकासको एक प्रक्रियाका रूपमा बालसहभागितालाई लिन सक्दछौं, जसले बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने विषयहरूको निर्णय प्रक्रियामा सहभागी हुने र आफ्नो बढ्दो क्षमता अनुसार आफ्ना विचारहरू व्यक्त गर्ने अवसर प्रदान गर्दछ । बालसहभागिता सम्बन्धी सामान्यतया दुई अवधारणाहरू व्याप्त रहेको पाइन्छ-

- निर्णय प्रक्रिया र क्रियाकलापहरूमा बालबालिकाले भाग लिने वा तिनमा प्रभाव पार्ने ।
- आफ्नो व्यक्तिगत र सामाजिक जीवनसँग सरोकार राख्ने विषयवस्तुमा अन्य वयस्कहरू सँगै बालबालिका पनि संलग्न हुने/गराउने ।

'बालसहभागिता' बारे बालअधिकार सम्बन्धी महासन्धि, १९८९ का देहायका व्यवस्थाहरू महत्त्वपूर्ण रहेका छन् :

धारा १२ को प्रावधान 'बालबालिकालाई सुनिनु पर्ने अधिकार' लाई बालअधिकार सम्बन्धी महासन्धि, १९८९ का चार वटा सामान्य सिद्धान्तमध्ये एक सिद्धान्तका रूपमा समेत स्वीकार गरिएको छ । यसर्थ, यो प्रावधान महासन्धिमा व्यवस्था गरिएका अन्य बालअधिकारहरूको कार्यान्वयनका सन्दर्भमा पनि यसलाई 'कसी' का रूपमा उपयोग गर्न सकिन्छ । बालबालिकाको सहभागितासँग सम्बन्धित महासन्धिका सिद्धान्तहरू तथा प्रावधानहरूले आफ्ना अधिकारको परिपूर्तिका लागि बालबालिकालाई 'नागरिकका रूपमा' (as Citizens) र 'सक्रियकर्ताका रूपमा' (as Active Actors) लिएका छन् । अनि सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई सम्मान गर्दै नैतिकता पूर्ण र अर्थपूर्ण तरिकाले सहभागी हुनका लागि अवसर सिर्जना गर्ने आधारभूत दायित्व वयस्क व्यक्ति तथा संस्थालाई सुम्पेको छ ।

बालसहभागिताका सम्बन्धमा देहायका पद्धतिहरूलाई उचित ध्यान दिनु आवश्यक हुन्छ :

- **सक्षम बनाउने अधिकारका रूपमा सहभागिता एवं बालबालिकाको अन्य अधिकारहरूलाई परिपूर्ति गर्ने उपायका रूपमा** बालबालिकाको विचार अभिव्यक्त गर्ने अधिकार र आफूलाई प्रभाव पार्ने विषयहरूमा उनीहरूको विचारको उचित सुनवाइ हुनुपर्ने अधिकारले सामान्यतया बालबालिकालाई अधिकारका धारकका रूपमा स्वीकार गर्दछ । यसले उनीहरूलाई आफ्नो अधिकारको माग दाबी गर्ने अख्तियारी पनि दिन्छ, जबकि बालबालिकाको 'निर्णय प्रक्रियामा सहभागी हुन पाउने' अधिकारले बालक वा बालिकालाई व्यक्तिगत रूपमा र सामूहिक रूपमा अधिकार (आफ्नो र आफ्ना दौँतरीहरू समेतको अधिकारको कार्यान्वयनका लागि 'सक्रियकर्ता'का रूपमा मान्यता दिन्छ ।
- **सहभागिता एउटा प्रक्रियाका रूपमा** (Participation as a Process) बालसहभागिता कुनै एक कार्यक्रम वा क्रियाकलापमुखी मात्र या भनौं एक पटकमा सकिने क्रियाकलापमा आधारित हुँदैन, बरु यसका लागि '

[1] चन्द्रिका खतिवडा र शिव थापा, २०६९, सहभागिताको सन्दर्भ र परिवार, विद्यालय, समुदाय एवं स्थानीयतहमा बालबालिकाको सहभागिता, **सशक्तीकरण**, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, पृष्ठ १

दीर्घकालीन पद्धति र दिगो प्रतिबद्धताको आवश्यकता पर्दछ' । यसर्थ, बालसहभागितालाई बालबालिकाको दैनिक जीवनका वास्तविकतासँग मेल खाने गरी समन्वय गरिनु पर्दछ र परिवार एवं समुदायको अनौपचारिक सन्दर्भमा बालसहभागिताको प्रवर्द्धन गर्न र अभ्यास बढाउन जोड दिइनु पर्दछ । 'यसका लागि बालबालिका र वयस्कहरूबीच आपसी सम्मान र विश्वासमा आधारित भएर सम्बन्ध विस्तार गरी सहकार्य गर्नु आवश्यक हुन्छ । यसले समय क्रममा बालबालिका र वयस्क (व्यक्तिगत तथा संस्थागत दुवै क्षमतामा) ले मिलेर सहकार्य गर्ने नयाँ उपायहरूको विकास हुन्छ ।'[२]

- **सहभागिता एक संस्कृतिका रूपमा** (Participation 'as Culture') :

परिवार, समुदाय र स्थानीय तहका संरचनाहरूका सन्दर्भमा वयस्कबाट बालबालिकालाई दिइने सहयोगपूर्ण वातावरणले नै खास रूपमा बालसहभागितालाई निर्क्यौल गर्दछ । के वयस्कहरू :

अ) बालबालिकासँग कुराकानी वा सञ्चार-संवाद गर्दछन् ?

आ) बालबालिकाले व्यक्त गरेका विचार, अभिव्यक्ति र उनीहरूका सरोकारका विषयहरूलाई उनीहरूले भने झैँ सुन्दछन् र तिनलाई उचित महत्व दिन्छन् ?

इ) बालबालिकालाई निर्णय प्रक्रियामा संलग्न गराउँछन् ?

ई) बालबालिकाको सशक्तीकरणका लागि उचित अवसरहरू दिन्छन् ?

उ) बालबालिकाबाट सिक्न तत्पर रहन्छन् र बालबालिकाको दृष्टिकोणलाई उचित मान्यता दिन्छन् ?

ऊ) बालसहभागिता प्रवर्द्धन गर्ने गरी क्रियाकलापहरूको तर्जुमा गर्दछन् र प्रक्रियाहरूलाई सहजीकरण गर्दछन् ? बालसहभागिताका सन्दर्भमा सम्बोधन गरिनुपर्ने यी केही आधारभूत सवालहरू हुन् । बालसहभागिताको सन्दर्भमा, वयस्कहरूले के म/हामी :

अ) पद्धति तथा प्रक्रियाहरूमा नयाँ एवं रचनात्मक स्वरूप दिनका लागि खुल्ला छु/छौँ, आ) बालबालिकासँग अन्तर्क्रिया तथा सञ्चार-संवादमा लोकतान्त्रिक मूल्य/मान्यता एवं प्रक्रियालाई आत्मसात् गर्दछु/छौँ,

इ) बालसहभागिता प्रवर्द्धन गर्ने विधिगत प्रक्रियाहरू बारे राम्रो जानकारी राख्दछु/छौँ र त्यसमा दक्ष छु/छौँ ? भनी आफूहरूलाई नै नियाल्नु आवश्यक हुन्छ । यसर्थ पनि कि बालबालिकाप्रति वयस्कहरूका धारणाले धेरै सन्दर्भमा बालसहभागिताका लागि बृहत् रूपमा वातावरण तय गरिरहेको हुन्छ ।

- **बालबालिकाको सशक्तीकरण** (Empowering Children) :

बालबालिकाको विकासका लागि उनीहरू स्वयंलाई सशक्तीकरण गर्न बालसहभागिताको महत्त्वपूर्ण भूमिका हुन्छ । बालिका वा बालकले सहभागिता मार्फत - अ) महत्त्वपूर्ण जीवन उपयोगी सिप र ज्ञान सिक्न सक्दछन्, र आ) अधिकार हनन हुन नदिन र अधिकार हनन भएको अवस्थामा त्यसलाई सम्बोधन गर्न सक्रियता देखाउन सक्दछन् । विभिन्न उमेर, पृष्ठभूमि र अनुभवहरू भएका बालिका र बालकहरूले आफ्ना अधिकार बारे बुझ्ेमा र तिनको 'मागदाबी' गरेमा तथा अधिकार परिपूर्तिका लागि योगदान गर्न सकेमा नै बालसहभागिता सम्बन्धी पहलहरू सुदृढ हुन्छन् । यो बढ्दो रूपमा स्वीकारिएको छ कि बालबालिकासँग परामर्श गर्नु भनेको बालबालिकाका सरोकारका विषयमा बनाइने नीति तथा अभ्यासहरूलाई प्रभावकारी हुनेछन् भनी सुनिश्चित गर्ने एक व्यवहारिक उपाय पनि हो ।

२ सेभ द चिल्ड्रेन स्वीडेन, जोआकिम थेइस, २००४, Promoting Rights-based Approaches(अधिकारमा आधारित पद्धतिहरूको प्रवर्द्धन), पृ. ११३

## अनुसूची-२ : उमेर अनुरूप विभिन्न तहमा हुनसक्ने बाल सहभागिताका स्वरूपहरू[३]

**क) ६ वर्षसम्मका बालबालिकाको सहभागिता :**

| चारित्रिक विशेषताहरू | सहभागिता प्रवर्द्धनका लागि वयस्कका भूमिकाहरू | सहभागिता प्रवर्द्धनका क्षेत्र तथा पद्धतिहरू | सहभागिताबाट पर्ने सकारात्मक प्रभावहरू |
|---|---|---|---|
| गर्भधारणदेखि सुरूवात, एकदमै छिटो-छिटो शारीरिक परिवर्तन तथा विकास हुने अवस्था,<br><br>सामान्यतया गर्भावस्था, जन्मदेखि ६ महिना, ६ महिनादेखि ३ वर्ष र ३ वर्षदेखि ६ वर्षसम्म गरी ४ भागमा विभाजन गर्न सकिने,<br><br>शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक, सामाजिक आदि सबै क्षेत्रको विकासका लागि जीवनकालको सबैभन्दा महत्त्वपूर्ण अवस्था,<br><br>बाल सहभागिता प्रवर्द्धनका लागि समेत तुलनात्मक रूपमा सबैभन्दा कम जोड दिइएको अवस्था,<br><br>सहभागिताको सबैभन्दा महत्त्वपूर्ण उद्देश्य उनीहरूको सर्वाङ्गीण विकाससँग सम्बन्धित,<br><br>घरपरिवार तथा प्रारम्भिक बालविकास केन्द्र तहसम्मको सहभागिता महत्त्वपूर्ण । | सानाले भनेको हामीलाई काम लाग्दैन भनेर बेवास्ता नगरी बालबालिकालाई आफूलाई मनमा लागेको कुरा व्यक्त गर्ने अवसर दिनु पर्दछ ।<br><br>उनीहरूको राम्रा र आवश्यक कुराहरू पूरा गर्न सकिने छन् भने पूरा गरिदिनु पर्दछ र नसकिने वा अनावश्यक कुराहरू छन् भने कारणसहित त्यो कुरा गर्न नहुने भनेर बुझाउनुपर्दछ, जसले उनीहरूले तर्कपूर्ण रूपमा सहभागिता जनाउन सक्दछन् ।<br><br>जिज्ञासाले बालबालिकामा उद्यमशीलताको विकास गर्दछ । तसर्थ, उनीहरूको जिज्ञासालाई निरूत्साहित नगरी त्यसको जवाफ सोही समय वा केही समयपछि पक्कै दिनु पर्दछ । उनीहरूको उमेर अनुकूल नभएका जिज्ञासालाई त्यसको उत्तर दिनुभन्दा पनि उमेरसँगै थाहा पाउने छौ भनेर बुझाउन सक्नु पर्दछ । | अभिनय : अत्यावश्यक आधारभूत सिपहरू सिक्नका लागि वास्तविक जीवन वा वातावरणमा देखेका र अनुभव गरेका घटनाहरूको अभिनय,<br><br>निर्माण : विभिन्न सामानहरू आफैंले एकै ठाउँमा थुपारेर आफूले देखेका वस्तुहरू घर, पुल, भवन, पर्खाल आदि निर्माण गर्दै निर्णय गर्ने तथा काम पूरा गर्ने बानीको विकास,<br><br>सङ्गीत : कुनै पनि वस्तुहरू बजाएर आवाज निकालेर, गाउँर वा नाचेर रमाइलो मान्ने, ताल मिलाएर नाच्ने आदि गर्दै साथीहरूसँग समायोजन भएर शरीरको चालसँग बौद्धिक समन्वयको विकास,<br><br>खोज वा अनुसन्धान : वरिपरिका वस्तुहरूलाई खोज तथा अनुसन्धानात्मक तरिकाबाट पत्ता लगाउँदै विशेषताका आधारमा वर्गीकरण गर्दै आविष्कारक बन्ने आधारको तयारी,<br><br>सिर्जना : पहिले खेलेकै खेल सामग्रीहरूबाट नयाँ किसिमले खेल्ने, रङहरू मिसाएर नयाँ रङ निकाल्ने, ब्लकहरू मिलाएर नयाँ खालको वस्तु बनाउने, शब्दहरू सिर्जना गर्दै सिर्जनशीलताको विकास, | नेतृत्व लिने र दिने सिप विकास,<br><br>सही र गलत छुट्टाएर व्यवहारमा उतार्न सिक्ने,<br><br>नक्कल गरेर सामाजिक गुण, सिप, र नियम सिक्ने,<br><br>आफूभन्दा ठूलाहरूबाट परम्परा संस्कृतिका बारेमा जान्ने,<br><br>आफूभित्र रहेको क्षमता पत्ता लगाई आत्मविश्वास बढाउने,<br><br>सामाजिक सम्बन्ध स्थापना गर्ने सिपको विकास,<br><br>सामूहिक कार्यलाई प्रोत्साहन गर्ने प्रजातान्त्रिक परिपाटी,<br><br>गन्ती गर्न, शब्द उच्चारण गर्न तथा भाषा जस्ता पूर्व शिक्षा,<br><br>समस्याको पहिचान गरी समाधानको उपाय पत्ता लगाउने,<br><br>नयाँ वस्तु तयार गर्ने, नयाँ तरिकाबाट समस्या समाधान, |

[३]यो खण्डको सूचनाजानकारी कन्सोर्टियम नेपालले प्रकाशन गरेको उमेरगत बालसहभागिता निर्देशिकाको आधारमा तय गरिएको हो ।

| चारित्रिक विशेषताहरू | सहभागिता प्रवर्द्धनका लागि वयस्कका भूमिकाहरू | सहभागिता प्रवर्द्धनका क्षेत्र तथा पद्धतिहरू | सहभागिताबाट पर्ने सकारात्मक प्रभावहरू |
|---|---|---|---|
| | | घरायसी कामकाज : ठूलाको नक्कल गर्दै, काम गर्दै सामाजिक सिप विकास हुनुका साथै सुरक्षा, सामानको जतन गर्ने तथा सिप विकासमा उत्प्रेरणा,<br><br>सांस्कृतिक/सामाजिक कार्य : पास्नी, विवाह ब्रतबन्ध, जन्मदिन आदि सांस्कृतिक कार्यहरूमा सहभागी हुँदै आफ्नो सांस्कृतिक परम्परा सिक्ने र सामाजिक सिप अभिवृद्धि । | खोज अनुसन्धान गर्ने, पत्ता लगाउने र प्रस्तुत गर्ने बानी, एवं<br><br>अनौपचारिक संसारबाट औपचारिक संसारमा प्रवेश । |

**ख) ७ देखि १२ वर्षसम्मका बालबालिकाको सहभागिता :**

| चारित्रिक विशेषताहरू | सहभागिता प्रवर्द्धनका लागि वयस्कका भूमिकाहरू | सहभागिता प्रवर्द्धनका क्षेत्र तथा पद्धतिहरू |
|---|---|---|
| मध्य बाल्यावस्था वा उत्तर बाल्यावस्थाको अवस्था,<br>मनोविज्ञ एरिक एरिक्सनका अनुसार लगनशीलता विरूद्ध हीनताबोध (Industry Vs. Inferiority) को अवस्था,<br>सोचाई प्रक्रिया प्रत्यक्ष रूपमा वस्तुहरूसित सम्बन्धित हुन्छ, न कि अमूर्त विचारहरूसित (Thinking is directly related to objects, not to abstract ideas)।<br>सोचाइ प्रक्रिया सरल र चरणबद्ध हुन्छ (Thinking is linear, 'Step by step.') । | नेतृत्व लिने र दिने सिप विकास,<br>बालबालिकासँग प्रत्यक्ष अन्तर्क्रिया गर्ने व्यक्तिहरूले यस उमेरका विशेषता बारे जानकारी राखी कुन व्यवहार उमेरजन्य विशेषता हो र कुन व्यवहार समस्या हो भनेर यकिन गर्ने,<br>बालबालिकाको भावनाको कदर गर्ने र सोही अनुरूप व्यवहार गर्ने<br>बालबालिकालाई अनुशासित राख्न र असल व्यवहार सिकाउन वयस्कले आफैँलाई र आफ्नो व्यवहारलाई नियाल्नु पर्दछ ।<br>उनीहरूको रूचि र चाहनालाई बुझेर मात्र उनीहरूसँग कार्य वाव्यवहार गर्ने, | **घरपरिवार तहमा सहभागिता**<br>घरायसी निर्णय प्रक्रियामा,<br>घरपरिवारका सदस्यहरूसँगको सम्बन्ध तथा अन्तर्क्रियाका क्रममा,<br>स्वःचेतना/स्वःविश्लेषण (जस्तो कि- म के बन्न चाहन्छु, मेरो रूचिका विषयहरू र मेरो भविष्यको लक्ष्य के हो, आदि) मा,<br>अध्ययन तथा त्यसबारेको जिम्मेवारी वहन सम्बन्धी विषयमा,<br>विदाको उपयोग सम्बन्धी कुराहरूको निर्णय गर्दा<br>**विद्यालयतहमा सहभागिता**<br>कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापहरू बारे,<br>सह-शैक्षिक क्रियाकलापहरू बारे<br>अतिरिक्त वा सह-शैक्षिक क्रियाकलापहरू बारे,<br>विद्यालयमा सांस्कृतिक तथा वार्षिक उत्सव लगायतका गतिविधिहरू बारे,<br>शैक्षिक भ्रमण लगायतका क्रियाकलापहरू बारे,<br>**समुदायतहमा सहभागिता**<br>समुदायमा बालबालिकासँग सम्बन्धित सूचना जानकारीको प्रवाह तथा आदान-प्रदान सम्बन्धी, |

| चारित्रिक विशेषताहरू | सहभागिता प्रवर्द्धनका लागि वयस्कका भूमिकाहरू | सहभागिता प्रवर्द्धनका क्षेत्र तथा पद्धतिहरू |
|---|---|---|
| विचारहरूलाई मस्तिष्कमा राख्न र पुनः फर्केर विचार गर्न सकिने हुन्छ (Able to conserve and begin reverse thinking)।<br>घरपरिवार, विद्यालय, बाल क्लबदेखि समुदाय तहसम्म यस उमेर समूहलाई सहभागी गराउन सकिने । | तिखो/धारिलो वस्तु, हातहतियारबाट टाढा राख्ने एवं आगो, पानी, अग्लो ठाउँ जस्ता खतराहरूबाट जोगाउने,<br>आमाबाबुले बालबालिकाको साथीहरूका बारेमा समेत जानकारी राख्ने,<br>बालबालिकाले सिकेका र प्रयोग गरेका शब्द र उच्चारणमा भएका गल्ती-कमजोरीहरूलाई सच्याइदिने, | समुदायका सूचना जानकारी बालबालिका मार्फत् प्रवाह गर्ने सम्बन्धी<br>सामुदायिक पर्व र मेलाहरूमा भाग लिने सम्बन्धी,<br>सांस्कृतिक कार्यक्रमहरूमा भाग लिने सम्बन्धी,<br>समुदायमा रहेका सङ्घ-संस्था तथा संरचनाहरूमा<br>बालअधिकार प्रवर्द्धनसँग सम्बन्धित सामुदायिक परियोजनाको तहमा बालसहभागिता,<br>**बाल क्लब तथा सञ्जालको तहमा सहभागिता**<br>बाल क्लब तथा सञ्जालको बैठक, भेलाको आयोजना र सञ्चालन,<br>बाल क्लब तथा सञ्जालको नियमित, मासिक तथा वार्षिक कार्यक्रमहरू तय गर्ने र तिनको कार्यान्वयन,<br>बाल क्लब तथा सञ्जालको तर्फबाट अन्य संस्था वा निकायहरूसँग सहकार्य गर्ने सम्बन्धमा । |

ग) १३ वर्षदेखि १८ सम्मका बालबालिकाको सहभागिता :

| चारित्रिक विशेषताहरू | सहभागिता प्रवर्द्धनका लागि वयस्कका भूमिकाहरू | सहभागिता प्रवर्द्धनका क्षेत्र तथा पद्धतिहरू |
|---|---|---|
| किशोरावस्था तथा त्यस क्रममा आउने परिवर्तनहरूका कारणले तुलनात्मक रूपमा जटिल अवस्था,<br>मनोविज्ञ एरिक एरिक्सनका अनुसार स्व-पहिचान विरूद्ध भूमिकामा भ्रम हुने अवस्था (Ego Identify Vs. Role Confusion)<br>संवेगात्मक रूपमा सबैभन्दा गाह्रो अवस्था, | विद्यालयमा वा विद्यालय बाहिर छुट्टाछुट्टै समूहमा वा क्रियाकलापमा संलग्न हुन प्रेरित गर्ने,<br>उनीहरूको प्रयास र क्षमतालाई प्रशंसा गर्नाले त्यस्ता क्रियाकलापमा संलग्न हुन सदैव उत्प्रेरित हुने,<br>आफ्नो व्यक्तित्व बनाउने र कस्तो पेसाको उद्देश्य लिने भन्ने बारे बुझ्न र अन्वेषण (Explore) गर्न सहयोग गर्ने,<br>भविष्यका लक्ष्य (Aim) बारे सोधपुछ गर्ने गर्दै आवश्यकता अनुसार उनीहरूलाई आफ्नो जीवनको लक्ष्य निर्धारण गर्न सहयोग/सहजीकरण, | **घरपरिवार तहमा सहभागिता**<br>घरायसी निर्णय प्रक्रियामा,<br>घरपरिवारका सदस्यहरूसँगको सम्बन्ध तथा अन्तर्क्रियाका क्रममा,<br>स्व-चेतना/स्व-विश्लेषण (जस्तो कि म के बन्न चाहन्छु, मेरा रूचिका विषयहरू र मेरो भविष्यको लक्ष्य के हो, आदि) मा,<br>अध्ययन तथा त्यस बारेको जिम्मेवारी वहन सम्बन्धी विषयमा,<br>विद्याको उपयोग सम्बन्धी कुराहरूको निर्णय लगायतमा<br>**समुदाय तहमा सहभागिता**<br>दौँतरी-साथीहरूसँगको, छरछिमेकसँगको सम्बन्धमा,<br>सामुदायिक संस्थाहरूको कार्यसञ्चालनका क्रममा,<br>सामुदायिक बैठक तथा भेलाहरूको आयोजना तथा सञ्चालनमा,<br>सामुदायिक विकास कार्यहरूमा योगदान दिनमा,<br>सामुदायिक पर्व र मेलाहरूमा,<br>सांस्कृतिक कार्यक्रमहरूमा |

| चारित्रिक विशेषताहरू | सहभागिता प्रवर्द्धनका लागि वयस्कका भूमिकाहरू | सहभागिता प्रवर्द्धनका क्षेत्र तथा पद्धतिहरू |
|---|---|---|
| आमाबाबु, अभिभावक, शिक्षक तथा हेरचाहकर्ताहरूले सबैभन्दा बढी गुणात्मक समय दिनुपर्ने अवस्था,<br>विकासका सबै हिसाबले तुलनात्मक रूपमा परिपूर्ण भइसकेको हुनाले सहभागिताका सबै क्षेत्र तथा तहहरूमा सहभागी गराउन सकिने,<br>हालसम्म बालसहभागिता प्रवर्द्धनका लागि सबैभन्दा बढी सक्रिय भएको र बनाइएको उमेर समूह । | घरपरिवार वा कक्षाको नियम बारे व्यक्तिगत वा सामूहिक रूपमा छलफल गरेर आफ्ना धारणा वा राय दिन प्रेरित गर्ने,<br>उनीहरूका साथीहरू कस्ता छन् र के गर्दछन् भन्ने बारे सजग हुँदै साथीका बाबा-आमासँग भेटघाट गर्ने र उनीहरूका बानी-व्यवहार बारे छलफल गर्ने गर्नाले धेरै सूचना जानकारी आदान-प्रदान हुने गर्दछ । | **विद्यालयतहमा सहभागिता**<br>शिक्षण सिकाइका क्रियाकलापहरूमा,<br>विद्यालय तथा उच्च-माध्यमिक विद्यालयको सह-शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरूमा,<br>विद्यालय तथा उच्च माध्यमिक विद्यालयको सांस्कृतिक गतिविधि सञ्चालन तथा वार्षिक उत्सव लगायतका गतिविधिहरूमा,<br>विद्यालय तथा उच्च माध्यमिक विद्यालयको व्यवस्थापन सम्बन्धी क्रियाकलापमा,<br>शैक्षिक भ्रमण लगायतका क्रियाकलापहरूमा, र<br>शिक्षक, अभिभावक र विद्यार्थी भेला/छलफल कार्यक्रममा<br>**बाल क्लब/सञ्जाल तहमा सहभागिता**<br>बाल क्लबको बैठक, भेलाको आयोजना र सञ्चालनमा,<br>बाल क्लबको नियमित, मासिक तथा वार्षिक कार्यक्रमहरूमा,<br>बाल क्लबको संस्थागत विकास सम्बन्धी क्रियाकलापमा,<br>बाल क्लबको अगुवाईमा हुने कार्यक्रमहरूमा<br>गाउँपालिका/नगरपालिका तहमा सहभागिता<br>गाउँपालिका/नगरपालिका तहका औपचारिक संरचना एवं प्रक्रियाहरूमा,<br>गाउँपालिका/नगरपालिकाको वार्षिक योजना निर्माण प्रक्रियामा,<br>गाउँपालिका/नगरपालिकाको योजना कार्यान्वयन र अनुगमनमा,<br>गाउँपालिका/नगरपालिकाको सूचना प्रवाहमा किशोर-किशोरी सहभागी हुन सक्छन् ।<br>जिल्ला, प्रदेश तथा राष्ट्रिय तहमा सहभागिता<br>जिल्ला तथा प्रदेशको औपचारिक संरचना तथा प्रक्रियाहरूमा,<br>जिल्ला तहमा बाल क्लबको बालभेला, क्षेत्रीय तथा राष्ट्रिय बालभेला, गोष्ठी तथा तालिममा,<br>जिल्ला तथा प्रदेशको तहमा बालबालिकासँग सम्बन्धित सूचना जानकारी सङ्कलनमा,<br>जिल्ला तथा प्रदेशको बालबालिकासँग सम्बन्धित नीति निर्माणमा,<br>बालबालिकासँग सम्बन्धित कार्यक्रम र क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यमा सहभागिता जनाउन सक्छन् । |

## अनुसूची ३ : बालसहभागितासाग सम्बन्धित कानूनी प्रावधानहरू

१. नेपालको संविधान (२०७२) का व्यवस्थाहरू

| | |
|---|---|
| प्रस्तावना | ......नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, .......कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा .......प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न; |
| संविधान मूल कानून (धारा १) | (१) यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।<br>(२) यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । |
| भाग-३: मौलिक हक र कर्तव्य | |
| सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६) | (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । |
| गोपनीयताको हक (धारा २८) | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । |
| बालबालिकाको हक (धारा ३९) | (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।<br>(६) प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने,<br>(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।<br>(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| **राज्यका नीतिहरू** | |
| राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ (धारा ५१) | **(ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति**<br>(२) मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने,<br>(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,<br>**(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति**<br>(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने, |
| राज्यको दायित्व (धारा ५२) | ... मौलिक हक तथा मानवअधिकारको संरक्षण र सम्वर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ । |

### २. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९[४]

| | |
|---|---|
| उद्देश्य (७.३) | आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने, |
| नीतिहरू (८.३८) | आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई सरकारी, गैरसरकारी एवं समुदायमा आधारित निकाय वा संस्थाहरूबाट कार्यान्वयन गरिने बालबालिकासँग सम्बन्धित कार्यहरूको योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन र मूल्याङ्कन लगायत उनीहरूलाई असर पार्ने विषयमा गरिने निर्णयमा सहभागी हुने व्यवस्था गरिने छ र त्यसरी निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वता अनुसार उचित स्थान दिइने छ । |

[४](नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति : २०६९।१।४)

| | |
|---|---|
| ८.३९ | बाल सहभागितालाई मूल प्रवाहीकरण गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ । |
| ८.४० | जिल्ला तथा समुदायमा गठन गरिने बालबालिका सम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरिने छ । बालबालिका सम्बन्धी नीति, ऐन तथा नियमहरूमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सू-सूचित भई बिना भेदभाव परिवारदेखि राष्ट्रिय तहसम्म अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गरिने छ । |
| ८.४१ | बालबालिकासँग सम्बन्धित कुनै पनि न्यायिक वा प्रशासनिक काम कारबाहीमा निजलाई प्रत्यक्ष रूपमा, प्रतिनिधिमार्फत वा कुनै उपयुक्त निकायद्वारा सुनुवाइ गर्ने मौका प्रदान गरिने छ । |
| ८.४२ | स्थानीय स्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बालगृह, बालसुधार गृह समेतमा बालसहभागिता प्रवर्द्धन गर्न बालबालिकाको सङ्गठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइनेछ । |
| ८.४३ | बाल क्लब तथा बाल संस्था दर्ता गर्ने प्रक्रिया सरल गरिने छ । विद्यालय, समुदाय, बालगृह लगायत बालबालिका सामूहिक र संस्थागत रूपमा रहने क्षेत्रहरूमा बाल क्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, (गाउँपालिका) तथा नगरपालिका स्तरमा बाल क्लब सञ्जालहरू विस्तार गरिने छ । बाल क्लब तथा बाल संस्था सञ्चालनका लागि आवश्यक आचार-संहिता वा निर्देशिका जारी गर्ने व्यवस्था हुनेछ । |
| ८.४४ | बालबालिकाद्वारा अभिव्यक्त विचार, जानकारी तथा सूचनाको प्रवाहले उनीहरूलाई हुन सक्ने जोखिमबाट जोगाउन गोपनीयता सुनिश्चित गरिने छ । |
| ८.४५ | राज्यका तर्फबाट संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिमा आवधिक रूपमा पठाइने प्रतिवेदनमा बालबालिकाका विचारलाई स्पष्ट रूपमा समावेश गर्ने नियमित विधि तथा प्रक्रिया निर्धारण गरी कार्यान्वयन गरिने छ । |

## ३. बालबालिका सम्बन्धी ऐन, २०७५

| | |
|---|---|
| प्रस्तावना | "बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम" गर्न |
| परिभाषा (दफा २) | (ञ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ । |
| सहभागिताको अधिकार (दफा ८) | आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पर्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ । |
| अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार (दफा ९) | (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।<br>(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ । |
| संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार (दफा १०) | (१) प्रत्येक बालबालिकालाई बालअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम बाल क्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । |

| | |
|---|---|
| अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार (दफा १२) | (२) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ। |
| खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार (दफा १४) | (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रूचि अनुसार खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।<br>(२) प्रत्येक विद्यालयले पठनपाठन बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसका लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ।<br>(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूचि र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ।<br>(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ। |
| बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने (दफा १६) | (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ।<br>(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।<br>(४) बालबालिका रहने वा बालबालिकालाई सेवाप्रदान गर्ने सार्वजनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत-सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ। |
| परिवार वा संरक्षकको दायित्व (दफा १७) | (२) बालबालिकालाई हेरचाह, पालन-पोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया-ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यका लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ। |
| बाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराहरू (दफा २०) | बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले न्याय सम्पादनको सिलसिलामा यस ऐनमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरू विचार गर्नु पर्नेछ :<br>(क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नुअघि निजको धारणा बुझ्ने, |
| पीडित बालबालिकाका अधिकार (दफा २५) | पीडित बालबालिकालाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा देहायबमोजिमका बालअनुकूल न्यायको अधिकार हुनेछ :<br>(क) आफूले बुझ्ने भाषामा जानकारी पाउने,<br>(ख) सहभागी वा संलग्न हुने,<br>(च) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषाविज्ञ वा अनुवादकको सुविधा पाउने, |

| | |
|---|---|
| सुनुवाइ सम्बन्धी व्यवस्था (दफा ३४) | (१) बाल अदालतले बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बालमैत्री वातावरणमा मुद्दाको सुनुवाइ गर्नु पर्नेछ ।<br>(२) बाल अदालतले मुद्दाको सुनुवाइ गर्दा बालबालिकालाई सहभागी गराउनु पर्नेछ र निजलाई आफ्नो भनाइ स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्रदान गर्नु पर्नेछ । |
| बालबालिकाको कर्तव्य (दफा७७) | बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ । |

## ४. संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९

| | |
|---|---|
| धारा १२ | यस धाराको प्रावधानले बालबालिका तथा किशोर-किशोरीलाई स्वतन्त्रतापूर्वक आफ्नो विचार अभिव्यक्त गर्ने र त्यसरी व्यक्त गरिएका विचारहरूलाई बालबालिकाको बढ्दो उमेर र परिपक्वताका आधारमा सुनिनु पर्ने र उचित सम्मान गरिनु पर्ने अधिकार सुनिश्चित गरेको छ । |
| धारा १३ | यस धाराको प्रावधानले बालबालिकाले खास गरी आफूलाई आवश्यक सूचना खोज्ने, प्राप्त गर्ने र तिनको प्रवाह गर्ने लगायत उनीहरूको अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी अधिकारलाई सुनिश्चित गरेको छ । |
| धारा १५ | यस धाराको प्रावधानले सङ्घ-संस्था वा सङ्गठन खोल्ने र शान्तिपूर्ण भेला हुन पाउने बालबालिकाको अधिकार सुनिश्चित गरेको छ । |
| धारा १६ | यस धाराको प्रावधानले बालबालिकाको गोपनीयताको अधिकार सुनिश्चित गरेको छ । |

## अपाङ्गता भएका व्यक्तिहरुलाई कसरी सम्बोधन गर्ने ?

तपाईं हामीले जानेर वा नजानेर अपाङ्गता भएका व्यक्तिहरुलाई मन दुख्नेगरी वा आत्म-सम्मानमा चोट पुग्नेगरी विभिन्न गलत शब्दावलीले सम्बोधन गरिरहेका हुनसक्छौं । अञ्जानबस गरिने यस्ता गल्ती हुन नदिन सहि र मर्यादित शब्दको प्रयोग गरौ ।

| सम्बोधन गर्ने शब्द | अवस्था (क्रियात्मक सिमितताहरू) |
|---|---|
| दृष्टिविहीन अपाङ्गता | • चस्मा प्रयोग गर्दा पनि वस्तुको रंग, रूप, आकार, आकृति वा प्रकार छुट्याउन नसक्ने,<br>• दुवै आँखाले पूरै देख्न नसक्ने उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने,<br>• हिँडडुल गर्न मानव पथ-प्रदर्शक वा सेतोछडीको प्रयोग गर्ने व्यक्तिहरू । |
| न्यून-दृष्टियुक्त अपाङ्गता | • चस्मा प्रयोग गरेर वा नगरे पनि नजिकबाट ठूलो वस्तुको आकार र रंग छुट्याउन सक्ने,<br>• ठूला वस्तु वा अक्षर आँखाको नजिक लगेर मात्र पढ्न सक्ने,<br>• सेतो छडी नलिइकन पनि सामान्य हिँडडुल गर्न सक्ने,<br>• २० फीटभन्दा कमको दूरीबाट हातको औंला छुट्याउन सक्ने व्यक्तिहरू । |
| शारीरिक अपाङ्गता | • हात, खुट्टा, ढाड, हाड, जोर्नी, गर्धन, मांसपेशी, नसालगायत अन्य अङ्ग वा प्रणालीमा आंशिक वा पूर्णरूपमा क्षति पुगी अङ्गहरू चलाउन, हिँडडुल गर्न, हात-खुट्टा चलाउन समस्या वा कठिनाई हुने र उमेर पुगिसकेका तर ४ फिटभन्दा कम उचाई भएको (होचा) व्यक्तिहरू । |
| बहिरा अपाङ्गता | • पूरै सुन्न र बोल्न नसक्ने, आवाज केहीमात्रामा आउने भए पनि त्यो अस्पष्ट र नबुझिने,<br>• बोल्न सक्ने तर सुन्न चाहिँ पुरै नसक्ने,<br>• श्रवण-यन्त्र लगाएर पनि सुन्न नसक्ने, सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्तिहरू । |
| सुस्त-श्रवण अपाङ्गता | • कान कम सुन्ने वा श्रवण-यन्त्र लगाएर सुन्न सक्ने ,<br>• स्पष्ट बोल्न सक्ने तर सानो वा सामान्य स्वरमा बोलेको सुन्न नसक्ने व्यक्तिहरू । |
| स्वर-बोलाइसम्बन्धी अपाङ्गता | • सुन्न सक्ने तर स्वर र बोलीमा मात्र समस्या भएको,<br>• शब्द उच्चारण गर्नमा कठिनाइ हुने वा अक्षर वा शब्द दोहोर्‍याएर वा भकभकाएर बोल्ने,<br>• ओठ वा तालु फाटेर बोल्न अवरोध हुने, विभिन्न कारणले कृत्रिम स्वर-यन्त्र प्रयोग गर्नुपर्ने व्यक्तिहरू । |
| बौद्धिक वा सिकाइसम्बन्धी अपाङ्गता | • उमेर अनुसार सिक्नुपर्ने कुराहरू सिक्न वा गर्नुपर्ने क्रियाकलापहरू गर्न अवरोध हुने,<br>• वयस्क भईसक्दा पनि व्यवहार सानै बच्चाको जस्तो रहने ,<br>• सिकाइमा ढिलाई हुने र एउटा निश्चित समयपछि सिकाइ अघि बढ्न नसक्ने व्यक्तिहरू । |
| हेमोफिलिया अपाङ्गता | • रक्त संचार प्रणालीमा समस्या भई प्लाज्मा (क्लटीङ फ्याक्टर) को अभावको कारण बाहिरी तथा भित्री<br>(आन्तरिक) रक्तश्राव हुने र रक्तश्राव भएपछि नरोकिने अवस्था,<br>• कुनै कारणवस बाहीरी वा भित्र रक्तश्राव भएमा पनि रगत निरन्तर बगिरहने, नरोकिने वा रोकिन धेरै लामो समय लाग्ने वा रोक्न अस्पताल वा डाक्टरकै सहयोग चाहिने व्यक्तिहरू । |
| अटिज्म अपाङ्गता | • सामान्य सञ्चारमा अवरोध हुने वा दृश्य र तस्वीरहरूका माध्यमबाट सिक्न सक्ने वा सञ्चार गर्ने,<br>• सामाजिक व्यवहार गर्न कठिनाइ हुने वा एक्लै बस्न मन पराउने,<br>• एउटै क्रियाकलाप दोहोऱ्याइरहने व्यक्तिहरू । |
| मनो-सामाजिक अपाङ्गता | • विभिन्न कारणले मानसिक अवस्थामा विचलन आई दैनिक जीवनका क्रियाकलाप र जीवनका विभिन्न पक्षमा सहभागी हुन अवरोधहरूको सामना गर्नुपर्ने व्यक्तिहरू । |
| श्रवण-दृष्टिविहीन अपाङ्गता | • आँखाले देख्न, बोल्न नसक्ने र कानले सुन्नसमेत नसक्ने व्यक्तिहरू । |
| बहुअपाङ्गता | • एउटै व्यक्तिमा माथि उल्लेखित दुई वा दुई भन्दा बढि प्रकारका अपाङ्गता भएका व्यक्तिहरू । |

**(साझा शब्दको रूपमा समग्रमा भन्नुपर्दा “अपाङ्गता भएका व्यक्ति” मात्रै पनि भन्न सकिन्छ । साथै, माथि उल्लेख गरिएका कुनैपनि अवस्था नभएका व्यक्तिलाई अपाङ्गता नभएका व्यक्ति भनिन्छ ।)**

# स्थानीय तहमा बालबालिका लक्षित कार्यक्रम सञ्चालन कार्यविधि २०७४

गुराँस गाउँ कार्यपालिकाबाट पारित मिति : २०७४/११/०९

## १. प्रस्तावना

नेपालको संविधान २०७२ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। राज्यको निर्देशक सिद्धान्तमा प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व, विकास, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक, कलकारखाना वा अन्य जोखिमपूर्ण काममा नलगाउने, कुनै पनि बालबालिकालाई बालविवाह, गैर कानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नहुने, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा धार्मिक प्रचलनका कुनै पनि नाममा दुर्व्यवहार, उपेक्षा, शारीरिक मानसिक, यौनजन्य वा शोषण गर्न नपाइने, घर, विद्यालय वा जुनसुकै स्थानमा यातना दिन नपाइने, प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने, असहाय, अनाथ, अपाङ्गता भएका द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने, यदि यस्ता कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्तिको हक हुने व्यवस्था उल्लेख गरेको छ।

सहस्राब्दी विकास लक्ष्य, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ ले बालबालिकामाथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्नुका साथै बालबालिकाहरूको विचार र भावनाको कदर गरी बालअधिकारहरूको सर्वोत्तम हित हुनु पर्नेमा प्राथमिकता दिएको छ । उक्त महासन्धिले प्रत्येक बालबालिकाहरूको बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारहरूको प्रत्याभूति गरेको छ । बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन २०४८, बालबालिका सम्बन्धी नियमावली २०५१, बाल श्रम निषेध तथा नियमन ऐन २०५६, विभिन्न आवधिक योजना आदिको कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ले बालअधिकारलाई संरक्षण र सम्वर्द्धनका लागि स्थानीय तहमै बाल बालबालिकाको अधिकारलाई सुनिश्चित गरिनु पर्ने व्यवस्था गरेको छ ।

उपर्युक्त संवैधानिक, कानूनी र नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहका विभिन्न संरचनामा बालबालिकाको सहभागिता र बालमैत्री वातावरण अपरिहार्य ठानिएको छ। स्थानीय तहमार्फत बालअधिकार र संरक्षणलाई प्रोत्साहित गर्दै बालमैत्री स्थानीय शासनको अवधारणालाई सार्थक पार्न **स्थानीय तहमा बालबालिका लक्षित कार्यक्रम सञ्चालन कार्यविधि २०७४** जारी गरिएको छ ।

## २. दीर्घकालीन सोच

स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकारलाई समावेशी सिद्धान्तका आधारमा मूल प्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शानसनको अवधारणाको संस्थागत विकास गर्नु यस कार्यविधिको दीर्घकालीन सोच रहेको छ ।

## ३. उद्देश्य

बालबालिका लक्षित कार्यक्रम सञ्चालन कार्यविधि २०७४ का उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

३.१ स्थानीय तहमा प्राप्त हुने सबै प्रकारका स्रोत र साधनलाई बालबालिकाको क्षेत्रमा लगानी गर्नका लागि उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहिपूर्वक खर्च गर्ने पद्धतिको निर्माण गर्न सघाउ पुऱ्याउने,

३.२ स्थानीय तहको स्रोतलाई बालबालिकाको क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

३.३ बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी र निजी क्षेत्रबीच समन्वय र साझेदारीको विकास गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि साझेदारहरूबीच आर्थिक तथा प्राविधिक सहयोग एवं सहकार्यको वातावरण सिर्जना गर्ने ।

३.४ बालमैत्री स्थानीय शासनका लागि संस्थागत क्षमता र मानव साधनको विकास गर्ने ।

३.५ बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल वातावरण सिर्जना गर्ने,

३.६ बालबालिका विरूद्ध हुने सबै खालका शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य गरी बालबालिकाको जीवनस्तरमा सुधार गर्ने,

३.७ बालबालिकाले आफ्ना लागि आफैँ योजना बनाउन, तिनको कार्यान्वयन गर्न र लाभको बाँडफाँड गर्न अर्थपूर्ण सहभागिताका लागि सक्षम बनाउने,

३.८ बालबालिकाहरूलाई जिम्मेवार र नैतिकवान् नागरिकका रूपमा विकास गर्ने,

३.९ बालबालिकाका इच्छा, चाहना, सवाल र समस्याप्रति सरोकारवालालाई जिम्मेवार बनाउने,

३.१० समावेशी विकासको अवधारणा बमोजिम जोखिममा रहेका बालबालिकाहरूको पहिचान गर्नुका साथै मूल प्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

३.११ सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र जोखिममा रहेका बालबालिकाहरूको क्षमता बढाउँदै विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्ने,

३.१२ समग्रमा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका लागि उचित कानूनी, नीतिगत र संस्थागत विकास गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्ने ।

## ४. अपेक्षित प्रतिफलहरू

यस कार्यविधि बमोजिम बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा देहायबमोजिमका उपलब्धिहरू प्राप्त हुनेछन् :

४.१ बालबालिकाका लागि स्थानीय विकास योजनामा स्थानीय तहले बालअधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सवाल र आवश्यकतालाई सम्बोधन गर्न सहज हुनेछ ।

४.२ वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय तहले बालबालिकाका लागि लगानी योजना तर्जुमा गर्नेछ ।

४.३ बालबालिकाको वस्तुस्थिति विवरण तयार हुनेछ ।

४.४ स्थानीय तहको आवधिक तथा वार्षिक कार्यक्रमहरू बालमैत्री बनाउन स्पष्ट प्रारूप उपलब्ध हुनेछ ।

४.५ विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं निजी क्षेत्र सबैलाई बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ मा उल्लिखित सूचकहरू हासिल गर्ने गरी आफ्ना योजना तथा कार्यक्रम तर्जुमा गर्न आधार प्राप्त हुनेछ ।

## ५. कार्यविधिको क्षेत्र

स्थानीय तहलाई प्राप्त हुने निःशर्त अनुदान, सशर्त अनुदान, कार्यक्रम वा आयोजनागत बजेट, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय तहको आन्तरिक आय, स्थानीय विकास शुल्क, राजस्व बाँडफाँडबाट प्राप्त रकम, वित्तीय संस्थाहरूबाट प्राप्त ऋण लगायत सबै प्रकारका स्रोतको परिचालन एवं व्यवस्थापनमा बालबालिकाको सहभागिता र बालबालिका लक्षित बजेट तथा कार्यक्रम कार्यान्वयन र अनुगमन यसै कार्यविधि बमोजिम हुनेछ ।

## ६. बालबालिका लक्षित विकास कार्यक्रम

स्थानीय तहमा प्राप्त हुने कुल पूँजीगत अनुदान रकमबाट बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाहरूमा लगानी गर्न देहायबमोजिम १५ प्रतिशत बजेट विनियोजन गरिने छ ।

**बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरूको सूची**

**(क) पूर्वाधार विकास**

- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यविधि, २०६८ को सूचक अनुसार बालमैत्री वडा, गाउँपालिका सम्बन्धी कार्यक्रम, प्राथमिक शिक्षा (प्रारम्भिक बालविकास भवन, बालमैत्री शैक्षिक सामग्री, खेलकुद, मैदान, खेलकुद सामग्री, विद्यालय मर्मत-सुधार, फर्निचर, पुस्तकालय निर्माण तथा मर्मत-सुधार, शौचालय निर्माण तथा मर्मत-सुधार,

- खानेपानी तथा सरसफाइ आदि कार्यक्रम,
- हिंसा पीडित बालिकाका लागि आकस्मिक संरक्षण थलो, औषधी-उपचार सहयोग ।

(ख) **सामाजिक/क्षमता विकास**

- बालअधिकारका आधारमा विभिन्न बालमैत्री सूचकहरूको विकास गरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने,
- स्थानीय निकायको योजना तर्जुमा कार्यक्रमहरूमा बालबालिकाहरूको सहभागिता वृद्धि र बालबालिकाहरूको विकासका लागि बजेट विनियोजन कार्यक्रममा जोड दिने कार्यक्रम,
- बालमैत्री शिक्षण सिकाइ (शिक्षक/शिक्षिका तालिम, शिक्षण सामग्रीहरू, वातावरण सुधार आदि कार्यक्रम),
- बाल क्लब र बालबालिकाहरूको समूहहरूको संस्थागत विकास र व्यवस्थापन (नेतृत्व विकास, क्षमता विकास कार्यक्रम),
- गाउँपालिका तथा विद्यालयस्तरीय बाल क्लब/सञ्जालहरूको संस्थागत विकास र बालभेलाका लागि आवश्यक सहयोग, जस्तै- विभिन्न अभियान सञ्चालनका लागि फर्निचर, बालभित्ते पत्रिकाका बोर्ड तथा स्टेशनरी सहयोग आदि),
- किशोरी-किशोरहरूमा मानसिक र शारीरिक स्वास्थ्यमा आउने परिवर्तन र यसको व्यवस्थापन सम्बन्धी ज्ञान र चेतना अभिवृद्धि, जस्तै- महिला कक्षा शिक्षिका, बाल क्लबका महिला सदस्यका लागि सरसफाइ सम्बन्धी तालिम,
- किशोर र किशोरीहरूको नेतृत्व विकास गर्ने खालका कार्यक्रम,
- बालविवाह विरूद्ध अभियान कार्यक्रम,
- बालश्रम विरूद्धको कार्यक्रम,
- किशोरी शिक्षा अभियान कार्यक्रम र वैकल्पिक विद्यालय स्थापना,
- जीवन उपयोगी सिपहरू सम्बन्धी ज्ञानको अभिवृद्धि,
- प्राथमिक स्वास्थ सेवा, एचआइभी/एड्स, प्रजनन स्वास्थ सम्बन्धी कार्यक्रम,
- जन्म दर्ता अभियान कार्यक्रममा सहयोग,
- विभिन्न खोप अभियानहरू कार्यक्रमहरूमा सहयोग,
- पोषण कार्यक्रम सहयोग,
- जोखिममा परेका बालबालिकाहरूका लागि सहयोग कार्यक्रम,
- सूचना र सञ्चारमा पहुँच र उपयोगिता,
- आर्थिक अवस्था कमजोर, जेहेनदार र अशक्त, अपाङ्गता भएका छात्र-छात्राहरूका लागि छात्रवृत्ति कार्यक्रम,
- आर्थिक र सामाजिक अवस्थाले स्कुल पठन पाठन गर्न नसक्ने र बीचमा स्कुल छोड्ने छात्र-छात्राहरूका लागि शैक्षिक विकासको विशेष कार्यक्रम,
- अशक्त, अपाङ्गता भएका छात्राहरूका लागि शैक्षिक र बाल स्वास्थ सम्बन्धी विकासका लागि विशेष कार्यक्रम,
- बालबालिकाहरूको क्षमता विकास र सशक्तीकरण सम्बन्धी कार्यक्रम,
- बाल स्वास्थ सम्बन्धी कार्यक्रम,
- स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकीहरूमा बालबालिकाहरूको स्वास्थ्य सेवाका लागि आवश्यक सामग्रीहरू,
- अभिभावकहरूलाई बाल बालिकाहरूको हेरचाह सम्बन्धी ज्ञानको अभिवृद्धि गर्ने कार्यक्रम,

- समुदायमा आधारित सूचना प्रणालीको विकास, सहभागितामूलक अनुगमन विधिहरूको विकास (उदाहरण : सामुदायिक सूचना पाटी, पिआरए आदि),
- बालबालिकाहरूको क्षेत्रमा काम गर्ने स्वयंसेविकाहरू; जस्तै- सामुदायिक परिचालिकाहरूको क्षमता अभिवृद्धि, सञ्जाल निर्माण, नियमित बैठक सञ्चालनमा सहयोग कार्यक्रम,
- बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुऱ्याउने ग्रामीण सहजकर्ताहरूको परिचालन, क्षमता अभिवृद्धि,
- बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुऱ्याउने सहजकर्ता, सामुदायिक परिचालिकाहरूका लागि व्यवस्थापन सहयोग, उत्प्रेरणामूलक पुरस्कार,
- स्थानीय निकायमा बालबालिका, महिलाहरूको विकासको योजना तर्जुमा, समीक्षा गर्न समन्वय समिति बैठकमा सहयोग,
- बालबालिकाहरूको अवस्था विश्लेषण गर्न सर्वेक्षण, बालबालिकाहरूको प्रोफाइल तयारी ।

**(ग) संस्थागत विकास**

- विद्यालय, स्थास्थ्य चौकी, बाल क्लब, बाल सञ्जाल संस्थाहरूको संस्थागत विकास गर्ने आदि कार्यक्रम,
- बालबालिकाहरूको क्षेत्रमा गरिएका अनुकरणीय सफल कामको अभिलेखन,
- किशोरी/युवा क्लब गठन, विस्तार ।

## ७. थपघट वा हेरफेर गर्न सक्ने

यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## ८. खारेजी र बचाउ

कार्यविधिका प्रावधानहरूलाई कार्यान्वयन गर्दा यो कार्यविधि लागू हुनुभन्दा अघि गाउँ सभाबाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

तर यस कार्यविधिका अन्य प्रावधानहरूको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु-गराउनु पर्नेछ । स्थानीय तहको गाउँसभाबाट स्वीकृत भएका कार्यक्रम वा आयोजना सञ्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्वीकृति, कार्यान्वयन सम्बन्धी क्रियाकलाप गर्दा यस कार्यविधिका प्रावधानहरूको समेत पालना गर्नु पर्नेछ ।

यस कार्यविधिका कुनै प्रावधानहरू प्रचलित कानून एवं ऐन, नियमावली र आर्थिक प्रशासन नियमावलीसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

# बाल क्लब/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७४

प्रमाणीकरण मिति : २०७४ फाल्गुण ९

## प्रस्तावना

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको सङ्गठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यावहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अन्तर्गत बाल समूह गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढङ्गले लागू गर्न-गराउन, स्थानीय तहलाई सहयोग पुगोस् भन्ने उद्देश्यले नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यो निर्देशिका जारी गरेकाले यही निर्देशिकालाई प्रभावकारी रूपमा स्थानीय तहसम्म कार्यान्वयन गर्नका लागि यस गुराँस गाउँपालिकाद्वारा स्थानीयकरण गरी जारी गरिएको छ ।

## परिच्छेद १ः प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्रारम्भ

१) यस निर्देशिकाको नाम **"बाल क्लब गठन तथा सहजीकरण निर्देशिका २०७४"** रहको छ ।

२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

१. **स्थानीय तह :** स्थानीय तह भन्नाले गुराँस गाउँपालिका र त्यस अन्तर्गत रहने वडा कार्यालय समेतलाई जनाउने छ ।

२. **सेवा प्रदायक कार्यालय :** नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका स्वास्थ्य चौकी, विद्यालय स्रोत केन्द्र, प्रहरी चौकी तथा गैरसरकारी निकायहरूलाई जनाउने छ ।

३. **बाल क्लब :** यस निर्देशिका बमोजिम गठन भई स्थानीय तहमा सूचीकृत भएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरूको सङ्गठनलाई जनाउने छ ।

४. **बाल सञ्जाल :** यस निर्देशिका बमोजिम गठन भएका बाल समूहहरूको सञ्जाललाई जनाउने छ ।

५. **विशिष्टीकृत बाल क्लब** : विश्वव्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहहरू : जुनियर रेडक्रस, राष्ट्रिय रोट्रयाक्ट क्लब, लियो क्लब, रेयुकाई क्लब जस्ता विशेष समूहलाई जनाउँछ ।

६. **सहजकर्ता :** बाल समूहको गठन तथा सञ्चालनका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई जनाउँछ ।

७. **सहयोगी संस्था :** स्थानीय तहमा बाल समूहलाई सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका अनुमति प्राप्त गैरसरकारी संस्थाहरू जनाउँछ ।

८. **सामाजिक परिचालक :** स्थानीय तहमा सामाजिक परिचालनको काम गर्ने गरी स्थानीय तहबाट नियुक्ति गरिएका सामाजिक परिचालकलाई जनाउँछ ।

९. **संरक्षक शिक्षक :** विद्यालयमा बाल समूहलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउँछ ।

### ३. निर्देशिकाको उद्देश्य

यस निर्देशिकाका निम्न उद्देश्य रहेका छन् :

१. बालबालिकाको सङ्गठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने,

२. बाल समूहहरूको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित, पारदर्शी तथा समावेशी बनाउने,

३. बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने,

४. बाल क्लबहरूलाई एकद्वार प्रणालीमार्फत क्रियाशील गरी बालसहभागिताको सुनिश्चितताका लागि सहयोग गर्ने र,
५. सबै बाल क्लब वा समूहहरूको गठन, क्षमता विकास र परिचालनमा एकरूपता ल्याउने ।

## ४. निर्देशिकाको कार्यान्वयन

१. स्थानीय तहमा बाल क्लब गठन तथा सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु-गराउनु सबै स्थानीय तहहरूको दायित्व हुनेछ ।
२. बाल सहभागिता तथा बाल क्लब सहजीकरणमा क्रियाशील राष्ट्रिय, अन्तर्राष्ट्रिय गैसस तथा विकास साझेदार हरूले यस निर्देशिकाको प्रचार-प्रसार गर्नु र यस बमोजिम गर्नु-गराउनु उनीहरूको जिम्मेवारी हुनेछ ।
३. विशिष्टीकृत बाल समूहहरूको सन्दर्भमा यो निर्देशिका लागू हुने छैन ।

## परिच्छेद २: बाल समूहको गठन प्रक्रिया

## ५. बाल समूहका किसिम

- सामान्यतया २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार-प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई बाल क्लब मानिने छ। सबै बाल समूहहरू स्थानीय तहमा अनिवार्य सूचीकृत र नवीकरण हुनु पर्नेछ ।
- एक विद्यालयमा एक बाल क्लब रहने छ । विभिन्न उमेर र विषयगत बाल समूहहरू सोही बाल क्लब अन्तर्गत उप समूहका रूपमा क्रियाशील हुन सक्ने छन् ।
- बाल समूहको गठन गर्दा तल दिइएका ३ वटा उमेर समूहका (५ देखि ११ वर्ष उमेर समूह, १२ देखि १५ वर्ष उमेर र १६ देखि १८ वर्ष उमेर समूहका बाल क्लब) आधारमा छुट्टा-छुट्टै गठन गर्नु पर्नेछ ।

बाल क्लब सामान्यतया ५ प्रकारका हुनेछन् :

### ५.१ समुदायमा आधारित बाल क्लब

- कुनै निश्चित भूगोलभित्रका बालबालिकाहरूलाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लबलाई समुदायमा आधारित बाल क्लब भनिने छ ।
- नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडाभित्र बाल क्लब गठन गर्न सकिने छ ।
- यस्ता बाल क्लबले सम्बन्धित भूगोलभित्रका सबै उमेर, लिङ्ग, जाती, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकाहरूलाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गरिनु पर्नेछ ।
- यसरी बन्ने बाल क्लबमा उक्त क्षेत्रभित्र बसोबास भएका बालबालिका मात्र सदस्य बन्न सक्ने छन् ।

### ५.२ विद्यालयमा आधारित बाल क्लब

- कुनै विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई समेटेर उक्त विद्यालयभित्र बालअधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब भनिने छ ।
- विद्यालयमा आधारित बाल क्लबले सबै जातजाती, कक्षा, लिङ्ग र शारीरिक हैसियतका बालबालिकाहरूको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नु पर्दछ ।
- यसरी बन्ने बाल क्लबमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भई अध्ययनरत हुनु पर्दछ ।

### ५.३ विषयगत बाल क्लब :

- विषयगत रूपमा निश्चित विषयहरू जस्तै बालिकाहरूको मात्र सवाल, जलवायु परिवर्तन, बाल श्रम, एचआइभी एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढङ्गले विषयगत बाल समूहहरू गठन गर्न सकिने छ ।
- समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका बाल समूहलाई विषयगत बाल क्लब मानिने छ ।
- विद्यालयभित्र यस्ता बाल क्लब गठन भएमा उक्त समूहलाई विद्यालयस्तरीय बाल समूहकै उप बाल क्लबका रूपमा मानिने छ ।

### ५.४ विशिष्टीकृत बाल क्लब

- अन्तर्राष्ट्रिय रूपमा स्थापित स्वयंसेवा अभियान तथा सङ्गठनहरू, नेपाल सरकारका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्ना संस्थागत बाल क्लब गठन गर्न सक्ने छन् । जस्तै जुनियर रेडक्रस, स्काउट, लियो, रोट्र्याक्ट आदि ।
- यिनीहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुनेछन् ।

### ५.५ बाल क्लब सञ्जाल

- स्थानीय तह गाउँपलिका स्तरमामा सूचीकृत भएका बाल समूहहरू एक-आपसमा भेला भई एक-आपसका काम र अभियानहरूलाई साथ-सहयोग गर्ने तथा एक-आपसका सरोकारहरूलाई सामूहिकीकरण गर्न बाल क्लब सञ्जाल गठन गरिने छ ।
- यसरी बाल क्लब सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित हुन सक्ने छन् ।

## ६. बाल क्लब गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण

१. समुदायमा आधारित बाल क्लब गठन गर्न चाहने जो-कोहीले पनि बाल क्लब गठन गर्ने औचित्य र कारणसमेत स्पष्ट पारी न्यूनतम **७** दिनअगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरूलाई खुला सूचना दिनु पर्नेछ ।

२. यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायको अन्य भाषाहरूमा समेत दिनु पर्नेछ ।

३. सूचना उपलब्ध गराउने विधिमा गाउँपालिका, वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकाहरूलाई मौखिक रूपमा भेलाका लागि जानकारी दिन सकिने छ ।

४. बाल क्लब गठन गर्ने भेलामा न्यूनतम पनि २५ जना बालबालिकाहरूको उपस्थिति हुन जरूरी छ ।

५. बाल समूहको गठन गर्ने भेला बालबालिकाका लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गरिनु पर्दछ ।

६. बाल क्लब गठन भेलामा निम्न विषयहरूमा अभिमुखीकरण तथा छलफल गरिनु पर्दछ : बालअधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, स्थानीय तहमा बाल क्लब गठन गर्नुका कारण र योजना, बाल समूहको मुख्य उद्देश्य र कार्यक्रमहरू

१. अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा गरिनु पर्दछ। यदि बहुसङ्ख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउनु पर्नेछ ।

२. भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाहरूको छुट्टा-छुट्टै उमेर, जातजाती र लिङ्ग समेत जनाउने गरी उपस्थिति गराउनु पर्नेछ ।

३. विद्यालयमा आधारित बाल क्लब गठन गर्दा भने विद्यालयभित्र सबै कक्षामा सूचना प्रदान गरिनु पर्दछ। भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, तोकिएको शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गरिनु पर्नेछ ।

४. विषयगत बाल क्लब गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरूप सूचना गर्ने र भेलाको आयोजना गरिनु पर्नेछ ।

## ७. नेतृत्व चयन

१. बाल क्लब गठन गर्न नियम ६ बमोजिमको भेलामा सहभागी बालबालिकाहरूको सहमति भएमा बाल समूहको नेतृत्व चयन गरिनु पर्नेछ ।

२. बाल समूहको नेतृत्व तल उल्लिखित मध्ये कुनै एक विधिबाट चयन गर्न सकिने छ । कुन विधिबाट चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकामाझ छलफल गरी तय गरिनु पर्नेछ।

**बहुपदीय नेतृत्व :** बाल समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।

**चक्रीय नेतृत्व :** बाल समूहमा निश्चित सङ्ख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिँदै जाने ।

३. बाल समूहको कार्यसमिति सङ्ख्या ९ देखि २१ सदस्यीयसम्म बनाउन सकिने छ ।

४. बाल समूहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्छन् । उपसिमितिमा ३ देखि १५ जनासम्म सदस्य बन्न सक्ने छन् ।

५. बाल समूहको नेतृत्वमा **उपलब्ध भएसम्म** ५० प्रतिशत बालिका, ३० प्रतिशत दलित, ५ प्रतिशत अपाङ्गता भएका सदस्यहरूका लागि सिट सङ्ख्या आरक्षित गराइनु पर्नेछ ।

६. एकै बालक वा बालिका दुई वा सोभन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाइने छैन । तर बाल समूहको नेतृत्वमा रहेका सदस्य सञ्जालको नेतृत्वमा भने बस्न पाउने छ ।

७. समुदायमा आधारित बाल समूहको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनु पर्दछ भने विद्यालयमा आधारित बाल समूहको नेतृत्व परिवर्तन हरेक वर्ष हुनु पर्दछ ।

८. एकै व्यक्ति बाल समूहको एउटै पदमा एक कार्यकालभन्दा बढी समय बस्न हुँदैन ।

९. बाल समूहका सदस्यहरूबीच नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा निम्न अभ्यासहरू गर्नु पर्नेछ :

- नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल समूहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न लगाउने ।
- नेतृत्व गर्न चाहने सदस्यहरूबीच मात्र छलफल गराई सहमति गराउने ।
- नेतृत्वलाई चक्रीय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।
- नेतृत्व गर्न चाहनेहरूबीच विभिन्न समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।

- माथि उल्लिखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरूमाझ मतदान गराउने । यसरी मतदान गराउँदा प्रचार-प्रसार गर्न नपाउने व्यवस्था गर्ने ।

## ८. सञ्जालहरूको गठन

१. बाल समूहहरूबीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक-आपसबाट सिकाइका अवसर सिर्जना गर्न बाल क्लब सञ्जालको गठन गरिने छ ।

२. बाल क्लब सञ्जाल वडा तथा गाउँपालिका स्तरमा गठन गरिने छ । स्थानीय तहमा आवश्यकता महसुस भएमा जिल्ला तहमा पनि बाल क्लब सञ्जाल गठन गरी सञ्चालन गर्न सकिने छ ।

३. बाल क्लब सञ्जाल गठन गर्नका लागि वडा तथा गाउँपालिका तहमा बाल क्लबबका प्रतिनिधिहरूको भेलाको आयोजना गरिने छ ।

४. यसरी भेला आयोजना गर्दा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल समूहहरूलाई भेलाको मितिभन्दा १० दिन अगावै सूचना प्रदान गरिनु पर्दछ । सूचनामा निम्न जानकारीहरू आवश्यक हुन्छ : भेलाको मिति, समय र स्थान, भेलामा छलफल हुने विषयहरू, भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल समूहको प्रतिनिधि सङ्ख्या (जातजाती, लिङ्गसमेत तय गरिएको भए) सो समेत स्पष्ट गरी, भेलामा सहभागीका लागि उपलब्ध हुने सुविधा, भेलामा सहभागीका लागि उपलब्ध नहुने सुविधा, अन्य)

५. बाल समूहका प्रतिनिधिहरूले भेलामा सहभागी हुन निम्न कुराहरू अनिवार्य हुनेछ :

- आफ्नो बाल समूहमा छलफल गरी निर्णय गरेको हुनु पर्दछ
- विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्दछ ।
- समुदायमा आधारित बाल समूहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति लिएको हुनु पर्दछ ।

६. वडा, गाउँपालिकास्तरीय बालभेलाका लागि सहभागीको छनोट

**क) वडास्तरीय बाल भेला**

- वडा अन्तर्गत प्रत्येक समुदाय तथा टोल स्तरमा गठन भएका बाल क्लबका सदस्यहरूको भेलाले आफूमध्येबाट छनोट गरी पठाएका ३ जना (बालक १, बालिका १ र अपाङ्गता भएका व्यक्ति, दलित तथा लोपोन्मुख समुदायबाट १ जना)
- वडा अन्तर्गत पर्ने विद्यालयमा गठित बालसमूहको भेलाले छनोट गरी पठाएका २ जना (बालक १ र बालिका १)

**ख) गाउँपालिकास्तरीय बालभेला**

वडास्तरीय बाल क्लबले आफू मध्येबाट छनोट गरी पठाएका ३ देखि ५ जना (बालक १, बालिका १ र बालिका, अपाङ्गता, दलित तथा लोपोन्मुख समुदायबाट ३ जना) सम्म बालप्रतिनिधिहरू ।

७. सञ्जालको नेतृत्व चयन पनि भेलाको सहमतिका आधारमा नियम ८ मा व्यवस्था भए बमोजिमको गरिनु पर्दछ ।

८. बाल सञ्जाल नेतृत्वको पुनर्गठन प्रत्येक २ वर्षमा हुनेछ ।

## ९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

१. बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्नका लागि सकेसम्म चुनाव हुने अवस्था आउन दिनु हुँदैन ।

२. समान क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक-आपसलाई स्विकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

३. प्रतिस्पर्धी बालबालिकाहरूलाई चक्रीय नेतृत्व, संयोजन वा उपसमितिहरूको गठनबाट पनि विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिने छ ।

४. बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनु पर्नेछ ।

## १०. आबद्धता तथा सूचीकरण

१. समुदायमा तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको १ महिनाभित्र स्थानीय तह (गाउँपालिका र वडा कार्यालय) मा सूचीकृत हुनु पर्दछ ।

२. विद्यालयमा गठन भएका बाल समूहको आबद्धता स्वयं विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आबद्धता गाउँपालिकाको कार्यालयसँग रहन्छ । विद्यालयमा गठन भएका बाल क्लबहरूलाई पनि गाउँपालिकामा आबद्ध गर्न सकिने छ ।

३. बाल क्लब सूचीकरण हुँदा नाम, उद्देश्य, कार्यसमितिको नाम, सहजकर्ताको नाम र सम्पर्क, आबद्धता निकाय खुलाइएको हुनु पर्दछ ।

४. सूचीकृत बाल समूहहरू हरेक वर्ष अद्यावधिक हुनु पर्दछ । यसरी अद्यावधिक हुँदा अद्यावधिकको निवेदन, बाल समूहको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम, सम्पर्क र बाल समूहले अघिल्लो वर्ष सम्पन्न गरेका कार्यक्रमहरूको सूची संलग्न गर्नु पर्दछ ।

५. विद्यालयमा आधारित बाल समूहले नवीकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिस पत्र पनि आवश्यक पर्दछ ।

६. बाल समूहको नाम भेलाका सहभागी बालबालिकाहरूले आपसी सहमतिमा जुराउने छन् । बाल समूहको नाम त्यसै क्षेत्रको अर्को बाल समूहको नामसँग मिलेमा अर्को नाम राख्नु पर्नेछ ।

७. बाल समूहको नामसँग कुनै पनि निजी वा गैससहरूले आफ्नो नाम जोड्न हुँदैन ।

८. स्थानीय तहमा बाल क्लब सूचीकरण हुनुको अर्थ स्थानीय तहबाट आर्थिक वा अन्य स्रोत उपलब्ध हुने सुनिश्चितता मानिने छैन ।

९. बाल समूहको सूचीकरण तथा नवीकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति गर्नु पर्नेछ ।

१०. सूचीकृत तथा नवीकरण भएका बाल क्लबको विवरण सम्बन्धित स्थानीय तहले बालबालबालिकाको स्थिति प्रकाशनसँगै समावेश गरी प्रकाशन गर्नु पर्नेछ ।

# परिच्छेद ३ः सहजकर्ता सम्बन्धी व्यवस्था

## ११. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू

१. बाल समूहको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थितिमा मान्य हुने छैन ।

२. प्रत्येक बाल समूहको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरूरी हुन्छ ।

३. सहजकर्ताले बाल समूहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरूलाई सही र उपयुक्त उपायहरू सुझाउने तथा स्रोतसम्म उनीहरूको पहुँच बनाउन सहयोग गर्नु पर्नेछ ।

४. बाल समूहका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ता व्यक्ति, संस्था वा निकायको पनि नैतिक जिम्मेवारी रहने छ ।

५. सहजकर्ताको छनोट प्रक्रियामा बाल समूहको सहमति र स्वीकार्यता अनिवार्य रहने छ ।

## १२. वयस्क सहजकर्ताको चयन

१. प्रत्येक बाल समूहको वयस्क सहजकर्ता अनिवार्य हुनु पर्नेछ ।

२. वयस्क सहजकर्ता बाल क्लब गठन गर्न सहयोग गर्ने संस्था वा स्थानीय तहले नियुक्त गर्नेछ ।

३. वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल समूहसँग कुनै पारिश्रमिक लिन हुँदैन । तर सहयोगी संस्था वा स्थानीय तहले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

४. वयस्क सहजकर्ता न्यूनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ४० वर्ष उमेर समूहको व्यक्ति हुनेछ ।

५. विद्यालयमा आधारित बाल समूहको सहजकर्ता शिक्षकहरू मध्येबाट, समुदायमा आधारित बाल समूहको सहजकर्ता स्थानीय बाल संरक्षण समिति वा बालमैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिने छ ।

६. सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनु पर्नेछ ।

७. बाल समूहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनु पर्दछ :

- बाल समूहका पूर्व-सदस्य भएकालाई प्राथमिकता दिनु पर्नेछ ।
- बालअधिकार बारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त ।
- बालमैत्री व्यवहार बारे सचेत र अभ्यस्त ।
- बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।
- बालबालिकाविरूद्ध कुनै पनि हिंसा नगर्न प्रतिबद्ध ।
- कुनै पनि राजनीतिक दल वा राजनीतिक सङ्गठनको सक्रिय जिम्मेवारीमा नरहेको ।
- फौजदारी अपराधमा संलग्न नभएको ।
- स्थानीय समुदायमा बसोबास भएको ।
- मदिरा, सूर्ती, चुरोट, लागू औषधको अम्मल नभएको व्यक्ति ।

## १३. वयस्क सहजकर्ताको भूमिका र सीमितता

१. स्थानीय वयस्क सहजकर्ता बालअधिकारप्रति प्रतिबद्ध, स्वयंसेवी भावनाको र माथि १३ (७) मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनु पर्दछ ।

२. वयस्क सहजकर्ताले बाल समूहमा निम्न भूमिकाहरू निर्वाह गर्नु पर्दछ :

- बाल समूहको बैठक, कार्यक्रम योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।
- बाल समूहलाई स्थानीय सरोकारवाला निकायहरूसँग सम्पर्क, सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।
- बाल समूहले गर्ने कार्यक्रमहरूका लागि स्थानीय स्रोतहरू जुटाउन सहयोग गर्ने ।
- बाल समूहका सामग्रीहरूको उपयुक्त प्रयोग भए-नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने ।
- बाल समूहका सदस्यहरूमा आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने ।
- बाल क्लब र स्थानीय समुदायबीच तनाव उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने ।
- बाल समूहलाई बालअधिकार लगायतका स्थानीय विकासका सवाल सम्बन्धी सूचना सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने ।
- आवश्यकता अनुसार बालअधिकार, बाल सहभागिता, बाल क्लब सहजीकरण, प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।
- बाल समूहका सदस्य आफ्नो समुदायबाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनु परेमा वयस्क संरक्षकको भूमिका निभाउने ।

३. वयस्क सहजकर्ताले बाल समूहको सहजीकरण गर्दा निम्न कार्यहरू गर्न हुँदैन :

- बाल समूहको बैठक तथा छलफल आफैंले सञ्चालन गर्ने ।
- बाल समूहको योजना आफैंले बनाउने, निर्णहरू आफैंले गर्ने र सदस्यहरूलाई निर्णयमा सहमत मात्र गराउने ।
- बाल समूहलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने ।
- बाल समूहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।
- बाल समूहका सदस्यहरूलाई हप्काउने, हिंसा, दुर्व्यवहार गर्ने वा धम्की दिने ।
- बाल समूहका सदस्यहरूलाई जात, धर्म, लिङ्ग, उमेर, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।
- बाल समूहका सम्पत्ति, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।
- बाल समूहका सदस्यहरूलाई एक-अर्काविरूद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाती, समूह, सम्प्रदाय, दल तथा सङ्गठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।
- बाल समूहका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।
- बाल समूहका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

४. सहजकर्ताले नियम १४ (३) मा उल्लेख भए अनुसारको व्यवहार तथा गतिविधि गरेको भन्ने शङ्का लाग्ने जो-कोहीले पनि आवश्यक प्रमाणसहित सम्बन्धित स्थानीय तह वा सहयोगी संस्था वा विद्यालयमा उजुरी दिन सक्नेछ ।

५. सहजकर्ताविरूद्ध परेको उजुरी र गुनासोको छानबिन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई नसिहत दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पदबाट हटाउने निर्णय तथा नियुक्ति संस्थाले गर्न सक्नेछ ।

६. उजुरीको छानबिन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाइ र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिने छैन ।

## परिच्छेद ४ : बाल समूहको बैठक तथा कार्यक्रम सम्बन्धी व्यवस्था

### १४. नियमित बैठक तथा छलफलका विषयहरू

१. बाल क्लब बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र आयोजना गरिनु पर्नेछ ।

२. बाल क्लब बैठकमा वयस्क सहजकर्ताको उपस्थिति अनिवार्य हुनु पर्नेछ ।

३. बाल क्लबको बैठक अधिकतम २ घण्टाभन्दा बढी समय बस्नु हुँदैन ।

४. बाल क्लब बैठकको बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

५. बाल क्लब बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुने सक्नेछ :

- अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा,
- बाल समूहका बारेमा सदस्य तथा अन्य बालबालिकाको र व्यक्तिहरूको धारणा,
- स्थानीय बालअधिकारको सवाल र गर्नु पर्ने गतिविधि र,
- आगामी कार्यक्रमको तय, जिम्मेवारी विभाजन र स्रोत सङ्कलन ।

## १५. कार्यक्रम योजना निर्माण

१. बाल समूहको बैठक तथा वार्षिक भेलाले कार्यक्रम योजना निर्माण गर्नु पर्दछ । यसरी योजना निर्माण गर्दा मासिक एउटाभन्दा धैरै गतिविधिहरू राख्नु हुँदैन ।

२. बाल समूहको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नबाझिने गरी बनाइनु पर्नेछ ।

३. बाल समूहको कार्यक्रम मूलतः निम्न विषयमा केन्द्रित हुनु पर्दछ :

३.१ बालअधिकारको प्रचार-प्रसार : बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिका माध्यमबाट बालअधिकारका बारेमा प्रचार-प्रसार गर्न सक्दछन् ।

३.२ बालअधिकार अनुगमन : बाल समूहहरूले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखी बाल क्लबमा छलफल गरेर आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बालअधिकारको अवस्था के-कस्तो छ भनी अनुगमन गर्न सक्छन् । यसरी बाल समूहले पत्ता लगाएका कुराहरू विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति, बाल संरक्षण तथा सम्बर्द्धन उपसमिति, सहयोगी संस्था, वडा कार्यालय वा गाउँपालिकाको कार्यालयसमक्ष आवश्यक कारबाहीका लागि प्रस्तुत गर्न सक्छन् ।

३.३ सेवाका लागि सम्प्रेषण र सुझाव : बाल समूहहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार तथा शिक्षा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाका लागि सिफारिस गर्न सक्दछन् । उनीहरूले ती साथीहरूलाई सेवा प्रदायकहरूको सम्पर्क ठेगाना दिएर पनि सघाउन सक्छन् ।

३.४ शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू : बाल समूहहरूले सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, छोटो समयका विभिन्न सिप कलाका प्रशिक्षणहरू पनि चलाउन सक्छन् ।

३.५ सामुदायिक स्वयंसेवा : बाल समूहका १४ वर्षभन्दा माथि उमेरका बालबालिकाहरूले सुरक्षित ढङ्गले वयस्कहरूको साथमा सामुदायिक स्वयंसेवा गर्न सक्छन् । यस्तो सामुदायिक स्वयंसेवा दैनिक ६ घण्टाभन्दा बढी हुनु हुँदैन र लगातार ३ घण्टाभन्दा बढी हुनु हुँदैन । सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनु पर्दछ । प्रचलित कानूनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्ने छैनन् ।

३.६ निर्णय प्रक्रियालाई प्रभावित पार्ने : बाल समूहहरूले सामूहिक रूपमा वा प्रतिनिधिमार्फत बालअधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूले सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू आयोजना गर्न सक्छन् ।

## १६. बाल समूहले सञ्चालन गर्ने कार्यक्रमहरूको सीमितता :

तल उल्लिखित ढङ्गले बाल समूहले कार्यक्रमहरू सञ्चालन गर्न हुँदैन :

१. कुनै राजनीतिक दल वा उसको भातृ सङ्गठनको प्रत्यक्ष पक्षपोषण गर्ने ।

२. समुदायको सार्वजनिक वा निजी सम्पत्ति तथा कसैको जिउ-ज्यानमाथि क्षति पुग्ने ।

३. समुदायका निश्चित समूह, जाती वा पेसाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने ।

४. हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भङ्ग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

५. सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालयभन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ ।

६. उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू कसैको पनि जिउ-ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउन ।

७. बाल क्लबकोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसायहरू ।

८. वयस्कहरूको संस्था वा समूहले जस्तो सिङ्गो परियोजना सञ्चालन गर्ने वा अन्य धेरै ठूला र लामो समयका गतिविधिहरू गर्न हुँदैन ।

९. सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, स्थानीय बाल संरक्षण समिति तथा बालमैत्री सुशासन समन्वय समितिको परामर्शमा स्थानीय तह वा विद्यालयलयले निश्चित गतिविधिलाई रोक लगाउन सक्नेछ ।

## परिच्छेद ५ः बाल समूहको सदस्यता सम्बन्धी व्यवस्था

### १७. सदस्यता वितरण र व्यवस्थापन

१. बाल समूहले स्वतन्त्र रूपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । बाल समूहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका नै हुनु पर्दछ ।

२. कुनै बालबालिकाले सदस्य बन्न चाहेमा सामान्यतया बाल समूहले सदस्य बनाउनु पर्दछ ।

३. कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दबाव दिन पाइने छैन ।

४. सदस्य नभएकै कारण बाल समूहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी नगराउन पाइने छैन ।

५. सदस्यहरूको अभिलेख बाल समूहले आफ्नै रजिस्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरू उल्लेख हुनु पर्दछ : नाम थर, ठेगाना, उमेर, लिङ्ग, (विद्यालयमा भए कक्षा), अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

६. स्रोत-साधन भएको अवस्थामा बाल समूहले सदस्यता पत्र पनि वितरण गर्न सक्नेछ ।

### १८. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन

१. बाल समूहका सदस्यमाझ सबैले उपयुक्त अवसरहरू प्राप्त गरून् र आफ्नो व्यक्तित्व विकास गर्ने समान अवसर प्राप्त गरून् भन्ने मान्यता बाल समूहको नेतृत्व गर्ने समूहले राख्नु पर्नेछ ।

२. समान अवसर प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर दिन सकिने छ ।

३. निरन्तर एकै व्यक्ति हुनुपर्ने वा आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक सकेसम्म पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनु पर्नेछ ।

४. बाल समूहको प्रतिनिधित्व गर्ने व्यक्तिले र कुनै कार्यक्रममा जानुअघि आफ्नो समूहका सदस्य र सहजकर्तासँग आफूले के-कस्ता सवाल उठाउने भनी छलफल र परामर्श गर्नु पर्नेछ ।

५. बाल समूहका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफू सहभागी भएका कार्यक्रमका बारेमा जानकारी दिनु पर्नेछ । सकेसम्म एक पेजमा प्रतिवेदन लेखेर बाल समूहको फाइल वा माइन्युटसँगै राख्नु पर्नेछ ।

### १९. सदस्यहरूबीचको विवादको समाधान

सामान्यतया बाल समूहमा उत्पन्न हुने विवादहरूलाई निम्न ढङ्गले समाधान गर्न सकिने छ :

१. बाल समूहको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रूपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

२. बाल समूहको बैठक बस्ने छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नु पर्दछ। नमूना आचारसंहिता अनुसूची ६ मा दिइएको छ ।

३. बाल समूहका सदस्यमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा, ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता छनोट गर्न लगाउने । कार्यक्रमको छनोट गर्दा निम्न कुराहरूका आधारमा गर्ने :

- बालबालिकाले रूचिकर मान्ने, सिर्जनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरू पहिलो प्राथमिकतामा गर्ने ।
- बालअधिकारको प्रचार-प्रसार हुने, अभिभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाका सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकतामा दिने ।
- बाल समूहले गर्न नहुने भनेका कार्यक्रमहरू छनोट नगर्ने
- बाल समूहलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू नगर्ने
- समुदाय र समुदायका अन्य संस्थाहरूसँग द्वन्द्व वा मनमुटाव हुन सक्ने कार्यक्रमहरू नगर्ने
- धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्न पर्ने कार्यक्रमहरू नगर्ने ।
- अन्य बाल क्लब वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

४. बाल समूहका सदस्यमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनु पर्दछ। यसका लागि निम्न कार्यहरू गर्न सकिने छ :

- सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्न दिनु पर्दछ। यसरी विचार राख्दा अरूको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने गर्नु हुँदैन ।
- फरक-फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।
- यदि नितान्त विपरीत धारणाहरू आएमा बाल समूहको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य सङ्ख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल समूहले गतिविधि गर्नु पर्दछ ।

५. बाल समूहका सदस्यमाझ आर्थिक वा सङ्गठन व्यवस्थापनका विषयमा विवाद भएमा :

- ○ बाल समूहका सदस्यबीच नै विवादको विषयमा छलफल गरी आपसी सहमति सिर्जना गर्ने ।
- ○ बाल समूहका सदस्यहरूले उठाएको विवादको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।
- ○ विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल समूहको हकमा आबद्ध समितिका संयोजकले सम्बन्धित विवादको छानबिन गरी निर्णय प्रदान गर्ने ।

६. बाल समूहभित्र आउने विवादको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आबद्धता समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनु पर्दछ ।

## परिच्छेद ६: बाल क्लब र सञ्जालको आर्थिक व्यवस्थापन

### २०. आर्थिक व्यवस्थापन

१. बाल क्लब र सञ्जालको आर्थिक स्रोत निम्न हुन सक्ने छन् : मासिक शुल्क, चन्दा तथा सहयोग, संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता, विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता, वडा तथा गाउँपालिकाबाट प्राप्त हुने आर्थिक सहायता, स्थानीय समूह, निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता ।

२. बाल समूहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्छ । बाल समूहका लागि ३ हजार रुपियाँभन्दा बढीको सहयोग दिनु परेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्नु पर्दछ ।

३. बाल समूहले आर्थिक फछ्र्यौट गर्दा उपबद्ध बिल-भर्पाइ र आय-व्ययको हस्तलिखित विवरण बुझाएर गर्न सक्ने छन् ।

४. बाल समूहलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न पाइने छैन ।

५. बाल समूहले आफ्नै विद्यालय वा समुदायमा आर्थिक सङ्कलन गर्नका लागि बालअधिकार संरक्षण र प्रबर्द्धनका निम्ति कार्यक्रमहरू आयोजना गर्न सक्ने छन्; जस्तै- देउसी भैलो, सांस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता आदि । यस्ता कार्यक्रम आयोजना हुँदा आबद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहने छ ।

६. बाल समूहले सङ्कलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिका निम्ति मात्र खर्च गर्नु पर्नेछ । यस्तो रकम छात्रवृत्तिका लागि, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कसैलाई पीडित सहायता, आपतकालीन सहायताबापत सहयोग उपलब्ध गराउन खर्च गर्न हुँदैन ।

७. बाल समूहको वार्षिक आय-व्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नु पर्नेछ । बाल समूहले ठूलो रकमको गतिविधि गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नु पर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिंसाब बाल समूहबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद ७ : बाल क्लब र अन्य निकायहरूको सम्बन्ध र सहकार्य

### २१. स्थानीय तह (वडा तथा गाउँपालिका) सागको सम्बन्ध र सहकार्य

१. सबै बाल क्लब र सञ्जालले आफ्नो स्थानीय तह (**वडा तथा गाउँपालिकाको**) कार्यालयमा सूचीकृत तथा नवीकरण हुनु पर्नेछ ।

२. स्थानीय तहले आफ्नो क्षेत्रभित्रको बाल समूहको विवरण अद्यावधिक गर्नेछ ।

३. स्थानीय तहले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल समूहका गतिविधि, बाल क्लब र सहजकर्ताको प्रशिक्षण तथा बाल क्लब प्रतिनिधिको परामर्श कार्यक्रमहरू स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

४. बाल समूहले स्थानीय तहसँग स्थानीय विकासमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धिहरूका बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार-प्रसार गर्ने तथा कार्यक्रम र सुविधाहरूको बाल अनुगमन गर्न सक्नेछ ।

५. बाल समूहले स्थानीय तहसँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको माग गर्न सक्नेछ ।

६. बाल समूहले हरेक वर्ष आफूले गरेका कार्यक्रमहरूको सूची र विवरण तोकिएको ढाँचामा स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

### २२. बालबालिका सम्बन्धी स्थानीय समितिहरूसँगको सम्बन्ध र सहकार्य

१. स्थानीय तहमा वडा बालसंरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँपालिका शिक्षा समिति र स्थानीय विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, गाउँ स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाइ समितिहरू बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने समिति हुन् ।

२. यी समितिहरूमा बाल क्लब वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकका रूपमा सहभागी गराइनु पर्दछ ।

३. यी समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल समूहसँग साझेदारीमा गरिने गतिविधिहरू तय गरिनु पर्दछ ।

४. यी समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल क्लब तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई स्थानीय तहको योजना प्रक्रियामा पैरवी गर्नु पर्दछ ।

५. यी समितिहरूले बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नु पर्ने समस्याहरूमा कारबाही गर्न सम्बन्धित तहहरूसँग समन्वय गर्ने कार्य गर्नु पर्दछ ।

६. यी समितिहरूले बाल समूहका गतिविधिहरूलाई प्रोत्साहित गर्न उत्कृष्ट बाल क्लब पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सक्छन् ।

## २३. विद्यालय व्यवस्थापन समिति

१. विद्यालयमा रहेका बाल समूहहरू विद्यालय व्यवस्थापन समितिसँग आबद्ध हुनु पर्दछ ।

२. विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनामा बालबालिकासँग परामर्श, बाल समूहका गतिविधिलाई सहयोगका कार्यक्रमहरू उल्लेख गरिनु पर्दछ ।

३. विद्यालय व्यवस्थापन समितिमा बाल समूहका प्रतिनिधिलाई पर्यवेक्षकका रूपमा सहभागी गराइनु पर्दछ र बैठकहरूमा बालबालिकाका सरोकारहरू प्रस्तुत गर्न लगाउनु पर्दछ ।

४. विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सिर्जना हुन सक्ने विषयहरू जस्तै : शिक्षक नियुक्ति र कारवाही, निर्माण ठेक्का-पट्टा तथा अनियमितताका विवादहरूको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइनु हुँदैन ।

५. विद्यालयमा रहने शिक्षकको व्यावहारिक सिप तथा शैली, निर्माण गरिने भौतिक संरचनाका स्वरूप र गुणस्तरका विषयहरूमा भने बाल समूहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव सङ्कलन गरिनु पर्दछ ।

## २४. अन्य सङ्घ-संस्था तथा सेवा प्रदायक निकायहरू

१. स्थानीय तहमा क्रियाशील विभिन्न सङ्घ-संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल समूहका प्रतिनीधिहरूसँग परामर्श गर्नु पर्दछ ।

२. संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूका बारेमा प्रचार-प्रसार गर्न, सेवाका लागि सम्प्रेषण गर्न तथा सेवा, सुविधा तथा कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन गर्न बाल समूहसँग सहकार्य गर्न सक्छन् ।

३. सेवा प्रदायक निकायहरूले बाल समूहका सदस्य तथा बाल समूहसँग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्न र सकेसम्म विद्यालय समयमा असर पार्न हुँदैन ।

४. सेवा प्रदायका निकायहरूले बाल समूहका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न हुँदैन ।

५. सेवा प्रदायका निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन हुँदैन । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श भने गर्न सकिन्छ ।

६. सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यबापत भत्ता वा ज्याला प्रदान गर्ने कार्य गर्न हुँदैन ।

## २५. योजना तर्जुमामा बाल क्लब प्रतिनिधित्वको व्यवस्था

१. स्थानीय तहबाट हुने योजना निर्माण चक्रमा बाल समूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य हुनेछ ।

२. बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गरिने छ। भेलामा उनीहरूको सरोकार राख्न निश्चित समय प्रदान गरिने छ।

३. वडा तथा गाउँपालिका स्तरमा बाल भेलाको आयोजना गरी स्थानीय तहका योजना निर्माण, कार्यान्वयन र अनुगमनका लागि बालबालिकाको परामर्श गरिनु पर्नेछ।

४. योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेट बारे छुट्टै सार्वजनिक सूचना जारी गरिनु पर्नेछ। यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनु पर्नेछ।

## परिच्छेद ८ः बाल क्लब गाभिन सक्ने र विघटन सम्बन्धी व्यवस्था

### २६. बाल समूहको सम्मिलन

१. दुई वा दुईभन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालयभित्रका बाल समूहहरू गाभिन सक्ने छन्।

२. फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल समूहहरू गाभिन सक्ने छैनन्।

३. एक-अर्कामा गाभिन चाहने बाल क्लबले बाल क्लबका सहजकर्ताको उपस्थितिमा सदस्यहरूको भेलाले गाभिने निर्णय गर्नु पर्नेछ।

४. त्यसरी गाभिन चाहने बाल क्लबहरूले संयुक्त भेला आयोजना गरी नियम ७ मा उल्लेख भए अनुसार नयाँ कार्यसमिति चयन गर्नु पर्नेछ।

५. नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित स्थानीय निकायमा गाभिएको जानकारी दिनु पर्नेछ।

६. यसरी गाभिएका बाल क्लबहरूको सूचीकरण खारेज हुनेछ र नयाँ बाल क्लब सूचीकृत हुनेछ।

### २७. बाल समूहको विघटन

बाल क्लब निम्न अवस्थामा विघटन भएको मानिने छ :

१. बाल क्लब निरन्तर २ वर्षसम्म अद्यावधिक नभएमा। अद्यावधिक नभएका बाल समूहलाई विघटन गर्नुअघि २ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित गरिने छ।

२. बाल समूहका बहुमत सदस्यहरूले बाल क्लब विघटन गर्ने निर्णय गरेमा।

३. विद्यालयले उपयुक्त कारण दर्साई विद्यालयमा आधारित बाल क्लब विघटन गर्न सिफारिस गरेमा।

४. आबद्ध स्थानीय तह, संस्था वा समूहले उपयुक्त कारण देखाई बाल क्लब विघटन गर्न सिफारिस गरेमा।

५. माथि ३ र ४ अनुसार विघटन हुनुपूर्व सार्वजनिक सूचना र बाल समूहका सदस्यहरूसँग छलफल गरिने छ।

६. विघटन भएको बाल क्लब स्थानीय तहको सूचीकरणबाट स्वतः खारेज हुनेछ।

७. विघटन भएको बाल समूहका सम्पत्ति तथा दस्तावेजहरू सम्बन्धित विद्यालय वा स्थानीय तहले जिम्मा लिनेछ र अर्को बाल क्लब गठन प्रयोजनका लागि प्रयोग गर्न सक्ने छ।

८. समानान्तर उद्देश्य र सानो भौगोलिक क्षेत्रभित्र भएका बाल क्लबहरूको सामूहिक भेलाले एक-अर्कामा गाभिने निर्णय गरेमा।

## परिच्छेद ९ः विविध

### २८. बाल समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण गर्ने

१. बाल क्लबका सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ सङ्गठनको नेतृत्वमा नरहेको व्यक्ति हुनु पर्दछ।

२. बाल क्लबले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल आयोजना गर्न सक्छन्।

३. बाल समूहले कुनै एक राजनीतिक दल वा समूहसँग मात्र संयुक्त कार्यक्रमहरू आयोजना गर्न हुँदैन ।

४. बाल समूहले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा स्रोत व्यक्ति बनाउन हुँदैन ।

५. बाल समूहले कुनै एक राजनीतिक दलको मात्र पक्ष वा विपक्षमा हुने गरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्न हुँदैन ।

६. बाल समूहले राजनीतिक दल वा भातृ सङ्गठनका बारेमा विशेष जानकारी दिन वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू गर्न हुँदैन ।

## २९. बाल क्लब र सञ्जालभित्र सद्भाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्ने

१. बाल समूहले आफ्नो सङ्गठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नु पर्दछ ।

२. बाल क्लब तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका पक्षमा नबोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गरिनु पर्दछ ।

३. बाल समूहका सदस्यहरूलाई सबै धर्म, जाती र समुदायबीच समान व्यवहार गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न विभिन्न समयमा विविध सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सक्ने छन् ।

४. बाल समूहको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गरिनु पर्दछ ।

५. बाल समूहको बैठकमा संस्कृति छलफलका प्रस्ताव नै बनाएर नियमित रूपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृति र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन पनि सकिन्छ ।

## ३०. बाल समूहका गतिविधि बारे साझा सुनुवाइको व्यवस्था गर्ने

१. कुनै पनि बाल क्लब गठन गर्नुअघि उक्त समुदाय तथा विद्यालयमा बाल समूहको आवश्यकता, अवसर र सम्भावनाहरू बारे अभिभावक अनुशिक्षण आयोजना गरिनु पर्दछ ।

२. बाल समूहले आयोजना गर्ने सबै गतिविधिहरूलाई बालबालिका तथा समुदायले रूचिकर नमान्न पनि सक्छन् । त्यसैले बाल समूहको गतिविधिहरूका बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गरिनु पर्दछ । आएका सुझावहरूलाई सहजकर्ता र बाल समूहका प्रतिनिधिहरू बसी उक्त सुझावका आधारमा बाल समूहका गतिविधिहरूमा सुधार गरिनु पर्दछ ।

३. सुझाव वा गुनासाको मात्रै आधारमा बाल क्लब विघटन गर्ने वा बाल समूहका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न हुँदैन ।

४. विद्यालयमा आधारित बाल समूहका गतिविधिहरूका बारेमा समुदाय तथा अभिभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्दछन् ।

## अनुसूची १

## बाल समूहको नियम ढाँचा

क) बाल समूहको परिचय

नाम :

ठेगाना :

सूचीकरण नम्बर :

ख) बाल समूहको उद्देश्य र विषयहरू

१.

२.

३.

४.

ग) बाल समूहको सङ्गठन

१. सदस्य बन्ने तरिका

२. नेतृत्व चुन्ने तरिका

३. विघटन हुने

४. सदस्य बन्न नपाउने व्यक्तिहरू

५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरू

घ) बाल समूहका सदस्यले पालन गर्नु पर्ने नियमहरू

१. सदस्य भइसकेपछि पालन गर्ने नियमहरू

२. नेतृत्वमा निर्वाचित भएपछि पालन गर्ने नियमहरू

३. बैठकमा पालन गर्ने नियमहरू

४. अन्य बाल समूहका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरू

ङ) बाल समूहको आर्थिक स्रोत

१. सदस्यता शुल्क

२. नवीकरण शुल्क

३. अन्य सहायता र स्रोतहरू

४. पैसा जम्मा गरी राख्ने ठाउँ

५. आम्दानी र खर्च विवरण कसले राख्ने

च) अन्य विषयहरू

## अनुसूची २

## बाल समूहका लागि आवश्यक आधारभूत सामग्रीहरू

१. बाल समूहको सामग्री राख्नका लागि बाकस वा दराज

२. माइन्युट कपी

३. कार्यक्रम विवरण लेख्ने कपी

४. बाल समूहको नियम

५. बाल समूहका अध्ययन सामग्रीहरू

६. बाल समूहको आम्दानी र खर्च लेख्ने लेखा कापी र कलम

७. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामग्रीहरू

---

## अनुसूची ३

## बाल क्लब कार्ययोजना फारम

बाल समूहको नाम : बाल समूहको ठेगाना :

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं. :.............................

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | स्रोत व्यवस्थापन | प्रमुख जिम्मेवार सदस्यहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

---

## अनुसूची ४

## बाल क्लब कार्यप्रगति विवरण फारम

बाल समूहको नाम : बाल समूहको ठेगाना :

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं. :.............................

| **सम्पन्न कार्यक्रमको नाम** | **विषय** | **कार्यक्रम भएको स्थान** | **मिति** | **खर्च भएको रकम र स्रोत** | **सहभागी सङ्ख्या** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ५

## बाल क्लब बैठक माइन्युटको नमूना

बाल समूहको नाम : ................................... बैठक सङ्ख्या :..................................................

बैठक मिति :............................................... बैठक स्थान :....................................................

वयस्क सहजकर्ताको नाम :........................................................................................................

आज मिति ............मा .............. बाल समूहको बैठक समूहका ................को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरूमाझ निम्न लिखित प्रस्तावहरू निर्णयार्थ पेस गरियो ।

**उपस्थिति**

वयस्क सहजकर्ता :

आमन्त्रित (कोही भए)

बाल समूहका सदस्य तथा पदाधिकारीहरू

**प्रस्तावहरू**

क)

ख)

ग)

**निर्णयहरू**

क)

ख)

ग)

---

## अनुसूची ६

## बाल क्लबका पदाधिकारीहरूका लागि नमूना आचारसंहिता

- ❖ कुनै पनि प्रकारको मद्यपान, धुमपान तथा सूर्तीजन्य पदार्थको सेवन नगर्ने ।
- ❖ आफूलाई सधैं अध्ययनशील राख्दै हरेक क्रियाकलापहरूलाई फरक किसिमले गर्न चाहने २० वर्षको उमेरभन्दा कम उमेरमा वैवाहिक सम्बन्ध कायम नगर्ने एवम् अरूलाई पनि बालविवाह गर्न प्रोत्साहित नगर्ने ।
- ❖ विद्यालयमा नियमित रूपमा जानेछन् र विद्यालयमा पढाइ तथा अतिरिक्त क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाउने ।
- ❖ अभिभावकविहीन, अपाङ्गता भएका व्यक्ति, असहाय तथा आफ्ना साथीहरूलाई विशेष सहयोग गर्ने र उनीहरूसँगको बालमैत्री व्यवहारलाई बढावा दिने ।
- ❖ विद्यालय हातामा धुमपान, मद्यपान, सूर्तीजन्य पदार्थ तथा मादक पदार्थ सेवन नगर्न तथा विद्यालयको पढाइमा बाधा नपुर्‍याउन अभिभावकहरूलाई सहजीकरण गर्ने ।
- ❖ विद्यालय तथा घरमा अनुशासित भएर आफूलाई प्रदर्शन गर्ने र फजुल समयलाई सिर्जनात्मक रूपमा प्रयोग गर्ने।
- ❖ विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वडा तथा गाउँपालिकाका बैठक र गाउँपालिकाको भेला तथा स्थानीय तहका निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता गराउने र बालबालिकाका समस्याहरू प्रस्तुत गर्ने ।
- ❖ बालअधिकार सम्बन्धी अभियानहरू सञ्चालन गर्दा विभिन्न सहयोगी साझेदार निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।
- ❖ मोबाइल एवम् विद्युतीय उपकरणहरूको दुरूपयोग नगर्नुका साथै विद्यालयमा मोबाइलको प्रयोग नगर्ने ।

- आफ्नो अधिकारको माग गर्दा अरूको अधिकारको पनि ख्याल गर्ने ।
- आफ्नो साथीहरूलाई जातीय वा लैङ्गिक हिसाबले भेदभाव नगर्ने ।
- आफूभन्दा सानो उमेरका भाइ-बहिनीहरूलाई माया गर्ने र उनीहरूलाई नहेप्ने ।

## अनुसूची ७

## बाल क्लब/समूह/मञ्च आबद्धता विवरण

१ . बाल क्लब/समूह/मञ्चको नाम :

२. बाल क्लब/समूह/मञ्चका मुख्य कामहरू :

३. बाल क्लब/समूह/मञ्चको ठेगाना :

जिल्ला:............................................... गाउँपालिका..............................वडा नं.......................

गाउँ/टोल............................................... अन्य.................................................................
.

४. बाल क्लब/समूह/मञ्च स्थापना भएको मिति :..........................................................................

५. बाल क्लब/समूह/मञ्चको प्रकार :

समुदायमा आधारित : ............................................ विद्यालयमा आधारित .................................

६. बाल क्लब/समूह/मञ्चको सञ्चालनमा सहजीकरण गर्ने सङ्घ-संस्था वा निकायको

नाम :........................................................ ठेगाना : .......................................................

अन्य सहयोगी संस्था वा निकाय :

क) नाम :........................................................ ठेगाना : ................................................

७. बाल क्लब/समूह/मञ्चको कार्यसमितिका सदस्यहरूको विवरण

| क्र.सं. | कार्यसमितिका सदस्यहरूको नाम थर | उमेर बालबालिका | अहिले कुन कक्षामा पढिरहेका छौ ? | बाल क्लब/समूह/मञ्चमा सदस्य भएको कति भयो ? |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |
| १३. | | | | |

(सदस्यहरूको विवरण अपुग भएमा थप अर्को पेजमा राख्न सकिने छ)

८. पत्राचार गर्ने ठेगाना :

सम्पर्क व्यक्ति वा संस्थाको नाम : ............................ ठेगाना जिल्ला..............................................

गाउँपालिका.................................... वडा नं .............................गाउँ/टोल.................................

९. विवरण भरेको मिति : ..................................................

जिल्ला बालकल्याण समिति वा गाउँपालिकाको प्रयोजनका लागि विवरण प्राप्त गर्ने कर्मचारीको

नामथर : ................................................ हस्ताक्षर...................................

विवरण प्राप्त गरेको मिति : ..........................

आबद्धता प्र.प.नं :........................................

अद्यावधिक सूचना वा जानकारी

बाल क्लब/समूह/मञ्चबाट प्राप्त भएको सूचना वा जानकारीको सङ्क्षिप्त विवरण

मिति :........................................................... विवरणको प्रकृति :

कार्य प्रतिवेदन :.............................................

जानकारी पत्र : ............................................

अन्य : ..............................................................

मिति :........................................................... विवरणको प्रकृति :

कार्य प्रतिवेदन :.............................................

जानकारी पत्र : ............................................

अन्य : ..............................................................

मिति :........................................................... विवरणको प्रकृति :

कार्य प्रतिवेदन :.............................................

जानकारी पत्र : ............................................

अन्य : ..........................................................

मिति :........................................................... विवरणको प्रकृति :

कार्य प्रतिवेदन :.............................................

जानकारी पत्र : ............................................

अन्य : ..............................................................

आबद्धता प्र.प.नं......................

# गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दैलेख**

# आबद्धता-प्रमाणपत्र

बालअधिकारको प्रवर्द्धनमा अभिव्यक्त सामूहिक प्रतिबद्धताको सम्मान गर्दै ................जिल्ला ........................ ........... गा.पा. वडा नं ...........टोल/विद्यालय................................को ................................................ लाई बालअधिकार सम्बन्धी महासन्धि १९८९ र बालबालिका सम्बन्धी ऐन, २०४८ को भावना अनुरूप यो आबद्धताको प्रमाणपत्र प्रदान गरिएको छ । बालअधिकार सम्बन्धी १९८९ एवम् प्रचलित राष्ट्रिय कानून अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बाल क्लब समूह/मञ्चको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बाल क्लब/सञ्जालको उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछौं ।

...................................
प्रमुख प्रशासकीय अधिकृत
गुराँस गाउँ कार्यपालिकाको कार्यालय
दैलेख

........................................
अध्यक्ष
गुराँस गाउँ कार्यपालिकाको कार्यालय
दैलेख

# विशेष संरक्षणमा रहेका बालबालिकाहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७४

प्रमाणीकरण गरिएको मिति : २०७४ फाल्गुण ९ गते

## प्रस्तावना

जोखिममा परेका, जोखिमको अवस्थामा रहेका एवं विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, बेवारिसे अवस्थामा रहेका, अलपत्र परेका तथा पीडित बालबालिकाको उद्धार गरी परिवारमा पुनर्मिलन गर्न एवं समुदायमा पुनर्स्थापना गर्न, आफ्ना सन्तानको उचित हेरचाह, पालन-पोषण गर्न, शिक्षादीक्षा दिन तथा संरक्षण गर्न बाबुआमा वा संरक्षकलाई प्रोत्साहित गर्न र आफ्ना सन्तानलाई बेवारिसे अवस्थामा छाड्ने बाबुआमा वा संरक्षकलाई जिम्मेवार बनाउन वाञ्छनीय भएकोले, कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाको गुराँस गाउँपालिकाद्वारा नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम गाउँपालिका तथा गाउँपालिकाको एकल अधिकारको सूचीको नं. ५ र १६ को मर्म एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को खण्ड त र (७) को अख्तियारी अनुरूप यो कार्यविधि पारित गरी लागू गरिएको छ ।

## १. सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "विशेष संरक्षणमा रहेका बालबालिकाहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७४" रहेको छ ।

(ख) यो कार्यविधि गुराँस गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ ।

## २. परिभाषा :

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-
२. 'बालबालिका' भन्नाले १८ वर्षमुनिका व्यक्ति सम्झनु पर्छ ।
३. 'विशेष संरक्षणको आवश्यकता भएका बालबालिका' भन्नाले नियम ३ मा उल्लेख भएका बालबालिका सम्झनु पर्छ ।
४. 'बेपत्ता' भन्नाले विगत ५ वर्षदेखि परिवारका सदस्यको सम्पर्कमा नरहेको भन्ने सम्झनु पर्छ ।
५. 'गाउँपालिका' भन्नाले गुराँस गाउँपालिका भन्ने सम्झनु पर्छ ।
६. 'समिति' भन्नाले नियम ५ मा उल्लेख भएको छनोट तथा सिफारिस समिति सम्झनु पर्छ ।
७. 'संस्था' भन्नाले वडा कार्यालयले बालबालिकाको रकम जम्मा गर्न छनोट गरेको सहकारी संस्था सम्झनु पर्छ ।

## ३. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका :

१. देहायका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिने छ-
२. बाबुआमाको मृत्यु भई अनाथ भएका बालबालिका,
३. अलपत्र वा बेवारिसे अवस्थामा फेला परेका र बाबुआमाको पत्ता नलागेका बालबालिका,
४. बाबुको पहिचान नखुलेको र आमाको मृत्यु भएको बालबालिका,
५. बाबुआमा दुवै गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या भएमा आफ्ना सन्तानको हेरचाह गर्न असमर्थ भएका वा दुवै एचआइभी सङ्क्रमित बाबुआमाका बालबालिका,
६. बाबु-आमा दुवै 'क' वा 'ख' वा 'ग' वर्गको अपाङ्गता परिचयपत्र भएका बालबालिका,
७. बाबु वा आमामध्ये एकको मृत्यु भएको र जीवित बाबु वा आमा 'क' वा 'ख' वा 'ग' वर्गको अपाङ्गता परिचयपत्र भएकाको बालबालिका,
८. बुबाआमा दुवै जीवितै रहे पनि आफ्ना सन्तानको हेरचाह नगरी अलपत्र पारेका वा सन्तान छाडी अर्को विवाह गरी अन्यत्र गएको कारण नातेदार वा अन्य कसैको संरक्षणमा रहेका बालबालिका,
९. बाबु-आमामध्ये कुनै एकको मृत्यु भएको र अर्को आफ्ना सन्तान छोडी अर्को विवाह गरी गएका वा बेपत्ता भएको कारण अभिभावकविहीन भएका बालबालिका,

१०. थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

११. बाबु-आमा वा संरक्षकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितका लागि परिवारबाट अलग गरिएका बालबालिका,

१२. बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको श्रममा संलग्न भई जीवन यापन गरिरहेका बालबालिका,

१३. एचआइभी सङ्क्रमित बालबालिका,

१४. दुर्व्यवहार वा हिंसाबाट पीडित भएका बालबालिका,

१५. बाबुआमा वा संरक्षकले बेवास्ता गरी नातेदार वा अन्य कसैको आश्रयमा रहेका बालबालिका ।

## ४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्नु पर्ने

४.१ प्रत्येक वडाले अनुसूची १ अनुसारको ढाँचामा तोकिएको फाराम अनुरूप प्रत्येक वडामा नियम (३) अनुरूपका प्रत्येक समूहका बालबालिकाको छुट्टाछुट्टै विवरण तयार गर्न सकिने गरी तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ र प्राप्त विवरणको विश्लेषण गरी प्रतिवेदन तयार गरिने छ । साथै आवश्यकता अनुसार अनुसूची २, ३ र ४ को पनि प्रयोग गर्न सकिने छ ।

४.२ प्रत्येक वडाले नियम (३) बमोजिमका बालबालिकाको तथ्याङ्क उनीहरूको अवस्था झल्कने विवरणमा अद्यावधिक गरी हरेक वर्ष फागुन मसान्तभित्र गाउँपालिकामा पठाउनु पर्नेछ ।

## ५. जोखिममा रहेका बालबालिकालाई सहयोगका लागि सिफारिस

१. नियम (३) अनुरूपका बालबालिकाको पहिचान गर्न एवं गाउँपालिकामा सहयोगका लागि सिफारिस वडा बालसंरक्षण समितिले गर्नेछ ।

२. वडा बालसंरक्षण समिति बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका २०६५ अनुसार गठन हुनेछ ।

३. समितिले वडाभित्रका नियम (३) अनुरूप वडाका कुनै पनि बालबालिका नछुट्ने गरी सबै समूहका बालबालिकाको अवस्थाको छुट्टाछुट्टै विवरण तयार गर्नेछ । यसरी विवरण तयार गर्दा बालबालिकाको उल्लिखित अवस्था पुष्टि हुने जन्म दर्ता, मृत्यु दर्ता, वडा कार्यालयको सिफारिस लगायतका कागजपत्र समेत सङ्ग्रह गरी कार्यालयमा अभिलेख राखी सोको विवरण गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

४. नियम ५ (२) अनुसार सिफारिस गर्दा कुनै खास समूहका कुनै बालबालिकालाई गाउँपालिकाले उपलब्ध गराउने सहयोगमा प्राथमिकता दिनुपर्ने भए सोको कारण खुलाई पठाउनु पर्नेछ ।

५. नियम (३) अनुरूप बालबालिकाको तथ्याङ्क सङ्कलन एवं अद्यावधिक गर्दा, अवस्थाको विश्लेषण गर्दा वा आवश्यक सहयोगका लागि सिफारिस गर्दा समितिले स्थानीय प्रहरी कार्यालय, वडाभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समिति, बाल क्लब, आमा समूह, सामाजिक संघ-संस्थाहरूको बैठक बोलाई बालबालिका छनोटका आधारहरू बारे जानकारी गराई उनीहरूबाट सहयोग लिन सक्नेछ ।

६. वडा बालसंरक्षण समितिको बैठक आवश्यकता अनुसार मासिक वा द्वैमासिक रूपमा बस्नेछ ।

## ६. बालबालिकाको छनोट

१. दफा ५.१ अनुसारको समितिले सहयोगका लागि सिफारिस भई आएका जोखिममा रहेका बालबालिकाको छनोट गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

२. गाउँ कार्यपालिकाले छनोट गर्दा तपसिल बमोजिम उच्च जोखिममा रहेका बालबालिकालाई अङ्कका आधारमा छनोट गरी पहिलो प्राथमिकता दिनु पर्नेछ :

**तपसिल**

| क्र.सं. | जोखिमका प्रकारहरू | प्राथमिकता क्रमका आधारमा दिइने अङ्क |
|---|---|---|
| १. | अपाङ्गता भएका बालबालिका | १ |
| २. | आमा र बाबु दुवैको मृत्यु भई आफन्तको घरमा बसेका बालबालिका | १ |
| ३. | यौन हिंसा र दुर्व्यवहारमा परेका बालबालिका | १ |
| ४. | बाबुको पहिचान नभएका बालबालिका | १ |
| ५. | एचआइभी प्रभावित र सङ्क्रमित बालबालिका | १ |
| ६. | अभिभावक अपाङ्गता भएका बालबालिका | १ |
| ७. | आमा वा बाबु कुनै एकको मृत्यु भएका बालबालिका | २ |
| ८. | आमा वा बाबु दुवैले दोस्रो बिहे गरी आफन्त कहाँ बसेका बालबालिका | २ |
| ९. | माथि उल्लिखत कुनै जोखिमको अवस्थामा रहेको र उमेर १४ वर्षभन्दा माथि भएको बालबालिका | २ |

३. दफा ६ को उपदफा २ अनुसार बालबालिकाको छनोट गर्दा अङ्क (१) प्राप्ताङ्क रहेका बालबालिकालाई पहिलो प्राथमिकता र प्राप्ताङ्क (२) मा रहेका बालबालिकालाई दोस्रो प्राथमिकतामा राख्नु पर्नेछ ।

४. बालबालिका छनोट गर्दा जम्मा छनोट गरिने बालबालिकामध्ये कम्तीमा पनि ४० प्रतिशत महिला, ३० प्रतिशत दलित जनजाति र ३० प्रतिशत अन्यका लागि छनोट गर्नु पर्नेछ ।

५. सहयोगका लागि छनोट भएका बालबालिकाको सूची गाउँपालिकाले वडा कार्यालयलाई १ हप्ताभित्र उपलब्ध गराउनु पर्नेछ र साथै सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ ।

## ७. सेवा र सहयोगसम्बन्धी व्यवस्था :

समितिबाट सिफारिस भई आएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि गाउँपालिकाले देहायबमोजिमको सहयोग उपलब्ध गराउन सक्नेछ-

१. नियम (३) अनुसार रहेका बालबालिकालाई गाउँपालिकाले सहकारीमा प्रत्येक बालबालिकाको नाममा खाता खोली प्रतिव्यक्ति रु २५,०००/- (अक्षरेपि पच्चीस हजार मात्र) का दरले रकम जम्मा गर्नेछ ।

२. बाबुआमा दुवै वा कुनै भएका तर आफ्ना सन्तानको हेरचाह, पालन-पोषण एवं संरक्षण नगरेका बालबालिकाको हकमा बाबुआमाको पहिचान वा खोजी गरी सम्भव भएसम्म उनीहरूबाटै बालबालिकाको हेरचाह, पालन-पोषण एवं संरक्षण गर्ने व्यवस्था मिलाइने छ ।

३. बाबुआमा दुवै वा कुनै भएका तर आफ्ना सन्तानको हेरचाह, पालन-पोषण एवं संरक्षण नगरेका बालबालिकाको बाबुआमाबाट आर्थिक अवस्थाको कारण सन्तानको हेरचाह, पालन-पोषण एवं संरक्षण हुन सम्भव नभएमा त्यस्ता बाबुआमा वा संरक्षकलाई जीविकोपार्जनका लागि आर्थिक सहयोग व्यवस्था गर्न पहल गरिने छ ।

४. नियम (३) अनुरूपका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई गाउँपालिकाले निज बालबालिकाको अवस्था एवं आवश्यकताका आधारमा कम्तीमा वर्षको एक पटक शैक्षिक सामग्री उपलब्ध गराउने छ ।

५. नियम (३) अनुरूपका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकताका आधारमा अन्य पारिवारिक तथा शैक्षिक सहयोगको व्यवस्था मिलाइने छ ।

६. गाउँपालिकामा कुनै संघ-संस्थाबाट बालबालिकालाई सेवा तथा सहयोग प्राप्त गर्न आएमा नियम (३) अनुरूपका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सेवा तथा सहयोग प्रदान गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ ।

७. बालबालिकाको नाममा आवश्यक रकम जुटाउनका लागि गाउँपालिकाले विकास साझेदार संस्थाहरूसँग सहयोग लिन सक्नेछ ।

## ८. वित्तिय संस्था र गाउँपालिका बीचको सम्झौता :

नियम (३) अनुरूपका बालबालिकालाई गाउँपालिकाले लक्षित सेवा तथा सहयोग उपलब्ध गराउँदा देहायअनुसार गर्नेछ-

१. नियम (६) को खण्ड क बमोजिमको सहयोग रकम उपलब्ध गराउँदा गाउँपालिकाले सम्भव भएसम्म सम्बन्धित वडामा रहेका सहकारी संस्थामध्येबाट कार्यपालिकाले छनोट गरेको संस्थामा बालबालिकाको व्यक्तिगत खाता खोली रकम जम्मा गर्ने व्यस्था मिलाउने छ ।

२. माथि खण्ड क बमोजिम कार्यपालिकाले संस्था छनोट गरेपछि उक्त संस्थासँग यस मापदण्ड बमोजिम सेवा तथा सहयोग प्रवाह गर्ने गरी सम्झौता गर्नु पर्नेछ । संस्थासँग सम्झौता भएको जानकारी वडा कार्यालयले गाउँपालिकामा पठाउनु पर्नेछ ।

३. छनोट भएका सहकारी संस्थाले बालबालिकाले पाउने रकमबाट कुनै पनि शुल्क काट्न पाउने छैन, निःशुल्क सेवा दिनु पर्नेछ ।

४. यस मापदण्ड अनुसार बालबालिकाको नाममा संस्थामा खोलिएको खातामा बाबुआमा, परिवारका सदस्य वा अन्य कसैले स्वेच्छाले रकम जम्मा गरिदिएमा कुनै बाधा हुने छैन ।

५. संस्थामा बालबालिकाको खातामा जम्मा भएको रकम विद्यालयको सिफारिसमा संस्थाले बाबुआमा वा संरक्षकको रोहबरमा बालबालिकालाई उपलब्ध गराउने छ। संस्थाले बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी बालबालिकाको रोहबरमा बाबुआमा, संरक्षक वा निज बालबालिका पढ्ने विद्यालयका प्रधानाध्यापकलाई समेत उक्त रकम भुक्तानी गर्न सक्ने छ ।

६. विद्यालय जाने उमेर नभएका बालबालिकाको हकमा संस्थाले बाबुआमा वा संरक्षकलाई खाताको रकम भुक्तानी गर्नु पर्नेछ ।

७. वित्तिय संस्थाले उक्त बालबालिकाको नाममा रहेको कोषबाट प्राप्त वार्षिक १२ प्रतिशतका दरले हुन आउने ब्याज रकम ६/६ महिनामा सम्बन्धित व्यक्तिलाई भुक्तानी गर्नु पर्नेछ ।

८. सहयोग प्राप्त गरेका बालबालिकाको उमेर २० वर्ष पुगेपछि उक्त रकम उच्च शिक्षा अध्ययन, सिप विकास र व्यवसायिक प्रयोजनका लागि स्वयं बालबालिकालाई गाउँपालिकाको सिफारिसमा फिर्ता गर्नु पर्नेछ ।

९. २० वर्षभन्दा कम उमेरमा रकम भुक्तानी गरे वा अन्य कुनै प्रयोजनमा खर्च गरे सञ्चालक समितिबाट असुल गरी कानून बमोजिम कारबाही गरिने छ ।

१०. जोखिममा रहेका बालबालिकाको रकमको सुरक्षणका लागि सहकारी संस्थाका सञ्चालक समितिका कम्तीमा ३ जना सदस्यहरूको जग्गा रोक्का गरिने छ । उक्त सदस्यका नाममा जग्गा नभए एकाघर परिवारका सदस्यको नाममा रहेको जग्गा रोक्का गर्नु पर्नेछ ।

११. वित्तीय संस्थाले आफ्नो आम्दानीको कोष परिचालन गर्दा सम्बन्धित बालबालिकाका आमा, बाबु वा संरक्षकलाई जीवीकोपार्जनमा सुधार गर्नका लागि ऋण परिचालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

## ९. बाबुआमा वा संरक्षकलाई जिम्मेवार बनाइने

१. आफ्ना सन्तान वा आफ्नो संरक्षणमा रहेका बालबालिकालको उचित हेरचाह, पालन-पोषण, शिक्षादीक्षा वा संरक्षण गर्न गाउँपालिकाले सबै बाबुआमा वा संरक्षकलाई प्रोत्साहन गर्नेछ ।

२. नियम ८ (१) को उद्देश्य प्राप्तमा सघाउन बाबुआमा वा संरक्षकलाई लक्षित गरी वडा कार्यालय वा गाउँपालिकाले बालअधिकार, बालसंरक्षण, अभिभावक शिक्षा लगायतका कार्यक्रम सञ्चालन गर्न

सक्नेछ। साथै, वडा वा गाउँपालिकामा कार्यरत बालसंरक्षण समिति, संघ-संस्थालाई बालअधिकार, बालसंरक्षण, अभिभावक शिक्षालगायतका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्नेछ।

३. आफ्नो सन्तानलाई उचित हेरचाह, पालन-पोषण, शिक्षादीक्षा वा संरक्षण नगरी बेवारिसे अवस्थामा छाडेर जाने, बेवास्ता गर्ने बाबुआमा वा संरक्षकलाई वडा कार्यालय वा गाउँपालिकाले प्रचलित कानून अनुसार कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

४. बाबुआमा वा संरक्षकले बालबालिकाको नाममा संस्थामा भएको रकम बालबालिकाको शैक्षिक सामग्री वा लुगाकपडा किन्न तथा खानपिन, पालन-पोषणका लागि खर्च गर्नु पर्नेछ।

५. नियम (६) बमोजिम सहयोग पाइरहेका बालबालिकालाई वडा कार्यालय वा गाउँपालिकाले थप सेवा, सहयोग वा सुविधा दिन सक्नेछ। यस मापदण्डमा लेखिएको कुनै पनि कुराले थप सेवा, सहयोग वा सुविधा दिन बाधा पुऱ्याएको मानिने छैन।

## १० . बालबालिकाको जिम्मेवारी र भूमिका

१. बालबालिका ९० प्रतिशत विद्यालयमा हाजिर हुनु पर्नेछ।

२. २० वर्षभन्दा मुनि विवाह गर्न र बीचमै पढाइ छोड्न पाइने छैन।

३. परिवार र समाजप्रति जिम्मेवार हुनु पर्नेछ।

४. पढाइलाई प्रमुख प्राथमिकताका रूपमा लिनु पर्नेछ।

५. बालबालिकाहरूले नियमित व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनु पर्नेछ।

६. कुलत तथा दुर्व्यसन (जाँड रक्सी, चुरोट, गुट्खाको सेवन, चोरी, साथीहरूलाई दुर्व्यवहार, झैझगडा तथा अश्लील फिल्म र चित्रको प्रयोग) बाट सधैँ टाढा रहनु पर्नेछ।

७. माया, ममता, आदर, सम्मान गर्नुका साथै संवेगको उचित व्यवस्थापन गर्नु पर्नेछ।

८. बालबालिकाहरूले साँचो बोल्ने, स्पष्ट बोल्ने र आफ्नो विचार निर्धक्क भएर राख्नुका साथै अरूलाई पनि सोही प्रकारको व्यवहार गर्न सिकाउनु पर्नेछ।

९. बाल क्लबमा रहने र बाल विकासका लागि सक्रिय सहभागी हुनु पर्नेछ।

१०. बालबालिकाले शारीरिक तथा मानसिक रूपमा जोखिममा पर्ने खालका कुनै पनि काम नगर्ने र नगराउने।

## ११. सहयोग रोक्का हुने

देहायको अवस्थामा विशेष संरक्षणको आवश्यक भएका बालबालिकालाई उपलब्ध गराइएको सहयोग रोक्का हुन सक्नेछ-

१. बेवारिसे अवस्थामा रहेका, बाबुआमा बेपत्ता भएकामा वा बाबुआमाको पहिचान नखुलेका बालबालिकाको हकमा बाबुआमाको फेला परी वा पहिचान खुली उनीहरूले बालबालिकालाई आफ्नो संरक्षणमा लिएमा।

२. वैकल्पिक हेरचाहको प्रबन्धका लागि बालबालिका सिफारिस भई स्थानीय तहबाहिर गएमा।

३. कुनै कारणवश आफ्ना सन्तानको उचित हेरचाह, पालन-पोषण, शिक्षादीक्षा वा संरक्षण गर्न असमर्थ भएका बाबुआमा वा संरक्षक आफ्ना सन्तानको हेरचाह गर्न सक्षम भएमा।

४. बाबुआमा, संरक्षक वा स्वयं बालबालिकाले सेवा, सहयोग लिन अस्वीकार गरेमा।

५. बालबालिकाको उमेर २० वर्ष पुगेमा।

६. बालबालिकाको मृत्यु भएमा।

७. उक्त बालबालिकाले सहकारी संस्थामार्फत प्राप्त सहयोगभन्दा अन्य निकायबाट बढी सहयोग प्राप्त गरेमा।

८. दोहोरो सहयोग कुनै पनि बालबालिकालाई उपलब्ध गराइने छैन।

९. दफा १० वमोजिमको कार्य गरे वा गरेको पाइएमा पनि सहयोग रकम रोक्का गरिने छ ।

## १२. बालबालिकाको सहमति वा विचार अभिव्यक्तिको सुनुवाई

१. यस मापदण्ड अनुसार विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सहयोग उपलब्ध गराउँदा, कुनै सेवा प्रदायकसमक्ष सिफारिस गर्दा वा निजलाई हेरचाहको वैकल्पिक प्रबन्धका लागि सिफारिस गर्दा निज बालबालिकाको बढ्दो उमेर एवं परिपक्वता अनुरूप निजलाई जानकारी दिई निजलाई विचार अभिव्यक्त गर्ने अवसर दिइने छ ।

२. नियम १३(१) बमोजिम बालबालिकाले अभिव्यक्त गरेको कुरालाई निजको उच्चतम हित अनुरूप सुनुवाइ गरी निर्णय गर्नका लागि आधार मान्न सकिने छ ।

## १३. सम्झौता सम्बन्धी व्यवस्था

१. छनोट भएका बालबालिकाको नाममा रकम जम्मा गर्नुअघि बाबु, आमा वा अभिभावक/संरक्षकसँग **अनुसूची ५** मा उल्लेख गरिएको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

२. सम्झौताको समयमा छनोट भएका बालबालिका, उनीहरूको बाबु-आमा वा अभिभावकलाई यसबाट शिक्षा तथा स्वास्थ्यमा पर्ने असर तथा प्रभावका बारेमा जानकारी एवं परामर्श दिनु पर्नेछ ।

३. रकम जम्मा गरिने वित्तीय संस्था, गाउँपालिका र आवश्यक भए साझेदार संस्थाको त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ ।

## १४. शोधभर्ना सम्बन्धी व्यवस्था :

नियम (३) अनुरूपको अवस्थामा रहेका बालबालिकाको गाउँपालिकामा सिफारिस गर्दा जानी-जानी सो बाहेकको बालबालिकाको सिफारिस भई आएको र सोही आधारमा सामाजिक सुरक्षा सहयोग उपलब्ध गराइएको पाइएमा त्यस्तो रकम वडा अध्यक्षबाट सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

**१५. प्रचलित कानून अनुसार हुने** यस मापदण्डमा लेखिएका कुरा बाहेक अन्य कुराको हकमा नगरपालिकाको नीति, कानून एवं कार्यविधि तथा प्रचलित कानून अनुसार हुनेछ ।

## १६. अनुगमन तथा मूल्याङ्कन

जोखिममा रहेका बालबालिकाको सामाजिक सुरक्षा कोषको प्रभावकारिता र गुणस्तरीयता कायम भए-नभएको वा रकम सदुपयोगको अवस्थाका बारेमा स्थानीय बालअधिकार समिति र गाउँ कार्यपालिकाका सदस्यहरूले संयुक्त अनुगमन गरी वार्षिक प्रतिवेदन गाउँसभामा पेस गर्ने छन् ।

## १७. संशोधन सम्बन्धी व्यवस्था :

यस मापदण्डका कुनै नियमको संशोधन गर्नु परेमा गाउँपालिकाले पारित गरी गर्न सक्नेछ ।

## अनुसूची १
## जोखिममा रहेका बालबालिकाको पहिचान तथा दर्ता फारम

**बालबालिकाको सामान्य जानकारी**

दर्ता नं. :.......................................

बालकको नाम : ................................................................... लिंग: पुरूष ☐ महिला ☐

| जात: | दलित | | जनजाति | | तराई मधेसी | | मुस्लिम | | ब्राह्मण/क्षत्री | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

जन्म मिति : ................................ गते ..................... महिना................साल........ उमेर.......................

बालकको स्थायी ठेगाना : .......................जिल्ला.........................गाउँपालिका...... वार्ड नं. ........ टोल........

| | | | | | |
|---|---|---|---|---|---|
| बाबुको नाम : | | जीवित : | | मृत : | |
| आमाको नाम : | | जीवित : | | मृत : | |

**बालबालिकाको शैक्षिक अवस्था** : विद्यालय जान्छ ☐ जाँदैन .☐.

**यदि बालबालिका विद्यालय जान्छ भने** :

विद्यालयको नाम :........................................................................ ठेगाना : ..................................

जिल्ला..................................गाउँपालिका........ वार्ड नं. ................ टोल : ....................................कक्षा

**बालबालिकाको हालको संरक्षक आमा-बुवाभन्दा फरक भएमा संरक्षकको विवरण**

संरक्षकको पूरा नाम : ..............................................................ठेगाना : ..........................................

जिल्ला.................................... गाउँपालिका/नगरपालिका................ वार्ड नं. .......................................

टोल..........................................पेसा.........................................फोन नं:.....................................

बालकको संरक्षकसँगको नाता........................ संरक्षकको घरमा भएका बालबालिका सङ्ख्या........................

**बालबालिका जोखिममा पर्नुको कारण :**

| | | | | | |
|---|---|---|---|---|---|
| द्वन्द्व प्रभावित | | बुवा-आमा दुवै नभएको | | बुवा अथवा आमा नभएको | |
| एचआइभी प्रभावित | | एचआइभी सङ्क्रमित | | अपाङ्गता भएको | |
| हराएको | | बाल श्रमिक | | अपाङ्गता भएका आमा/बुवा | |
| घरमूली आफैं भएको | | अति कुपोषित | | बेचबिखनमा परेको | |
| आर्थिक रूपमा अति विपन्न | | विपत्को जोखिममा रहेका बालबालिका | | प्रकोपको असरबाट प्रभावित बालबालिका | |
| अन्य : (कारणसहित उल्लेख गर्ने) | | | | | |

**बाल बालिकाको पारिवारिक तथा आर्थिक स्थिति**

परिवार सङ्ख्या : महिला.................पुरुष.................बालक..........बालिका............मुख्य आय स्रोत : ...........

आय स्रोतबाट हुने वार्षिक आम्दानी :.........................................................................................................

**अन्तर्वार्ता निष्कर्ष (पहिचान गर्नेले भर्नु पर्ने)**

.......................................................................................................................................

**अन्तर्वार्ता लिने व्यक्तिको विवरण**

व्यक्तिको नाम : ..................... हस्ताक्षर : ............

पद : ....................................... संस्था : ......................................

मिति : .............................. सम्पर्क नम्बर : ................................

*प्रकोप भन्नाले : बाढी, पहिरो, महामारी, अनिकाल, हिमपात, विष्फोट, खडेरी, हुरीबतास, चट्याङ, भूकम्प आदि र प्रकोपबाट हुने असरलाई विपत् भनिन्छ ।*

## अनुसूची २
## जोखिममा रहेका बालबालिकाको पहिचान तथा दर्ता फारम

**अपाङ्गता भएका बालबालिकाहरूका लागि प्रयोग गरिने फारम :**

**बालबालिकाको सामान्य जानकारी**

दर्ता नं. :.......................................

बालबालिकाको नाम : ............................................................... लिंगः पुरूष ☐ महिला ☐

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जातः | दलित | | जनजाति | | तराई मधेसी | | मुस्लिम | | ब्राह्मण/क्षत्री | | अन्य | |

जन्म मिति : ................................ गते ..................... महिना................साल........ उमेर.......................

बालबालिकाको स्थायी ठेगाना : ....................जिल्ला.........................गाउँपालिका...... वार्ड नं. ........ टोल........

| | | | | | |
|---|---|---|---|---|---|
| बाबुको नाम : | | जीवित : | | मृत : | |
| आमाको नाम : | | जीवित : | | मृत : | |

**बालबालिकाको शैक्षिक अवस्था** : विद्यालय जान्छ ☐ जाँदैन .☐.

**यदि बालबालिका विद्यालय जान्छ भने** :

विद्यालयको नाम :........................................................................ ठेगाना : ...................................

जिल्ला..................................गाउँपालिका........ वार्ड नं. ................ टोल : ...................................कक्षा

**बालबालिकाको हालको संरक्षक आमा-बुवाभन्दा फरक भएमा संरक्षकको विवरण**

संरक्षकको पूरा नाम : ..............................................................ठेगाना : .........................................

जिल्ला.................................... गाउँपालिका/नगरपालिका............... वार्ड नं. .......................................

टोल...........................................पेसा..........................................फोन नंः.........................................

बालकको संरक्षकसँगको नाता........................ संरक्षकको घरमा भएका बालबालिका सङ्ख्या...........................

**बालबालिका जोखिममा पर्नुको कारण :**

| | | | | | |
|---|---|---|---|---|---|
| द्वन्द्व प्रभावित | | बुवा-आमा दुवै नभएको | | बुवा अथवा आमा नभएको | |
| एचआइभी प्रभावित | | एचआइभी सङ्क्रमित | | अपाङ्गता भएको | |
| हराएको | | बाल श्रमिक | | अपाङ्गता भएका आमा/बुवा | |
| घरमूली आफैं भएको | | अति कुपोषित | | बेचबिखनमा परेको | |
| आर्थिक रूपमा अति विपन्न | | विपत्को जोखिममा रहेका बालबालिका | | प्रकोपको असरबाट प्रभावित बालबालिका | |
| अन्य : (कारणसहित उल्लेख गर्ने) | | | | | |

**अपाङ्गता भए अपाङ्गताको किसिम**

१. सुस्त श्रवण २. दृष्टि विहीन ३. सुस्त मनस्थिति ४. शारीरिक अपाङ्गता ५. मनोसामाजिक ६. बहु-अपाङ्गता

**बालबालिकाको पारिवारिक आर्थिक स्थिति**

परिवार सङ्ख्या : महिला................ पुरूष............. बालक ................ बालिका.................

मुख्य आय स्रोत :...........................................................................................................

आय स्रोतबाट हुने वार्षिक आम्दानी :..........................................................................................

**अन्तर्वार्ता निष्कर्ष (पहिचान गर्नेले भर्नु पर्ने)**

..........................................................................................................................................

**अन्तर्वार्ता लिने व्यक्तिको विवरण**

व्यक्तिको नाम : ..................... हस्ताक्षर : ............

पद : ...................................... संस्था : ......................................

मिति : .............................. सम्पर्क नम्बर : .................................

*प्रकोप भन्नाले : बाढी, पहिरो, महामारी, अनिकाल, हिमपात, विष्फोट, खडेरी, हुरीबतास, चट्याङ, भूकम्प आदि र प्रकोपबाट हुने असरलाई विपत् भनिन्छ ।*

## अनुसूची ३

## बालश्रममा रहेका बालबालिकाका लागि थप भर्नु पर्ने

१. **क. बालश्रमको क्षेत्र :** घर/पसल/उद्योग/होटेल /ग्यारेज/सार्वजनिक यातायात/अन्य

**ख.** घर/पसल/उद्योग/होटेल /ग्यारेज/सार्वजनिक यातायात/अन्य **पसलको नाम :** ..................................

ठेगाना : गापा : ............................ वडा नं. : ......... टोल/गल्ली : ............................

व्यवसायीको/व्यक्तिको नाम : ................................................ सम्पर्क नं. : ...............

### ३. माथि उल्लिखित श्रम क्षेत्रमा संलग्न बालबालिकाको व्यक्तिगत विवरण :

| क. सं. | बालबालिका कार्यरत श्रम क्षेत्र सम्बन्धी अवस्था विश्लेषण | अवलोकन गर्नु पर्ने आधारभूत तत्वहरू | √ चिन्ह लगाउनु होस् | कैफियत |
|---|---|---|---|---|
| १ | बिदा | पाउने | | |
| | | नपाउने | | |
| २ | बालबालिकाको उमेर समूह | १३ वर्षमुनिको उमेर | | |
| | | १४-१६ वर्षमुनिको उमेर | | |
| | | १६-८ वर्षमाथिको उमेर | | |
| ३ | कामको प्रकृति (बालबालिकाले गर्ने कामको विवरण लेख्ने) | | | |
| ४ | पारिश्रमिक दिने गरेको वा नगरेको | ० | | |
| | | ०-५००० | | |
| | | ५०००-१०००० | | |
| | | १००००- | | |
| ५ | अपाङ्गता भए-नभएको | भएको/नभएको | | |
| ६ | काम गर्ने ठाउँको अवस्था | अँध्यारो ठाउँ | | |
| | | फोहोर ठाउँ | | |
| | | साँघुरो ठाउँ | | |
| | | अन्य | | |
| ७ | बालबालिकालाई रोजगारदाताले गर्ने व्यवहार | गाली गलौज | | |
| | | शारीरिक यातना, कुटपिट | | |
| | | मायालु व्यवहार | | |
| | | अन्य | | |

## अनुसूची ४

## सडक बालबालिकाका लागि थप भर्नु पर्ने

क) सडकमा आउनुको मुख्य कारण :

ख) बालबालिकाको सडकमा रहने समय : रातदिन/दिनमा मात्र/ कहिलेकाहीँ (दिनमा मात्र भए रातमा सुत्ने ठाउँ........................)

ग) बालबालिका कति महिना/वर्ष अगाडिदेखि सडकमा छन् :

घ) बालबालिकाको आयस्रोतको माध्यम : मागेर/कबाडी जम्मा पारेर/अन्य कुनै

ङ) कसैले माग्ने काममा लगाएका हुन् वा स्वेच्छाले मागेको हो : कसैले माग्न लगाएको हो भने कसले हो :

## अनुसूची ५

## स्थानीय बालअधिकार समिति र सम्बन्धित अभिभावकबीच हुने सम्झौता-पत्र

बाल संरक्षण कोषबाट सहयोग प्राप्त गर्ने बालबालिकाको अभिभावक र स्थानीय बालअधिकार समितिबीच तपसिल अनुसारको शर्त बन्देजमा रहने गरी भएको सम्झौता पत्र :

### तपसिल

**क) सम्बन्धित अभिभावकले पालना गर्नु पर्ने**

१. बालबालिकाको शिक्षामा अभिरूचि सिर्जना गरी निरन्तर विद्यालय पठाउने ।

२. बालसंरक्षण कोषबाट प्राप्त सहयोगको रकम शिक्षा, स्वास्थ्य र पोषणको क्षेत्रमा मात्र खर्च गर्ने ।

३. बिरामी भएर वा अन्य कारणबाट बालबालिका विद्यालय जान नसेकमा सम्बन्धित विद्यालयलाई जानकारी गराउने ।

४. बालविवाह गराइदिन नपाइने ।

५. बालबालिकालाई बालमैत्री वातावरण दिनु पर्ने र उनीहरूलाई शारीरिक/मानसिक यातना दिन नहुने ।

६. बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नहुने ।

७. उचित समयमा आफ्ना बालबालिकाको हेरचाह गर्ने र छोरा छोरीमा भेदभाव गर्न नहुने ।

**ख) सम्बन्धित गाउँ बालअधिकार संरक्षण तथा सम्वर्द्धन समितिले पालना गर्नु पर्ने सर्तहरू**

१. छनोट भएका बालबालिकालाई बाल संरषण कोष सञ्चालन निर्देशिकामा भएको व्यवस्था बमोजिम वर्षको ३ किस्ता गरी तोकिएको रकम उपलब्ध गराउने ।

२. सो सहयोग रकम सही सदुपयोग भए-नभएको अनुगमन गर्न आफैं वा समिति गठन गरी परिचालन गर्ने ।

३. अनुगमनका क्रममा निर्देशिका अनुसार प्रदान गरी आएको सहयोग रकम रोक्का वा स्थगन गर्नु पर्ने कुनै पनि आधार भेटिएमा सुनुवाइको उचित मौका दिई लिखित रूपमा सम्बन्धित अभिभावक र विद्यालयलाई सूचना दिने ।

४. सम्बन्धित अभिभावक र बालबालिकासँग निरन्तर सम्पर्कमा रहिरहनु पर्ने ।

५. छनोट गरिएका बालबालिकालाई अनुसूची ६ अनुसारको परिचय पत्र प्रदान गर्ने

उल्लिखित सर्तमा रही हामीहरू बालबालिकाको स्वास्थ्य, शिक्षा र पोषणको अवस्थामा सुधार ल्याउने अभिप्रायले गर्न लागिएको सहयोग कार्यक्रम कार्यान्वयनमा हाम्रो खुसीराजीले यो सम्झौता गरी एक-एक प्रति बुझिलियौँ/दियौँ । यो सम्झौता पालना नभए नियम बमोजिम हुनेछ ।

**अभिभावकका तर्फबाट :**

नाम थर :........................................

दस्तखत : .......................................

बालबालिकाको नाम : ............................

कक्षा :.............................................

ठेगाना :............................................

औंठाको छाप

**साक्षीहरू**

१..............................

२................................

**औठाको छाप**

| **दायाँ** | **बायाँ** |
| --- | --- |
| | |

स्थानीय बालअधिकार समितिको तर्फबाट :

नाम थर :.......................

दस्तखत :

पद :

संस्थाको छाप :

इति सम्वत्.........................साल................महिना................गते.................रोज..........शुभम् ।

---

## अनुसूची ६
## लाभग्राही परिचय पत्र

**स्थानीय बालअधिकार समिति**

...............वडा नं को कार्यालय

गुराँस गाउँपालिका

दैलेख

**बाल अक्षय कोष लाभग्राही परिचय पत्र**

**परिचय पत्र नं............**

**नाम :**

**ठेगाना :**

**जन्म मिति :**

**बाबु, आमा वा संरक्षकको नाम :**

**अक्षय कोषमा आबद्ध भएको मिति :**

**लाभग्राहीको समयावधि सकिने मिति :**

**सम्पर्क नं :**

**फोटो**


September
October
November
Sunday
Monday
Tuesday
Wednesday
Thursday
Friday
Saturday

# बालसंरक्षण कोष सञ्चालन निर्देशिका, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७६........

## प्रस्तावना

जोखिममा परेका वा जोखिम अवस्थामा रहेका एवम् विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, बेवारिसे अवस्थामा रहेका, अलपत्र परेका तथा पीडित बालबालिकाको उद्धार गरी परिवारमा पुनर्मिलन गर्न एवम् समुदायमा पुनर्स्थापना गर्न, आफ्ना सन्तानको उचित हेरचाह, पालन-पोषण गर्न, शिक्षादीक्षा दिन तथा संरक्षण गर्न बाबुआमा वा संरक्षकलाई प्रोत्साहित गर्न, आफ्ना सन्तानलाई बेवारिसे अवस्थामा छाड्ने बाबुआमा वा संरक्षकलाई जिम्मेवार बनाउन र बालअधिकारको संरक्षण गरी सक्षम र सबल नागरिक तयार गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाको गुराँस गाउँपालिकाद्वारा नेपालको संविधानको २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५ मा उल्लेख भए अनुसारका व्यवस्थाहरूको स्थानीय तहमा कार्यान्वयनका लागि **"बालसंरक्षण कोष सञ्चालन निर्देशिका, २०७६"** लागू गरिएको छ ।

## १. सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम **"बालसंरक्षण कोष सञ्चालन निर्देशिका, २०७६"** रहेको छ ।

(ख) यो कार्यविधि गुराँस गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(क) **'बालबालिका'** भन्नाले १८ वर्षमुनिका व्यक्ति सम्झनु पर्छ ।

(ख) **'विशेष संरक्षणको आवश्यकता भएका बालबालिका'** भन्नाले नियम ३ मा उल्लेख भएका बालबालिका सम्झनु पर्छ ।

(ग) **'बेपत्ता'** भन्नाले विगत ५ वर्षदेखि परिवारका सदस्यको सम्पर्कमा नरहेको भन्ने सम्झनु पर्छ ।

(घ) **'गाउँपालिका'** भन्नाले गुराँस गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(ङ) **'स्थानीय बालअधिकार समिति'** भन्नाले वडा स्तरमा जोखिममा रहेका बालबालिकाको छनोट तथा सिफारिस गर्ने समिति सम्झनु पर्छ ।

(च) **'संस्था'** भन्नाले बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थालाई सम्झनु पर्छ ।

(छ) **"सामाजिक सुरक्षा"** भन्नाले जोखिममा रहेका अति विपन्न परिवारका बालबालिकालाई उनीहरूको जीवनस्तरमा सुधार ल्याउन मासिक रूपमा गरिने सहयोगलाई सम्झनु पर्छ ।

(ज) **"बालकोष"** भन्नाले आपत्कालीन अवस्थामा रहेका बालबालिकालाई पुनर्स्थापना गर्नका लागि तत्काल सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गरिएको कोषलाई सम्झनु पर्दछ ।

(झ) **"बालकल्याण अधिकारी"** भन्नाले स्थानीय तहमा बालबालिकाको क्षेत्रमा काम गर्ने गरी नियुक्त गरिएको कर्मचारी सम्झनु पर्दछ ।

(ञ) **'स्तरीय बालअधिकार समिति'** भन्नाले गाउँपालिका स्तरमा जोखिममा रहेका बालबालिकाको छनोट तथा सिफारिस गर्ने समिति सम्झनु पर्दछ ।

(ट) **"वडा बालसंरक्षण समिति"** भन्नाले स्थानीय बालअधिकार समितिलाई सहयोग पुऱ्याउने उद्देश्यले वडा स्तरमा गठन गरिएको समिति सम्झनु पर्दछ ।

## ३. उद्देश्यहरू

यस बालसंरक्षण कोष सञ्चालन निर्देशिकाका उद्देश्यहरू निम्न अनुसार हुनेछन् :

१. गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति अन्तर्गत टुहुरा तथा जोखिमयुक्त बालबालिकाको सहायोगार्थ अक्षय कोष स्थापना र सञ्चालन गर्ने ।

२. स[illegible]ा आवश्यकता भएका बालबालिकाको पहिचान गरी उनीहरूलाई आर्थिक सहयोग गर्ने ।

## ४. अपेक्षित उपलब्धिहरू

१. लक्षित समूहका पोषणयुक्त खानाबाट वञ्चित बालबालिकाहरूलाई सहयोग पश्चात् पोषणयुक्त खाना उपलब्ध हुनेछ ।

२. लक्षित समूहका विद्यालय जान नपाएका बालबालिकाहरू सहयोग पश्चात् निरन्तर विद्यालय जानेछन् ।

३. लक्षित समूहका स्वास्थ्य उपचार नपाएका बालबालिकाहरूले सहयोग पश्चात् स्वास्थ्य उपचार पाउने छन्

४. आर्थिक कारणले बालश्रममा परेका अनाथ बालबालिका सहयोग पश्चात् विद्यालय जानेछन् ।

५. गाउँपालिका बालश्रममुक्त हुनेछ ।

## ५. विशेष जोखिममा रहेका बालबालिका

देहायका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिने छ

(क) बाबुआमाको मृत्यु भई अनाथ भएका बालबालिका,

(ख) अलपत्र वा बेवारिसे अवस्थामा फेला परेका र बाबुआमाको पत्ता नलागेका बालबालिका,

(ग) बाबुको पहिचान नखुलेको र आमाको मृत्यु भएको बालबालिका,

(घ) बाबुआमा दुवै गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या भएमा आफ्ना सन्तानको हेरचाह गर्न असमर्थ भएका वा दुवै एचआइभी सङ्क्रमित बाबुआमाका बालबालिका,

(ङ) बाबु-आमा दुवै 'क' वा 'ख' वा 'ग' वर्गको अपाङ्गता परिचयपत्र भएकाको बालबालिका,

(च) बाबु वा आमामध्ये एकको मृत्यु भएको र जीवित बाबु वा आमा 'क' वा 'ख' वा 'ग' वर्गको अपाङ्गता परिचयपत्र भएकाको बालबालिका,

(छ) बुबाआमा दुवै जीवितै रहे पनि आफ्ना सन्तानको हेरचाह नगरी अलपत्र पारेका वा सन्तान छाडी अर्को विवाह गरी अन्यत्र गएका कारण नातेदार वा अन्य कसैको संरक्षणमा रहेका बालबालिका,

(ज) बाबु-आमामध्ये कुनै एकको मृत्यु भएको र अर्को आफ्ना सन्तान छोडी अर्को विवाह गरी गएका वा बेपत्ता भएको कारण अभिभावकविहीन भएका बालबालिका,

(झ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(ञ) बाबु-आमा वा संरक्षकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितका लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ट) बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको श्रममा संलग्न भई जीवन यापन गरिरहेका बालबालिका,

(ठ) एचआइभी सङ्क्रमित बालबालिका,

(ड) दुर्व्यवहार वा हिंसाबाट पीडित बालबालिका,

(ढ) बाबुआमा वा संरक्षकले बेवास्ता गरी नातेदार वा अन्य कसैको आश्रयमा रहेका बालबालिका ।

## ६. कोष आम्दानीका स्रोतहरू

- बाल संरक्षण कोष, अक्षय कोषका रूपमा रहने छ ।
- यो कोष गाउँपालिका, सरकारी, गैर सरकारी सङ्घ-संस्था, दातृनिकाय लगायतबाट अनुदान, चन्दा सहयोग प्राप्त गरी खडा गरिने छ ।
- बाल संरक्षण कोषको मूल धनलाई क्रमशः बढाउँदै लगिने छ ।
- बालसंरक्षण कोषबाट आर्जित रकम यस निर्देशिकाको बुँदा नं ४ अनुसारका बालबालिकाको हितका लागि खर्च गर्नु पर्नेछ ।

- बाल संरक्षण कोषको रकम तालिम, गोष्ठी, प्रशासनिक खर्च, भ्रमण आदि क्षेत्रमा खर्च गर्न पाइने पाइने छैन ।
- बालसंरक्षण कोष स्थानीय बालअधिकार समिति, वडा बाल संरक्षण समिति र गाउँपालिकाको समन्वय तथा सहकार्यमा सञ्चालन गर्नु पर्नेछ ।

## ७. अनुदान रकम

लक्षित बालबालिकालाई प्रति महिना रु.४००/- (अक्षरेपि चार सय) का दरले एक वर्षमा जम्मा रु.४८००/- (अक्षरेपि चार हजार आठ सय मात्र) सहयोग गरिने छ । यो सहयोग रकम नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि तोकिएको मितिमा वितरण गर्नु पर्नेछ । यो सहयोग रकम लाभान्वित वर्गका संरक्षक अभिभावकले बालबालिकाको पोषण, स्वास्थ्य र शिक्षामा प्रयोग गर्नु पर्नेछ । प्रत्येक वर्ष कोषको रकम बढाउँदै लगिने छ ।

## ८. लाभान्वित बालबालिकाको छनोट तथा सिफारिस

१. वडा बाल संरक्षण समितिले प्रत्येक वर्ष जोखिममा रहेका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गर्नु पर्नेछ ।

२. अद्यावधिक गरिएका त्यस्ता जोखिममा रहेका बालबालिकाको तथ्याङ्क सहयोगका लागि वडा बालसंरक्षण समितिले बाल कोषमा नामावलीसहित पेस गर्नु पर्नेछ ।

३. सहयोगका लागि आर्थिक वर्षको दोस्रो चौमासिकभित्र पठाइसक्नु पर्नेछ ।

४. वडा बालसंरक्षण समितिका सहयोगका लागि सिफारिस गर्दा उक्त बालबालिकाको व्यक्तिगत विवरणसहित जन्मदर्ताको प्रमाण पत्र, विद्यालयमा अध्ययनरत भए विद्यालयको सिफारिस अभिभावकको नागरिकता, अभिभावकको मृत्युदर्ताको प्रमाण पत्र र अति विपन्न भए सम्बन्धित नेपाल सरकारको जुनसुकै कार्यालयबाट सिफारिस गरिएको पत्र समावेश गर्नु पर्नेछ ।

## ९. छनोट प्रक्रिया

१. अनुसूची ५ अनुसार बालबालिकाको छनोट प्रक्रियालाई आधार मानी बालबालिकाको नामावली वडा बालसंरक्षण समितिले सिफारिस गरी स्थानीय बालअधिकार समितिमा पठाउनु पर्नेछ ।

२. छनोट भएका बालबालिकाहरूको नामावली सार्वजनिक सूचनाद्वारा जानकारी गराउनु पर्नेछ ।

३. छनोट सम्बन्धी जानकारी सम्बन्धित बालबालिका, उनीहरूका अभिभावक र अध्ययन गरिरहको विद्यालयलाई पत्र मार्फत वा अन्य सञ्चार माध्यमद्वारा गराउनु पर्नेछ ।

४. बाल संरक्षण कोष सञ्चालन सहयोग समिति, वडा बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति र अनुगमन समिति मार्फत सेवा प्रभावकारी बनाउन पहल गरिने छ ।

## १०. स्थानीय बालअधिकार समिति

१) स्थानीय बालअधिकार समितिको मातहतमा रहने गरी बाल कोष सञ्चालन गरिने छ । गाउँपालिका स्तरमा बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि तपसिल अनुसारको गाउँपालिकास्तरीय बालअधिकार समिति रहने छ ।

- गाउँ कार्यपालिकाको उपाध्यक्षले तोकेको गाउँ कार्यपालिकाको सदस्य : संयोजक
- गाउँपालिकामा शिक्षा शाखा हेर्ने अधिकृत स्तरको प्रतिनिधि : सदस्य
- गाउँपालिकामा स्वास्थ्य शाखा हेर्ने अधिकृत स्तरको प्रतिनिधि : सदस्य
- गाउँ बाल सञ्जाल/समूहको प्रतिनिधि बालक बालिका २ जना : सदस्य
- गाउँपालिकास्तरीय नागरिक समाजको प्रतिनिधि : सदस्य

- स्थानीय तहमा कार्यरत सञ्चारकर्मीको प्रतिनिधि : सदस्य
- गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत सामाजिक सङ्घ/संस्थाको प्रतिनिधि : सदस्य
- महिला स्वास्थ्य स्वयंसेविकाहरूको तर्फबाट एक जना प्रतिनिधि : सदस्य
- गाउँपालिका स्तरमा महिला तथा सामाजिक शाखा हेर्ने प्रतिनिधि : सदस्य सचिव

२. वडा स्तरमा स्थानीय बालअधिकार समिति गठन गर्न सकिने छ।

३. गाउँ बालअधिकार समितिमा सरकारी निकायबाट रहने पदेन सदस्यबाहेक अन्य सदस्यको मनोनयन समिति आफैँले गर्नेछ र निजहरूको पदावधि २ वर्षको हुनेछ।

४. बालअधिकार समितिले बालबालिकाका सम्बन्धमा महत्त्वपूर्ण निर्णयहरू गर्दा सम्बन्धित बाल क्लब/समूह वा सञ्जालका बालबालिकाहरूसँग परामर्श गर्नु पर्नेछ।

## ११. स्थानीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार

- बालअधिकार सूचकको फारामका आधारमा गाउँपालिकाभित्रका बालबालिकाको तथ्याङ्क र सूचना सङ्कलन गर्ने, अद्यावधिक गर्ने र आवश्यकता अनुसार वितरण गर्ने।
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने अन्तिम संरक्षण गर्ने-गराउने।
- बालअधिकारको संरक्षण र संवर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने-गराउने।
- बालअधिकारका निमित्त विकासका साझेदार तथा गाउँपालिका स्तरका अन्य निकायबीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने।
- गाउँपालिका स्तरमा बालसंरक्षण समितिहरू गठन गर्न सहयोग गर्ने।
- बालगृह, अनुगमन, आकस्मिक सहयोग, कानुनी सहायता, अन्तरिम हेरचाह सम्बन्धी विषयमा सम्बन्धित निकायमा सम्बन्ध स्थापना वा सिफारिस गर्ने।
- गाउँपालिकामा बालबालिकाको क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरूबीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने।
- कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक परामर्श, सुझाव दिने।
- वडा बाल संरक्षण समितिबाट सहयोगका लागि सिफारिस भई आएका बालबालिकालाई सहयोग गर्ने।
- सङ्घ र प्रदेशस्तरीय बालअधिकार समितिबाट प्राप्त निर्देशनको पालना गर्ने-गराउने।
- गाउँपालिका स्तरमा वार्षिक कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्न पहल गर्ने।
- कार्यक्रम कार्यान्वयनको प्रगति पेस गर्ने।
- बालबालिकालाई राहत तथा पुनर्स्थापनाका लागि सहयोग गर्ने र,
- अनुसूची १ र अनुसूची २ अनुसारको तथ्याङ्क सङ्कलनमा स्थानीय बालअधिकार समितिले सहयोग गर्नु पर्नेछ।

## १२. सम्झौता सम्बन्धी व्यवस्था

१. छनोट भएका बालबालिकाहरूलाई सहयोग प्रदान गर्नुअघि बाबु, आमा वा अभिभावक/संरक्षकसँग **अनुसूची ३** मा उल्लेख गरिएको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

२. सम्झौताको समयमा छनोट भएका बालबालिका, उनीहरूका बाबु-आमा वा अभिभावकलाई यसबाट शिक्षा तथा स्वास्थ्यमा पर्ने असर तथा प्रभावका बारेमा जानकारी एवम् परामर्श दिनु पर्नेछ।

## १३. अनुदान प्रदान गर्ने प्रक्रिया

१. सबै सरोकारवालाहरूलाई समेटेर विशेष समारोह आयोजना गरी वा समारोह भएको समयमा सहयोग वितरण गनु पर्नेछ ।

२. सो सहयोग रकम ३ किस्तामा नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमै सम्बन्धित घरका व्यक्तिलाई प्रदान गर्नु पर्नेछ ।

३. चौमासिक रूपमा रु.१६००।- (अक्षरेपी एक हजार छ सय रुपैयाँ) एकमुष्ट रूपले हरेक छनोट भएका बालबालिकालाई वितरण गर्नु पर्नेछ ।

## १४. अनुदान रोक्का हुने अवस्थाहरू

१. जोखिममा रहेका बालबालिकाको आर्थिक अवस्था सुधार भएमा,

२. बसाई सरी गएमा,

३. रकम दुरूपयोग भएको देखिएमा,

४. अन्य व्यक्ति वा सङ्घ-संस्थाबाट उल्लेख्य (सहयोग रकमको ५० प्रतिशतभन्दा बढी सहयोग पाएमा),

५. बीचैमा कक्षा छोडेमा,

६. विवाह गरेमा,

७. २ वटा वार्षिक परीक्षामा लगातार अनुत्तीर्ण भएमा,

८. मृत्यु भएमा ।

## १५. अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

१. बालसंरक्षण कोषबाट अनुदान वितरण कार्यक्रमको प्रतिवेदन गाउँसभामा छलफल गर्नु पर्नेछ ।

२. छनोट तथा सहयोग प्रक्रिया र सदुपयोग सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ ।

३. छनोट तथा सहयोग प्रक्रिया र सदुपयोग अनुगमन सम्बन्धमा बुँदा नं. ९.१ अनुसार गठित स्थानीय बाल अधिकार समितिले गर्नेछ । उक्त समितिको निम्न अनुसार कार्य हुनेछ :

क) उपयुक्त र योग्य बालबालिका सेवाग्राही छनोट गर्ने सम्बन्धमा,

ख) बाल अक्षय कोषको निष्पक्ष र निर्बाध सेवा प्रदान गराउने सम्बन्धमा,

ग) लक्षित सेवाग्राहीलाई उद्देश्य अनुरूप सहयोग गर्ने वातावरण सिर्जना गर्ने सम्बन्धमा ।

४. समितिले स्थलगत अध्ययन गरी उद्देश्य अनुरूप काम भए-नभएको सुनिश्चित गर्न कम्तीमा वर्षको एक पटक अनुगमन गर्नु पर्नेछ ।

५. सहयोग रकम दुरूपयोग गरेको शङ्का लागेमा जुनसुकै समयमा पनि अनुगमन गर्न सकिने छ ।

६. अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गर्नेछ ।

## १६. बालसंरक्षण कोषको सञ्चालन

१. कोषको रकम नेपाल राष्ट्र बैकबाट "क" श्रेणीको सरकारी कारोबार गर्न इजाजत प्राप्तमध्ये अधिकतम रकम ब्याजदर तथा अन्य सुविधा उपलब्ध गराउने बैंकमा मुद्दती खाता खोली रकम जम्मा गरिने छ र सो कोषबाट प्राप्त ब्याज सङ्कलनका लागि सोही बैंकमा छुट्टै चल्ती/बचत खाता खालिने छ ।

२. गाउँपालिकाले स्थानीय बालअधिकार समितिको नाममा मुद्दती खाता अक्षय कोष सञ्चालन गर्न सम्बन्धित बैंकलाई सिफारिस पत्र पठाउने छ ।

३. दुवै खाताको खाता सञ्चालन निम्न अनुसार रहने छन् :

क) स्थानीय बालअधिकार समितिका संयोजक : १ जना

ख) सामाजिक शाखा हेर्ने कर्मचारी सदस्य : १ जना

ग) गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिकाका सदस्य : १ जना

४. उल्लिखित ३ जनाको संयुक्त दस्तखतमा खाता खोलिने र खाता सञ्चालनमा कुनै २ जनाको दस्तखतमा खाता सञ्चालन गरिने छ ।

५. ब्याजदर प्राप्त ९० प्रतिशत रकम प्रत्येक वर्ष सहयोग गरिने छ भने १० प्रतिशत रकम मुद्दती खातामा थप गर्दै लगिने छ ।

## १७. अभिलेखीकरणको व्यवस्था

१. बालसंरक्षण कोष सञ्चालन निर्देशिका अन्तर्गत सञ्चालन गरिएका कार्यक्रमहरूको प्रतिवेदन तयार गरी स्थानीय बालअधिकार समितिले अद्यावधिक गरेपछि सोको जानकारी वडा बालसंरक्षण समिति र साझेदार संस्थामा गराउनु पर्नेछ ।

२. यस कार्यका लागि स्थानीय बालअधिकार समितिले आफूहरूमध्येबाट एक जना सदस्यलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

३. छनोट भएका बालबालिकाहरूको अभिलेख अद्यावधिक राख्ने तथा अवधि पूरा गरेका बालबालिकाको लगत कट्टा गरिने छ ।

४. लाभग्राही बालबालिकालाई **अनुसूची ४** बमोजिमको परिचय पत्रको व्यवस्था गर्ने र सोको अभिलेख व्यवस्थापन गर्नु पर्नेछ ।

## १८. उजुरी तथा गुनासो सम्बन्धी व्यवस्था

यस कोषसँग सम्बन्धित कुनै पनि उजुरी तथा गुनासाहरू सम्बन्धित स्थानीय बालअधिकार समितिमा पेस गर्न सकिने छ । स्थानीय बालअधिकार समितिले उक्त उजुरी तथा गुनासाहरू समाधान गर्नेछ । चित्त नबुझेमा लिखित रूपमा गाउँपालिकामा उजुर गर्न सकिने छ । गाउँपालिकाले आवश्यक सल्लाह सुझाव दिन सक्ने छ ।

## १९. कार्यविधिमा संशोधन

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान आएमा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गाउँपालिकाको निर्णय अनुसार गरिने छ । निर्णय पश्चात् लागू हुनेछ ।

# अनुसूची १

## (तथ्याङ्क सङ्कलन फाराम)

## जोखिममा रहेका बालबालिकाको पहिचान तथा दर्ता फारम

दर्ता नं. :.......................................

बालकको नाम : ....................................................................... लिंग: पुरूष ☐ महिला ☐

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जात: | दलित | | जनजाति | | तराई मधेसी | | मुस्लिम | | ब्राह्मण/क्षत्री | | अन्य | |

जन्म मिति : ................................. गते ..................... महिना................साल........ उमेर.......................

बालकको स्थायी ठेगाना : .......................जिल्ला.........................गाउँपालिका...... वार्ड नं. ........ टोल........

| | | | | | |
|---|---|---|---|---|---|
| बाबुको नाम : | | जीवित : | | मृत : | |
| आमाको नाम : | | जीवित : | | मृत : | |

**बालबालिकाको शैक्षिक अवस्था** : विद्यालय जान्छ ☐ जाँदैन .☐.

**यदि बालबालिका विद्यालय जान्छ भने** :

विद्यालयको नाम :........................................................................... ठेगाना : ...................................

जिल्ला...................................गाउँपालिका........ वार्ड नं. ................. टोल : ...................................कक्षा

**बालबालिकाको हालको संरक्षक आमा-बुवाभन्दा फरक भएमा संरक्षकको विवरण**

संरक्षकको पूरा नाम : ...............................................................ठेगाना : .........................................

जिल्ला.................................... गाउँपालिका/नगरपालिका................ वार्ड नं. .......................................

टोल...........................................पेसा.........................................फोन नं:.....................................

बालकको संरक्षकसँगको नाता....................... संरक्षकको घरमा भएका बालबालिका सङ्ख्या........................

**बालबालिका जोखिममा पर्नुको कारण :**

| | | | | | |
|---|---|---|---|---|---|
| द्वन्द्व प्रभावित | | बुवा-आमा दुवै नभएको | | बुवा अथवा आमा नभएको | |
| एचआइभी प्रभावित | | एचआइभी सङ्क्रमित | | अपाङ्गता भएको | |
| हराएको | | बाल श्रमिक | | अपाङ्गता भएका आमा/बुवा | |
| घरमूली आफैं भएको | | अति कुपोषित | | बेचबिखनमा परेको | |
| आर्थिक रूपमा अति विपन्न | | विपत्को जोखिममा रहेका बालबालिका | | प्रकोपको असरबाट प्रभावित बालबालिका | |
| अन्य : (कारणसहित उल्लेख गर्ने) | | | | | |

**बाल बालिकाको पारिवारिक तथा आर्थिक स्थिति**

परिवार सङ्ख्या : महिला.................पुरुष................बालक..........बालिका............मुख्य आय स्रोत : ..........

आय स्रोतबाट हुने वार्षिक आम्दानी :..........................................................................................

**अन्तर्वार्ता निष्कर्ष (पहिचान गर्नेले भर्नु पर्ने)**

.............................................................................................................................................

**अन्तर्वार्ता लिने व्यक्तिको विवरण**

व्यक्तिको नाम : ..................... हस्ताक्षर : ............

पद : ...................................... संस्था : ......................................

मिति : .............................. सम्पर्क नम्बर : ................................

*प्रकोप भन्नाले : बाढी, पहिरो, महामारी, अनिकाल, हिमपात, विष्फोट, खडेरी, हुरीबतास, चट्याङ, भूकम्प आदि र प्रकोपबाट हुने असरलाई विपत् भनिन्छ ।*

## अनुसूची २

## बालश्रममा रहेका बालबालिकाका लागि थप भर्नु पर्ने

१. **क. बालश्रमको क्षेत्र :** घर/पसल/उद्योग/होटेल /ग्यारेज/सार्वजनिक यातायात/अन्य

**ख.** घर/पसल/उद्योग/होटेल /ग्यारेज/सार्वजनिक यातायात/अन्य **पसलको नाम :** ..................................

ठेगाना : गापा : ............................ वडा नं. : ......... टोल/गल्ली : ............................

व्यवसायीको/व्यक्तिको नाम : ............................................... सम्पर्क नं. : ...............

### ३. माथि उल्लिखित श्रम क्षेत्रमा संलग्न बालबालिकाको व्यक्तिगत विवरण :

| क्र. सं. | बालबालिका कार्यरत श्रम क्षेत्र सम्बन्धी अवस्था विश्लेषण | अवलोकन गर्नु पर्ने आधारभूत तत्त्वहरू | √ चिन्ह लगाउनु होस् | कैफियत |
|---|---|---|---|---|
| १ | बिदा | पाउने | | |
| | | नपाउने | | |
| २ | बालबालिकाको उमेर समूह | १३ वर्षमुनिको उमेर | | |
| | | १४-१६ वर्षमुनिको उमेर | | |
| | | १६-८ वर्षमाथिको उमेर | | |
| ३ | कामको प्रकृति (बालबालिकाले गर्ने कामको विवरण लेख्ने) | | | |
| ४ | पारिश्रमिक दिने गरेको वा नगरेको | ० | | |
| | | ०-५००० | | |
| | | ५०००-१०००० | | |
| | | १००००- | | |
| ५ | अपाङ्गता भए-नभएको | भएको/नभएको | | |
| ६ | काम गर्ने ठाउँको अवस्था | अँध्यारो ठाउँ | | |
| | | फोहोर ठाउँ | | |
| | | साँघुरो ठाउँ | | |
| | | अन्य | | |
| ७ | बालबालिकालाई रोजगारदाताले गर्ने व्यवहार | गाली गलौज | | |
| | | शारीरिक यातना, कुटपिट | | |
| | | मायालु व्यवहार | | |
| | | अन्य | | |

## अनुसूची ३
## स्थानीय बालअधिकार समिति र सम्बन्धित अभिभावकबीच हुने सम्झौता-पत्र

बाल संरक्षण कोषबाट सहयोग प्राप्त गर्ने बालबालिकाको अभिभावक र स्थानीय बालअधिकार समितिबीच तपसिल अनुसारको शर्त बन्देजमा रहने गरी भएको सम्झौता पत्र :

**तपसिल**

**क) सम्बन्धित अभिभावकले पालना गर्नु पर्ने स[illegible]**

१. बालबालिकाको शिक्षामा अभिरूचि सिर्जना गरी निरन्तर विद्यालय पठाउने ।

२. बालसंरक्षण कोषबाट प्राप्त सहयोगको रकम शिक्षा, स्वास्थ्य र पोषणको क्षेत्रमा मात्र खर्च गर्ने ।

३. बिरामी भएर वा अन्य कारणबाट बालबालिका विद्यालय जान नसेकमा सम्बन्धित विद्यालयलाई जानकारी गराउने ।

४. बालविवाह गराइदिन नपाइने ।

५. बालबालिकालाई बालमैत्री वातावरण दिनु पर्ने र उनीहरूलाई शारीरिक/मानसिक यातना दिन नहुने ।

६. बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नहुने ।

७. उचित समयमा आफ्ना बालबालिकाको हेरचाह गर्ने र छोरा छोरीमा भेदभाव गर्न नहुने ।

**ख) सम्बन्धित गाउँ बालअधिकार संरक्षण तथा सम्वर्द्धन समितिले पालना गर्नु पर्ने सर्तहरू**

१. छनोट भएका बालबालिकालाई बाल संरषण कोष सञ्चालन निर्देशिकामा भएको व्यवस्था बमोजिम वर्षको ३ किस्ता गरी तोकिएको रकम उपलब्ध गराउने ।

२. सो सहयोग रकम सही सदुपयोग भए-नभएको अनुगमन गर्न आफैं वा समिति गठन गरी परिचालन गर्ने ।

३. अनुगमनका क्रममा निर्देशिका अनुसार प्रदान गरी आएको सहयोग रकम रोक्का वा स्थगन गर्नु पर्ने कुनै पनि आधार भेटिएमा सुनवाइको उचित मौका दिई लिखित रूपमा सम्बन्धित अभिभावक र विद्यालयलाई सूचना दिने ।

४. सम्बन्धित अभिभावक र बालबालिकासँग निरन्तर सम्पर्कमा रहिरहनु पर्ने ।

५. छनोट गरिएका बालबालिकालाई अनुसूची ४ अनुसारको परिचय पत्र प्रदान गर्ने

उल्लिखित सर्तमा रही हामीहरू बालबालिकाको स्वास्थ्य, शिक्षा र पोषणको अवस्थामा सुधार ल्याउने अभिप्रायले गर्न लागिएको सहयोग कार्यक्रम कार्यान्वयनमा हाम्रो खुसीराजीले यो सम्झौता गरी एक-एक प्रति बुझिलियौँ/दियौँ । यो सम्झौता पालना नभए नियम बमोजिम हुनेछ ।

**अभिभावकका तर्फबाट :**

नाम थर :........................................

दस्तखत : .......................................

बालबालिकाको नाम : ............................

कक्षा :.............................................

ठेगाना :............................................

औंठाको छाप

**साक्षीहरू**

१..............................

२................................

**औंठाको छाप**

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

स्थानीय बालअधिकार समितिको तर्फबाट :

नाम थर :......................

दस्तखत :

पद :

संस्थाको छाप :

इति सम्वत्.........................साल...............महिना................गते.................रोज..........शुभम् ।

---

## अनुसूची ४
## लाभग्राही परिचय पत्र

**स्थानीय बालअधिकार समिति**

**...............वडा नं को कार्यालय**

**गुराँस गाउँपालिका**

**दैलेख**

**बाल अक्षय कोष लाभग्राही परिचय पत्र**

**परिचय पत्र नं............**

**नाम :**

**ठेगाना :**

**जन्म मिति :**

**बाबु, आमा वा संरक्षकको नाम :**

**अक्षय कोषमा आबद्ध भएको मिति :**

**लाभग्राहीको समयावधि सकिने मिति :**

**सम्पर्क नं :**

**फोटो**

## अनुसूची ५

## जोखिममा रहेका बालबालिका छनोट गर्ने आधारहरू

| क्र. सं. | निवेदकको नाम | विद्यालय बाहिर भएका बालबालिका | आमा बुवा दुवै नभई अरूको शरणमा रहेका बालबालिका | बालश्रममा रहेका बालबालिका | विद्यालयमा अनियमित हुने बालबालिका | बालिका | पारिवारिक आयस्रोत कम भएका | आफैं घरमूली भएका बालबालिका | कोही पनि आफन्त नभई अरूको आश्रयमा बसेका बालबालिका | बाबु-आमामध्ये कुनै एक मात्र भएको दीर्घ रोगी भएको | अति विपन्न एवं जेहनदार बालबालिका | कूल प्राप्ताङ्क | छनोट भएको वा नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |

नोट : माथि उल्लिखित सूचकहरू यदि छन् भने अङ्क १ (एक) र नभएमा ० (शून्य) दिई अन्त्यमा कुल अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बालबालिकालाई सहयोगका लागि छनोट गर्ने ।

माथि उल्लिखित आधारमा रही बालबालिका छनोट गरिएको ठीक छ भनी सही गर्नेहरू

**हस्ताक्षर :**

वडा बालसंरक्षण समितिका संयोजक :

वडास्तरीय बालसञ्जालका अध्यक्ष :

# स्थानीय तहमा गुनासो सुनुवाइ कार्यविधि, २०७७

प्रमाणीकरण गरिएको मिति : २०७७ कार्तिक २३

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्ने दायित्व राज्यको भएकाले जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, अल्पकालीन आश्रय तथा संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरू सम्बन्धित सरोकारवाला निकाय तथा सङ्घ-संस्था बीचको समन्वय, सहयोग, सहकार्य र सह-अस्तित्वमा सञ्चालन तथा व्यवस्थापन गर्दागर्दै पनि बालबालिका जोखिममा पर्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै जोखिममा परेका बालबालिकाको चौबिसै घण्टा सुरक्षा कवचका रूपमा रही आपत्कालीन आकस्मिक उद्धार तथा संरक्षणका लागि गुनासो सुनुवाइ कार्यविधि सञ्चालन गर्न वाञ्छनीय भएकाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकारले गुनासो सुनुवाइ कार्यविधि २०७६ स्वीकृत गरेको छ ।

## १. सङ्क्षिप्त र नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "गुनासो सुनुवाइ कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

- परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
- "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।
- "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।
- "जोखिममा परेका बालबालिका" भन्नाले हराएका, बेवारिसे अवस्थामा रहेका, अपहणमा परेका, बेपत्ता भएका तथा पारिएका, बेचबिखन तथा ओसार पसारमा परेका, विभिन्न हिंसामा परेका, यौन दुर्व्यवहारमा परेका, जोखिमपूर्ण काम वा व्यवसयामा रहेका, सडकमा बसेका, गम्भीर बिरामी वा दुर्घटना तथा प्रकोपमा परेका र अभिभावक नभएका, द्वन्द्व प्रभावित, विस्थापित भएका, हेपाइमा परेका लगायत विशेष संरक्षणको आवश्यकता भएका तर आवश्यक उद्धार तथा संरक्षण व्यवस्थापन हुन नसकेका बालबालिका सम्झनु पर्छ ।
- "संरक्षक" भन्नाले प्रचलित कानुन बमोजिम संरक्षक नियुक्ति गरिएको वा तोकिएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

## २. उद्देश्य :

गुनासो सुनुवाइ सञ्चालन गर्नुको उद्देश्य जोखिममा परेका बालबालिकाका लागि सम्बन्धित सरोकारवाला निकाय तथा संस्थालाई देहायको आकस्मिक बाल संरक्षण कार्य सम्पादनमा सहयोग पुऱ्याउनु हनेछ ।

- जोखिममा परेका बालबालिको आपत्कालीन आकस्मिक उद्धार, राहत, मनोविमर्श, उपचार, परामर्श, अल्पकालीन आश्रय तथा संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना गर्नु,
- कुनैपनि स्थानबाट बालबालिका स्वयं वा जो-कसैले पनि जोखिममा परेका बालबालिकाका बारेमा गुनासो सुनुवाइ समितिमार्फत सञ्चालिन बाल हेल्पलाइनमा जानकारी गराएमा सम्बन्धित बालबालिकालाई तत्काल उद्धार गरी आवश्यक सेवा प्रदान गर्नु,
- सम्बन्धित सरोकारवाला निकाय तथा सङ्घ-संस्थाको सहयोग र समन्वयमा बालअधिकार विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार, यातना जस्ता बालअधिकार उल्लङ्घनका घटना रोकथामका लागि बालअधिकार पर्यवेक्षण तथा अनुगमन गर्नु, सामाजिक सचेतना अभिवृद्धि गर्नु र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नु,
- जोखिममा परेका तथा उद्धार गरिएका बालबालिकाको सूचना र जानकारी सङ्कलन गरी अभिलेख दुरूस्त राख्नु,
- समुदायमा आधारित बालसंरक्षण संयन्त्रसँग समन्वय गरी जोखिममा परेका उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनर्स्थापन गर्नु,

- जोखिममा परेका बालबालिकाको हक-हित र सामाजिक न्यायका लागि सम्बन्धित सरकारी निकाय, संस्था र नागरिक समाजका बीच समन्वय र सहयोगको विकास गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नु बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धन सम्बन्धी सङ्घ, प्रदेश र जिल्ला र स्थानीय तहमा रहेका सङ्घ-संस्थाबाट प्राप्त हुने सेवाहरूको सूची तयार गर्नु र उद्धार गरिएका बालबालिकालाई आवश्यक राहत सेवा उपलब्ध गराउनु वा उपलब्ध गराउन सिफारिस गर्नु,
- बालबालिकालाई जोखिममा पुऱ्याउने सम्बन्धित व्यक्ति वा समूहका विरूद्ध कानूनी कारबाहीका लागि समन्वय तथा सहजीकरण गर्नु,
- बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि उपलब्ध सूचना जानकारी प्रवाह गर्नु,
- जोखिममा परेका बालबालिकाको बाल हेल्पलाइनमा पहुँच वृद्धि गर्नु,

**३. लक्ष्य** :

जोखिममा परेका बालबालिकाको तत्काल आकस्मिक उद्धार गरी राहत प्रदान गर्दै संरक्षण गर्ने,

**४. सिद्धान्त** :

देहायका सिद्धान्तमा आधारित भएर बाल हेल्पलाइन तथा गुनासो सुनुवाइ संयन्त्र सञ्चालन गरिने छ :

- आकस्मिक उद्धार र संरक्षण,
- बालबालिकाको सर्वोत्तम हित,
- विभेद रहित,
- गोपनीयताको हक,
- बालमैत्री बोली र व्यवहार अभिवृद्धि,
- सम्बन्धित सरोकारवाला, निकाय, सङ्घ-संस्था तथा निजी क्षेत्रको पारस्परिक समन्वय, सहयोग, सहकार्य र सक्रियतामा अभिवृद्धि,
- बालअधिकारको अन्तर्राष्ट्रिय मान्यता अनकूलको वातावरण, व्यवहार तथा अभ्यास कार्यान्वयनमा सहयोग र,
- बालबालिकाको पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना ।

**५. लक्षित बालबालिका** :

जोखिममा परेका तथा बालअधिकार उल्लङ्घन भएका बालबालिका

**६. गुनासो सुनुवाइ समितिको काम, कर्तव्य र अधिकार** :

**गुनासो सुनुवाइ समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहने छ :**

- गुनासो सुनुवाइ समितिले बाल हेल्पलाइन सञ्चालन गर्ने,
- वडा कार्यालय वा अन्य माध्यमबाट बालबालिकासँग सम्बन्धी गुनासोहरू सङ्कलन गर्ने,
- सङ्कलित गुनासोको विषय अनुसार वर्गीकरण गर्ने,
- वर्गीकरण गरिएकामध्ये सामान्य प्रक्रियागत त्रुटि भएका गुनासो वा सेवा-सुविधा मागका लागि आएका गुनासाहरूको सम्बोधनका लागि गुनासो सुनुवाइ समितिमा पेस गर्ने,
- बालबालिकासँग भएका हिंसा, यौनजन्य क्रियाकलाप वा दुर्व्यवहारसँग सम्बन्धित गुनासाहरूको तत्काल समाधानका लागि पहल गर्ने,
- त्यस्ता हिंसापीडित बालबालिकाहरूको राहत तथा पुनर्स्थापनाका लागि सहयोग गर्ने,
- बालविवाह, बालश्रम लगायत छाउपडी प्रथा अन्त्यका लागि वार्षिक कार्यक्रम तय गरी गुनासो सुनुवाइ समिति र बालअधिकार समितिमा पेस गर्ने,

- बालअधिकारसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्नका लागि वडा तथा स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,
- बालबालिका वा स्थानीय तहको सेवा प्रणालीसँग आएका सम्बन्धित गुनासालाई व्यवस्थापकीय सूचना प्रणाली मा सूचीकृत गर्ने,
- यस्ता सूचीकृत गुनासाहरूलाई वार्षिक रूपमा सार्वजनिक गर्नका लागि कार्यपालिका वा गाउँ सभामा पेस गर्ने,
- बाल हेल्पलाइन प्रभावकारी रूपमा सञ्चालन भए-नभए निरीक्षण गर्ने र अनुगमन गरी मूल्यांकन गर्ने र निर्देशन दिने,
- बाल हेल्पलाइन सञ्चालन तथा व्यवस्थापनसमेतका लागि बाल कोष रकमको उपयोग गर्ने ।
- बाल हेल्पलाइनको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा पेस गर्ने ।
- गुनासो सुनुवाइ समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- उक्त गुनासो सुनुवाइ समितिले बालबालिका बाहेक स्थानीय तहको सार्वजनिक सेवाको गुणस्तर वृद्धिका साथै सेवाग्राहीहरूको असन्तुष्टिहरूको समाधान र दस्ताबेजीकरणमा बाधा पुगेको मानिने छैन ।

दफा (११) को उपदफा (थ) अनुसार यस गुनासो सुनुवाइ समितिमा प्राप्त जुनसुकै गुनासोहरू सम्बन्धित निकाय व्यक्ति तथा संस्थासँग समन्वय गरी गुनासोकर्ताको चित्तबुझ्दो जवाफसहित समाधान गरी दस्ताबेजीकरण गर्नु पर्नेछ ।

## ७. बाल हेल्पलाइन अन्तर्गत सञ्चालन गरिने सेवाहरू :

जोखिममा परेका बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, राहत, मनोविमर्श तथा संरक्षण सहयोग र पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइनले सञ्चालन गर्ने कार्यक्रम, कार्य तथा सेवा देहायबमोजिम हुनेछन् :

- आकस्मिक उद्धार (चौबिसै घण्टा)
- एम्बुलेन्स सेवा
- राहत
- मनोविमर्श
- अल्पकालीन आश्रय (कम्तीमा १० जना बालबालिकाका लागि बढीमा एक महिनासम्म अस्थायी बालसंरक्षण सेवा केन्द्र)
- स्वास्थ्य उपचार
- पारिवारिक परामर्श
- कानूनी परामर्श तथा सहयोग
- पारिवारिक पुनर्मिलन
- सामाजिक वा संस्थागत पुनर्स्थापना
- नियमित अनुगमन, सहजीकरण तथा पृष्ठपोषण
- नियमित प्रतिवेदन तयार तथा सम्बन्धित कायमा पेस
- बालअधिकार सचेतना अभिवृद्धि
- समन्वय सहयोग सहकार्य र सहजीकरण
- बाल हेल्पलाइन नम्बर १०९८ नेपालको लोगो अनुसूची-२ र लेटरप्याड अनुसूची-३ बमोजिम हुनेछ ।

## ८. प्रतिवेदन पेस गर्नु पर्ने :

(१) बाल हेल्पलाइनमा उद्धार गरी ल्याइएका, सिफारिस तथा स्थानान्तरण भई आएका र बाल हेल्पलाइनमार्फत सेवा प्रवाह गरिएका बालबालिकाको पूर्ण विवरण गुनासो सुनुवाइ समितिको सचिवालयले तोकेको ढाँचामा अनलाइनमा भर्नु पर्नेछ ।

(२) बाल हेल्पलाइन सञ्चालन सम्बन्धी प्रगति प्रतिवेदन मासिक, चौमासिक तथा वार्षिक रूपमा **अनुसूची-१** बमोजिमको ढाँचा तयार गरी सम्बन्धित स्थानीय तह, स्थानीय बालअधिकार समिति लगायत गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

## ९. गुनासो सुनुवाइ प्रयोग गर्ने अधिकार :

(१) जोखिममा परेका बालबालिका स्वयं वा सो अवस्थामा रहेका बालबालिकाको हक-हितका लागि बाबु, आमा, परिवारका सदस्य, संरक्षक, माथवर, अभिभावक, शिक्षक वा जो-कसैलाई पनि सो सम्बन्धमा सूचना जानकारी दिन बाल हेल्पलाइन निःशुल्क प्रयोग गर्ने अधिकार हुनेछ ।

## १०. स्थानीय तहमा गुनासो सुनुवाइ समिति

| | |
|---|---|
| • अध्यक्ष वा उपाध्यक्ष | संयोजक |
| • प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| • पालिकास्थित प्रहरी प्रमुख | सदस्य |
| • बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैसस प्रतिनिधि | सदस्य |
| • महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

## ११. वडा तहमा गुनासो सुनुवाइ समिति

| | |
|---|---|
| • वडा अध्यक्ष | संयोजक |
| • कार्यपालिकाको महिला सदस्य | सदस्य |
| • स्वास्थ्य चौकीको प्रतिनिधि | सदस्य |
| • वडामा रहेका विद्यालयहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिको १ जना अध्यक्ष | सदस्य |
| • वडा सचिव | सदस्य सचिव |

## १२. गुनासो सुनुवाइ समितिको बैठक सम्बन्धी व्यवस्था :

गुनासो सुनुवाइ समितिको बैठक देहायबमोजिम हुनेछ :

- गुनासो सुनुवाइ समितिको बैठक आवश्यकता अनुसार गुनासो सुनुवाइ समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
- गुनासो सुनुवाइ समितिको कूल सदस्य सङ्ख्याको ५० प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको गणपूरक सङ्ख्या पुगेको मानिने छ ।
- गुनासो सुनुवाइ समितिको बैठकको अध्यक्षता गुनासो सुनुवाइ समितिको संयोजकले गर्नु पर्नेछ र निजको अनुपस्थितिमा उपस्थिति सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
- गुनासो सुनुवाइ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
- गुनासो सुनाइ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि गुनासो सुनुवाइ समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

- गुनासो सुनवाइ समितिको बैठक ३ महिनामा कम्तीमा १ पटक अनिवार्य रूपमा बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक बस्न बाधा पर्ने छैन ।

## १३. गुनासो सुनुवाइ समितिको बैठक खर्च सम्बन्धी व्यवस्था :

गुनासो सुनुवाइ समितिको बैठक खर्च बाल कोषमा रहेको रकमबाट स्थानीय तहको कार्यविधि अनुसार गर्न सकिने छ।

## १४. गुनासो सुनुवाइ समितिको सचिवालय :

गुनासो सुनुवाइ समितिको सचिवालय पालिकाले तोकिएको स्थानमा रहने छ ।

## १५. गुनासो सुनुवाइ सहकजकर्ताको व्यवस्था :

- गुनासो सुनुवाइ समितिले पालिकाभित्र जोखिममा रहेका बालबालिकालाई राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले गुनासो सुनुवाइ समितिको सचिवालय सञ्चालन गर्न गुनासो सुनुवाइ सहजकर्ता नियुक्ति गर्न सक्नेछ ।
- गुनासो सुनुवाइ सहजकर्ताको नियुक्ति प्रक्रिया स्थानीय तहको कर्मचारी प्रशासन नियमावली अनुसार नै हुनेछ।
- गुनासो सुनुवाइ सहजकर्ताको योग्यता देहायबमोजिम हुनेछ :
  १) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि स्नातक तह उत्तीर्ण गरेको,
  २) नेपाली नागरिक,
  ३) कुनै फौजदारी अभियोग नलागेको,
  ४) बालबालिकासँग बालमैत्री व्यवहार गर्न सक्ने,
  ५) तथ्याङ्क व्यवस्थापनमा राम्रो ज्ञान भएको र,
  ६) बालअधिकार, बालसंरक्षणका साथै मनोसामाजिक विमर्श सम्बन्धी तालिम प्राप्त ।
  ७) गुनासो सुनुवाइ सहजकर्ताको पारिश्रमिक, सेवा-सुविधा तथा बैठक भत्ता स्थानीय तहले निर्धाण गरे बमोजिम हुनेछ ।

## १६. गुनासो सुनुवाइ सहजकर्ताको काम, कर्तव्य र अधिकार :

गुनासो सुनुवाइ सहजकर्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

- गुनासो सुनुवाइ समितिको सचिवालय प्रमुखका रूपमा काम गर्ने,
- गुनासो सुनुवाइ समितिको बैठकका लागि पत्राचार गर्ने,
- बाल हेल्पलाइनमा प्राप्त भएका गुनासोहरूको दस्ताबेजीकरण गर्ने र सम्बन्धित निकायमा प्रतिवेदन गर्ने,
- बालबालिकासँग सरोकार राख्ने निकाय वा सङ्घ-संस्थासँग नियमित समन्वय तथा सहकार्य गर्ने,
- वडास्तरीय गुनासो सुनुवाइ समितिलाई बैठक आयोजनाका लागि सहजीकरण गर्ने र प्रतिवेदनमा सहयोग गर्ने,
- बाल हेल्पलाइन सञ्चालनका लागि चौबिसै घण्टा जिम्मेवारी लिने,
- स्थानीय सरकारबाट स्वीकृत नीति र योजना अनुरूप वार्षिक कार्यक्रम र बजेट तयार गरी गुनासो सुनुवाइ समितिको बैठकमा पेस गर्ने,
- गुनासो सुनुवाइ समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने-गराउने,
- स्थानीय बालअधिकार समितिको कार्य सञ्चालनका निमित्त आवश्यक स्रोत खोजी गर्ने र प्राप्त स्रोतहरूको परिचालन गर्ने,
- गुनासो सुनुवाइ समितिको वित्तीय कारोवारको लेखा ठीकसँग राख्न लगाउने र,
- गुनासो सुनुवाइ समितिबाट प्राप्त प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने-गराउने ।

## १७. अनुसूचीमा हेरफेर वा थपघट गर्ने अधिकार :

स्थानीय सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

**अनुसूची १**

**बाल हेल्पलाइन १०९८ नेपाल**

**गुराँस गाउँपालिका**

**जिल्ला दैलेख**

**कर्णाली प्रदेश नेपाल**

**क) बालबालिका उद्धार सम्बन्धी विवरण**

| क.सं. | उद्धार गरिएको क्षेत्र | उद्धार गरिएका बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १. | सडक बालबालिका | | | |
| २ | बालबालिका विरूद्धको हिंसा ऐनको दफा ६६ उपदफा (२) खण्ड -क) देखि -द) सम्मको हिंसाको प्रकार खुलाएर बालविवाह र हेपाइसमेत) भएका बालबालिका | | | |
| ३. | बाल यौन दुर्व्यवहार (ऐनको दफा ६६ उपदफा (३) खण्ड (क) देखि (ट) सम्मको बाल यौन दुर्व्यवहारको प्रकार खुलाएर) भएका बालबालिका | | | |
| ४ | हराएका वा पहरणमा परेका बालबालिका | | | |
| ५ | बेवारिसे फेला परेका बालबालिका | | | |
| ६ | बेचबिखन र ओसार पसारमा परेका बालबालिका | | | |
| ७ | बालश्रम (जोखिमपूर्ण काम वा व्यवसाय) मा रहेका बालबालिका | | | |
| ८ | गम्भीर बिरामी, दुर्घटना तथा प्रकोपमा परेका बालबालिका | | | |
| ९ | द्वन्द्व पीडित तथा प्रभावित बालबालिका | | | |
| १० | विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये माथि उल्लिखित बाहेक (प्रकारसमेत खुलाएर) का बालबालिका (ऐनको दफा ४८ उपदफा (१) खण्ड (क) देखि (ङ) सम्म) | | | |
| | जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका कूल बालबालिका | | | |
| | सम्बन्धित निकायबाट सिफारिस भई आएका बालबालिका | | | |
| | **कूल घटना सम्बोधन गरिएका बालबालिका** | | | |

**(ख) उद्धार गरिएका बालबीलकाको पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी विवरण**

| क्र.सं. | पुनर्मिलन/पुनर्स्थापना सम्बन्धी विवरण | पुनर्मिलन/पुनर्स्थापना गरिएका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| उद्धार गरिएका तथा सिफारिस भई आएका बालबालिकामध्ये | | | | |
| १ | पारिवारिक पुनर्मिलन गरिएका बालबालिका | | | |
| २ | पारिवारिक (बाल गृह)/ सामाजिक पुनर्स्थापना गरिएका बालबालिका | | | |
| ३ | अल्पकालीन आश्रय वा अस्थायी संरक्षण सेवा उपलब्ध गराइएका बालबालिका | | | |
| ४ | हाल अल्पकालीन आश्रय वा अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिका | | | |
| ५ | अल्पकालीन आश्रय वा अस्थायी संरक्षण सेवा केन्द्रबाट भागेका बालबालिका | | | |
| | **जम्मा** | | | |
| | नोट : कुल घटना सम्बोधन गरिएका बालबालिकाको सङ्ख्या र जम्मा संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको सङ्ख्या बराबर हुनु पर्नेछ । | | | |

**(ग) उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएका बालबालिका तथा सेवा प्रवाहको विवरण**

| क्र.सं. | उद्धार गरिएको | | | | उद्धार गर्नुको कारण | प्रवाह गरिएका सेवाहरू |
|---|---|---|---|---|---|---|
| | बालबालिकाको नाम | लिङ्ग | उमेर | स्थान | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

**(घ) सेवा प्रवाह सहयोग सम्बन्धी विवरण**

| क्र.सं. | सहयोगको किसिम | सहयोग गरिएको बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | स्वास्थ्य उपचार सहयोग | | | |
| २ | मनोविमर्श तथा मनोसामाजिक परामर्श सहयोग | | | |
| ३ | पारिवारिक परामर्श सहयोग | | | |
| ४ | कानूनी परामर्श सहयोग | | | |
| ५ | शैक्षिक सहयोग | | | |
| ६ | आय आर्जन सहयोग | | | |
| ७ | अन्य सहयोग (खुलाउनुहोस) | | | |
| | जम्मा लाभान्वित बालबालिका | | | |

## (ङ) सेवा प्रवाह गरिएका बालबालिका तथा परिवारको विवरण

| क.सं. | सेवा प्रवाह गरिएको | | | प्रवाह गरिएका सेवाहरू |
|---|---|---|---|---|
| | बालबालिकाको नाम | लिङ्ग | उमेर | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

## (च) बैठक सञ्चालन सम्बन्धी विवरण

| क.सं. | बैठकको नाम | बैठक मिति | सहभागी विवरण | | | बैठकका निर्णयहरू |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

## (६) बाल हेल्पलाइन नम्बर प्रचार-प्रसार सम्बन्धी विवरण

| क.सं. | प्रचार-प्रसार सम्बन्धी कार्यको विवरण | सङ्ख्या/पटक | समावेश भएका विषयवस्तु | प्रचार-प्रसार वा वितरण गरिएको स्थान |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची २

(दफा १३ उपदफा (१) खण्ड (द) सँग सम्बन्धित)

## बाल हेल्पलाइनको लोगो र छाप

## अनुसूची ३

**(दफा १३ उपदफा) (१) खण्ड (द) सँग सम्बन्धित)**

**बाल हेल्पलाइनको लेटर प्याड**

**बाल हेल्पलाइन नम्बर १०९८**

**गुराँस गाउँपालिका**

**दैलेख**

**कर्णाली, प्रदेश नेपाल**

प.सं. मिति :

च.नं.

विषय :.......................................

श्री........................

# विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि अभिभावकको सक्रिय बसाइ सम्बन्धी नीति, २०७६

(गुराँस गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति :

## १. पृष्ठभूमि

अनिवार्य आधारभूत शिक्षा आर्जन गर्न पाउनु सबै बालबालिकाको जन्मसिद्ध अधिकार हो । यो विश्वका अधिकांश मुलुकहरूद्वारा सन् १९८९ नोभेम्बर २० देखि सर्वस्वीकृत विश्वव्यापी मान्यता हो । बालबालिकाहरूको बाँच्न पाउने, संरक्षण हुन पाउने, विकास गर्न पाउने र सहभागिता हुन पाउने आधारभूत अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व पनि हो । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा गुणस्तरीय शिक्षा सबैका लागि समावेशी तथा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने उल्लेख गरेको छ । यी सबै प्रतिबद्धतालाई नेपालले अनुमोदन गरिसकेको छ । नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ ।

विद्यालयमा प्रत्येक दिन अभिभावकको सक्रियता वा एक बसाइले विद्यालयप्रतिको उत्तरदायित्व पूरा गर्न मद्दत गर्छ । यो एक प्रकारको विधि हो जो कार्य उत्तरदायित्व प्राप्त गर्न तयार गरिएको हुन्छ । सक्रिय बसाइले शिक्षण सिकाइ प्रक्रियाका साथै विद्यालयमा हुने क्रियाकलापमा अभिभावकहरूको सहभागितालाई पनि प्रोत्साहन गर्छ । सक्रिय बसाइमा प्रत्येक दिन अभिभावकले विद्यालय अनुगमन गर्छन् र सबै अभिभावकहरूको पालो अभिभावकहरूकै भेलाबाट निर्धारण गरिन्छ । विद्यालयमा आउने अभिभावक पूरा दिन कक्षा कोठा वा विद्यालयमा बिताउछन् जसले कक्षा कोठा अवलोकनका साथै शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिलाई समेत पृष्ठपोषण दिने काम गर्दछ ।

विद्यालयका कार्यक्रम तथा छलफलहरूमा अभिभावकको सक्रियता बढेपछि विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि हुने विभिन्न अनुसन्धानहरूले देखाएका छन् । गुणस्तरीय सिकाइ वातावरणका लागि समुदायको सक्रिय सहभागितालाई महत्वपूर्ण रूपमा लिने गरिन्छ ।

## २. उद्देश्य :

- विद्यार्थी तथा शिक्षकको नियमितता, समयमा उपस्थित हुने र शिक्षक तथा विद्यार्थीहरूले बढीभन्दा बढी समय कक्षाकोठामा बिताउने कार्यमा वृद्धि गर्नु,
- अभिभावकमा शिक्षाको महत्व बारे चेतनामा वृद्धि गरी बालबालिकालाई घरमा पढ्ने वातावरणको सिर्जना गर्नु,
- कक्षाकोठामा शिक्षकहरू पाठयोजना र पाठ्यसामग्री सहित शिक्षण गर्ने कार्यमा सघाउ पुऱ्याउनु,
- विद्यार्थीलाई विद्यालयमा दिइने शारीरिक तथा मानसिक दण्ड-सजायमा कमी ल्याउने,
- अभिभावक, शिक्षक तथा विद्यार्थीबीच एक-अर्काको अनुभव आदान-प्रदान गर्ने मौका प्राप्त गर्नु,
- विद्यालयको प्रशासनिक कार्यमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि बढाउन सहयोग गर्नु,

## ३. प्रक्रिया

- विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक सङ्घ गठन तथा पुनर्गठन गर्ने ।
- विद्यालयमा आउने अभिभावकहरूलाई सक्रिय बसाइका बारेमा अभिमुखीकरण गर्ने ।
- विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार नियमित विद्यालय आउने अभिभावकको छनोट गरी समय अवधिका बारेमा जानकारी गराउनु पर्ने ।
- विद्यालय व्यवस्थापन समितिको बैठकमा अभिभावकबाट भए-गरेका अनुगमन र राम्रा अभ्यासहरूका बारेमा मासिक रूपमा समीक्षा गर्ने ।
- कार्यक्रमका गतिविधिहरूको अभिलेखीकरण गर्ने ।
- प्रगति तथा समस्याबारे सरोकारवालाहरूलाई जानकारी दिने ।

## ४. विद्यालयमा हुने सवालहरू

- अभिभावक र शिक्षकबीच उत्तम नतिजा ल्याउन एक-अर्काप्रति ठूलो आशा विद्यमान हुनु ।
- त्यस्तै सम्बन्धित निकायबीच विद्यालयको कमजोर नतिजामा एक-अर्काप्रति दोषारोपण गर्नु ।

- अभिभावकमा आफ्ना बालबालिकाको शिक्षा तथा विद्यालयको गतिविधिप्रति चासो नरहनु ।
- विद्यालयको वातावरण तथा शिक्षकको पढाउने शैली कम बालमैत्री हुनु ।
- उपयुक्त शिक्षण विधि, शिक्षण सामग्री तथा आधुनिक प्रविधिको प्रयोग विद्यालयमा कम हुनु ।

## ५. एक बसाइको प्रकार

एक अभिभावक पूरा दिन विद्यालयमा बसाइ

दैनिक बसाइमा के गर्ने ?

### क) अवलोकन

प्रत्येक दिन एक जना अभिभावकले कुनै एक कक्षाको अवलोकनमा पूरा दिन भाग लिन्छन् । साथै हरेक दिन उक्त अभिभावकले डायरीमा आफूले अवलोकनमा देखेका, भोगेका, सिकेका कुराहरू टिपोट गर्छन् । अभिभावकले विशेष गरी बसाइका क्रममा विद्यार्थीका गतिविधिहरू, शिक्षकको शिक्षण गर्ने विधि तथा प्रयोग गरिने सामग्रीहरू, विद्यार्थी तथा शिक्षकको नियमितता, अनुशासन, शिक्षकको व्यवहार, पढाइ समय, बीचैमा कक्षा छाड्ने विद्यार्थी आदिका बारेमा अवलोकन गरी नोट गर्नु पर्छ ।

### ख) छलफल सत्र

प्रधानाध्यापकले विद्यालय समयपछि अभिभावक, शिक्षक तथा विद्यार्थीबीच छलफलको आयोजना गर्छन् । सो छलफलमा अभिभावकले दिनभरिको बसाइमा देखेका, भोगेका तथा सिकेका कुराहरूको छलफल गर्छन् र अन्त्यमा शिक्षक तथा विद्यार्थीहरूलाई सल्लाह र सुझावहरू दिन्छन् । सो अभिभावकले दिएको सल्लाह र सुझावका आधारमा शिक्षक तथा विद्यार्थीहरूले आफ्नो कमजोरी सुधार्ने मौका पाउँछन् जसलाई विद्यालयमा अभिलेखीकरण गरिएको हुन्छ ।

## ६. अभिभावकलाई सामग्री

१. एउटा डायरी ।

२. कक्षा कोठामा बस्नका लागि एउटा कुर्सी ।

# वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७

**प्रस्तावना** :

कोभिड-१९ को सङ्क्रमणका कारण अवरूद्ध रहेको सिकाइ प्रणालीलाई सुचारू गर्न र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठन-पाठन नभएसम्म आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्न दूर तथा खुला शिक्षा लगायतका वैकल्पिक प्रणालीका माध्यमबाट प्रभावकारी र व्यवस्थित रूपमा सिकाइमा सहजीकरण गर्न वाञ्छनीय भएकाले शिक्षा ऐन, २०२८ को दफा १९ (क) अनुसार नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०२/१८ को निर्णय र माननीय मन्त्रीस्तरबाट स्वीकृत वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिका, दैलेखले यो निर्देशिका बनाई लागू गरेको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** :

**(अ)** यस निर्देशिकाको नाम वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ रहेको छ ।

**(आ)** यो निर्देशिका गुराँस गाउँपालिकाको शिक्षा समूहबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस निर्देशिकामा,

**(क)** "**प्रविधि**" भन्नाले शिक्षण सिकाइमा प्रयोगमा आउने रेडियो, टेलिभिजन, मोबाइल लगायतका सञ्चार माध्यम र अनलाइन तथा अफलाइनका माध्यमहरू सम्झनु पर्छ ।

**(ख)** "**शिक्षा क्लस्टर**" भन्नाले गुराँस गाउँपालिका, दैलेखमा नियमानुसार गठित समिति सम्झनु पर्छ ।

**(ग)** "**विद्यार्थी" भन्नाले** गुराँस गाउँपालिकाभित्रका सबै प्रकारका विद्यालयमा औपचारिक र अनौपचारिक रूपमा अध्ययनरत विद्यालय जाने उमेरका विद्यालय शिक्षाको पहुँचमा रहेका र विद्यालयबाहिरका बालबालिका सम्झनु पर्छ ।

**(घ)** "**विद्यालय**" भन्नाले प्रचलित कानून बमोजिम गुराँस गाउँपालिकाभित्र स्थापना भएका सबै प्रकारका विद्यालय सम्झनु पर्छ ।

**(ङ)** "**वैकल्पिक प्रणाली**" भन्नाले कोभिड-१९ वा यस्ता प्रकारका विपत् वा महामारीको समयमा नियमित पठन-पाठन गर्न कठिन भएको समयमा सिकाइमा प्रयोगमा आउने रेडियो, टेलिभिजन, मोबाइल, परियोजना पाठहरू, दूर तथा खुला शिक्षा, अनलाइन तथा अफलाइन लगायतका वैकल्पिक माध्यम तथा पद्धतिबाट अध्ययन-अध्यापन सुचारू गर्न सकिने सिकाइ विधि वा रणनीति सम्झनु पर्छ ।

**(च)** "**शिक्षक**" भन्नाले विद्यालयका अध्यापक/प्रधानाध्यापक समेत सम्झनु पर्छ ।

**(छ)** "**वडा**" भन्नाले गुराँस गाउँपालिकाका १ देखि ८ सम्मका वडा समितिहरू सम्झनु पर्छ ।

**(ज)** "**संयोजक**" भन्नाले स्थानीय तह तथा विद्यालयले तोकेको सम्बन्धित सिकाइ समूह सेवा क्षेत्र भित्रको विद्यालयको शिक्षक वा स्वयंसेवक सम्झनु पर्छ ।

**(झ)** "**सिकाइ समूह**" भन्नाले वैकल्पिक शिक्षाका लागि क्षेत्रगत, टोलगत, कक्षागत वा अन्य उपयुक्तताका आधारमा विभाजित विद्यार्थीहरूको समूह सम्झनु पर्छ ।

**३. विद्यार्थी पहिचान तथा वर्गीकरण**

(१) वडा तथा विद्यालयले वैकल्पिक स्रोत-साधनको पहुँचको अवस्थाको लेखाजोखाका आधारमा विद्यार्थीको पहिचान र वर्गीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार विद्यार्थी वर्गीकरण गर्दा देहाए अनुसारका समूहमा वर्गीकरण गर्नु पर्नेछ :

क) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह,

ख) रेडियो र एफएम रेडियोको पहुँचमा रहेका विद्यार्थी समूह,

ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,

घ) कम्प्युटर र स्मार्ट फोन भएका तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह र

ङ) इन्टरनेट तथा सूचना-सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह ।

(३) उपदफा (२) समूह वर्गीकरणमा राख्न नसकिने प्रकृतिका विशेष आवश्यकता भएका बालबालिकाका लागि गाउँपालिकाको सहयोगमा सम्बन्धित वडा तथा विद्यालयले आवश्यकताको प्रकृति अनुसार छुट्टै सिकाइ सजीकरणको व्यवस्थासमेत गर्नु पर्नेछ ।

(४) वैकल्पिक प्रणालीबाट सिकाइमा सहजीकरण गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोमिका सामग्रीहरू प्रयोग गर्नु पर्नेछ ।

## ४. विद्यार्थी पहिचान तथा वर्गीकरण प्रक्रिया

(१) दफा (३) बमोजिम समूहगत विद्यार्थी पहिचान तथा वर्गीकरण गर्ने प्रयोजनका लागि विद्यालयहरूले चालू शैक्षिक सत्रका आधारमा आफ्नो विद्यालयको अभिलेख अनुसार विद्यार्थीको नामनामेसी, आमाबुबाको नाम, सम्पर्क नम्बर, ठेगाना, विद्यार्थीको समूहकृत वर्ग र स्रोत-साधनको पहुँचको अवस्थासमेतको विवरण खुलाई गाउँपालिकाको शिक्षा शाखामा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यार्थीको विवरण उपलब्ध गराउन नसकिने अवस्था भएमा अघिल्लो शैक्षिक सत्रको विद्यालयको अभिलेखका आधारमा चालू शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकिन गरी विवरण उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त विवरणका आधारमा गाउँपालिकाको शिक्षा शाखाले र वडाले समाजिक बसोबासका आधारमा दफा (३) को उपदफा (२) बमोजिम समूहगत रूपमा वर्गीकरण गरी विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समूहगत रूपमा वर्गीकरण गरिएका विद्यार्थीहरूलाई सिकाइमा सहज हुने अवस्था विश्लेषण गरी विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रका सबै बालबालिकाको सिकाइ सहजीकरण कार्ययोजना निर्माण गरी गाउँपालिकाको शिक्षा शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको कार्ययोजना बनाउँदा विद्यालयगत, क्षेत्रगत, वडागत, कक्षागत वा अन्य उपयुक्तताका आधारमा समूह विभाजन गर्नु पर्नेछ ।

## ५. कार्यक्रम सञ्चालन प्रक्रिया :

(१) दफा (४) को उपदफा (४) बमोजिमको कार्ययोजनाका आधारमा विद्यालयले समूहगत वा वैकल्पिक रूपमा निर्धारित साधन, विधि तथा प्रक्रिया अपनाई सिकाइमा सहजीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्दा विद्ययालयले साप्ताहिक वा मासिक समय-तालिका तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्दा विद्यालयले समूहगत रूपमा शिक्षक वा विद्यालय कर्मचारी तथा स्वयंसेवकलाई कार्यक्रमको संयोजक तोक्नु पर्नेछ ।

(४) वडा तथा विद्यालयले सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार सोही समुदायमा क्रियाशील सङ्घ-संस्था वा व्यक्तिको सहयोग लिन वा परिचालन गर्न सक्नेछन् ।

## ६. समूहगत सिकाइ कार्यक्रम सम्बन्धी व्यवस्था

दफा (३) को उपदफा (२) बमोजिम वर्गीकृत विद्यार्थीको समूहलाई देहायबमोजिमको लक्षित कार्यक्रम सञ्चलन गरी सिकाइ सहजीकरण गर्नु पर्नेछ :

**क) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूहका लागि :**

१) सबै विद्यार्थीलाई चालू शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा सुनिश्चित गरी सो कुराको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने ।

२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको स्वाध्ययन सामग्रीलाई गाउँपालिकाले प्रदेश तथा सहयोगी सङ्घ-संस्थासँग समन्वय गरी छपाइ गर्ने र बालबालिकालाई उपलब्ध गराउने ।

३) समुदायमा रहेका वा रहने सिकाइ केन्द्र अथवा विद्यालयमा एक-आपसमा भौतिक दूरी कायम गरी बसाइ व्यवस्थापन मिलाई श्रव्य-दृश्य प्रविधिमार्फत सिक्ने-सिकाउने व्यवस्था मिलाउने ।

४) स्थानीय समुदायमा रहेका शिक्षकहरू र शिक्षक नभएको अवस्थामा स्थानीय तह वा विद्यालयबाट तोकिएका स्वयंसेवकबाट बालबालिकाको सिकाइमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने व्यवस्था गर्ने ।

५) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**ख) रेडियो र एफएम रेडियोको पहुँचमा रहेका विद्यार्थी समूहका लागि :**

१) सबै विद्यार्थीलाई चालू शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा सुनिश्चित गरी सो कुराको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने ।

२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको स्व-अध्ययन सामग्रीलाई गाउँपालिका तथा शिक्षा विकास तथा समन्वय एकाइले स्थानीय एफएमलाई निःशुल्क उपलब्ध गराई न्यूनतम शुल्कमा प्रशारण गर्न लगाउने ।

३) गाउँपालिकाको सहयोगमा पालिकास्तरीय शिक्षा समूहले विज्ञ शिक्षक परिचालन गरी सामुदायिक रेडियो पाठ विकास गरी तालिकासहित प्रसारण गर्ने, प्रसारणलाई अन्तर्क्रियात्मक बनाउन लगाउने र विद्यार्थीको निगरानीको जिम्मा स्थानीय समुदायमा बसोबास गरिरहेका शिक्षकलाई दिने ।

४) रेडियोबाट र विद्यार्थीहरू आफैंले अभ्यास गर्दै सिक्ने वातावरणका लागि स्थानीय समुदायमा रहेका शिक्षक र शिक्षक नभएको अवस्थामा स्थानीय तह वा विद्यालयबाट तोकिएका स्वयंसेवक वा अभिभावकबाट निगरानी र उत्प्रेरणाको व्यवस्था मिलाई भौतिक दूरी कायम गरेर जोडी वा चार जनासम्मको समूहमा छलफल गर्ने व्यवस्था मिलाउने ।

५) विद्यार्थीले तयार गरेका लेख-रचना तथा परियोजना कार्य रेडियोबाट प्रसारणको व्यवस्था मिलाउने ।

६) विद्यालयमा सम्भव भएमा शुल्क नलाग्ने नम्बर स्थापना गर्ने ।

७) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूहका लागि :**

१) सबै विद्यार्थीलाई चालू शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा सुनिश्चित गरी सो कुराको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने ।

२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरिएको स्वाध्ययन सामग्रीलाई गाउँपालिकाले प्रदेश तथा सहयोगी सङ्घ-संस्थासँग समन्वय गरी टेलिभिजनबाट प्रसारण गर्ने ।

३) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार भएका र प्रसारण गरिएका सामग्रीहरू सबै टिभी च्यानललाई निःशुल्क उपलब्ध गराउने ।

४) गाउँपालिकाले पालिका क्षेत्रभित्रका विज्ञ शिक्षक परिचालन गरी सिकाइ सामग्री विकास गर्ने र टेलिभिजनबाट प्रसारणको व्यवस्था मिलाउने ।

५) टेलिभिजनबाट प्रसारण भएका पाठहरू विद्यार्थीहरूले अध्ययन गरे-नगरेको अनुगमनका साथै पाठ्यवस्तु बुझ्न कठिनाइ भए-नभएको यकिन गरी समुदायमा भएका शिक्षकहरूबाट सहजीकरण गर्ने व्यवस्था मिलाउने ।

६) टेलिभिजनबाट प्रसारण गरिने कक्षागत र विषयगत पाठहरूको समय-तालिकालाई व्यवस्थित गरी सार्वजनिक गर्ने ।

७) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**घ) कम्प्युटर र स्मार्ट फोन भएका तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूहका लागि :**

१) सबै विद्यार्थीलाई चालू शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा सुनिश्चित गरी सो कुराको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने ।

२) अनलाइनमा तयार गरिएका स्वाध्ययन सामग्रीको अफलाइन मोडमा सिडी, पेनड्राइभ वा हार्डडिस्क आदिका माध्यमले विद्यालय र गाउँपालिका मार्फत् उपलब्ध गराउने ।

३) विद्यार्थीहरूले अफलाइन मोडमा प्राप्त गरेका सिकाइ सामग्रीहरू प्रयोग गरी अध्ययन गरे-नगरेको अनुगमन गर्नुका साथै पाठ्यवस्तु बुझ्न कठिनाइ भए-नभएको सम्बन्धमा समुदायमा रहेका शिक्षकहरूबाट सहजीकरण गर्ने व्यवस्था मिलाउने ।

४) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**ङ) इन्टरनेट तथा सूचना-सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूहका विद्यार्थीका लागि :**

१) सबै विद्यार्थीलाई चालू शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा सुनिश्चित गरी सो कुराको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने ।

२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरी अनलाइनमा राखिएका सिकाइ तथा स्वाध्ययन सामग्रीहरू तयार गरी अनलाइन माध्यममा खोज्न र अध्ययन गर्न सहजीकरण गर्ने ।

३) राष्ट्रिय पाठ्क्रम प्रारूप अनुसारका खुला स्रोतमा उपलब्ध अनलाइन सिकाइ सामग्रीहरू प्रयोग गर्न-गराउन सकिने ।

४) गाउँपालिका तथा सहयोगी निकायको सहयोग तथा समन्वयमा विद्यालयले भर्चुअल कक्षासमेत सञ्चालन गर्ने र विज्ञ शिक्षकबाट तयार पारिएका सामग्रीसमेत सिकाइ पोर्टल तथा युट्युबमा अपलोड गर्ने ।

४) पाठ्यक्रम विकास केन्द्रले विकास तथा सिफारिस गरेका सिकाइ समग्रीहरूलाई साइबर सुरक्षा निर्देशिकाको अधीनमा रही मोबाइल एप विकास गरी डाउनलोड गर्ने व्यवस्था मिलाउने ।

५) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

## ७) विद्यार्थीले आनो रूचि र प्राथमिकता अनुसार अध्ययन गर्न पाउने

दफा (६) बमोजिमका कार्यक्रममध्ये एकभन्दा बढी कार्यक्रममा पहुँच हुने विद्यार्थीले आफ्नो रूचि र प्राथमिकता अनुसारको कार्यक्रम छनोट गर्न सक्नेछन् ।

## ८) प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाका लागि सिकाइ सहजीकरण

(१) गाउँपालिका तथा विद्यालयले रेडियो, टेलिभिजन तथा अनलाइन सामग्री प्रयोग गरी प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाका लागि सिकाइ सहजीकरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सिकाइ सहजीकरण गर्दा सहयोगी बालबिकास शिक्षक तथा अभिभावकका लागि घरायसी विद्यालयका रूपमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

## (९) कार्यक्रम सञ्चालन गर्नका लागि सामग्रीको उपलब्धता

(१) अनलाइन विद्युतीय सामग्रीहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रको लर्निङ पोर्टल र प्रसारण भएका पाठहरू युट्युब च्यानल तथा पाठयक्रम विकास केन्द्रको ई-पुस्तकालयमा उपलब्ध हुने भएकाले यसको लिङ्क शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा समेत रहने हुनाले सो कुरा सुसूचित गर्ने ।

(२) उपदफा (१) बमोजिमका सामग्रीहरू प्रदेशको शिक्षा विकास निर्देशनलायको वेबसाइटमा समेत उपलब्ध हुने भएकाले सो कुराको जानकारी तथा सहजीकरण गर्ने ।

(३) उपदफा (१) र (२) बमोजिम वेबसाइटमा उपलब्ध सामग्रीहरू निःशुल्क डाउनलोड गरी प्रयोग गर्ने-गराउने व्यवस्था मिलाउने ।

(४) वेबसाइटमा थप सिकाइ सामग्रीहरू नियमित रूपमा अपलोड गर्ने व्यवस्थाका लागि आवश्यक प्रबन्ध गर्ने-गराउने ।

(५) स्थानीय विज्ञ तथा शिक्षकले उत्पादन गरेका सिकाइ सहजीकरण सामग्री गाउँपालिकाको वेबसाइटमा अपलोड गर्ने ।

## (१०) टेलिभिजन प्रसारण तालिकाबारे जानकारी गराउने

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नेपाल टेलिभिजन लगायतका टेलिभिजनहरूबाट प्रसारण गर्ने कार्यक्रमको समय-तालिका नियमित रूपमा वेबसाइटमा राख्ने हुँदा टेलिभिजको पहुँचमा रहेका बालबालिकालाई उक्त समय-तालिका अनिवार्य रूपमा जानकारी गराउनु पर्नेछ ।

## (११) विद्यालय तथा शिक्षकले सिकाइ सामग्री विकास गरी सञ्चालन गर्न सक्ने

(१) दफा ६ मा उल्लिखित कार्यक्रमका अतिरिक्त विद्यालय तथा शिक्षकले उपलब्ध प्रविधिका आधारमा सिकाइ सामग्री विकास गरी सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सहजीकरण कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिमका सामग्री प्रयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रममा अन्य विद्यालयका विद्यार्थीसमेत सहभागी हुन पाउने छन् ।

(४) विद्यालय तथा शिक्षकले सिकाइ सामग्री विकास गरी सञ्चालन गर्न सक्ने अन्य व्यवस्था पालिकाले तोके बमोजिम हुनेछ ।

## (१२) गुराँस गाउपालिकाको भूमिका

वैकल्पिक प्रणालीका माध्यमबाट सिकाइ सहजीकरण गर्ने सम्बन्धमा गुराँस गाउँपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) दफा (३) र (४) बमोजिम यस पालिकामा रहेका विद्यार्थीहरूको पहिचान तथा वर्गीकरणको कार्य गर्ने-गराउने।

(ख) आवश्यकता अनुसार सिकाइ केन्द्रहरू स्थापना गर्न सहजीकरण गर्ने ।

(ग) शिक्षकलाई सिकाइ सहजकर्ता तथा मूल्याङ्कनकर्ताका रूपमा परिचालन गर्ने र सो कुराको अनुगमन गर्ने-गराउने ।

(घ) उपलब्धताका आधारमा रेडियो, टिभी, अनलाइन तथा अफलाइन जस्ता वैकल्पिक माध्यममा शिक्षक-विद्यार्थीको सहभागिता, सिकाइ सहजीकरण, कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने-गराउने ।

(ङ) कोभिड-१९ वा यस्ता प्रकारका विपत् तथा महामारी सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने-गराउने।

(च) स्थानीय रूपमा बसिरहेका शिक्षक तथा स्वयंसेवकहरूलाई सिकाइ सहजकर्ताका रूपमा परिचालन गर्ने ।

(छ) नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम केन्द्र तथा प्रदेश सरकारसँग सहयोग-समन्वय स्थापना गर्ने ।

(ज) केन्द्र, प्रदेश र स्थानीय तहले विकास गरेका सिकाइ सामग्री पाठ्यपुस्तक, कार्यपुस्तक र अभ्यास पुस्तिका छपाई बालबालिकाको घर-घरमा उपलब्ध गराउने ।

(झ) दफा (३) को उपदफा (२) बमोजिमको वर्गीकृत समूहका लागि सिकाइमा सहयोग गर्ने सहायताका कार्यक्रमहरू वडाबाट सञ्चालन तथा नियमन गर्ने व्यवस्था मिलाउने ।

(ञ) वैकल्पिक सिकाइ सहजीकरणका लागि शिक्षकको क्षमता विकासका छोटो अवधिका तालिम तथा अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने-गराउने ।

(ट) भौतिक पूर्वाधार र विद्यार्थी सङ्ख्याका आधारमा भौतिक दूरी कायम राखी कार्यक्रम सञ्चालन गर्न सहीकरण गर्ने ।

(ठ) सामाजिक सङ्घ-संस्थाको सहयोग तथा सहकार्यमा वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ को मातहत रही विभिन्न कार्यक्रम गर्ने-गराउने ।

### १३. सञ्चार, प्रकाशन तथा प्रसारण क्षेत्रको भूमिका

वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धमा सञ्चार, प्रकाशन तथा प्रसारण क्षेत्रको भूमिका देहाय बमोजिम हुनेछ :

(क) सिकाइ सहजीकरण सामग्रीहरू केन्द्रले तोके बमोजिम निःशुल्क वा सहुलियत शुल्कमा प्रकाशन तथा प्रसारण गर्ने ।

(ख) विभिन्न प्रकारका शैक्षिक र सचेतनामूलक कार्यक्रमलाई आ-आफ्नो प्रकाशन तथा प्रसारणका लागि प्राथमिकता दिने ।

### (१४) निजी क्षेत्रको भूमिका

वैकल्पिक प्रणालीका माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धमा निजी क्षेत्रको भूमिका देहाय बमोजिम हुनेछ :

(क) आफूले तयार गरेका शैक्षिक सामग्री आफ्नो परिचयसहित प्रकाशन-प्रसारण गर्ने र निःशुल्क उपलब्ध गराउने ।

(ख) गाउँपालिका वडा तथा विद्यालयलाई वैकल्पिक प्रणाली स्थापना गर्न सहयोग पुऱ्याउने ।

### (१५) विद्यालयको भूमिका

वैकल्पिक प्रणालीका माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :

(क) दफा (३) र (४) बमोजिम आफ्नो सेवाक्षेत्रमा रहेका विद्यार्थीहरूको पहिचान तथा वर्गीकरण सम्बन्धी कार्य गर्ने-गराउने ।

(ख) गाउँपालिकासँग समन्वय गरी विद्यालयको सेवाक्षेत्रमा आवश्यकता अनुसार सिकाइ केन्द्रहरू सञ्चालन गर्ने-गराउने ।

(ग) शिक्षकहरूलाई स्थानीय विद्यालय तथा सिकाइ केन्द्रको परिवेश अनुसारका शिक्षण सिकाइ सामग्री निर्माणको स्रोतका रूपमा प्रोत्साहित गर्ने ।

(घ) विद्यार्थीको सहभागिता र सिकाइको निगरानी तथा मूल्याङ्कन गर्ने ।

(ङ) विद्यार्थीको सिकाइका लागि तयार गरिएका सिकाइ सामग्री स्थानीय रेडियो, एफएम रेडियो, विभिन्न सिकाइ समूह र शिक्षा तथा मानव स्रोत केन्द्रको ई-लर्निङ पोर्टलमा उपलब्ध गराउने ।

(च) खुला स्रोतमा आधारित निःशुल्क उपलब्ध हुने अनलाइन र अफलाइन सिकाइ व्यवस्थापन प्रणालीहरू उपयोग गर्ने-गराउने ।

(छ) विद्यार्थीलाई घर-घरमा पाठ्यपुस्तक, कार्यपुस्तक र स्वयम् सिकाइ सामग्री उपलब्ध गराउने ।

(ज) वैकल्पिक सिकाइको व्यवस्थापकीय प्रबन्धका लागि गाउँपालिका तथा वडा कार्यालयसँग समन्वय गर्ने ।

### (१६) शिक्षकको भूमिका

वैकल्पिक प्रणालीका माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धमा शिक्षकको

भूमिका देहाय बमोजिम हुनेछ :

(क) दफा (३) र (४) बमोजिम आफ्नो बसोबास रहेको क्षेत्रका विद्यार्थीहरूको पहिचान तथा वर्गीकरणका लागि स्थानीय तह तथा विद्यालयलाई विवरण उपलब्ध गराउने ।

(ख) समुदायमा स्रोत शिक्षक तथा सहजकर्ताका रूपमा काम गर्न आफू बसोबास गरेको स्थान नजिकैको विद्यालयसँग सम्पर्क गर्ने ।

(ग) राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसारका पाठ्यपुस्तक तथा सिकाइ सामग्री प्रयोग गरी सिक्ने-सिकाउने कुरमा सहजीकरण गर्ने ।

(घ) समुदायमा रहेका आफूले पढाउने विद्यालय बाहेकका विद्यार्थीहरूको सूची बनाई सहजीकरण गर्ने र आवश्यकता अनुसार बसोबास गरेको नजिकको विद्यालयलाई आवश्यक सहयोग गर्ने ।

(ङ) विद्यार्थीहरूलाई खुला स्रोतमा आधरित अनलाइन र अफलाइन सिकाइका लागि सहजीकरण गर्ने ।

### (१७) अभिभावकको भूमिका

वैकल्पिक प्रणालीका माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धमा अभिभावकको

भूमिका देहाय बमोजिम हुनेछ :

(क) आफ्ना बालबालिकालाई जीवनोपयोगी सिप, समाजिक तथा नैतिक व्यवहार र व्यवहार-कुशल सिपहरू सिक्न र सिकाउन प्ररित गर्ने ।

(ख) बालबालिकाहरूको अध्ययन-अध्यापन कार्यमा सहयोग गर्ने ।

(ग) समुदायमा सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्रिय रहने ।

(घ) विद्यार्थीहरूको पहिचान तथा वर्गीकरणका लागि स्थानीय तह र विद्यालयलाई विवरण उपलब्ध गराउने ।

### (१८) शिक्षा क्षेत्र समूह (गुराास शिक्षा कलस्टर) को भूमिका

(क) गाउँपालिका क्षेत्रभित्र सञ्चालित वैकल्पिक सिकाइ समूहहरूको अनुगमन गरी सबै बालबालिकाहरूको सहभागिता भए-नभएको सुश्चित गर्ने, यदि नभएको पाइएमा सहभागिताकाका लागि पहल गर्ने ।

(ख) जिल्ला स्तरीय वैकल्पिक सिकाइ समूहसँग समन्वय र सहकार्य गरी कार्यक्रमको प्रभावकारिताका लागि निरन्तर प्रयत्न गर्ने ।

(ग) आवश्कता अनुसार सामाजिक दूरीको ख्याल गरी शिक्षकको क्षमता विकासका छोटा तालिम, गोष्ठी तथा सेमिनारहरू आयोजना गर्ने-गराउने ।

(घ) गुराँस गाउँपालिकाभित्रका पालिकास्तरमा कार्यरत सङ्घ-संस्थासँग समन्वय गरी आवश्क स्रोत-साधनको व्यवस्थापन तथा परिचालन गर्ने-गराउने ।

## (१९) शिक्षक महासङ्घको भूमिका

(क) अनलाइन प्रविधिको प्रयोग गरी शिक्षकको क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गर्ने-गराउने ।

(ख) अनलाइन कनेक्टिभिटी नभएका शिक्षकका लागि अफलाइन र छापा सिकाइ सहजीकरण सामग्री उपलब्ध गर्ने-गराउने ।

(ग) वैकल्पिक सिकाइ सामग्रीको उत्पादन, प्रकाशन र प्रसारणका लागि शिक्षक, स्थानीय रेडियो, टिभी लगायतका व्यक्ति तथा संस्थासँग समन्वय, सहकार्य तथा सहजीकरण गर्ने ।

## (२०) सामाजिक सङ्घ-संस्थाहरूको भूमिका

(क) वैकल्पिक शिक्षण सिकाइ सहजीकरणका लागि स्थानीय तह तथा विद्यालयबाट माग भई आएका शिक्षक तालिम तथा क्षमता विकास लगायतका आवश्यक स्रोत तथा साधनको उपलब्धताका लागि समन्वय तथा सहकार्यमा साझेदारी गर्ने ।

(ख) संस्थाले तयार गरेका शैक्षिक सामग्री संस्थाको परिचयसहित प्रकाशन-प्रसारण गर्ने र निःशुल्क उपलब्ध गराउने ।

(ग) गाउँपालिका वडा तथा विद्यालयलाई वैकल्पिक प्रणाली स्थापना गर्न सहयोग पुऱ्याउने ।

## (२१) थपघट हुन सक्ने

वैकल्पिक शिक्षण प्रणालीबाट सिकाइ सहजीकरण गर्न तयार पारिएको यो निर्देशिका कार्यान्वयन गर्दा राखिएका प्रावधानले बालबालिकाको सिकाइ सहजीकरणमा सहयोग नगरेको सुझाव आएमा पालिकास्तरीय शिक्षा क्षेत्र समूहबाट समय सापेक्ष परिमार्जन तथा संशोधन गर्न सकिने छ ।

## (२२) खारेजी तथा बचाउ

यस निर्देशिकामा उल्लिखित कुनै प्रावधान नेपाल सरकारको प्रचलित कानूनसँग बाझिएमा उक्त प्रावधान स्वतः अमान्य हुनेछ ।

## अनुसूची १

### गुराँस गाँउपालिका

### शिक्षा खेलकुद तथा युवा शाखा, रानिमत्ता, दैलेख

## समूहगत विद्यार्थी पहिचान तथा वर्गीकरण फाराम

विद्यालयको नाम:

वडा नं.  टोल:  सम्पर्क व्यक्ति नाम:  फोन नं.

| क्र.सं. | विद्यार्थी को नाम | कक्षा | अभिभावकको नाम | सम्पर्क नं. | शिक्षण सहयोगी | | प्रविधिको पहुँच | | | रेडियो खरीद गर्न सक्ने अवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शिक्षक | स्वयं सेवक | रेडियो | स्मार्ट फोन कम्प्युटर | टेलिभिजन | छ | छैन |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | |
| १६ | | | | | | | | | | | |
| १७ | | | | | | | | | | | |
| १८ | | | | | | | | | | | |
| १९ | | | | | | | | | | | |
| २० | | | | | | | | | | | |
| २१ | | | | | | | | | | | |

तयार पार्ने
नाम:
पद:
हस्ताक्षर:

प्रमाणित गर्ने
नाम:
पद: प्रधानाध्यापक
हस्ताक्षर:


August
November
Sunday
Wednesday
Friday
Saturday

गुराँस गाउँपालिकाको बालबालिका सम्बन्धी नीतिगत व्यवस्था तथा कानूनहरूको संगालो २०७७

प्रकाशन सहयोग

Save the Children

SOSEC Nepal Dailekh